३०२

# भक्तपुर मासिक

Bhaktapur Monthly

कार्तिक २०७८

ISSN 2705-4454



## सल्लाधारीमा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवनको उद्घाटन


- 'व्यवस्थित शहर विकासको लागि आवास योजना सञ्चालन गरिएको हो'
- भक्तपुर नगरपालिकामा जनप्रतिनिधिका चार वर्ष
- एमसीसीको विरोध आत्मनिर्भर अर्थतन्त्र र विकासको निम्ति हो
- स्वास्थ्यमन्त्रीलाई खुलापत्र
- किम इल सङको संस्मरण : शताब्दीका साथ
- डार्विन : विकासवाद सिद्धान्तका प्रणेता
- श्रीखण्डझ्यालको अभिलेख
- हाम्रो परम्परागत लक्ष्मी पूजा
- य:मरि पुन्हि
- छ्वाली कलाका कलाकार रामकृष्ण सुवाल
- भक्तपुर नपाका गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा राष्ट्रिय परिचयपत्र
वितरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम (कार्तिक ९ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरका
सार्वजनिक पुस्तकालय तथा वाचनालयका प्रतिनिधिहरुसँगको बैठक (असोज १९ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{#*✯cÆ !@✯g]; ==!$@✯lj-; =@)&*sflt§✯A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :


भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

**‘कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो ।’ – जिन ज्याक रूसो**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | ‘व्यवस्थित शहर विकासको लागि आवास योजना सञ्चालन गरिएको हो’ | सुनिल प्रजापति | ३ |
| २) | ‘जैविक विविधताले पृथ्वीलाई जीवन्त र ऊर्जावान बनाएको छ’ | सी चिनफिङ | ६ |
| ३) | भक्तपुर नगरपालिकामा जनप्रतिनिधिका चार वर्ष | सोनी शाही | ८ |
| ४) | स्वास्थ्यमन्त्रीलाई खुलापत्र | विवेक | १० |
| ५) | किम इल सङको संस्मरण : शताब्दीका साथ (१२) | अनु.नीरज | १२ |
| ६) | डार्विन : विकासवाद सिद्धान्तका प्रणेता | राजेन्द्रबहादुर कायष्ठ | १७ |
| ७) | ‘मुद्दा चल्दै गर्छ, मेरो घर निर्माण हुँदै गर्छ’ | कुशल | २३ |
| ८) | श्रीखण्डझ्यालको अभिलेख | पुरुषोत्तमलोचन श्रेष्ठ | २७ |
| ९) | हाम्रो परम्परागत लक्ष्मी पूजा | ओम धौभडेल | २९ |
| १०) | एमसीसीको विरोध आत्मनिर्भर अर्थतन्त्र र विकासको निम्ति हो | सृजना सैँजू | ३१ |
| ११) | एमसीसीको जाबो ५० करोड डलर | दिवाकर | ३६ |
| १२) | के लामो दूरीमा चल्ने बसहरूको लागि सल्लाघारी उपयुक्त उपाय हो ? | राजेन्द्र हाडा | ३७ |
| १३) | य:मरि पुन्हि | डा.वीरेन्द्रप्रसाद कायस्थ | ३९ |
| १४) | छ्वाली कलाका कलाकार रामकृष्ण सुवाल | राजकुमार लघु | ४२ |
| १५) | सार्वजनिक जग्गा र पोखरी खानेहरू को को हुन् ? | जेवी आचार्य, एलबी थापा र एसबी दाहाल | ४५ |
| १६) | पढाइ कक्षा ६, पढाउँछन् इन्जिनियरिङ | लीला श्रेष्ठ | ४६ |
| १७) | जर्मन सम्पदाविद्को घरफिर्ती | देवेन्द्र भट्टराई | ४७ |
| १८) | ‘भक्तपुर’ मासिक भक्तपुरको अलग परिचय | अम्बिका न्याईच्याई | ४८ |
| १९) | विरोध | आर.दिस्ती | ४९ |
| २०) | दुई गजल | नरेन्द्रप्रसाद जोशी | ५० |
| २१) | मूस्वां : एकपरिचय | सबिन ख्याजू | ५१ |
| २२) | रानी पोखरी जीर्णोद्धार र ह्वा ह्वा पाटी पुन:निर्माण | आ.सरिता धुख्वा | ५३ |
| २३) | भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय | – | ५५ |
| २४) | भक्तपुर नगरपालिकाको गतिविधि | – | ६८ |
| २५) | विविध समाचार | – | ८३ |
| २४) | भद्रगोलै भद्रगोलको राज्य (सम्पादकको पृष्ठ) | – | ११२ |

**साथमा –** केटाकेटीको लागि–२२/बसिबियालो–२६/आफन्तीको कथा–२८/शासक दलको पूर्वाग्रहीका कारण ख्वप विश्वविद्यालय स्वीकृति नपाएको : अध्यक्ष बिजुक्छेँ –६८/उपमेयर कपमा भक्तपुर नगरपालिकाको जित–७०/सिर्जनानगरमा नवनिर्मित आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन उद्घाटन–७०/भक्तपुरको रानीपोखरी उत्तरपूर्व प्रवेशद्वार र पाटी निर्माणको शिलान्यास–७१/पुस्तकालय तथा वाचनालयहरूको विकासबारे पुस्तकालयकर्मीहरूसँग छलफल–७२/एमसीसी सम्झौताको निरन्तर विरोध गर्नु देशभक्त नागरिकको कर्तव्य : प्रमुख सुनिल प्रजापति–७३/जर्मन राजदूत र युनेस्कोका प्रतिनिधि भक्तपुरमा–७३/स्पेनका सभामुखको नेतृत्वमा संसदीय प्रतिनिधिमण्डल भक्तपुर भ्रमणमा–७५/जनप्रतिनिधिले जनताको भावनाअनुसार काम गर्नुपर्नेमा जोड–७७/सरसफाइ सम्मानजनक काम हो–७७/‘भक्तपुर’ मासिकका लेखकहरूबीच छलफल–७८/भक्तपुर नपाको अनुगमन–७९/अध्यक्ष बिजुक्छेँद्वारा भक्तपुरको रानीपोखरी, सिद्धपोखरी र भाजुपोखरीको स्थलगत निरीक्षण–८३/एकचालीसौँ नेपालभाषा साहित्य त:मुंज्या–८४/‘Qualitative and Quantitive Research’ विषयक कार्यशाला गोष्ठी–८९/‘Time Series Analysis Using E-views’ विषयक कार्यशाला गोष्ठी–९०/राजनीतिमा महिलाहरूको सहभागिता कम भएकोले समाज पछाडि पऱ्यो–९६/एमसीसी सम्झौता खारेज गर्नुपर्नेबारे प्रवचन –९७/देशको राजनीति राम्रोभए देशको विकास सम्भव–९८/राष्ट्रिय परिचयपत्र वितरणसम्बन्धी अभिमुखीकरण–९९/विद्यार्थी निकेतन माविमा पुरातात्त्विक अवशेषहरू भेटिए–९९/देशलाई आत्म निर्भर बनाउन शिक्षालाई जोड–१०१/आपराधिक घटना न्युनीकरणमा प्रहरी र नागरिक दुवैको भूमिका आवश्यक–१०२/महिला सङ्घबाट न्हू दाँ नेपाल संवत् ११४२ को शुभकामना–१०३/सुस्त मनस्थिति कल्याण विद्यालयको भवन उद्घाटन–१०४/प्रजग कोरियाले गऱ्यो नयाँ प्रविधिको मिसाइल परीक्षण–१०४/कोभिसिल्डको ६३.३ प्रतिशत र भेरोसेलको ७२.४ प्रतिशत एन्टीबडी–१०५/विश्वमा कोभिड–१९ को स्थिति–१०६/२७ वर्ष काम लाग्ने क्यालेन्डर–१०८/नेपालमा कोरोना–१०९/हाम्रो स्वास्थ्य–१०९/ स्थानीय सरकार सञ्चालन ऐन २०७४ (२४)–११०/Sketches From Nipal–Henry Ambros Oldfield (65)–१११/रङ्गीन पृष्ठ- क–घ ।


“Creation of predecessors — Our art and culture”

# 'व्यवस्थित शहर विकासको लागि आवास योजना सञ्चालन गरिएको हो'

– सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका

नेपालभाषा साहित्य त:मुंज्याले ४१ वर्षदेखि भाषा र साहित्य उत्थानको निम्ति काम गर्दै आएको छ। आगामी वर्षहरू पनि यो भन्दा बढी सशक्त रूपमा देश र जनताको पक्षमा काम गर्न सकोस् हार्दिक शुभकामना !

हामी अझै कोरोनाको जोखिमबाट पूर्ण सुरक्षित भइ सकेका छैनौं। भक्तपुरका विद्यालय कलेजहरू सुचारु हुन सकेका छैनन्। यही असोज १० गतेदेखि विद्यालयहरूमा भौतिक उपस्थितिमा परीक्षा लिने निर्णय गऱ्यौं। यस वर्षको दशैंबारे पनि हामी त्यतिकै चिन्तित थियौं। ठूलो भीडभाडले सङ्क्रमण झन व्यापक हुने हो कि भन्नेमा सचेत हुँदै तलेजुमा हुने पूजामा बलि नदिई सामान्य पूजाआजा मात्रै गर्ने निर्णय गऱ्यौं। आजको यस कार्यक्रममार्फत भक्तपुरको स्वास्थ्य स्थिति र देको मिवा इटापाके आवास योजनाबारे जनताबीच प्रष्ट पार्ने कोसिस गर्छौं :

## भक्तपुरको स्वास्थ्य स्थितिबारे

हामीलाई थाहा छ, कोभिड १९ को कारण भक्तपुर नराम्ररी प्रभावित भयो। जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखी २०७८ वैशाख १७ गतेबाट ख्वप अस्पताल कोभिड युनिट सञ्चालन गरी कोभिडका बिरामीहरूको सेवा सुरु गऱ्यौं। **ख्वप अस्पतालले हालसम्म ४५५ जना कोभिड पीडितलाई नि:शुल्क स्वास्थ्य उपचार सेवा प्रदान गऱ्यो।** भक्तपुरका जनताको स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राखेर कोभिडबाट जनता लाई सुरक्षित राख्न सम्भव सबै उपायहरू अपनायौं। सरकारले यसतो सङ्कटको बेला स्वास्थ्य बिमाबापत ख्वप अस्पताललाई दिनुपर्ने झण्डै ६ करोड रकम भुक्तानी रोक्यो। ख्वप अस्पताल भवन निर्माण अन्तिम चरणमा पुगेको छ। आर्थिक समस्या देखिएपछि जनताबीच जाने निर्णय गऱ्यौं। जनताले ख्वप अस्पताल र भक्तपुर नगरपालिकाप्रति विश्वास देखाएर १ महिनाभित्र ६ करोडभन्दा बढी रकम विपद् व्यवस्थापन कोषमा जम्मा गरी दिनुभयो। सङ्कटको बेला साथ दिने भक्तपुर नगरवासी, देशका विभिन्न जिल्लावासीहरू र विदेशमा बसेर पनि आर्थिक सहयोग गर्ने सम्पूर्ण नेपाली दाजुभाइ दिदी बहिनीहरू र सम्पूर्ण सङ्घ संस्थाहरूलाई यस अवसरमा हार्दिक धन्यवाद दिन्छौं। तपाईंहरूकै सहयोगले अक्सिजन प्लान्ट स्थापना गरेर सम्पूर्ण नगरवासीहरूलाई नि:शुल्क अक्सिजन वितरण गरिरहेका छौं।

स्वास्थ्य विज्ञहरूका अनुसार खोप नै कोरोनाबाट बच्ने सबैभन्दा राम्रो विकल्प हो। त्यसैले भक्तपुर नगरपालिकाले सम्पूर्ण नगरवासीहरूलाई खोप दिने सोचले काम गर्दैछ। २०७८



असोज २५ गतेसम्म भक्तपुर नपाले भेरोसेल ९४,२२२, जोनसन ३,२०७ र कोभिसिल्ड ७,५४५ गरी **जम्मा १,०४,९७४ डोज खोप दिइसकेका छौं।**

जनताको स्वास्थ्यलाई ध्यानमा राखेर दशैंको समयमा पनि हामीले ख्वप अस्पतालमा ओपीडी सेवा सञ्चालन गऱ्यौं। यस्तो अवस्थामा पनि दैनिक १५० भन्दा बढी बिरामीहरूको उपचार गऱ्यौं। अरू बेला दैनिक ५०० भन्दा बढी बिरामीहरूको उपचार गर्ने गर्छौं। इमर्जेन्सी सेवा २४ सै घण्टा खुल्ला छ। स्वास्थ्यजस्तो महत्त्वपूर्ण क्षेत्रमा पनि सरकारले बिमा बापत दिनुपर्ने भुक्तानी नदिंदा सबै अस्पतालहरू समस्यामा छन्। मध्यपुरको कोरियामैत्री नगरपालिका अस्पतालले ९ करोड बीमा रकम नपाएपछि असोज १ गतेबाट बिमाका बिरामीहरूको उपचार बन्द गरेको छ। २६ करोड भुक्तानी बाँकी भएपछि धुलिखेल अस्पताल आर्थिक सङ्कटमा परेको र उपचार प्रभावित भएको समाचार छ। **ख्वप अस्पतालाई अझै पनि बिमाबापत दिनु पर्ने करिब रु. ४ करोड सरकारले पठाएको छैन।** सरकारले दिनुपर्ने भुक्तानी समयमै दिएर स्वास्थ्य उपचार सहज बनाउन यही मञ्चबाट सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछौं।

**आर्थिक वर्ष २०७७/७८ मा ख्वप अस्पतालले १,१२,०२२ जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गऱ्यो।** आ.व. २०७८/७९ पहिलो दुई महिना साउन र भदौमा २८,४७१ जनालाई र भगवतीस्थान स्वास्थ्य केन्द्रबाट १,१६२ गरी २९,६३३ जनालाई उपचार सेवा प्रदान गरिएको छ। सामुदायिक आँखा

केन्द्र च्याम्हासिंहबाट साउन र भदौमा ४,०५० जनालाई सामान्य उपचार र ५५ जनाको अपरेशन भएको छ। तीलगंगा आँखा केन्द्रसम्म जान नपर्ने गरी त्यहीका विशेषज्ञ डाक्टरहरूबाट सेवा प्रदान गर्दै आएको जानकारी गराउन चाहन्छौँ। आँखाका बिरामीहरूलाई दिइने सेवा तीलगंगामा भन्दा सस्तोमा दिने व्यवस्था मिलाएका छौँ। **नगर र नगरवासीहरूको स्वास्थ्य उपचारमा हाम्रो क्षमताले भ्याएसम्म कुनै कमी आउन दिनेछैनौँ।**

## देको मिवा आवास योजनाबारे

देको मिवा इतापाके आवास योजना भक्तपुर नगरपालिकाद्वारा सञ्चालित योजना हो। कुल १,६५४ रोपनी योजनामा फैलिएको उक्त योजना २०७२/१०/२५ गते राजपत्रमा सूचना प्रकाशित भई नेपाल सरकारको स्वीकृति प्राप्त योजना हो।

भक्तपुर नगरपालिका देशकै सानो नगरपालिकामध्ये एक भएकोले यसका जग्गामा जथाभावी घरहरू निर्माण गर्दा नगरको स्वरूप राम्रो हुँदैन। हामी प्राचीन व्यवस्थित नगरमा बस्दै आएकाछौँ। भक्तपुर नगरपालिकाले नगरका बाँकी ठाउँमा पनि व्यवस्थित आवास योजना बनाउने उद्देश्यले कमलविनायक, लिबाली र तुमचो दुगुरे योजना सम्पन्न गरिसकेको छ र हाल देको मिवा इतापाके योजनाको काम अघि बढाउँदैछ। **अहिलेसम्म नगरभित्र सञ्चालित योजनाहरूमध्ये यो सबभन्दा ठूलो योजना पनि हो।**

लिबालीमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ जस्ता २ ओटा कलेजहरूको स्थापना, तुमचो दुगुरे आवास योजनामा भक्तपुर जिल्ला अदालत, मालपोत कार्यालय, नापी शाखा र ख्वप अस्पताल निर्माण र कमलविनायक आवास योजनामा जनताकै मागको आधारमा बालोद्यान निर्माणाधिन छ। **नगरको सन्तुलित विकास र व्यवस्थित शहरको विकास गर्नु बाहेक नगरपालिकाको कुनै स्वार्थ छैन।** समयमा आवास योजना सञ्चालन गर्न नसकेको भए निजी आवास कम्पनीहरूले सडक नभएका जग्गाहरू किसानहरूसित कौडीको मूल्यमा खरिद गरेर करोडौँ कमाउने थिए र किसानहरूलाई जग्गाबाट विस्थापित गर्ने थिए। **नगरपालिकाले जग्गावालाहरूकै हितको निम्ति आवास योजनाहरू सञ्चालन गर्दै आएको हो।**

जग्गावालाहरूको हितलाई ध्यानमा राखेर सकेसम्म योगदान प्रतिशत कम गर्नेमा हाम्रो ध्यान केन्द्रीत रह्यो। आवास योजनाले तयारी गरेको प्रारम्भिक नक्सामा जनताको सुझावको लागि ३५ दिने सूचना प्रकाशित गर्दा समयभित्र ६५० भन्दा बढी गुनासो प्राप्त भयो। अधिकांश गुनासोकर्ताको माग योगदान प्रतिशत कम गर्नु पर्‍यो भन्ने थियो। **जनताको गुनासोहरूको अध्ययन गरी जग्गावालाहरूबाट २ प्रतिशत योगदान कम गर्ने निर्णयअनुसार अहिले पुनःनक्सा निर्माण कार्य भइरहेको छ।** यसबाट जग्गा फिर्ता दिने काम केही ढिलो हुन गएको अवश्य हो।

उक्त योजनामा प्राविधिकहरूकाअनुसार सडकको लागि ३९७ रोपनी (२४प्रतिशत) भन्दा बढी र खुल्ला क्षेत्रकै लागि ७५ रोपनी (५.२४प्रतिशत) भन्दा बढी लाग्ने अनुमान छ। यस्तो अवस्थामा सबै जग्गावालाहरूलाई जहाँको तही जग्गा दिन सम्भव हुँदैन तर पनि सम्भव भएसम्म नजिक दिने प्रयास भन्ने गरिएको छ।

**कति साथीहरूबाट अग्लो अग्लो पर्खाल बनायो भन्ने गुनासो पनि सुनिन्छ।** अहिले नै हेर्न गयो भने पनि नगरकोट सडकसँगैको जग्गा कम से कम ८–१० फिट गहिरो छ। के त्यहाँ जग्गाको सन्तुलन मिलाउन पर्खाल बनाउनु पर्ने होइन ? त्यसै गरी कासांखुसी (खोला) को पर्खाल बनाउँदा पनि ५० वर्षसम्मको बाढीको अध्ययनलाई आधार बनाई काम गरिएको हो। २०७५ सालमा पनि ठूलो बाढी आयो। उपभोक्ता समितिका सबै साथीहरूबीच नक्सा डिजाइन गर्ने कन्सल्ट्यान्टकै उपस्थितिमा छलफल कार्यक्रम राख्यौँ। उहाँहरूले राख्नु भएको आधारहरूलाई सबैले एक मतले समर्थन गरेपछिमात्रै नक्साअनुसार निर्माण कार्य अघि बढेको पनि जानकारी गराउन चाहन्छौँ।

केहीको निहित स्वार्थका लागि ८५ प्रतिशतसम्म जग्गा कट्टी गर्‍यो भनी अर्को भ्रम सृजना गर्ने कोसिस गर्दै छन्। अधिकांश जग्गा सडक मापदण्डभित्र परेको र कहीं कहीं २।४ फिट जग्गा बाँकी रहेका जग्गावालाहरू जसको हातमा अझै पूरै जग्गाको जग्गाधनी पूर्जा बाँकी छ, त्यस्ता जग्गावालाहरूको हकमा १५ प्रतिशत जग्गा फिर्ता दिने निर्णय गरिएको हो। यो जग्गावाला र आवास योजना दुवैको हितमा भएको निर्णय हो। **यही कुरालाई नगरपालिकाले अर्बौं नाफा खान खोज्यो भनी भ्रम सृजना गर्दैछन् र दिउँसै रात पार्ने प्रयास गर्दैछन्।**

देको मिवा आवास योजनालाई यस अघि सम्पन्न गरेका योजनाहरूभन्दा सुविधा सम्पन्न र व्यवस्थित बनाउने प्रयास भइरहेको छ। त्यहाँ वर्षाको पानी जाने र फोहोर जाने अलग अलग पाइप, ठाउँ ठाउँमा खुल्ला चोक, हरियाली क्षेत्रलगायतको व्यवस्था हुनेछ। स–साना जग्गा भएका जग्गावालाहरूको हकमा भित्र चोक राखी बाहिर चारैतिर घरहरू बनाउने पुरानै शैलीको बसोबासको व्यवस्था गरिएको छ।

जनताको जायज मागहरू सम्भव भएसम्म सम्बोधन गर्ने कोसिस गर्ने क्रममा केही समय लम्बिन गएकोलाई निहुँ बनाई केही स्वार्थी र योजना विरोधीहरूको उक्साहतमा योजना नै स्थगित गर्ने वा गर्नै नदिने नियतले जानी वा नजानी काम भइरहेको देख्दा हामीलाई आश्चर्य लाग्यो। **अब जग्गावाला दाजुभाइ दिदी बहिनीहरू स्वयं सचेत हुनुपर्ने बेला आएको छ।**

## आयोजनालाई कसरी बाधा गर्न खोज्दै छ ?

आवास योजनाका केही साथीहरू विभिन्न पार्टी कहाँ प्रतिनिधि मण्डल जानुभयो । त्यसमा हाम्रो भन्नु केही छैन । त्यस क्रममा एक जनप्रतिनिधिको मुकुण्डो लगाएका एमालेका एक किसान विरोधी नेताले समस्यालाई समाधान होइन झनै जटिल बनाउने सुझाव दिएको पनि सामाजिक सञ्जालमा देख्यौँ । हामीले भनिरहनु पर्दैन उनी यो योजना असफल पार्न पहिलेदेखिनै भनपा र नेमकिपा विरुद्ध कृयाशील थिए । **निजी आवास योजना सञ्चालन गरी किसानहरूलाई रुवाएर अकुत सम्पत्ति कमाएर धनी भएका र आफ्नै पार्टीका नेताहरूबाटसमेत गुण्डा नाइके, अपहरणकारी, भ्रष्टाचारीका आरोप खेपिरहेका उनले किसानहरूलाई भड्काउन विभिन्न निराधार आरोपहरू लगाए र नेमकिपाविरुद्ध लाग्न किसानहरूलाई उक्साए ।** 'खास्टोले छोपेको बिरालो म्याउँ' कराए जस्तै आवास योजनाविरुद्ध उनी अहिले खुल्ला रूपमै उत्रे । निजी आवास योजना सञ्चालन गरेर करोडौँ सम्पत्ती कमाउन नपाएको झोकमा उनी नगरपालिका विरुद्धमा खनिएका छन् । उनको आरोप सिधै नेमकिपा र नगरपालिकाविरुद्ध केन्द्रित थियो । उनको आरोपलाई बुँदागत रूपमा हेरौँ –

**क) भनपाभित्र उपभोक्ता समितिमा बस्नेहरूले ३० देखि ५० प्रतिशत घोटाला गर्ने गरे ।**

सांसद अपहरण, गुण्डा नाइके र कमिसन खोरको रूपमा भक्तपुरमा मात्रै होइन देशैभरी बदनाम भएका उनले उपभोक्ताको काममा ठूलै भ्रष्टाचार देखेका रहेछन् । भ्रष्टाचारी आँखाले इमानदार कसैलाई देख्दैनन् । भनपाले गुणस्तरीय निर्माण, संरचनामा जनताको अपनत्व कायम गर्न जनश्रमदान र आर्थिक सहयोग समेत जुटाई उपभोक्ताबाट काम गर्दै आएको नयाँ होइन । ङातापोल्हँ मन्दिर जीर्णोद्धार ६५ लाख १३ हजार लगत इष्टमेट भएकोमा १५ लाख ४७ हजार आर्थिक सहयोग, ५ लाख ६३ हजार भन्दा बढीको भौतिक सामग्री सहयोग र ४,२६५ जना श्रमदानबाट सम्पन्न भएको थियो । भनपाको जम्मा ३८ लाख ७७ हजार रुपैयामात्र खर्चले उक्त मन्दिर जीर्णोद्धार सम्पन्न भयो ।

त्यसै गरी हालै सम्पन्न भएको वत्सला मन्दिरको कूल १ करोड २७ लाख ६२ हजार ल.ई. मा पुन:निर्माण शुरु भएको थियो । विभिन्न दाताहरूबाट ६ लाख २७ हजार आर्थिक सहयोग प्राप्त भई जम्मा ७७ लाख १३ हजार खर्चमा सम्पन्न भयो ।

भैरवनाथ मन्दिर, लायकु ढोकालगायत थुप्रै सम्पदाहरू पुनः निर्माण गर्दा पनि ल.इ. भन्दा धेरै कम खर्चमा जनताको सहयोगमा काम गर्दैछौँ । ठेकेदारहरूसँग मिलेर कमिसन खान पल्केकाहरू भक्तपुरमा उपभोक्ताले गरेको काममा भ्रष्टाचार देख्नु कुनै आश्चर्यको कुरा होइन । हाम्रो कामले भ्रष्टाचारीहरूलाई निद्रा लाग्दैन । यो त्यतिकै सत्य हो ।

**ख) मुद्दा हाल्न उक्साएको**

भेट्न गएका जग्गावालाहरूलाई उनले भने– 'अब चुप लागेर नबस्नु मुद्दा हाल्न जानू । उपत्यका विकास प्राधिकरण, शहरी विकास र अदालतमा मुद्दा गर्नुहोस् त्यसको लागि हामी सहयोग गर्छौँ'– उनले निर्देशन दिए । सबैलाई थाहा छ, अदालतमा मुद्दा परेको अवस्थामा वर्षौँसम्म योजना लम्बिन सक्छ । मुद्दा हालेर अदालतले रोक्न सके किसानहरू उनको जालमा पर्ने छन् । योजना छिटो सम्पन्न गर्नु पर्नेमा त्यस्ता जनतालाई दु:ख दिनेहरूको सल्लाहमा लागेमा योजनाको भविष्य के होला ? तपाईँहरू आफै विचार गर्नुहोस् ।

**ग) "भक्तपुरमा अहिले पनि राणाशासन छ"**

भक्तपुरमा राणा शासन देख्नेले भक्तपुर स्थितिबारे सामान्य जानकारी राखेर बोलेको भए राम्रो हुन्थ्यो । शिशु स्याहारदेखि कलेजसम्म नगरपालिकाले सञ्चालन गर्ने देशमा भक्तपुर नगरपालिका मात्रै हो, गरिब विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि रु ५ लाखसम्म ऋण प्रदान, गरिब जेहेनदार विद्यार्थीहरूलाई करोडौँको छात्रवृत्तिको व्यवस्थाका साथै भूगोल, इतिहास, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषामा उच्च शिक्षा हासिल गर्ने सबैलाई पूर्ण छात्रवृत्तिको व्यवस्थासहित ७ ओटा कलेज सञ्चालन गरी सस्तो र गुण स्तरीय शिक्षा भक्तपुर नगरपालिकाले प्रदान गर्दै आएको छ ।

स्वास्थ्य क्षेत्रमा घरदैलो नर्सिङ सेवा, व्यवस्थित ख्वप अस्पताल सञ्चालन, सामुदायिक आँखा केन्द्र, श्वास प्रश्वास केन्द्र सञ्चालन र नगरस्तरीय आयुर्वेदिक केन्द्र सञ्चालन गरी सर्वसुलभ स्वास्थ्य उपचार सेवा पनि प्रदान गर्दै आएको छ ।

कला–संस्कृति संरक्षणमा उत्कृष्टता, संस्कृतिकर्मीहरूको सम्मान, मूर्त अमूर्त सम्पदाहरूको अध्ययन अनुसन्धान गर्नेहरूलाई प्रोत्साहन स्वरूप रकम प्रदान गर्ने पनि भक्तपुर नै हो ।

टोल–टोलमा खुल्ला व्यायामशाला, पूर्णकालीन खेलकुद प्रशिक्षक नियुक्त गरी ७ ओटा खेलको नियमित प्रशिक्षण, प्रत्येक युवालाई कुनै न कुनै खेलकुदमा सहभागिता गराउने प्रयास, हरेक वर्ष अन्तर नगर र अन्तर विद्यालय खेलकुद प्रतियोगिता तथा सरसफाइ र कला संस्कृति संरक्षणमा उत्कृष्टता भक्तपुरको विशेषता भइसकेको छ । **समाजवादी देशमा बाहेक शिक्षा र स्वास्थ्यमा यति छिटो परिवर्तन सायद् सम्भव छैन ।** यस्ता कैयौँ कामहरू छन् जुन जनतालाई केन्द्रमा राखेर भनपाले गर्दैछ । जनताको हितमा भएका कामहरूलाई भ्रष्टाचारी, तस्कर, गुण्डा नाइके, अपहरणकारीहरूले राणा शासन देख्नु आश्चर्यको कुरा होइन । व्यापक जनताको हितमा हामी यस्ता कामहरू निरन्तर जारी राख्ने छौँ ।

*(२०७८ साल असोज ३१ र कार्तिक १ गते सम्पन्न ४१ औँ नेपालभाषा साहित्य त:मुंज्याको पहिलो दिन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नु भएको मन्तव्यको सार सङ्क्षेप–सं.)*

# ‘जैविक विविधताले पृथ्वीलाई जीवन्त र ऊर्जावान बनाएको छ’– सी चिनफिङ


**प्रिय मित्रहरू,**
**महिला तथा सज्जनवृन्द,**
**सन्ध्याकालीन अभिवादन** !

जैविक विविधताको महासन्धिका सम्बद्ध पक्षहरूको सम्मेलनको पन्ध्रौँ बैठकमा सहभागीहरूसँग कुनमिङमा भर्चुअल माध्यमबाट भेट्न पाउँदा मलाई निकै खुसी लागेको छ। चीन सरकार र चिनियाँ जनताका साथै मेरो व्यक्तिगततर्फबाट पनि म सबै विशिष्ट पाहुनाहरूलाई न्यानो स्वागत गर्दछु।

चिनियाँ भाषामा एउटा भनाइ छ, ‘सद्भावका साथ बाँच्ने र प्रकृतिबाट पोषण पाउने सबै प्राणीको फलिफाप हुन्छ।’ जैविक विविधताले पृथ्वीलाई पूर्णरूपमा जीवन्त र ऊर्जावान बनाएको छ। जैविक विविधताले मानव जीवन र विकासको जग बसालेको छ। जैविक विविधताको संरक्षणले हाम्रो साझा घर पृथ्वीको संरक्षण गर्न मद्दत गरेको छ। साथै, मानव समुदायको दिगो विकासमा त्यसले योगदान पुऱ्याउँछ।

**‘पर्यावरणीय सभ्यता : पृथ्वीमा सबै प्राणीको साझा भविष्य निर्माण’** भन्ने मूल नाराका साथ कुनमिङमा भइरहेको सम्मेलनको विशेष महत्त्व छ। यो सम्मेलनले सन् २०२० को विश्वव्यापी जैविक विविधता ढाँचा बनेयता महत्त्वपूर्ण निर्णय र निष्कर्ष निकाल्न टेवा पुऱ्याउनेछ। भविष्यमा विश्वव्यापी जैविक विविधता संरक्षणको लागि लक्ष्य र बाटा निर्धारणको निम्ति यसले मद्दत गर्नेछ। यस सन्दर्भमा अन्तर्राष्ट्रिय समुदायले सहकार्यलाई प्रवर्द्धन गर्नुपर्छ, आपसी सहमति निर्माण गर्नुपर्छ र पृथ्वीलाई सबै प्राणीको साझा बनाउन शक्ति सञ्चय गर्नुपर्छ। मानिस र प्रकृति सद्भावपूर्वक सहअस्तित्वमा बाँच्नुपर्छ। हामीले प्रकृतिको संरक्षण गरे प्रकृतिले सहृदयतापूर्वक हामीलाई पुरस्कृत गर्नेछ। हामीले प्रकृतिको निर्मम दोहन गरे, उसले पनि हामीलाई निर्दयतापूर्वक सजाय गर्नेछ। हामीले प्रकृतिको उच्च सम्मान गर्नुपर्छ, प्रकृतिको आदर गर्नुपर्छ। प्राकृतिक नियमको पालना गर्नुपर्छ र प्रकृतिको रक्षा गर्नुपर्छ। त्यसो गर्दामात्र हामी मानिस र प्रकृतिबीच सद्भावपूर्वक सहअस्तित्व भएको घर बनाउन सक्छौँ।

हरित पहाडहरू सुनौला पहाड र चाँदीका पहाडहरू हुन्। चुस्त पर्यावरण र वातावरणमात्र प्राकृतिक सम्पत्ति होइन, बरू आर्थिक सम्पदा पनि हुन्। तिनले आर्थिक र सामाजिक विकासको क्षमता तथा गतिलाई पनि प्रभावित बनाउने गर्छ। हामीले हरित शैलीको विकास प्रवर्द्धन गर्न हाम्रा प्रयासलाई तीव्र बनाउनुपर्छ। अनि, सबै पक्षको जित हुने आर्थिक विकास र



वातावरणीय संरक्षण गर्नुपर्छ। त्यसो गर्दामात्र हामी अर्थतन्त्र र वातावरणको समन्वयात्मक विकास गर्नसक्छौँ।

कोभिड–१९ महामारीले विश्वव्यापी विकासमाथि छाया पारेको छ। त्यसले संयुक्त राष्ट्र सङ्घीय २०३० को दिगो विकासको मुद्दामाथि चुनौती थपेको छ। आर्थिक पुनर्स्थापना र वातावरणीय संरक्षणको दोहोरो जिम्मेवारी सामना गर्दै विकासशील देशहरूलाई सबै खालका मद्दत र समर्थनको थप खाँचो परेको छ। हामीले प्रतिकूलता चिर्न ऐक्यबद्धतालाई बलियो बनाउनुपरेको छ। विकासका फल र स्वस्थ वातावरणबाट सबै देशले थप र न्यायपूर्ण तरिकाबाट लाभ उठाउन सक्ने परिस्थिति बनाउन जरूरी छ। त्यसबाट हामीले सबै देशको साझा विकासको बाटो खोल्न सक्छौँ।

हामी आज चुनौतीका पहाड र आशाका किरण दुवै सम्मिलित युगमा बाँचेका छौँ। हामीले सुझबुझपूर्वक काम गर्दासम्म हाम्रो उज्यालो भविष्य क्षितिजमा देखापर्छ। हाम्रो साझा भविष्यको लागि हामी हातमा हात मिलाएर हिँड्नुपर्छ र मानव समुदायको लागि उच्च गुणस्तरीय विकासको नयाँ यात्रा थालनी गर्नुपर्छ।

**प्रथमतः** हामीले पर्यावरणीय सभ्यताको विकासलाई मानिस र प्रकृतिबीच समन्वयको लागि हाम्रो निर्देशकको रूपमा लिनुपर्छ। हामीले औद्योगिक सभ्यताले निम्त्याएको समस्या समाधान गर्नुपर्छ। पर्यावरण र वातावरणको परिधिभित्र मानिसको गतिविधिलाई सीमित राख्नुपर्छ। पहाड, नदी, जङ्गल, जमिन, ताल, घाँसेमैदान र मरूभूमिको समग्रतामा संरक्षण र व्यवस्थापन गर्नुपर्छ।

**दोस्रो,** विश्वव्यापी दिगो विकासको लागि हाम्रा प्रयासलाई अघि बढाउन हामी हरित सङ्क्रमणबाट निर्देशित गर्नुपर्छ । हामीले हरित वातावरण, न्यून कार्बन र गतिशील आर्थिक प्रणालीको विकास गर्नुपर्छ । पर्यावरणीय शक्तिलाई विकासको शक्तिमा रूपान्तरण गर्नुपर्छ । हरित पहाड र सफा पानीले दिनसक्ने लाभ हामीले लिन सक्नुपर्छ । हामीले हरित अन्तर्राष्ट्रिय सहकार्यतर्फ पाइला अघि बढाउनुपर्छ र सबै देशले हरित विकासका फल बाँडचुँड गर्नुपर्छ ।

**तेस्रो,** हामीले सामाजिक समता र न्यायलाई प्रवर्द्धन गरेर मानिसको भलाइमा आफूलाई केन्द्रित गर्नुपर्छ । उत्तम जीवन, वातावरण संरक्षणमा सबैको हित हुने परिणामको अपेक्षा, आर्थिक विकास, रोजगारी सिर्जना, गरिबी निवारण र अन्य उपलब्धिका निम्ति जनताको भावनालाई मनमा राख्नुपर्छ । साथै, सबै देशका जनताको परिपूर्णता, खुसी र सुरक्षा बढाउनुपर्छ ।

**चौथो,** हामीले अन्तर्राष्ट्रिय कानुनलाई न्यायपूर्ण र समतामूलक अन्तर्राष्ट्रिय सुशासन प्रणालीको आधार बनाउनुपर्छ । हामीले खास बहुपक्षतावादको अभ्यास गर्नुपर्छ । अन्तर्राष्ट्रिय कानुनको सम्मान र पालना गर्नुपर्छ । कसैको इच्छाकै भरमा अन्तर्राष्ट्रिय कानुनको दुरूपयोग वा उपेक्षा गर्न मिल्दैन । हामीले तय गरेका वातावरण संरक्षणसम्बन्धी लक्ष्य एकातिर महत्त्वाकाङ्क्षी हुनुपर्छ र अर्कोतिर गतिशील तथा सन्तुलित हुनुपर्छ । जसले विश्वव्यापी वातावरणीय प्रणाली न्यायपूर्ण र थप समतामूलक बनाउनेछ ।

**मित्रहरू,**

पर्यावरणीय सभ्यताको विकासमा चीनले उल्लेखनीय प्रगति हासिल गरिसकेको छ । हालसालै दक्षिणपश्चिम चीनको युनान प्रान्तका एक बथान हात्तीको उत्तरतिरको यात्रा र पुनरागमनको घटनाले जङ्गली जनावर संरक्षणको निम्ति हामीले गरिरहेका प्रयास प्रस्ट झल्काएको छ । चीनले पर्यावरणीय प्रगतिलाई अघि बढाइरहनेछ । सबैको खोजमूलक, समन्वयात्मक, हरित र खुला विकास तथा सुन्दर चीन निर्माणमा जोड दिँदै विकासको नयाँ दर्शन कार्यान्वयनमा चीन कटिबद्ध छ ।

आजको यही मौकामा म चीनले कुनमिङ जैविक विविधता कोष स्थापनाको घोषणा गर्न चाहन्छु । सो कोषअन्तर्गत विकासशील देशहरूका जैविक विविधता संरक्षणमा समर्थन जुटाउन १ अर्ब ५० करोड आरएमबी (चिनियाँ मुद्रा–सं) को लगानीमार्फत यो प्रयासको थालनी गर्न चाहन्छ । सो कोषमा आ–आफ्नो तर्फबाट योगदानको निम्ति चीन सबै पक्षसमक्ष आह्वान गर्दछ ।

जैविक विविधता संरक्षण बलियो बनाउन चीनले राष्ट्रिय निकुञ्जहरूलाई मूल आधार बनाएर संरक्षित क्षेत्र प्रणाली स्थापनामा तीव्रता दिइरहेको छ । यस क्रममा प्राकृतिक पर्या–पर्यावरणको निम्ति ठूलो महत्त्व भएका क्षेत्र, विशिष्ट प्राकृतिक भूबनोट भएका ठाउँ, सबभन्दा अमूल्य प्राकृतिक सम्पदा र सबभन्दा विशाल जैविक विविधताको भण्डारलाई राष्ट्रिय निकुञ्जभित्र समावेश गरिनेछ । चीनले औपचारिकरूपमा राष्ट्रिय निकुञ्जको पहिलो समूह घोषणा गरिसकेको छ । त्यसअन्तर्गत तीन नदी स्रोत राष्ट्रिय निकुञ्ज, जाइन्ट पान्डा राष्ट्रिय निकुञ्ज, उत्तरपूर्वी चीन बाघ र चितुवा राष्ट्रिय निकुञ्ज, हैनान उष्णीय जङ्गल राष्ट्रिय निकुञ्ज र उइशान राष्ट्रिय निकुञ्ज आदि छन् । संरक्षित क्षेत्रको कुल क्षेत्रफल २ लाख ३० हजार वर्ग किलोमिटर छ । ती निकुञ्जमा चीनमा पाइने स्थलीय जङ्गली प्राणीमध्ये झन्डै ३० प्रतिशतको बसोबास छ । यसैबीच स्थलगत र अन्तरस्थलीय संरक्षणबीच सन्तुलन कायम गर्नुपर्ने सिद्धान्तमा आधारित भएर काम गर्ने क्रममा चीनले पेइचिङ र क्वानचाओमा राष्ट्रिय जैविक उद्यान बनाउन थालेको छ ।

कार्बन उचाइ (कार्बन पिक) र सन्तुलन (न्युट्रालिटी) को लक्ष्य हासिल गर्न चीनले विभिन्न प्रमुख क्षेत्रमा कार्बन डाइअक्साइड उत्सर्जन उचाइ पुऱ्याउनेका साथै त्यसलाई टेवा दिने विभिन्न योजना कार्यान्वयनमा ल्याउनेछ । कार्बन उचाइ र कार्बन सन्तुलनको निम्ति चीनले '१ प्लस एन' नीतिगत ढाँचा कार्यान्वयनमा ल्याउनेछ । चीनले आफ्नो औद्योगिक संरचना र ऊर्जा मिश्रणको पुन:समायोजनलाई निरन्तरता दिनेछ । चीनले नवीकरणीय ऊर्जाको विकासमा विशेष महत्त्व दिनेछ । बलौटे, पत्थरयुक्त र मरूभूमिमा वायु ऊर्जा र प्रकाश ऊर्जाको लागि आधार बनाउन तीव्रगतिमा काम गर्ने चीनले योजना बनाइरहेको छ । पहिलो चरणको परियोजनाअन्तर्गत झन्डै १० करोड किलोवाट क्षमताको परियोजना स्थापना गर्ने काम द्रुतगतिमा भइरहेको छ ।

**मित्रहरू,**

यदि हामीले यो प्रकृतिलाई असफल नबनाए प्रकृतिले हामीलाई असफल बनाउनेछैन । पर्यावरणीय सभ्यताले मानिसको सभ्यताको विकासको प्रवाहको प्रतिनिधित्व गर्छ । हामी हातमा हात मिलाएर पर्यावरणीय सभ्यताको दर्शनलाई पछ्याऔँ र भावी पुस्तालाई हाम्रो जिम्मेवारी हस्तान्तरण गरौँ । पृथ्वीलाई सबै प्राणलीको समुदाय र हामी सबैको लागि सफा र सुन्दर विश्व बनाउन साझा प्रयास अघि बढाऔँ ।

*(चीनको कुनमिङ सहरमा अक्टोबर १२ बाट सुरू भएको जैविक विविधताको महासन्धिका सम्बद्ध पक्षहरूको पन्ध्रौँ बैठकमा चीनका राष्ट्रपति सी चिनफिङले दिनुभएको मन्तव्यको नेपाली अनुवाद)*

*स्रोतः सिन्ह्वा/'मजदुर' दैनिक*

*नेपाली अनुवादः सुमन*

# भक्तपुर नगरपालिकामा जनप्रतिनिधिका चार वर्ष



सोनी शाही

स्थानीय तहको निर्वाचनपछि जनप्रतिनिधिले कार्यभार सम्हालेको झन्डै साढे ४ वर्ष बितेको छ । भक्तपुर नगरपालिकामा २०७४ जेठ ७ गतेदेखि मेयर सुनिल प्रजापतिको नेतृत्वमा जनप्रतिनिधिले पदभार ग्रहण गरेका थिए ।

आफ्नो पार्टीको घोषणापत्र बमोजिमका कतिपय कार्यक्रम पूरा गरेको र केही कार्य सञ्चालन अवस्थामै रहेको प्रमुख प्रजापतिले जानकारी दिए ।

## कोरोना र स्वास्थ्य

गत वर्ष भने कोरोना महामारीको असर विश्वका अन्य स्थानमा जस्तै भक्तपुरमा पनि पऱ्यो । नगरपालिकाको महत्त्वपूर्ण आयस्रोतका रूपमा रहेको पर्यटन शुल्कबापतको आम्दानी झन्डै शून्य अवस्थामा रह्यो । यसका बाबजुद नगरपालिकाले कोरोना महामारीले जनताको जनजीवन प्रभावित हुन थालेपछि सुरुमा ७५ शय्याको छुट्टै आइसोलेसन केन्द्रको निर्माण गरेको थियो । साथै घरमा एकान्तबास बस्न नमिल्ने नगरवासीका लागि उचित वातावरणसहित आइसोलेसन केन्द्रको व्यवस्था, विदेशबाट फर्केका नेपालीका लागि घर वा होटलमा क्वारेन्टाइनको व्यवस्था गरी जनतालाई रोग सङ्क्रमण हुनबाट बचाउने प्रयास गरेको प्रमुख प्रजापति बताउँछन् ।

'जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राख्दै दैनिक माइकिङ गऱ्यौँ । टोल–टोलमा साबुनपानीले हात धुने व्यवस्था मिलायौँ । विशेष टोलीद्वारा फोहोर सङ्कलनको व्यवस्था गरियो । आवश्यक स्वास्थ्य परामर्शका लागि चिकित्सकको नाम सार्वजनिक पनि गरेका थियौँ,' मेयर प्रजापति भन्छन्, 'कोभिडको दोस्रो लहरमा नगरपालिकाले ५० बेडको आइसोलेसन र २५ शय्याको एचडियु (आइसियुभन्दा कम र सामान्यभन्दा माथिको सेवा) सञ्चालनको तयारी गऱ्यो । २०७८ वैशाख १७ गतेदेखि ख्वप अस्पताल कोभिड युनिट सञ्चालनमा ल्यायौँ । जुन अहिले नगरवासीका लागि ठूलो राहत भएको छ ।'

नगरपालिका क्षेत्रभित्रका दीर्घरोग क्यान्सर, मुटु, मिर्गौला तथा मस्तिष्कघात भएका रोगीलाई प्रतिव्यक्ति १० हजार रूपैयाँका दरले सहयोग गर्दै आएकोमा आर्थिक वर्ष २०७७/७८ को जेठ पहिलो हप्तासम्म एक सय २८ जनाले कुल १२ लाख ८० हजार रूपैयाँ सहयोग रकम प्राप्त गरिसकेको नगरपालिकाको तथ्याङ्क छ ।

## १०८ सम्पदा पुनर्निर्माण तथा जीर्णोद्धार

भक्तपुरलाई पुरातात्त्विक सम्पदाको धनी सहरको रूपमा लिइन्छ । २०७२ सालको भूकम्पले भक्तपुर नराम्ररी प्रभावित भएको थियो । एक सय २० भन्दा बढी सम्पदामा आंशिक तथा पूर्ण क्षति भएको थियो । त्यस्तै, ८ हजारभन्दा



बढी घर आंशिक र पूर्ण क्षति भएका थिए । निर्वाचित भएका बेला जनप्रतिनिधिका लागि ती सम्पदाको पुनर्निर्माण नै मुख्य चुनौती थियो ।

हालसम्म २३ ओटा मन्दिर, ४० ओटा पाटी, ६ ओटा द्यःछैँ, ३ ओटा प्रवेशद्वार, ८ ओटा पोखरी, ७ ओटा इनार, ८ ओटा सत्तल, ७ ओटा ढुङ्गेधारा र अन्य ६ ओटा सम्पदा गरी कुल एक सय आठ ओटा सम्पदाको पुनर्निर्माण र जीर्णोद्धार सम्पन्न भएका छन् । अन्य डेढ दर्जनभन्दा बढी सम्पदा जीर्णोद्धारका क्रममा छन् । भूकम्पबाट क्षतिग्रस्त निजी घरमध्ये लाभग्राही सूचीमा सूचीकृत झन्डै ४० प्रतिशत घरको पुनर्निर्माण सम्पन्न भइसकेको छ । बाँकी निर्माणाधीन अवस्थामा छन् ।

आर्थिक वर्ष ०७७/७८ मा कोरोना माहामारीकै बीच नगरपालिकाको आन्तरिक र बाह्य स्रोतबाट गरी ८० ओटा योजना सञ्चालनमा रहेकामा १८ ओटा योजना सम्पन्न भएका छन् भने ६२ ओटा योजना चालू अवस्थामा रहेको प्रमुख प्रजापतिले जानकारी दिए ।

उनका अनुसार, सोही आर्थिक वर्षमा विश्वप्रसिद्ध ङातापोल्हँ मन्दिर (पाँचतले मन्दिर) जीर्णोद्धार, दरबार क्षेत्रस्थित वत्सला मन्दिर पुनर्निर्माण, भार्वाचोदेखि च्याम्हासिंहसम्मको भक्तपुरको मूल सडकमा ढुङ्गा छपाइ कार्य, भनपा–४ स्थित चपाल भैरव द्यः छेँको पुनर्निर्माण, भक्तपुर–५ ल्योसिङ्ख्योस्थित च्यासिंदेगः पुनर्निर्माण, भनपा–६ स्थित भोलाछेँ पुखु जीर्णोद्धार, भनपा–७ स्थित गयू भिंद्यो पुल र हनुमानघाटस्थित छिपा ताँको पुनर्निर्माण, सडक बत्तीको व्यवस्था लगायत कार्य सम्पन्न भएका छन् ।

## शिक्षा र खेलकुद

कोभिडको प्रभाव केही कम भएपछि नगरपालिकाको आयोजनामा अन्तर नगर खेलकुदलाई निरन्तरता दिँदै २०७७ फागुन २९ गतेदेखि चैत ३ गतेसम्म अन्तर नगर बुद्धिचाल प्रतियोगिता सम्पन्न भएको थियो । देशका २२ ओटा नगरपालिकाले प्रतियोगितामा सहभागिता जनाएका थिए । सोही अवसरमा विद्यालय स्तरीय खेलकुद प्रतियोगिता पनि सञ्चालन गरिएको थियो । जसमा ५९ ओटा विद्यालयका १ हजार ८ सय १८ खेलाडीले सहभागिता जनाएका थिए ।

यस्तै कोरोनाका कारण भौतिक रूपमा कक्षा सञ्चालन हुने वातावरण नभएपछि नगरपालिकाले अनलाइन कक्षाको व्यवस्था गरेको थियो । उच्च शिक्षा हासिल गर्न चाहने गरिब तथा जेहेन्दार विद्यार्थीमध्ये सो आर्थिक वर्ष एक सय नौ विद्यार्थीका लागि प्रतिविद्यार्थी पाँच लाख रूपैयाँसम्मको शैक्षिक ऋण स्वीकृत भइसकेको उनले जानकारी दिए । साथै विद्यार्थीलाई स्थानीय विषयवस्तुबारे जानकारी दिने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा १ देखि ८ सम्म पठनपाठन भइरहेको छ ।

इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषामा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीका लागि पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आएकामा गत आर्थिक वर्ष ती विषय लिई उच्च शिक्षा अध्ययनरत विद्यार्थीले कुल ५ लाख ६८ हजार रूपैयाँ बराबर छात्रवृत्ति पाएको नगरपालिकाको तथ्याङ्क छ ।

यस्तै नगरपालिकाले हस्तकलामा आधारित औद्योगिक केन्द्रकै रूपमा विकास गर्न पहल गरेको छ ।

## कृषि

समयमै रासायनिक मल उपलब्ध हुन नसक्दा कृषि उत्पादनमा ह्रास आउन सक्ने विषयलाई ध्यानमा राखी कृषि मन्त्रालय, साल्ट ट्रेडिङ लिमिटेड र कृषि सामग्री कम्पनीमा प्रतिनिधि मण्डल गई मल उपलब्ध गराउनका लागि नगरपालिकाले पहल गर्दै आएको उनको भनाइ छ । साथै बढ्दो जनसङ्ख्या वृद्धिसँगै खानेपानीको आपूर्तिलाई पनि नगरपालिकाले विशेष जोड दिँदै आएको छ ।

'उपलब्ध स्रोतको व्यवस्थित वितरण, नयाँ–नयाँ स्रोतको खोजी गर्दै नगरवासीहरूलाई खानेपानीको सहज आपूर्तिको व्यवस्था मिलाउँदै आएका छौँ,' उनले भने, 'काठमाडौँ उपत्यका खानेपानी बोर्ड, केयुकेएल र भक्तपुर नगरपालिकाका पदाधिकारीको संयुक्त बैठकले भक्तपुर नगरभित्र मेलम्चीको खानेपानी शीघ्र वितरण गर्ने निर्णय गरेको छ । मेलम्चीको पानी वितरण नभएसम्मका लागि बोडेको पानी भक्तपुरमा बढाएर पठाउने सहमति भएको थियो । सोहीबमोजिम केही सहज भइरहेको छ ।'

*(स्रोत : काठमाडौं प्रेस, २०७८ असोज १६)*


भक्तपुर नगरपालिकाको

रेडियो कार्यक्रम

'ख्वप सः' अर्थात्

'भक्तपुर आवाज'

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

बुधबार : बिहान ७:३० देखि ८:३०

शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म

सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

# स्वास्थ्यमन्त्रीलाई खुलापत्र ?

विवेक

**स्वास्थ्यमन्त्रीजी,**

**सलाम** !

कोरोना महामारीबीच जनताले कठिन जीवन बिताइरहेको यस घडीमा तपाईं स्वास्थ्यमन्त्री नियुक्त हुनुभयो। तपाईंसामु स्वास्थ्यसम्बन्धी चुनौतीको पहाड खडा छ। थाहा छैन, तपाईंले ती चुनौतीहरू सामना गर्न सक्नुहुन्छ या हुन्न। त्यो त समयले नै बताउनेछ। तपाईं नयाँ पार्टीको नयाँ मन्त्री हुनुहुन्छ। पार्टी सङ्गठन बनाउनमै व्यस्त हुनुपर्ने तपाईंको बाध्यता होला ! तर, त्यो सुविधा तपाईंलाई छैन किनकी तपाईं अहिले देशको स्वास्थ्यमन्त्री हुनुहुन्छ। जनताको स्वास्थ्योपचारलाई पहिलो प्राथमिकता दिनु तपाईंको कर्तव्य हो। तर, निकट भविष्यमा स्थानीय तहको र अबको एक वर्षपछि सङ्घ तथा प्रदेश तहको निर्वाचन हुँदै छ। त्यो निर्वाचनमा आफ्नो अस्तित्व देखाउन पनि तपाईं र तपाईंको पार्टी सरकारमा बस्नैपर्ने बाध्यता हामी सामान्य नागरिकले पनि बुझ्छौं। नेपालमा सरकारमा जानु भनेकै राज्य कोष लुटेर निर्वाचन खर्च जुटाउनकै लागि हो भन्ने जनताको धारणा रहिआएको छ।

मन्त्रीजी, तपाईंको विगत अलिकति कोट्याऊँ ! जतिखेर तपाईं काठमाडौंस्थित नेपाल ल क्याम्पसको स्ववियुको पदाधिकारी हुनुहुन्थ्यो। तपाईंमा भएको खस अहङ्कार र कामदार वर्गलाई हेला गर्ने भावना त्यतिखेरै हामीले बुझिसकेका थियौं। अहिले नेकपा (एस) को तर्फबाट स्वास्थ्यमन्त्री जस्तो जिम्मेवारी पाउँदा हामीलाई आश्चर्य लाग्यो। तपाईंले भक्तपुरका जनतालाई त्यसबेला गरेको अपमानको लागि भर्त्सनायोग्य शब्द हामीसँग छैन। तपाईंले गरेको जातीय अहङ्कार र भक्तपुरका जनताको अपमान भक्तपुरको ढुङ्गा–माटोले समेत बिर्सनेछैन। त्यो घटना तपाईंले त बिर्सनुभयो होला ! हामी सम्झाउँछौं। नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको तर्फबाट नेपाल ल क्याम्पसमा चुनावी सभा राखिएको थियो। हामीले अखिल पाँचौंको सैद्धान्तिक आलोचना गरेका थियौं। अरूको आलोचना सुन्ने बानी नपरेको तपाईं हाम्रो आलोचनाको सैद्धान्तिक जवाफ दिनुको सट्टा भौतिक आक्रमणमै उत्रिनु भयो। विद्यार्थी सङ्गठन भनेकै अखिल पाँचौंमात्रै भन्ने तपाईंमा घमण्ड थियो। नेक्राविसङ्घको नाम पनि सुन्न चाहनुभएन तपाईंले। नेक्राविसङ्घले आयोजना गरेको त्यस सभा सम्पन्न हुनासाथ हाम्रै मञ्चबाट हाम्रै माइक खोसेर तपाईंले हामीलाई देखाउँदै *'यी भक्तपुरका ज्यापुहरूको मासुको चोक्टाचोक्टा भित्ता भित्तामा टाँसिदिन्छु'* भन्नुभयो। त्यतिबेला तपाईंको साथमा थुप्रै अखिलका 'गुन्डाहरू' थिए र हामीले तत्काल भौतिकरूपमा प्रतिकार गरेनौं। तपाईंले निकै ठूलो विजय नै पाएजस्तो व्यवहार गर्नुभयो। हामीले त्यही बेला वक्तव्य प्रकाशित गरी कलेज–कलेजमा प्रचार गरेर रचनात्मक विरोध गरेका थियौं। सायद तपाईंले बिर्सनुभयो होला ! हामीले बिर्सेका छैनौं। त्यसैले त भनिन्छ, खुकुरीको चोट अचानोले बिर्सँदैन।

अब देशको स्वास्थ्य स्थितिकै कुरा गरौं ! नेपालको संविधानले आधारभूत स्वास्थ्य उपचार नि:शुल्कको व्यवस्था गरेको छ। तर, अहिलेसम्म आधारभूत के हो स्पष्ट परिभाषासमेत गरेको पाइँदैन। यसअघिको सरकारले स्वास्थ्य क्षेत्रमा केही परिवर्तन ल्याउन खोजेको थियो। एकैदिन ३०९ ओटा अस्पतालको शिलान्यास पनि गरियो। ती अस्पतालहरूको स्थिति अहिले जे–जस्तो भए पनि सामुदायिक अस्पतालहरूको निर्माण स्वयम् सकारात्मक कदम मान्न सकिन्छ। ती अस्पतालहरूको निर्माणलाई निरन्तरतामात्रै होइन दक्ष जनशक्ति, आवश्यक स्वास्थ्यसामग्री र औषधीको व्यवस्था गरी गरिब जनताको लागि राम्रो उपचारको व्यवस्था गर्नेतर्फ यहाँले ध्यान दिने आशा गर्दछौं।

कर्णाली प्रदेशमा १ सय ६१ चिकित्सकको दरबन्दी भएकोमा जम्मा २८ जनामात्रै कार्यरत रहेको र ८ सय स्वास्थ्यकर्मी दरबन्दी भएकोमा २ सय ९६ जनाले मात्रै सेवा दिइरहेको जस्ता समाचारहरूले देशको स्वास्थ्य स्थितिको तस्बिर देखाइरहेका छन्। जनताले अब त्यस्तो समाचार सुन्न नपरोस्, यही हाम्रो अपेक्षा हो ।

अझ हाँसो उठ्दो कुरा त के हो भने, केपी ओली सरकारलाई हटाएर गठन भएको देउवा सरकारले झन्डै ३ महिनापछि मात्रै पूर्णता पायो। २ महिनाअघि स्वास्थ्य राज्यमन्त्री नियुक्त भएका उमेश श्रेष्ठ 'चेन अस्पतालका लगानीकर्ता' भएको खुल्न आएको छ। ५ ओटा निजी अस्पतालको मालिक नेपालको स्वास्थ्य राज्यमन्त्री नियुक्त भएबाट अबको स्वास्थ्य नीति कस्तो हुन्छ भन्ने अनुमान गर्न गाऱ्हो छैन। तपाईं स्वास्थ्यमन्त्री नियुक्त भएपछि मकवानपुरको निर्वाचन क्षेत्रलाई नै देश नसम्झनुहोला ! विगतमा जस्तोसुकै 'पाप' कर्म गरेको भए पनि इमानदारीपूर्वक जनताको सेवा गरेर 'पाप पखाल्ने' आशा गर्छौं।

यो वर्ष अस्पतालहरूमा अक्सिजन प्लान्ट र भेन्टिलेटरका लागि छुट्याइएको रु. '३ अर्बभन्दा बढी फ्रिज' भएको समाचार सार्वजनिक भयो। यसको जिम्मेवार को को हुन् ? अक्सिजन अभावले कैयौं कोरोना पीडितको ज्यान गयो। त्यसको लागि त तपाईंहरू जिम्मेवार हुनुहुन्छ नि होइन ?

कोरोना महामारीको बेला बिरामीहरू अक्सिजनको अभावमा अस्पतालको शय्यामा छट्पटिरहँदा तपाईँहरू कुर्सीको लागि लडिरहनुभएको थियो । अस्पतालहरूमा चिकित्सकहरू, स्वास्थ्यसामग्री र आवश्यक औषधीहरू थिएनन् । 'बिरामीको मृत्यु भएमा अस्पताल जिम्मेवार हुने छैन' भनी निजी र सरकारी अस्पतालहरूले बिरामीको आफन्तलाई कागज गराउँदै गर्दाको क्षण सम्झिँदामात्र पनि जिउ सिरिङ भएर आउँछ । कैयौँ बिरामीका आफन्तले भक्कानिँदै आफन्तको 'मृत्युपत्रमा' हस्ताक्षर गरेको दृश्य हाम्रो मानसपटलमा ताजै छ । ती बिरामीका आफन्तहरूको पीडा के तपाईँले कल्पना गर्नु भएको छ ?

सरकारका सुरक्षा निकाय प्रमुख प्रजिअले निषेधाज्ञा जारी गरिरहँदा त्यसलाई चुनौती दिँदै तपाईँ सम्मिलित गठबन्धनका दलहरूले २०।३० हजार मानिस जम्मा गरेर विशाल सभाहरू गरे । त्यसैको कारण थप हजारौँ जनता सङ्क्रमित भएको चिकित्सकहरूको भनाइ छ । तपाईँ र तपाईँजस्ता सांसद अनि मन्त्रीहरूका लागि त उच्चस्तरीय सेवा सुविधासहित उपचार सम्भव थियो होला तर सर्वसाधारण जनताको नि ? अहिलेसम्म मृत्यु भएकामध्ये अधिकांश नागरिक सामान्य परिवारकै छन् । त्यसरी कोरोनालाई खेलाँची गरेर मृत्युदर बढाउने कामको जिम्मेवारी तपाईँ र तपाईँको दलसहित गठबन्धनमा रहेका दलका नेताहरूले लिने कि नलिने ?

कोरोनाको बहानामा धेरै ठाउँका जनप्रतिनिधिहरूले राज्यकोषमाथि ब्रह्मलुट गरेको पनि सुनिन्छ । जनतालाई सङ्कट परेको बेला सहयोग गर्नु जनप्रतिनिधिहरूको परम कर्तव्य हो । गलत काम गर्ने जनप्रतिनिधि होस् या कर्मचारी कुन दलको कार्यकर्ता र कसको नातेदार भनेर अनुहार हेरेर होइन उसको अपराधअनुसार दण्ड दिने काममा मन्त्रीजी पछि हट्नु हुन्न । माओवादी र मधेसी दलले जहिले पनि स्वास्थ्य मन्त्रालयको दाबी गर्नुको कारण औषधी तथा स्वास्थ्यसामग्री खरिदमा कमिसनकै लागि हो भन्ने चर्चा पनि छ । अरू ठूलठूला काम नगरे तापनि स्वास्थ्यसामग्री र औषधी खरिदमा हुने कमिसनमात्रै कम गर्न सकेमा जनताले ठूलो राहत महसुस गर्नेछन् ।

धरानस्थित बीपी मेमोरियल अस्पतालको आर्थिक बेथितिले निरन्तर चर्चा पाइरहेको छ । त्यसबारे उचित छानबिन गरी दोषीमाथि कडा कारबाही गर्नुपर्ने जिम्मेवारी पनि मन्त्रीजीकै काँधमा आएको छ । सङ्कटको बेला मन्त्री भएकाहरूले अन्य सामान्य अवस्थाका मन्त्रीहरूले झैँ रिबन काट्ने र भवनहरूको शिलान्यास गर्ने काममा समय व्यतित गर्नु उपयुक्त हुँदैन ।

सरकारी अस्पताललाई जनताले आफ्नो अस्पताल ठान्छन् । सर्वसाधारणहरू सरकारी अस्पतालमै उपचारको लागि पुग्छन् । त्यहाँ सँधैँ एक्स रे, सीटी स्क्यान बिग्रिएको भन्दै चिकित्सकहरूले बाहिर निजी क्षेत्रमा महँगोमा उपचार गर्न पठाउँछन् । कमिसनकै कारण त्यसरी निजीमा उपचार गर्न पठाउने कुराको मन्त्रीजी आफै पनि जानकार हुनुहुन्छ ।

जनताले स्वास्थ्य बिमा गराएका छन् । त्यसबापत सरकारी अस्पतालहरूले बिमाका बिरामीलाई निःशुल्क उपचार र औषधी वितरण गर्नुपर्दछ । सरकारले बिमाबापत दिनुपर्ने पैसा सरकारी अस्पतालहरूलाई नपठाउँदा ती अस्पतालहरूले बिमाका बिरामीहरू जाँच्न बन्द गर्दै छन् । मध्यपुरको नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालले २०७८ असोज १ गतेदेखि बिमाका बिरामी जाँच्नै बन्द गरिसकेको छ । त्यहाँ बिमाबापत सरकारले ९ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी भएको मेयरको भनाइ छ । धुलिखेल अस्पतालले २६ करोड बिमाबापत लिन बाँकी भएपछि त्यो अस्पताल पनि चरम आर्थिक सङ्कटमा परेको समाचार छ ।

अन्त्यमा, ख्वप अस्पतालबारे पनि मन्त्रीजीको ध्यानाकर्षण गराउन चाहन्छु । भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालले दैनिक ५०० भन्दा बढी बिरामीलाई सेवा प्रदान गर्दै आएको छ । बिमाबापत सरकारले दिनुपर्ने रकम समयमै भुक्तानी नहुँदा सेवा प्रभावित हुने गरेको छ । गत आवमा रु. ६ करोड बिमाबापत सरकारले दिनुपर्ने पैसा नदिएपछि जनप्रतिनिधिहरूले जनताबीच सहयोगको आह्वान गर्नुभयो । १ महिनाको अवधिमा ६ करोडभन्दा बढी पैसा नगरपालिका कोषमा जम्मा गरेर नगरपालिकालाई जनताले साथ दिए । ख्वप अस्पतालले कोभिडका सबै बिरामीको निःशुल्क उपचार गर्‍यो । हालसम्म ४५५ बिरामीको उपचार गरिसकेको छ । अक्सिजन प्लान्ट राखेर स्थानीय जनताको लागि निःशुल्क अक्सिजन वितरण गरिरहेको छ । ख्वप अस्पताल भवन निर्माण कार्य पनि अन्तिम चरणमा छ । त्यसको लागि पनि भक्तपुरका जनताले मन्त्रीजीबाट सहयोगको अपेक्षा गरेका छन् ।

स्वास्थ्य क्षेत्रका बेथितिका कुरा जति लेखे पनि सकिँदैन । तर, देशको राजनीतिमै प्रभाव पार्ने खालका ओम्नी ग्रुपजस्ता काण्डका नाइकेहरूलाई कमसे कम कारबाही गरेर देखाउन सके तपाईँ स्वास्थ्यमन्त्री भएको सार्थक हुनेछ ।

जनताको सेवाको लागि प्रेरित हुनुहोस् भन्ने उद्देश्यले केही कुरा लेख्ने प्रयास गरेको हुँ । तपाईँलाई पनि थाहा छ नि ! सत्य तीतो हुन्छ । हो, औषधी पनि तीतै हुन्छ । यसर्थ, मन्त्रीजीले पत्रमा उल्लिखित विषयलाई पूर्वाग्रही भावनाले नलिई सुझावको रूपमा लिने विश्वासका साथ आजलाई यतिमै कलम बन्द गर्दछु । आगामी दिनमा निरन्तर लेखिरहनेछु ।

*तपाईँको साथी, उही*


***सुमन***

**('परमादेश' सरकारको स्वास्थ्यमन्त्रीमा विरोध खतिवडालाई नियुक्त गरिएको छ–सं.)**



# किम इल सङ्को संस्मरण

# शताब्दीका साथ -१२_




## पानीघट्टको आवाज

भाग-९ । परिच्छेद ७ (क)

पेक्डु पर्वतमा जताततै किसानहरू बस्ने गाउँहरू भेटिन्छन् । पश्चिम जियानदाओका त्यस्ता गाउँहरूमा म पुग्दा त्यहाँ फिँजाइरहेका घुमाउरा खोल्साहरूले पानीघट्टभित्र अन्न कुट्दै र पिन्दै गरेको आवाज सुन्थेँ । पानीघट्टमा त्यस्ता खोल्साले उर्जाको काम गरेको हुन्छ । जुनेली रातमा कतै परबाट पानीघट्टको आवाजको स्मृति अझै पनि मेरो दिमागमा मडारिरहेको हुन्छ । पेक्डु पर्वततिर हामी जाँदै गर्दा कोरियाली आप्रवासीहरूले चाङबाईका ती पानीघट्ट विभिन्न प्रयोजनका लागि प्रयोगमा ल्याए । फलतः ती पानीघट्टले विभिन्न अर्थ बोक्न थाले । कोरियाली जनताले आँसुका धारा बगाएर पनि ती पानीघट्टमा लगातार अन्न पिन्ने र कुट्ने काम गरिरहे ।

सन् १९३६ को ग्रीष्मयता हामी (जनक्रान्तिकारी सेना) लाई सहयोग गर्न चाङबाईका जनताले ती पानीघट्टमा ठूलो परिमाणमा अन्न कुट्ने र पिन्ने काम गरे । चाङबाईमा खुलेका दर्जनौँ साना-ठूला घट्टहरू गुरिल्ला सङ्घर्षको मद्दतका लागि खुलेका थिए । त्यसकारण हाम्रो स्मृतिमा ती पानीघट्टहरू गुरिल्ला सङ्घर्षप्रति जनताको मद्दतको प्रतीकको रूपमा खोपिएको छ ।

धन्य, चाङबाईका जनताको समर्थन र प्रोत्साहन ! त्यही सहयोगको कारण हामीले पेक्डु पर्वतलाई आधार बनाएर जापानविरोधी दीर्घकालीन युद्ध अघि बढाउन सक्यौँ ।

चाङबाई क्षेत्रबाट सबभन्दा पहिला जनक्रान्तिकारी सेनालाई मद्दत गर्नेहरूमा देशुईक्व, शिल्युदाओका जनता थिए । चाङबाईतिर जानेक्रममा हामी सबभन्दा पहिला सिनचाङदोङतिर गयौँ । सिनचाङदोङसहित शिल्युदाओ उपत्यकाका गाउँहरूलाई एकमुष्ट देशुईक्व भनिन्छ ।

माथिल्लो सिनचाङदोङ दुई ओटा खोलाको दोभानमा अवस्थित चालिस घरको दुर्गम गाउँ थियो । त्यहाँ एउटा पानीघट्ट थियो । ती दिनहरूमा गाउँलेहरू घट्टमा फापर पिनेर जनक्रान्तिकारी सेनालाई ताजा-ताजा चाउचाउले स्वागत गर्थे । सिनचाङदोङमा देशुईक्वका जनताले जनक्रान्तिकारी सेनालाई गरेको मद्दतको प्रभाव समयान्तरमा वाङचियादोङ, याओशुईदोङ र दियाङसिदोङजस्ता पश्चिम जियाङदाओका सबै क्षेत्रमा पाऱ्यो ।

तिनताक जङ्गलका गोप्य बाटा हुँदै हाम्रा गोप्य शिविरमा बारम्बार धेरै मानिस आउने गर्थे । उनीहरू आफ्ना टाउका र पिठ्युँमा हाम्रा लागि अन्न र कपडा लिएर आउँथे ।

यस्तो चालामालाबाट चिन्तित भएर शत्रुले चाङबाई क्षेत्रमा आफ्नो उपस्थिति बढाएर जनतालाई दुःख दिन थाल्यो । उनीहरूले गाउँ आगो लगाएर जलाइदिए । कुनै पनि सानो अस्वाभाविक अवस्था देख्ने बित्तिक्कै उनीहरूले जथाभावी मानिसहरूलाई पक्राउ गर्थे वा मार्थे ।

'कम्युनिस्ट डाँकाहरूलाई रसद पानी र अन्य वस्तु आपूर्ति गर्ने र उनीहरूसँग सम्पर्क गर्ने जो कोहीलाई पनि डाँकाहरूका सहयोगी मानिनेछ र ठाउँको ठाउँमारिनेछ', ती दिनमा चाङबाई काउन्टीका सबै ठाउँमा यस्ता धम्कीपूर्ण चेतावनी टाँसिएको हुन्थ्यो ।

पेक्डु पर्वत वरपरका सीमा क्षेत्रमा बस्ने सर्वसाधारणलाई एक जोर जुत्ता र एक बट्टा सलाई समेत लान दिइँदैनथ्यो । यस्तो प्रतिकूलताबीच पनि हाम्रो गोप्य शिविरमा नियमित रूपमा जनताले हामीलाई आवश्यक सामान पठाउँथे ।

जनक्रान्तिकारी सेनालाई चाङबाईका जनताले स्वेच्छिक रूपमा मद्दत गर्थे । कोरियालाई फेरि उठाउन जनक्रान्तिकारी सेनालाई मद्दत गर्नु नै एउटै मात्र बाटो भएको उनीहरूको विश्वास थियो । परिणामतः जनक्रान्तिकारी सेनालाई मद्दत गर्न उनीहरू न मर्नदेखि डराए न मध्य गर्मीयामको उखरमाउलो गर्मी नत मध्य जाडोको आँखा नदेखिने हिउँबाट हच्किए ।

जनक्रान्तिकारी सेनालाई मद्दत गर्ने चाङबाईका जनतालाई सम्झँदा रि उल सोलका पिता रि प्योङ होनको सरल र हक्की छवि मेरो मानसपटलमा आउने गर्छ । उनी हाम्रो सङ्गठनका सदस्य थिए । उनी यिङहवादोङ गाउँका मुखिया थिए । चाङबाई क्षेत्रमा जनक्रान्तिकारी सेनालाई मद्दत गर्नेमा उनी र उनका दुई भाइहरू नै अगुवा थिए ।

सन् १९३६ को अन्त्यतिर हामी हेइसियाजीक्वको गोप्य शिविरमा थियौँ । रि प्योङ होन र उनका साथीहरू मुख्यालयमा आए । उनीहरूले यिङहवादोङको क्रान्तिकारी सङ्गठनले जम्मा गरेका सामानहरू लिएर आएका थिए । उनीहरूले कोरियाली चलनअनुसार कपास कोचेर सिलाइएको र सामान्यभन्दा दोब्बर ठूलो मोजा लिएर आएको म अहिले पनि झलझली सम्झन्छु । उनीहरूले ल्याएको एक जोर मोजा मैले लिएर लगाएँ । मोजा मेरो घुँडासम्म पुग्ने लामो थियो ।

यिङहवादोङका महिलाहरूको अथक मिहिनेत र इमानदारीप्रति म नतमस्तक भएँ ।

'यी मोजा वास्तवमै राम्रा छन्', मैले भनेँ ।

मेरो कुरा सुनेर रि प्योङ होन खुशीले रातै भए ।

'चाङबाईमा बाक्लो हिउँ पर्छ, जनरल ! जाडोयाममा तपाईंले आफ्ना खुट्टाको हेरविचार गर्नु भएन भने पछि खुब दुःख पाइन्छ', उनले भने ।

उनीसँग त्यो मेरो पहिलो भेट थियो । तर, पहिलो भेटमै मैले उनी इमानदार र सरल भएको कुरा बुझिसकेको थिएँ । उनले आफ्नो कहिल्यै आत्मप्रशंसा गरेनन् । गोप्य शिविरमा सामान ल्याउन उनले अरू मानिसहरूको अगुवाइ गरेका थिए । तर, उनले आफू उनीहरूको नेता हो भन्ने कुराको कति पनि छनक दिएनन् । उनी आफ्ना सहकर्मीहरूको पछाडि बसेर मलाई ध्यानपूर्वक हेरिरहे ।

मैले हातमा मोजा नियाल्दै गर्दा कसैले अन्नको बोरा खोलेर खुशीभावमा भने,'हेर्नुस् त जनरल ! यस्तो जौ त जापानका सम्राटले पनि जिन्दगीमा देखेका थिएनन् होला ।'

तत्क्षण मैले आफ्नै आँखालाई पनि विश्वास गर्न सकिनँ । सफा जौ हिउँजस्तै सेतो थियो ! त्यो जौ हो कि चामल ? जौलाई सफा र सुन्दर बनाउन निकै मिहिनेतका साथ निफनिएको हुनुपर्छ !

'तपाईंले निकै दुःख गर्नुभयो, मित्र । यस्तो जौ त मैले जीवनमै पहिलो पटक देखेको हुँ । यति सफा र सेता हुने गरी तपाईंहरू कसरी कुट्नुभयो ?'

'हामीले यसलाई चार पटक कुट्यौँ, जनरल !'

'किन नि ? दुई पटक कुटे पछि हामीले जौ उमालेर खान सक्छौँ होइन र ?'

'हाम्रो गाउँका महिलाहरू त्यत्ति मिहिनेती छन् ।'

यो पटक पनि रिले कामको जस सबै गाउँका महिलाहरूलाई दिए । उनले भने,'यो जौ निफन्न र सफा बनाउन पुरुषले होइन, महिलाहरूले निकै मिहिनेत गरे । यति मिहिनेत गर्ने हो भने अन्नलाई चार पटक मात्र होइन, दसौँ पटक पनि कुटे पनि केही हुन्न । अनि यसरी सफा पारेर कुट्नु दुःख होइन किनभने यो सब जनक्रान्तिकारी सेनाको लागि गर्दैछौँ । दुःखको कुरा गुप्तचरहरूले कसको घरले के कामको लागि कति अन्न कुट्न लागेको छ भनी रेखदेख गर्ने गरेका छन् । अनि कुटेको अन्न कहाँ लिएर जाँदैछन् भनी निगरानी राखिन्छ । त्यस्ता गुप्तचरका आँखा छल्न महिला सङ्गठनले निकै चलाखी अपनाउने गरेको छ । उनीहरू हेसानको बजारमा गएर क्रान्तिकारी सेनाका लागि लुगाफाटो किन्ने गर्छन् । अनि त्यो कपडा आफ्नो कम्मरमा बेर्छन् । कतिले आफ्ना केटाकेटीका ताङमुनि डाइपर राखेजस्तै कपडा लुकाएर ल्याउने गर्छन् । त्यही भएर महिलाहरू बजार जाँदा जानाजान बच्चा बोकेरै जाने गर्छन् । यस्तो कुरा नजानेका बुढापाकाहरू बच्चा बोकेर बजार नजान कर गर्छन् । तर, महिलाहरू बच्चा बोकेरै बजार जाने गर्छन् किनभने उनीहरूलाई जसरी हुन्छ जनक्रान्तिकारी सेनाको लागि कपडा ल्याउनु छ ।'

यति भन्दै गर्दा रिले पुरुषले गरेको दुःखबारे एक शब्द पनि बोलेनन् । उनले महिलाहरूका दुःखका कुरा मात्र गरे ।

उनका कुराले मलाई भावुक बनायो । मैले बोराबाट एक मुट्ठी जौ लिएर सुँघेँ । अनि मैले वरपर बसेका सबैलाई भनेँ,'जापानका सम्राट निकै अग्लो देखिए पनि उनी जरा नभएका रुख जस्ता छन् । तर, हामी बाहिर नदेखिए पनि बलियो जरा भएका विरुवा हौँ । त्यसकारण हामीले पाएजस्तो अब्बल अन्न उनले पाउने त कल्पना पनि कसरी गर्न सक्छन् र ?'

यिङहवादोङका जनताले अर्को वर्ष रि उल सोलमार्फत गुरिल्ला सेनालाई गरेको सहयोगबारे हामीले बिस्तृत जानकारी पायौँ । रि त्यही साल हाम्रो सेनामा भर्ती भए । उनका पिता जस्तै रि उल सोल पनि आफ्नो काम देखाउने केही कुरा गर्दैनथे । त्यत्ति मात्र होइन, उनी आफ्ना आमाबुवाले गरेका दुःख कष्टका कुराबारे पनि एक शब्द बोल्दैनथे । तथापि, जिब्रो चिप्लिएर हो कि एक पटक उनले आफ्नी आमाबारे एउटा कुरा सुनाएका थिए । बोरा सिलाउन आवश्यक कपडा किन्न पैसाको जोहो गर्न उनकी आमाले किम्बु टिप्ने गरेको किस्सा रि उल सोलले सुनाएका थिए ।

यिङहवादोङमा धेरै घर परिवारलाई पेटभरि खान अन्नको पनि धौ धौ थियो । तीमध्ये रि उल सोलको परिवार पनि थियो । तर, उनको परिवारले घाँसको खोले खाएर पनि क्रान्तिकारी सेनालाई मद्दत गर्न कोहीभन्दा पछि पर्दैनथ्यो । त्यसैको लागि उनीहरू गर्मीयाममा किम्बु र जाडोयाममा जङ्गली अङ्गुर र लसुन हेसान बजारमा बेचेर पनि क्रान्तिकारी सेनालाई मद्दत गर्थे । आमाले जङ्गलबाट फल टिपेर घर फर्केपछि रि उल सोलका भाइहरू रसिलो मुख पारेर वरपर बसेका हुन्थे ।

आमाले उनीहरूको मनोभावना बुझेकी हुन्थिन् । तथापि, उनी उनीहरूलाई एउटा पनि फल खान दिन्नथिइन् । किनभने त्यसो गर्नु उनको बुझाईमा जनक्रान्तिकारी सेनाप्रतिको कम इमानदारी हुने थियो ।

गोप्य शिविरबाट फर्केपछि रि प्योङ होनले आफ्ना नानीहरूसमक्ष आफूले मलाई (किम इल सङ)लाई देखेको भन्दै खुशी व्यक्त गरेका थिए । रि उल सोल तत्कालै गुरिल्लाहरू बसेको ठाउँमा गएर मेरो टुकडीअन्तर्गत रहेर लड्न भनी सुरिएछन् । तर, उनका बुवाले उनलाई रोके ।

छोरालाई रोक्दै त्यही बेला रि प्योङ होनले भने,'जनरल किमको टुकडीका सिपाहीँहरू सब एक सय एक छन् । उनीहरू निशाना हान्न पनि सिद्धहस्त छन् । तिमीले खेत खन्न मात्र जानेका छौ । गाजाको पातका कपडाले सिलाएका सुरुवाल लगाउनबाहेक तिमीले के जानेका छौ ! तिमी कसरी क्रान्तिकारी सेनाको सिपाहीं बन्न हिम्मत गर्न सक्छौ ? त्यसको लागि तिमीले अझ केही वर्ष मिहिनेत गर्नुपर्छ ।'

त्यसपछि उनले आफ्नो छोरोलाई तालिमको लागि पितृभूमि पुनःस्थापना सङ्गठनको एउटा एकाइमा सदस्य बन्न लगाए । अर्को वर्ष उनले आफ्नो छोरो र भतिजालाई गुरिल्ला सेनामा भर्ती गर्न पठाए । आफ्ना आँखाका नानी जस्ता सन्तानलाई गुरिल्ला सेनामा भर्ती हुन पठाउनु जनक्रान्तिकारी सेनाप्रतिको उनको अगाढ आस्थाको अभिव्यक्ति थियो ।

आफ्नो छोरालाई गुरिल्ला सेनामा पठाए पछि पनि रि प्योङ होनले क्रान्तिकारी सेनालाई पहिलेकै सक्रियताका साथ सहयोग गरिरहे ।

सन् १९३७ को वसन्तको उत्तरार्द्धमा मैले उनलाई फेरि तियानशाङशुईमा भेटेको थिएँ । उनले त्यत्तिबेला आफूसँग ल्याएको कपडा रङ्ग्याउने रङ हामीलाई पोचोनबोको लडाइँमा प्राप्त विजयको अवसरमा गुरिल्ला र जनता मिलेर उत्सव मनाउन शृङ्गारका सामना र ध्वजा पताकामा रङ भर्न काम लागेको थियो । चाङबाईका जनताले पठाउने गरेका सहयोग सामग्री सधैँ गहिरो इमानदारीभावले ओतप्रोत हुने गर्थ्यो ।

त्यत्तिबेला जङ्गल फाडेर खेतीयोग्य जमिनमा बसेका चार जना सदस्य भएको एउटा किसान परिवारले वर्षमा बढीमा २० देखि ३० तान आलु फलाउन सक्थ्यो । (तान कोरियाली मापन प्रणालीको एकाइ हो । एक तान बराबर चालिस पेक हुन्छ । एक पेक बराबरमा बेलायतमा ८.८ र अमेरिकामा ९.०९ लिटर अट्ने गर्छ–अनुवादक) किसानहरूले एक मल माड (स्टार्च) निकाल्न दर्जनौँ मल (एक मलबराबर १८ लिटर हुन्छ । मल कोरियाको पुरानो मापन एकाइ हो ।) पेल्नुपर्थ्यो । एक मल माड बेचेको पैसाले एक जोर जुत्ता किन्न पुग्दैनथ्यो । त्यसकारण उनीहरू माडको तितौरा वा जाँड बनाउँथे र त्यही बेचेर पैसा कमाउँथे । त्यत्तिबेला हातमा पैसा भएर पनि सामान किन्न धौ धौ हुन्थ्यो । त्यसकारण गुरिल्लाहरूलाई चाहिने सामान किन्न र जुटाउन मानिसहरू हरेक जुक्ति लगाउँथे ।

त्यस्तो प्रतिकूल परिस्थितिमा पनि चाङबाईका जनता विभिन्न खालका वस्तु जम्मा गर्थे र पहाडमा बसेका क्रान्तिकारी सेनालाई पठाउँथे ।

चाङबाई काउन्टीमा बसेका हरेक कोरियालीहरूले त्यत्तिबेला गुरिल्लाहरूलाई मद्दत गरे । लौरो टेकेर हिँड्ने बुढापाकाहरूले समेत पहाड उक्लेर रुखका बोक्रा ताछ्थे । अनि मध्यरातसम्म टुकी बालेर ती रुखका बोक्राका जुत्ता बनाउँथे । क्रान्तिकारी सेनाको लागि रुखको बोक्राको जुत्ता बन्दै गर्दा महिलाहरू पधँरामा गएर सुरक्षागार्ड बस्थे । शत्रुको निगरानीबाट जोगिन ती महिलाहरू त्यो कठ्याङ्ग्रिँदो जाडोमा पनि धुनी नजगाई त्यसरी गार्ड बस्थे । धुनी बाल्दा शत्रुका गुप्तचरहरूका आँखा लाग्न सक्थ्यो ।

प्रायशः गाउँका मुखियाले सहयोगका सामान पठाउने कामको तारतम्य मिलाउँथे । चाङबाई काउन्टीका अधिकांश गाउँका मुखियाहरू नै पितृभूमि पुनःस्थापना सङ्गठनका एकाइ र शाखाका प्रमुखहरू पनि थिए । त्यसकारण पनि उनीहरूलाई त्यस्तो कामको तारतम्य मिलाउन सजिलो हुन्थ्यो । हाम्रो क्रान्तिकारी सेनाअन्तर्गत आपूर्तिको जिम्मेवारी बोकेका कार्यकर्ताहरूले ती दिनहरूमा गाउँका मुखियाहरूलाई योजनाबद्ध रूपमा सामान पठाउन धम्कीपूर्ण पत्राचार गर्थे । जनक्रान्तिकारी सेनालाई सहायताको तारतम्य मिलाउन गाउँका मुखियाहरूको लागि त्यस्ता धम्की पत्र बहाना बन्थ्यो । त्यस्ता धम्कीपूर्ण पत्र हात परे पछि उनीहरू दबाबमा गरेको भन्दै भित्रभित्र सङ्गठनको काम गर्थे ।

जनक्रान्तिकारी सेनालाई सामान पुऱ्याउने टोलीले गाउँ छोड्दै गर्दा गाउँलेहरू आफूसँग भएका केही न केही सामान दिन आपसमा होडबाजी गर्थे । चाङबाई काउन्टीका हरेक घरमा हाम्रा सिपाहीँहरू आफ्नै घरमा जस्तै पस्थे । ती दिनमा हामी धेरै पटक न्योम पो बेइको घरमा गएका थियौँ ।

न्योम इन हवानले हामीलाई देशुईक्वको सुरुको विकास काङ जिन गोनले गरेको बताए । काङ आफू जन्मेको गाउँमा लामो समय बस्न सकेनन् । उनी आफ्नो परिवारका केही सदस्य र आफन्तसँगै अम्नोक नदी तरेर शिल्युदाओक्व गएर अर्को गाउँ बसाए । न्योम पो बेई काङका आफन्तकी श्रीमती थिइन् । न्योम इन हवानले काङको प्रभावमा परे पछि श्रीमती न्योम र उनका श्रीमान भित्रैबाट जापानविरोधी र प्रष्ट स्वभावको

भएको बताए ।

त्यही भएर हामी दादेशुईमा छँदा म उनीहरू दुवैलाई भेट्न गएँ । म अहिले पनि श्रीमती न्योमको अनुहार प्रष्टै सम्झन सक्छु । त्यत्ति बेला तिनी निकै लजालु स्वभावकी थिइन् । उनले जौ र कोदोसँग उमालिएको आलुले मलाई सत्कार गरेकी थिइन् । उनी सधैँ एउटा ठूलो भाँडोमा जौ र कोदो पानीमा भिजाएर राख्थिन् । त्यसो गर्दा उनी कुनै पनि बेला जौ र कोदो उमालेर खान ठीक्क बनाउन सक्थिन् । कहिलेकाहीं मध्यरातमा हामी उनको घर पुगे पनि हामीलाई उनी उही उमालिएको जौ र कोदोले स्वागत गर्थिन् । जौ मिसाइएको उमालिएको कोदो निकै राम्ररी पकाइएको हुन्थ्यो । त्यसको वासना यति मिठो हुन्थ्यो, हाम्रो भोक एकाएक अझ बढ्थ्यो ।

उनका श्रीमान् काङ इन हङले धुवाँ जाने चिम्नी होचो बनाएका थिए । अनि त्यसमाथि छ्वालीले छोपेका थिए । त्यसो गर्दा धुँवा त्यही छ्वालीमा रङमङिन्थ्यो । मध्य रातमा चिम्नीबाट धुवाँ उडिरहेको देख्दा शत्रुका भतुवाहरूले शङ्का गर्न सक्थे । उनीहरू लोग्ने स्वास्नी दुवैको मन निकै कमलो थियो ।

देशुईक्वका जनता चर्चका मुसा जत्तिकै गरिब थिए । तर, जनक्रान्तिकारी सेनालाई मद्दत गर्नुमा उनीहरू ठूलो गौरव अनुभव गर्थे । शत्रुले दादेशुई गाउँलाई एकै दिनमा आगोको समुद्रमा होमिदिनु कुनै आश्चर्यको घटना थिएन । शत्रुको त्यो निर्ममताले मलाई उत्तरी जियानदाओमा जनताको **'रगतको समुद्र'** को याद दिलायो । गाउँलेहरू भुईंको खरानी बढार्दै पराले छानाका छाप्राहरू बनाउँथे । शत्रु फेरि आउँथे र ती छाप्रामा आगो लगाइदिन्थे ।

त्यही भएर न्योम पो बाइको परिवार सिनचाङदोङको झाङमोजीमा बसाइ सर्न बाध्य भए ।

यो खबर सुनेर हामी उनलाई भेट्न उनी बसाइ सरेको ठाउँमै पुग्यौं । हामीले त्यहीं पनि पानीघट्टको आवाज सुन्यौं । मलाई पानीघट्टको आवाज राम्रो भविष्यको सङ्केत लाग्यो । किनभने जहाँ पानीघट्टको आवाज सुनिन्छ, म त्यहाँ कोरियाको आत्मा अनुभव गर्थें । त्यो कोरिया जसलाई न आगोले जलाउन सक्थ्यो, न पानीले डुबाउन सक्थ्यो । बरु लडिरहेको एउटा कोरिया । मानिसहरू क्रान्तिकारी सेनालाई सहयोग गर्न पाउँदा गौरवले ओतप्रोत भएको कोरिया । पानीघट्टको आवाज क्रान्तिकारी सेनालाई मद्दत गरेर जापानी साम्राज्यवादको प्रतिरोध गरिरहेका जनताको ठूलो फड्कोको आवाज थियो ।

म मेरो सचिवसँग पहिला पानीघट्टमा गयौँ र श्रीमती न्योमलाई त्यहाँ भेट्यौं ।

मलाई देख्ने बित्तिक्कै उनी घुँडा टेकेर धुरुधुरु रोइन् । दादेशुई छोड्नुपर्नाको गहिरो दुःख उनका आँसुमा बगिरहेको थियो ।

उनलाई सम्झाउन मलाई निकै गाह्रो भयो । मैले भनेँ, 'नरुनुस् आमा । नरुनुस् । हामीले सहनुपर्छ । हामी के पो गर्न सक्छौं र ?...'

उनको परिवार त्यहाँ बसाइ सरेपछि त्यो घट्ट खोलिएको रहेछ । घट्टसँगै उनको घर थियो । काठका मुढाले बनाइएको एउटा लामो कोठा थियो उनीहरूको घर ।

त्यो दिन छिमेकी गाउँबाट एउटा कुखुरी ल्याएर हाम्रो लागि कुखुराको मासु र माड पस्कियो । यति गर्दा पनि उनी आफूले राम्रो खानाको जोहो गर्न नसकेकोमा दुःख पोख्दै थिइन् ।

चाङबाईका गाउँहरूमा मैले बारम्बार खाएको माडको स्वाद यति स्वादिलो थियो । म अहिले पनि विशिष्ट पाहुनाको सत्कारमा आयोजना गरिने भोजमा जमाइएको आलुको चाउचाउ वा माड दुर्लभ परिकारको रूपमा पस्किने गर्दछु ।

त्यो रात पानीघट्टको आवाजले राम्रो निद्रा नलाग्ने हो कि भनी मलाई चिन्ता लागेको थियो । तर, त्यसो भएन । बरु त्यो आवाजले अझ गहिरो निद्रा पर्‍यो । एक प्रकारले गहिरो ध्यान गरेजस्तै भयो ।

झाङमोजीमा उनको परिवारले आफ्नो विचार गरेर त्यो नयाँ पानीघट्ट स्थापना गरेका थिएनन् । बरु गुरिल्लाहरूको मद्दत गर्ने मनसायले त्यो घट्ट बनाइएको थियो ।

त्यो दुर्गम गाउँमा पनि कोही शान्तिसँग बाँच्न सक्ने अवस्था थिएन । शत्रुले आफ्नो जालो ती दुर्गम पहाडका गहिराइसम्म पनि बिछ्याएको थियो । इर्डोगाङबाट आएका प्रहरीहरूले बिनासूचना गाउँ पसेर गाउँलाई अस्तव्यस्त बनाएदिएका थिए, उनीहरूले पानीका घट्ट नष्ट गर्नुका साथै गाउँलेहरूलाई प्रहरी चौकीमा लिएर गएका थिए । प्रहरीले श्रीमती न्योमको परिवारका सदस्यलाई तीन दिन निर्मम यातना दिएका थिए । चौकीबाट बाहिर निस्कँदा उनीहरूको अवस्था मरेतुल्य थियो । उनीहरूलाई बयलगाडामा राखेर घर ल्याइएको थियो । सबभन्दा बढी कुटाइ खाएका बुढो काङको अवस्था गम्भीर थियो । यो खबर सुनेपछि मैले घाउ चाँडै निको पार्न सक्ने भालुका केही पित्त पठाएको थिएँ । भालुको पित्तको सेवन पछि उनीहरू चाँडै निको भए । गम्भीर रूपमा घाइते भएका बुढो काङ समेत चाँडै तङ्ग्रिए र गुरिल्ला सेनालाई सहयोग गर्ने काममा निरन्तर लागे । उनी काठको काममा निकै पोख्त थिए । उनी पहाडमा गएर भोजवृक्ष काटे र घट्टका भाँचिएका लामा पाटाहरू बनाउन थाले । उनका छोराछोरीले राम्ररी

सञ्चो भइसकेपछि मात्र काम गर्न उनलाई आग्रह गरे । तर, उनीहरूका कुरा उनले एक कानबाट सुनेर अर्को कानबाट उडाइदिए । उनले भने, 'तिमीहरू के कुरा गरिरहेका छौ ? पहाडमा पठाउन (जनक्रान्तिकारी सेनाको लागि) ८० वर्ष लागेका बुढाबुढी पनि परालका जुत्ता र अन्य सामग्री बनाइरहेका छन् । उनीहरूभन्दा त म अझै पनि बलियो नै छु नि ।'

झाङ्मोजीका पानीघट्टहरूले फेरि पनि गुरिल्ला सेनाहरूको लागि अन्न कुट्न थाल्यो ।

काङको आग्रहमा हामीले उनका छोरा काङ जोङ गुनलाई क्रान्तिकारी सेनामा भर्ती गर्‍यौं । हामीले उनको विशेष हेरविचार गर्‍यौं । उनलाई हामीसँगै राख्यौं । विडम्बना, उनी पछि एउटा कारबाहीमा मारिए । उनको शहादत्तले हामीलाई निकै दुःखी बनायो ।

शिकिदोक्वको पिङगाङदेमा बस्ने किम से उन पनि एउटा कदरयोग्य परिवारबाट आएका थिए । त्यो परिवारले पनि इमानदारीका साथ क्रान्तिकारी सेनालाई ठूलो मद्दत गर्‍यो ।

किम से उनले आफ्ना भाइबहिनी र चार छोराछोरी तथा आफन्तहरूलाई क्रान्तिकारी सङ्घर्षमा सामेल हुन र क्रान्तिकारी सेनाका गतिविधिमा सक्रियतापूर्वक मद्दत गर्न उत्साहित गरे । उनी एक जना इमानदार क्रान्तिकारी थिए । मा कुक ह्वाका प्रेमी किम से ओक उनका भाइ हुन् । जापानविरोधी क्रान्तिकारी युद्धवीर किम इक ह्योन उनका कान्छो छोरा हुन् । उनका जेठा छोरा पनि कोरियाली जनक्रान्तिकारी सेनामा भर्ती भएर निकै बहादुरीका साथ लडेका थिए । सेनामा भर्ती भएलगत्तै उनले जियानसानफेङको लडाईंमा भाग लिएका थिए । पछि उनलाई शत्रुले पक्राउ नगर्दासम्म पितृभूमिमै बसेर राजनीतिक गतिविधि गरे । उनलाई पन्ध्र वर्षको जेल सजाय तोकिएको थियो । सोदेमुनको कारागारमा उनले क्वोन योङ ब्योक र रि जे सुनसँग कारागार सजाय काटेका थिए । सन् १९४५ को वसन्तमा उनको हत्या भयो ।

गुरिल्ला सेनाका साना एकाइ र राजनीतिक सङ्गठनहरू बरोबर किम से उनको घरमा जान्थे । उनको घर पहाडको भित्री भागमा थियो । क्रान्तिकारी सेनाको गोप्य शिविरभन्दा उनको घर टाढा थिएन । सामान्यतः घरबाट शिविरतिर फर्केका क्रान्तिकारीहरू उनकै घरमा एक रात काट्थे । उनको घर कोरियाली जनक्रान्तिकारी सेना र राजनीतिक सङ्गठनका कार्यकर्ताहरूले निःशुल्क खाने-बस्ने 'पाटी' थियो । उनले एक जना चिनियाँ जमिनदारबाट जग्गा भाडामा लिएर खेती गरेका थिए । आफूले उत्पादन गरेका सबै कुरा उनी क्रान्तिकारीहरूलाई खुवाउँथे । **(क्रमशः)**

***नेपाली अनुवादः नीरज***

# कोभिड-१९ को
# ; a\qmd0faf6 cfk\'arf}/ c?nf0{arfc}

**कोभिड-१९ को जोखिम घटेको छैन । अस्पताल र स्वास्थ्य सेवा सहज र सुलभ छैन । त्यसैले कोरोनासँग निहुँ खोजेर होइन सतर्क भएर स्वस्थ रहौं ।**

**कोभिड-१९ का लक्षण**

- रुघाका साथै सुख्खा खोकी लाग्ने
- टाउको दुख्ने
- ज्वरो १००.४° भन्दा बढी आउने
- घाँटी दुख्ने
- सास फेर्न अप्ठेरो वा गाह्रो हुने ।

**बच्ने उपाय**

- हात नमिलाउने, त्यसको सट्टा नमस्कार गर्ने ।
- साबुन-पानीले कम्तिमा २० सेकेण्डसम्म पटक-पटक हात धुने ।
- नधोइएका हातले आँखा, मुख र नाक नछुने ।
- बाहिरबाट आएपछि राम्रोसँग साबुन पानीले अनिवार्य हात धुने ।
- अनावश्यक बाहिरी वस्तु केही नछुने, छोएपछि हात धुने ।
- शारीरिक दूरी कायम गर्ने ।
- रुघा खोकी लागेका, ज्वरो आएका मान्छेसँग एउटै कोठामा नबस्ने ।
- भीडभाडमा नजाने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख रुमालले छोप्ने वा कुहिना दोब्याएर छेक्ने ।
- पाएसम्म राम्रो मास्क प्रयोग गर्ने ।
- **खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएमा तुरुन्त अस्पताल जाने ।**

नियमित रूपमा प्रक्रिया पुर्‍याएर साबुन पानीले राम्ररी हात धुने गरेमा कोरोना भाइरस लाग्न नपाउने अनुसन्धान तथा प्रयोगशालाबाट प्रमाणित भएको छ । साबुन पानीले बरोबर हात धुँदा कोरोनामात्र होइन मौसमी रुघाखोकी, श्वासप्रश्वासबाट हुने सङ्क्रमण, टाइफाइड, झाडापखालालगायतका थुप्रै सङ्क्रमणबाट बच्न सकिन्छ ।


**त्यसैले नियमित हात धुने गरौं ।**

# डार्विन: विकासवाद सिद्धान्तका प्रणेता



राजेन्द्रबहादुर कायष्ठ

**विषय प्रवेश :** वैज्ञानिकहरूले गरेको अध्ययनअनुसार पृथ्वीको उत्पत्ति भएको लगभग ४.५ अर्ब वर्ष भएको छ। विभिन्न चट्टान र जीवावशेषको अध्ययनबाट पृथ्वीको उत्पत्ति भएको बेलामा कुनै पनि प्रकारका जीवहरू थिएनन्। यो क्रम पृथ्वीको उत्पत्ति भएको पहिलो २ अर्ब वर्षसम्म रह्यो। तर करिब ३.८ अर्ब वर्ष पहिले ब्याक्टेरिया र ३.२ अर्ब वर्ष पहिले लेउको उत्पत्ति भएको प्रमाण फेला परेको छ। वैज्ञानिक अनुमानअनुसार उक्त समय पृथ्वीमा अन्य जीवहरू बाँच्न अनुकूल वातावरण नै थिएन। करिब ५७ करोड वर्ष अघि बहुकोषीय जीवहरू र ढाड नभएका जनावरहरूको विकास भएका प्रमाणहरू भेटिएको छ। पृथ्वीको उमेर बढेअनुसार विभिन्न प्रकारका जीवहरू क्रमिक रूपले विकास हुँदै गएको पाइएको छ। ५७ करोड वर्ष अघिदेखि २५ करोड वर्ष अघिसम्म केही समुद्रमा पाइने ढाड भएका जीवहरू, जमिनमा पाइने हरितकण भएका वनस्पति, पखेटा भएका कीराहरू, उभयचर (पानी र जमिन दुवैमा बाँच्न सक्ने) जन्तुहरू, रेप्टाइल (घस्रने) जातिका जन्तुहरू आदिको उत्पत्ति र विकास भएको पाइएको छ। यसरी नै २५ करोड वर्ष अघिदेखि ६ करोड ५० लाख वर्ष अघिसम्म कछुवा, विभिन्न चराहरू, कोणधारी वनस्पतिहरू, डाइनोसर आदिको उत्पत्ति र विकास भएको थियो। यसै क्रममा ६ करोड ५० लाख वर्ष अघिदेखि हालसम्म शाकाहारी र मांसाहारी जन्तुहरू, बिरालो र बाँदर, पाषाणकालीन मानिस, आधुनिक मानिसहरूको उत्पत्ति र विकास भएको



rfN;{/f]{6 8fljg{ 'k[s[tsf]5gf}6af6 kh{fltx¿sf]pTklQ" k':ts tof/Lsf]; dodf

पाइएको छ।

यसरी पृथ्वी उत्पत्ति हुँदा कुनै जीव थिएन। तर अहिले पृथ्वीमा धेरै प्रकारका वनस्पति र जन्तुहरू छन्। हाल पृथ्वीमा लगभग ३,९०,९०० प्रजातिका वनस्पतिहरू छन्। जसमध्ये २१५ लोप हुने अवस्थामा छन्। पृथ्वीमा भएका १ करोड ४० लाख जन्तुहरू मध्ये हाल २० लाख प्रजातिका जन्तुहरू मात्र अस्तित्वमा छन्। यसको अर्थ पृथ्वीमा शुरुमा कुनै जीवहरू नभएको र हाल आएर धेरै प्रकारका जीवहरू रहेको बुझिन्छ। थोरै जीवहरूबाट धेरै जीवहरू बन्ने प्रक्रियालाई क्रम विकास वा उद्‍विकास (Evolution) भनिन्छ। अर्को भाषामा भन्दा बिस्तारै पुरानो सरल जीवबाट नयाँ जीवहरू उत्पन्न हुने प्रक्रियालाई क्रम विकास भनिन्छ। यो कसरी भयो भनी अध्ययन गर्ने पहिलो वैज्ञानिक जीन बापटिस्टे लेमार्क (Jean-



hLg afklK6:6] n]dfs{

Baptiste Lamark) थिए। लेमार्क फ्रेन्च नागरिक थिए।

लेमार्कको क्रमविकासको सिद्धान्तअनुसार ***जन्तुहरूले आफूसँग भएका अङ्गहरू मध्ये जुन अङ्गको बढी प्रयोग गर्दछ त्यो अङ्गको कार्यक्षमता बढ्दै जान्छ भने प्रयोगमा नआएको अङ्ग कमजोर हुँदै जाने र धेरै पुस्तापछि लोप भएर जान्छ।*** यसलाई उनले प्रयोग अनुपयोग सिद्धान्त नाम दिए। लेमार्क सिद्धान्तलाई बढी आलोचना भएको र संसोधनसहित मात्र स्वीकार्य गरिएको छ। क्रमविकासलाई थप अनुसन्धान गर्ने वैज्ञानिक चार्ल्स रोर्वट डार्विन थिए। उनले पृथ्वीमा हाल भएका जीवहरू पहिलेदेखि यही रूपमा थिए वा समयअनुसार परिवर्तित भएर हालको रूपमा आएको हो भनी अध्ययन गरेका थिए। डार्विनको पृथ्वीमा भएको जीवहरूको क्रमविकास वा उद्‍विकास सम्बन्धी सिद्धान्त हाल सबैभन्दा बढी मान्यता प्राप्त भएको सिद्धान्तको रूपमा लिइन्छ। डार्विनको क्रम विकास सम्बन्धी सिद्धान्तअनुसार पृथ्वीमा पहिला भएका थोरै जीवहरूमा वातावरण, वंशाणुगत गुण, बाँच्नको लागि सङ्घर्ष, प्राकृतिक छनौट आदि कारण परिवर्तन

हुँदै हाल धेरै प्रकारका जीवहरूको उत्पत्ति भएको हो । यस सिद्धान्तअनुसार आधुनिक मानिसको सबभन्दा नजिकको पुर्खा भनेको चिम्पान्जी हो । डार्विनको विकासवादको सिद्धान्तलाई टेवा पुऱ्याउने धेरै प्रमाणहरू पनि फेला परेका छन् । डार्विन एक प्रकृतिविद्, भूगर्भविद र जीवशास्त्री थिए ।



ojfj:yfdf8flj{g

**बाल्यकाल र शिक्षा :** डार्विनको पूरा नाम चार्ल्स रोर्बट डार्विन (Charles Robert Darwin) हो । उनको जन्म संयुक्त अधिराज्यको श्रेसबरीस्थित द माउन्ट हाउस (The Mount House, Shrewsbury, United Kingdom) मा सन् १८०९ फेब्रुअरी १२ मा भएको थियो । पिता Robert Darwin र माता Susannah Darwin का ६ जना सन्तानहरू मध्ये उनी पाँचौं सन्तानका रूपमा जन्मेका थिए । उनका पिता डाक्टर थिए भने आमालगायत परिवारका सदस्यहरू स्वास्थ्य क्षेत्रमा लागेका थिए । उनी एक सम्पन्न र शिक्षित परिवारमा हुर्केका थिए । उनका पिता एक कुशल डाक्टर भएका हुनाले डार्विनलाई पनि कुशल डाक्टर बनाउने बाबुको इच्छा थियो तर उनी सानैदेखि विभिन्न कीरा फट्याङ्ग्राहरू हेर्न, सङ्कलन गर्नमा बढी रुचि राख्दथे । डार्विन ८ वर्षको हुँदा उनका आमाको मृत्यु भयो । त्यसपछि उनको लालनपालन उनको बुबा र ठूलो दिदीबाट भएको थियो । उनी बगैंचामा रहेका वनस्पतिहरू र कीराहरू सङ्कलनमा रुचि राख्ने भएकाले दिदीले उनलाई कीराहरू मार्न नहुने शिक्षा दिएकोले मरेका कीराहरू जम्मा गर्ने र तिनीहरूको बनौटमा भिन्नता आदि बारे अवलोकन-अध्ययनमा रुचि राख्दथे । यसरी नै विभिन्न प्रकारका चट्टानहरू जम्मा गर्ने र त्यसको भौतिक स्वरूप जस्तै रङ्ग, आकार, कडापन आदिबारे अध्ययन गर्दथे । उनी विभिन्न वनस्पतिहरूबारे पनि बढी चासो राख्दथे । उनी विभिन्न वनस्पतिहरूको जरा, काण्ड, हाँगा, बोक्रा, फूल, फल उचाइ आदि बारे तुलनात्मक अध्ययन गर्नमा बढी रुचि राख्दथे । उनी सन् १८१८ मा एक स्थानीय विद्यालयमा अध्ययनका लागि भर्ना भए । उनी किताबी अध्ययन भन्दा बाहिरी कुराहरूमा बढी चाख दिने र सो सम्बन्धी जिज्ञासाहरू राख्ने भएकाले गुरुहरू उनलाई राम्रो विद्यार्थीको रूपमा हेर्ने गर्दैनथे ।

विद्यालयमा पढ्दा पनि उनी पढाइमा भन्दा बगैंचामा रहेका विरुवाहरू र कीराहरूलाई हेरेर रमाउने गर्दथे । डार्विनले विद्यालयमा गर्ने क्रियाकलापहरूबाट उनका गुरुहरू असन्तुष्ट भएकाले उनका बुबाले चिकित्साशास्त्र अध्ययनका निम्ति एडिनबरा विश्वविद्यालयमा भर्ना गरिदिए । त्यसबेला उनी १६ वर्षका थिए । त्यहाँ उनले चिकित्साशास्त्रको अध्ययनको क्रममा एकचोटि एकजना बिरामी व्यक्तिको अपरेसन गर्दा बिरामी मानिस चिच्याएको, रोएको र पीडामा कराएको दर्दनाक दृष्यले उनलाई चिकित्साशास्त्र अध्ययनमा रुचि घटायो । त्यसबेला सम्म बिरामीको अपरेसन ( शल्य चिकित्सा) गर्दा अहिले जस्तो बेहोस पार्ने प्रविधिको विकास भएको थिएन । त्यसै पनि डार्विनलाई चिकित्साशास्त्र रुचि नभएकोले उनले पढ्न छाडिदिए । अन्त्यमा डार्विनलाई उनका बुबाले धर्मगुरु बनोस् भनेर क्याम्ब्रिज विश्वविद्यालयमा आध्यात्मिक शिक्षा वा धर्म शिक्षाका लागि पढ्न पठाए । अध्ययनकै क्रममा उनले धर्म सन्बन्धी ज्ञानबाहेक विश्वविद्यालयमा अध्यापन गर्ने जीवशास्त्री र भूभर्गशास्त्री शिक्षकहरूसँग सम्बन्ध बनाएर आफ्नो रुचिअनुसारको ज्ञान निरन्तर प्राप्त गरिरहे । बाइस वर्षको उमेरमा उनले धर्म प्रचारकको डिग्री हासिल गरे ।

**बिगल जहाजको यात्रा र क्रमविकासको सिद्धान्त**

सन् १८३१ मा एच.एम.एस, बिगल नामक जहाजबाट सर्वेक्षणका लागि विभिन्न वैज्ञानिकहरूलाई विश्व भ्रमणमा लैजाने कार्यक्रम थियो । उक्त यात्रामा खर्च स्वयम्ले बेहोर्ने गरी डार्विनलाई



8flj{gsf]3/


प्रकृतिविद्को रूपमा सहभागी हुन निम्तो दिइयो। आलिशान महलमा हुर्केको र समुद्रको पानीदेखि डराउने डार्विनलाई उनका पिता उक्त भ्रमणमा पठाउन इच्छुक थिएनन्। डार्विन आफै पनि पानीदेखि डराउने स्वभावका भएको र आर्थिक रूपमा खर्च धेरै लाग्ने भएकोले बिगल जहाजबाट विश्व भ्रमणमा जाने वा नजाने दोधारमा थिए। तर उनले सोचे विश्वमा रहेको विभिन्न स्थानमा रहेको वनस्पति र जन्तुहरूबारे अध्ययन गर्ने यो सुनौला मौका हो। यसलाई सदुपयोग गर्नुपर्दछ। परिवारसँगको सल्लाह गर्दा शुरुमा उनका पिताले भ्रमण खर्च दिन अस्वीकार गरेका थिए तर पछि छोराको रुचिलाई ध्यान दिएर उक्त जहाज यात्राको लागि आवश्यक आर्थिक सहयोगसहित भ्रमणमा जान स्वीकृति दिए। जहाज यात्राको पहिलो प्रयास हुरी बतासले गर्दा स्थगित भयो। पछि २७ दिसेम्बर १८३१ मा बिगल जहाजको विश्व भ्रमण यात्रा शुरु भयो। यात्रामा उनले अमेरिका, न्युजि ल्याण्ड, अष्ट्रेलिया र अन्य धेरै टापूहरूको भ्रमण गर्ने अवसर पाए। उक्त भ्रमणमा रहेका विभिन्न वैज्ञानिकहरूलाई अलग अलग कार्यको जिम्मेवारी दिइएको थियो। त्यसमध्ये डार्विनलाई यात्राको क्रममा विभिन्न स्थानहरूमा पाइने विभिन्न जीवहरूको जीवावशेषहरू र जीवहरू सङ्कलन गर्नु थियो।


उनको जीवनमा विगल जहाजको यात्रा ऐतिहासिक बन्न पुग्यो। यो यात्राले उनलाई विकासवाद वा क्रम विकास वा उद्‌विकासको सिद्धान्त प्रतिपादन गर्नमा ठूलो सहयोग पुऱ्यायो। उनले यात्राबाट विभिन्न स्थानहरूमा फरक फरक प्रकारका वनस्पति, कीराहरू, जन्तुहरू आदि प्रत्यक्ष अवलोकन गर्ने मौका पाए। उनले अन्य वैज्ञानिकहरूले जस्तो सूक्ष्मदर्शक यन्त्र, दुरविन आदि प्रयोग नगरी नै एउटै जातको तर विभिन्न थरीका वनस्पतिहरू र जन्तुहरूको बारे अध्ययन गरे। बिगल जहाजको यात्रा सन् १८३१ मा शुरु भएर सन् १८३६ (लगभग ५ वर्ष) मा पूरा भएको थियो। यात्राका क्रममा पुगेका स्थानहरूमा पाइएका जीव तथा वनस्पतिहरूको तुलनात्मक अध्ययन गर्नुका साथै विभिन्न ठाउँहरूबाट प्राप्त भएका प्राचीन जीवावशेषहरूको पनि अध्ययन गर्न थाले। जीवावशेषको अध्ययनबाट हाल पाइने विभिन्न जन्तुहरू र तिनीहरूको जीवावशेष बीच तुलनात्मक अध्ययन गरे। यसै क्रममा उनले विशेषगरी दक्षिण अमेरिकाको ग्यालापागोस द्वीपमा उनले विभिन्न १४ जातका फिन्च जातिका चराहरूको बारेमा अध्ययन गरे।

यस अध्ययनमा उनले एउटै जात भए पनि फिन्च चराहरूको आकार प्रकार, स्वभाव, बनौटबारे फरक फरक पाए। त्यसमध्ये विशेषगरी फिन्च चराको




laun hxfhsf] ljZj e|d0f dfu{







8flj{gn] cWoog u/]sf lkmGr r/fsf] rRrf]x¿sf] leGgtf

चुच्चो फरक फरक भएको पाए। उनलाई एउटै जातिका फिन्च चराको आकार, स्वभाव र विशेषगरी चुच्चोको आकार फरक फरक हुनुको कारण के होला भनी खुब खुल्दुली भइरह्यो। अध्ययनकै क्रममा डार्विनले फिन्च चराको खाना जस्तै कीरा खाने, कडा बोक्रा भएको फल खाने, नरम बोक्रा भएको फल खाने, अन्न खाने, झारपात खाने आदि आधारमा चुच्चोका आकार फरक भएको निष्कर्षमा पुगे। यात्राको क्रममा उनले धेरै तथ्यहरू पत्ता लगाए। ग्यालपागोस टापूमा रहेका र अन्य स्थानमा रहेका कछुवाहरूको आकार, रङ्ग, स्वभाव आदिमा पाइएको भिन्नता कसरी र किन भयो भनी विभिन्न धारणाहरू निर्माण गरे। यी प्राकृतिक तथ्यहरूको आधारमा उनले जीव विकास सम्बन्धी क्रान्तिकारी अवधारणा अघि सारे। उनको जीव विकास सम्बन्धी धारणा बाइबलमा रहेका भनाइको विपरीत थियो। बाइबलमा जीवको सृष्टि सात दिन लगाएर भगवानले गरेको भन्ने थियो। आधुनिक मानिस

पनि भगवानले नै सृष्टि गरेको भन्ने भनाइ थियो। डार्विनको समयमा युरोपभरी बाइबलको भनाइलाई आलोचना गर्ने छुट थिएन र खण्डन गर्नेलाई त सजाय पनि दिइन्थ्यो। यसकारण डार्विनले आफ्नो क्रमविकासको सिद्धान्तलाई बीस वर्षसम्म विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गर्ने र त्यसबाट आउने समीक्षालाई अध्ययन र आवश्यक परिमार्जन गर्दै गए। यसैक्रममा अर्का वैज्ञानिक **अल्फ्रेड रसेल वालेस**ले एउटा पत्र डार्विनलाई पठाएर क्रमविकास सम्बन्धी धारणा आफ्नो र डार्विनको समान रहेकोले संयुक्त रूपमा अध्ययन गर्न र सो सम्बन्धी लेख प्रकाशित गर्न प्रस्ताव पठाएका थिए। वालेसले पनि अमेजन नदीको किनारा, मलाया, अर्केपेलागो टापूको अध्ययन पछि कुनै जातिका प्राणीहरू आपसमा रहुञ्जेलसम्म उस्तै प्रकृतिको हुने र टाढिन थालेपछि तिनीहरूको प्रकृतिमा फरक देखिँदै जाने कुरा पत्ता लगाएका थिए। डार्विन र वालेस दुवै मिलेर सन् १८५८ मा उत्पत्तिको सिद्धान्तबारे एक लेख प्रकाशित गरे। त्यसको एक वर्ष पछि डार्विन एक्लैले सन् २४ नोभेम्बर १८५९ मा 'प्रकृतिको छनौटबाट प्रजातिहरूको उत्पत्ति' वा On The Origin of Species by means of Natural Selection प्रकाशित गरे। उक्त पुस्तकको पहिलो संस्करण एकै दिनमा बिक्री भयो। पुस्तकको अत्यधिक प्रशंसा गरियो।

तर धार्मिक व्यक्ति र संस्थाहरूबाट पुस्तकको तीव्र आलोचना पनि भयो। यसै क्रममा सन् १८६० मा विज्ञानको उन्नतिका लागि बेलायती सङ्घ नामक संस्थाले अक्सफोर्ड विश्वविद्यालयको सभागृहमा एउटा कार्यक्रमको आयोजना गरेको थियो। उक्त कार्यक्रममा एकजना धर्मगुरुले डार्विन र उनका साथीलाई इंगित गर्दै भने 'यिनीहरूका पुर्खा बाँदर थियो रे। म



8fljgsf]cfnf]rsx¿n]agfPsf]8fljgsf]sf6'g

यिनीहरूलाई प्रश्न गर्न चाहन्छु कि त्यो बाँदर यिनीहरूको हजुरबुबा हो कि हजुरआमा ?' यसको प्रति उत्तरमा डार्विनको साथी **टि.एच. हक्सले**ले भने 'यदि मैले स्वयम् नै छान्नु पर्ने भयो भने म एउटा बाँदरलाई नै आफ्नो हजुरबुबाको रूपमा स्वीकार्दछु तर अक्सफोर्डको पादरीलाई होइन।' त्यसपछि सभामा ठूलो खैलाबैला मच्चियो र कार्यक्रम नै स्थगित गर्नु परेको थियो।

## डार्विनले अध्ययन गरेका भिन्न प्रकारका कछुवाहरू









## डार्विनको क्रम विकास सम्बन्धी सिद्धान्तहरू

पाँच वर्ष लगाएर बिगल जहाजबाट प्रकृतिविद्को रूपमा विश्व भ्रमणबाट प्राप्त विभिन्न जीवावशेषहरू र अवलोकन गरेका जीवहरूको आधारमा डार्विनले क्रम विकास सम्बन्धी प्रतिपादन गरेका सिद्धान्तहरू निम्न अनुसार छन् –

**क) अत्यधिक सन्तानोउत्पादन :** प्रत्येक सजीवमा प्रजनन क्रियाबाट सन्तान उत्पादन गर्ने क्षमता हुन्छ। तर जन्मेका सबै बाँचे भने अर्को पुस्तामा पुग्दा करिब दोब्बर हुन्छ। सजीवहरूको सङ्ख्या ज्यामितिय श्रेणीमा वृद्धि हुँदै जान्छ तर प्रकृतिमा यसो भइरहेको छैन। यसको कारण जन्मेका सबै जीवहरूले आवश्यक वातावरणसँग अनुकूल हुन नसक्नु, खाना प्राप्त नहुनु, सुरक्षा प्राप्त नहुनु, रोग विरुद्ध लड्न नसक्नु आदिले गर्दा हो। यसको अर्थ जीवहरू सानै अवस्थामा नै आवश्यक खाना, वासस्थान, सुरक्षा, रोग विरुद्ध लड्न सक्ने आदि सक्षमता भएका मात्र बाँच्न सक्ने र यी क्षमता नभएका जीवहरू सानोमा नै मर्ने गर्दछन। यसलाई उनले सक्षम नै बाँच्न सक्ने (Survival of the fittest) नाम दिए।

**ख) बाँचनको लागि सङ्घर्ष :** सजीवहरूले जन्माएका सबै सन्तानहरूले बाँच्नको लागि खाना, वासस्थान, सुरक्षा, प्रजनन, रोग विरुद्ध

लड्न सङ्घर्ष गर्नुपर्दछ । यो कार्य जन्मेदेखि पछिसम्म निरन्तर चलिरहन्छ । ***जुन जीवहरू सङ्घर्षमा सफल हुन्छ उनीहरू बाँच्छ र अर्को पुस्तामा जान सक्षम हुन्छ भने सङ्घर्ष गर्न नसक्ने जीवहरू मारिन्छ वा आफै मर्दछ । कालान्तरमा गएर लोप हुनजान्छ ।*** यसलाई डार्विनले 'बाँच्नको लागि सङ्घर्ष' भनेका छन् । यसबाट जीवहरूमा परिवर्तन हुँदै गएर नयाँ जीवहरूको उत्पत्ति हुन्छ ।


**ग) परिवृत्ति र वंशज :** सजीवहरूको सन्तानहरूमा पनि एक अर्कामा उस्तै भएता पनि केही न केही गुणमा फरक भएको पाइन्छ । जस्तै : एउटै आमाबुबाको सन्तानहरूबाट जन्मेका विभिन्न छोराछोरीहरूको अनुहार दुरुष्ट नभइकन केही न केही फरक हुन्छ । अझ जुम्ल्याहा र तिम्ल्याहामा पनि केही न केही गुणमा फरक फरक हुन्छ । यसलाई परिवृत्ति भनिन्छ । परिवृत्ति दुइटा कारणहरूले हुनजान्छ । एउटा वंशाणुगत गुणले हुन्छ भने अर्को वातावरणको कारणले हुनजान्छ । यसमध्ये जुन सजीवहरूले वातावरण अनुकूल परिवृत्ति गर्न सक्छ, ती सजीवहरू बाँच्न सक्षम हुन्छन् । तर वातावरण प्रतिकूल परिवृत्ति भएमा बाँच्न सक्षम हुँदैन । यसरी परिवृत्तिका कारण प्रत्येक सन्तानहरूमा नयाँ नयाँ गुणहरू देखापर्दै जाने र धेरै समयपछि नयाँ जीवको उत्पत्ति हुनजान्छ ।

**घ) प्राकृतिक छनौट:** सजीवहरू वातावरणसँग मिलेर बाँच्न सक्ने क्षमतालाई अनुकूलता भनिन्छ । सजीवहरूमा वातावरणअनुसार अनुकूल गुणहरू विकास भए बाँच्न सक्छन् तर प्रतिकूल गुणहरू विकास भएमा लोप हुन्छन् । कुन सजीव कति बाँच्ने कुरा प्रकृति आफैले छनौट गर्दछ । बाँच्नको लागि सङ्घर्षको क्रममा जुन अङ्ग वा गुण उपयोगी हुन्छ ती गुणहरू सन्ततिमा सदैं जान्छन् र प्रत्येक वंशमा अझ उपयोगी गुणहरू विकास हुँदै जान्छ । धेरै वर्ष पछि सन्ततिहरू बिल्कुलै नयाँ गुण भएको जीव देखा पर्दछ । यसरी बढी उन्नतशील जीवको छनौट र कम उन्नतशील जीवको विनाश हुन्छ । यसलाई डार्विनले **'प्राकृतिक छनौट'** नाम दिए । यस प्रकार प्रकृतिले नै सजीवहरूको सङ्ख्यामा छनौट गर्दछ ।

**ङ) नयाँ जातिको उत्पत्ति :** बाँच्नको लागि सङ्घर्ष गर्दै अनुकूलित भएका सजीवहरू बाँच्नका लागि सक्षम हुन्छन् । यस्ता अनुकूलित हुने गुण सन्ततिहरूमा सदैं जान्छ । यसरी वातावरणसँग अनुकूल सक्षम भएका जीवहरूको गुणहरू सन्ततिहरूमा सदैं जाँदा, धेरै वंशपछि पुर्खाहरूभन्दा फरक गुण भएका सन्तानको उत्पत्ति हुन्छ । यी सन्ततिहरू नै नयाँ जीवका रूपमा विकसित हुन्छन् । एउटै पुर्खाबाट दुई वा दुईभन्दा बढी नयाँ जीवको उत्पत्ति हुन जान्छ ।

डार्विनले जीवको उत्पत्तिका बारेमा प्रस्तुत गरेका अवधारणाहरू आज संसारभरि फैलिएको छ । उनको क्रमविकास सम्बन्धी सिद्धान्त २२० वर्ष अघिदेखि हालसम्म मान्यता प्राप्त छ ।

**पारिवारिक जीवन :** डार्विन सधैँ वैज्ञानिक खोज, अनुसन्धानका निम्ति तल्लीन हुने गर्दथे । यसै क्रममा उनलाई एकदिन विवाहको प्रस्ताव आयो । उनी विवाहको बारेमा वैज्ञानिक तरीकाले सोच्न थाले । उनको मनमा विवाह गर्ने कि नगर्ने भन्ने बारेमा अनेकौं तर्क वितर्क उठ्न थाल्यो । त्यसपछि उनले विवाह गर्नु अघि र विवाह पछि हुने फाइदा र बेफाइदा बारेमा सोच्न थाले । यसको बारेमा एउटा सूचि नै बनाए । यसमा उनले विवाह गर्दाको बेफाइदाहरूमा श्रीमतीलाई समय दिनुपर्दा समय खेरजाने, जीविकोपार्जनको लागि कमाउनुपर्ने बाध्यता हुने, बच्चाहरू धेरै भएर अध्ययनको लागि समय अभाव


ON

THE ORIGIN OF SPECIES

BY MEANS OF NATURAL SELECTION,

OR THE

PRESERVATION OF FAVOURED RACES IN THE STRUGGLE FOR LIFE.

BY CHARLES DARWIN, M.A.,

LONDON:
JOHN MURRAY, ALBEMARLE STREET.
1859.

'k|[tsf]5gf}6af6 k|hfltx¿sf]pTklQ"
k'tssf]cfj/0f

हुने आदि पाए भने विवाहको फाइदाको रूपमा घरपरिवार सुखी हुने, काममा सघाउ पुग्ने, समस्या हुँदा सल्लाह गर्न साथी हुने, घरको वातावरण रमाइलो हुने, बुढेसकालमा सहयोगी पाइने आदि पाए । उनले विवाह गर्ने निर्णय गर्नुको अर्को मुख्य कारण उनी त्यसबेला मुटुको समस्याबाट पीडित थिए र उनलाई डाक्टरले सबै काम छोडेर आराम लिन सुझाव दिएका थिए । अन्तमा उनी विवाह गर्ने निष्कर्षमा पुगे । उनले आफूभन्दा ९ महिनाले जेठी एम्मा वेजउड (Emma Wedgwood) सँग २९ जनवरी १९३९ मा विवाह गरेका थिए । उनीहरूको १० जना सन्तानहरू भए । तीमध्ये ३ जना बच्चा अवस्थामा नै मृत्यु भएको थियो ।

***डार्विनले लेखेका पुस्तकहरू :*** *डार्विनले आफ्नो जीवनकालमा धेरै पुस्तकहरू लेखेका थिए । यसमध्ये उनले ५० वर्षको उमेरमा सन् १८५९ मा प्रकाशित गरेको 'प्रकृतिको छनौटबाट प्रजातिहरूको उत्पत्ति' पुस्तक सबभन्दा प्रख्यात थियो ।*



8fljgsL >LdtL PDdf jh{p8


## डार्विनका केही पुस्तकहरू

- On the Origin of Species by Means of Natural Selection, or the Preservation of Favoured Races in the Struggle for Life
- The Portable Atheist: Essential Readings for the Non-believer
- The Voyage of the Beagle
- The Descent of Man
- The Autobiography of Charles Darwin
- The Variations of animals and plants.
- The Galapagos Islands
- The Expression of Emotions in men

## डार्विनले प्राप्त गरेका पुरस्कारहरू :

- FRS (1839)
- Royal Medal (1853)
- Wollaston Medal (1859)
- Copley Medal (1864)
- Doctor of Laws (Honorary), Cambridge (1877)

**निधन :** अत्यधिक कामको कारणले जीवनको उत्तरार्धकालमा डार्विन लामो समय विभिन्न रोगहरूबाट पीडित भएका थिए । उनलाई पेट दुख्ने,



j[4fj:yfdf 8fljg

वान्ता हुने, खाना नपच्ने, मुटुको समस्या आदिबाट ग्रसित थिए । डार्विनको निधन सन् १८८२ अप्रिल १९ मा भएको थियो । उनको निधन मुटु सम्बन्धी समस्याको कारण भएको थियो । उनको पार्थिव शवलाई सर आइज्याक न्युटनको समाधिस्थल नजिकै अप्रिल २६ का दिन Westminster Abbey, London मा समाधिस्थ गरिएको थियो । उनको मलामीमा परिवारका सदस्यहरू, बुद्धिजीवी, वैज्ञानिकहरू, साथीहरू, दार्शनिकहरूलगायत हजारौँ मानिसहरू सहभागी भएका थिए । जीवहरूको क्रम विकासको सिद्धान्तका प्रतिपादक र प्रकृतिविद् डार्विनको निधनु भए पनि उनले पत्ता लगाएका सिद्धान्तले गर्दा उनी अमर भएका छन् ।

**सन्दर्भ सामग्रीहरू :**


१) कक्षा ९ विज्ञान : पाठ्यक्रम विकास केन्द्र, नेपाल
२) प्रयोगात्मक विज्ञान र प्रसिद्ध वैज्ञानिकहरू : भेषराज मैनाली
३) The ICS's Geologic Time Scale 2012.
४) The Royal Botanic Gardens, Kew Report -2015
५) प्रसिद्ध वैज्ञानिकहरू : सपना बुक हाउस
६) जुनियर साइन्स डाइजेष्ट : २०२०


*(चित्र : लेखक)*

केटाकेटीको लागि

# बलभन्दा बुद्धि ठूलो

एउटा बनमा ठूलो बरको बोट थियो । बरको रुख धेरै बूढो भइसकेको थियो । रुखमा धेरै टोड्काहरू थिए । माथिको एउटा टोड्कोमा कौवा र कौवीको जोडी बस्थे भने सबैभन्दा तलको टोड्कोमा एउटा कालो डरलाग्दो सर्प बस्थ्यो ।

कालो सर्पले कौवाकौवीका चल्लाहरू मारेर खान्थ्यो । सर्पबाट आफ्ना चल्ला जोगाउन उनीहरूले त्यो रुख नै छाडेर अन्तै बस्न जाने सल्लाह पनि गर्न थाले ।

एक दिन एउटा स्याल बरको बोटमुनि आएको बेलामा कौवाकौवीले आफ्नो दुःख स्याललाई सुनाए । स्यालले उनीहरूलाई बलियो शत्रुलाई बलले होइन बुद्धिले सखाप पार्नुपछ भन्दै सर्पलाई मार्ने उपाय सिकाइदियो ।

स्यालले सिकाएअनुसार भोलिपल्ट बिहान कौवा उडेर राजाको दरबारमा गयो । ऊ सोझै रानीको कोठामा पस्यो । कोठाको भित्तामा रानीले लाउने हीराका मालाहरू झुण्ड्याएका थिए । कौवाले एउटा माला टिपेर बाहिर निस्क्यो ।

रानीको हीराको माला कौवाले चोरेर लगेको देखेर दरबारका सिपाहीहरू कौवाको पछिपछि लागे । कौवा बिस्तारै उड्दै आफू बस्ने बरको बोटमा पुग्यो । सिपाहीहरू आइपुगेको देखेपछि कौवाले त्यो हीराको माला लगेर सर्पको टोड्कोको मुखैमा खसालिदियो ।

हिराको माला देखेर सर्प बाहिर निस्क्यो । त्यही बेला सिपाहीहरूले दुष्ट सर्पलाई लौरोले हिर्काएर मारे । त्यस दिनदेखि कौवा र कौवीको जोडी धेरै सन्तान हुर्काउँदै धेरै वर्षसम्म त्यो बरको बोटमा आन्दसँग बसे ।

(इन्टरनेट)

वडाध्यक्षको डायरीबाट

# 'मुद्दा चल्दै गर्छ, मेरो घर निर्माण हुँदै गर्छ'

कुशल

दिउँसोको समय भएकोले वडामा सेवाग्राहीहरूको भीड त्यत्ति थिएन। त्यसैले म 'मजदुर' दैनिक अध्ययन गर्दै थिएँ। वडा कार्यालयको ढोका खुल्लै थियो। बाहिर पानी झमझम परिरहेको थियो। मौसम अलि अलि जाडो पनि थियो। त्यत्तिकैमा एक जना प्रौढ महिला वडा कार्यालयमा आउनुभयो। वहाँको अनुहार र हाउभाउले मध्यम वर्गीय शिक्षित महिला जस्ती देखिन्थ्यो। वहाँले वडा कार्यालयमा भित्र पस्ने वित्तिकै मलाई 'नमस्कार भाइ' भन्दै बस्ने अनुमति माग्नु भयो। मैले पनि भाउजुको साइनो लगाउँदै 'बस्नुस् भाउजु' भनेर आदरसाथ बस्न अनुरोध गरेँ। वहाँले आफ्नो एउटा समस्या लिएर आएको बताउँदै कुराको उठान गुर्नभयो, 'भाइ, म पनि यही वडाको वासिन्दा हुँ। मेरा नाम मीना (परिवर्तित नाम) हो। मेरो पुर्ख्यौली घर यही वडामा पर्दछ। तर हाल म परिवारसहित वानेश्वरमा बस्दै आएकी छु। मैले यस वडामा एउटा पुरानो घर किनेकी छु। २०७२ सालको भूकम्पमा पूर्ण क्षति भएकोले छिमेकी राममाया शिल्पकार (परिवर्तित नाम) सँग मिलेर एउटा घर किनेको थिएँ। त्यसबेला छिमेकी राम्रैजस्तो लाग्दथ्यो। हाम्रो दिदी बहिनीकै जस्तो सम्बन्ध थियो। त्यही भएर राममायालाई पैसा अलि पुगेन भनेकोले अलि अलि पैसा पनि ऋणको रूपमा दिएर मैले सहयोग पनि गरकी थिएँ। तर आज त्यसको प्रतिफल मलाई उल्टो दुःख दियो। पैसा आधी आधी राखेर एउटै घर आधा आधा भनी कागजसमेत गरेर पूर्ण क्षतिको घर पुनः निर्माण गर्ने सल्लाह गरेर हामीले किनेका थियौँ। हामी काठमाडौँमा बस्ने भएकोले महिनौँसम्म किनेको घर हेर्न आउन सकेनौँ। उसले आफ्नो भागमा नक्सा पास गरी घर पनि बनाउन थालेको रहेछ। हामीलाई म्याद दिएको, सर्जमिन गरेको र नक्सा पास गरेको केही थाहा नै भएन भाइ। उसले अहिले दुई तला सकाएर तेस्रो तला ढलान गर्न लागिसक्यो। हामीलाई त खोज खबर नै भएन त। छिमेकीले घर बनाउँदा हामीलाई म्याद दिनुपर्ने होइन र ? घर नबनाउँदासम्म धेरै फोन गर्दथ्यो। अहिलेत फोन त के अघि घर हेर्न गएको बेला नदेखेको जस्तो पो गऱ्यो। नक्सा हेर्नुपऱ्यो भनेको त वडा कार्यालयमा जानुस् भन्नुभयो। त्यही भएर म छिमेकीको नक्सा हर्न तपाईँकोमा आएको भाइ।'

मैले जवाफ फर्काउँदै भनेँ, 'भाउजु, वडामा आएको त राम्रै हो। तर छिमेकीले नक्सा पास गरिसकेको भए वहाँको नक्सा नगरपालिकाको नक्सा शाखामा रहन्छ। वडामा नक्साको अभिलेख राख्ने चलन छैन। त्यसैले नक्सा हेर्न तपाइँ भनपाको नक्सा शााखामा जानुहोला। छिमेकीले नक्सा राख्दा पक्कै म्याद तपाईंलाई दिनुभएको होला। सर्जमिन पनि पक्कै गरैको हुनुपर्छ। म्याद नदिइकन र सर्जमिन नगरी नक्सा पास नै हुँदैन। तपाइँ नक्सा शाखामा गएर अभिलेख हेर्नुहोला। त्यस फाइलको अध्ययनले मात्र सबै कुरा थाहा हुन्छ। साथै प्रतिलिपि एक प्रति पनि लिएर आउनुहोला। तर तपाईँलाई भएको समस्या चाहि के हो ? खुलस्त भन्नुस् न ?'

भाउजुले फेरि भन्नुभयो, 'छिमेकीले आधी आधी भनी किनेको जग्गा ६ इन्च मिचेर मेरोतर्फ बढी निर्माण गऱ्यो। त्यसैले नक्सा हेर्नु पऱ्यो भनेकी हुँ। म त्यसो भए नक्सा शाखामा गएर नक्सा हेर्छु र भाइसँग सल्लाह गर्न आउँछु है त।' मैले 'हुन्छ' भनी विदा गरेँ।

मीना भाउजु गएको एक छिनपछि अर्की एक आईमाई वडामा प्रवेश गरिन्। अलि असभ्य पाराले कुनै औपचारिकताबिनानै उनी सोफामा बसिन् र कराउन थालिन्, 'होइन वडाध्यक्ष, के नगरपालिकाले पास गरेको नक्साअनुसार घर निर्माण गर्दा पनि मैले सुख नपाउने ? हामीले कसैको जग्गा मिचेका छैनौँ। अनि मलाई उजुरी हाल्ने भनेर यहाँ आएकी छिन्। कसरी उजुरी हाल्दो रहेछ म पनि हेर्छु नि। म्याद लिन आउनु, सर्जमिनमा आउनु अनि संशोधन नक्साको म्याद पनि लिन आउनुस् भन्दा तिमी हेरर गर्नु नि, आफ्नै बहिनी त हो नि भन्ने। अनि अहिले शत्रुको व्यवहार गर्ने ?' मैले त्यस आईमाईलाई सोधेँ, 'तपाइँ के विषयमा बोल्दै हुनुहुन्छ ? खुलस्त भन्नुस्। बीचबाट बोलेर म कहाँ बुझ्छु तपाइँको समस्या।' मेरो प्रश्नको जवाफमा वहाँले भन्नुभयो, 'मेरो नाम राममाया शिल्पकार हो। भर्खर यहाँ आउने महिला मेरो छिमेकी हुन्। उसले र मैले आधा आधा गर्ने भनी घर किनेको र सँगै बनाउँ भन्दा नमान्ने तर अहिले आएर म्याद दिएन, ६ इन्च मिच्यो भनेर झगडा गर्न आउने अनि वडा कार्यालमा उजुरी हाल्छु भनेर आएको छ रे। मैले त केही पढेको पनि छैन। मलाई केही थाहा पनि छैन। तैपनि उनी पढेलेखेकी र अलि जानेको भनेर फूर्ति गर्छिन् भने म मात्र कहाँ बाँकी राख्छु र ? काठमाडौँमा बस्ने भन्दैमा यहाँको स्थानीय वासिन्दालाई हेप्न पाइँदैन।' वहाँको प्रस्तुतिले मलाई झनक्क रिस उठ्यो र अलि रिसाएको स्वरमा भनेँ, 'यसरी जथाभावी कार्यालयमा कराउन पाइँदैन

नि ।' मेरो वाक्य पूरा हुन नपाउँदै वहाँले जवाफ फर्काउनु भयो, 'किन कराउन नपाउने ? नक्सा पास गरेको घर निर्माणलाई रोक्न कहाँ पाइन्छ ? म त जसरी भएपनि बनाएरै छाड्छु । तिमीले सकेको गर्नु ।' आईमाईको असभ्यता देखेर मलाई केही बोल्न मन लागेन । म चुपचाप वहाँको कुरा सुनिरहेँ । धेरै बेर कराएपछि वहाँ थाकेर हो वा मलाई सबै भनिसकेँ भनेर हो, वहाँ फटाफट वडा कार्यालयबाट जानुभयो ।

यो घटना भएको करिव दुई हप्तापछि मीना भाउजु वडा कार्यालयमा फेरि आउनुभयो । यसपालि श्रीमान पनि साथमा ल्याएकी थिइन् । मैले मीना भाउजु र वहाँको श्रीमानलाई नमस्कार गर्दै सोफामा बस्न अनुरोध गरेँ । सामान्य औपचारिकता पछि वडा कार्यालय आउनुको मुख्य प्रयोजन भाउजुलाई सोधेँ । वहाँले मेरो अनुमति पाएपछि भन्नुभयो, 'अस्ति यहाँबाट गएपछि म नक्सा शाखामा गएँ र पास भएको नक्साको प्रतिलिपि मागको निवेदन दर्ता गराएँ । त्यसको पर्सिपल्ट मलाई नक्साको प्रतिलिपि लिन आउन नक्सा शाखाबाट फोन आयो र म प्रतिलिपि लिन गएँ । नक्सा हेर्दा त हामीले घर किन्दा नापेको मोहडाको आधा हुनुपर्नेमा ६ इन्च बढेको स्पष्टनै छ । त्यसैले हामीले लिखित उजुरी लिएर नपामा गएर उजुरी दर्ता गराएँ । प्रमुखज्यूले न्याय समितिमा तोक लगाई दिनुभएकोले न्याय समितिमा सम्पर्क गर्दा पुनः एकपटक वडामा सर्म्पक गर्नुस् भनी फाइल यता पठाई दिनुभएको हुँदा तपाईँसँगै सल्लाह गरौं भनेर आएका हौँ ।' मैले प्रश्न गरेँ, 'फाइल खोई त ?' मीना भाउजुले 'तल कर्मचारीले ल्याउनु भएको छ' भन्नुभयो । मैले फाइल मगाई आवश्यक कारबाही गर्न तोक लगाई दिएँ र भनेँ, 'फाइल यता आइपुगेकोले म एकचोटि विस्तृतरूपमा हेर्छु ।' मेरो कुरा सुनेपछि मीना भाउजुको श्रीमानले भन्नुभयो, 'हुन्छ, तपाईं अध्ययन गर्नुस् र एकचोटि प्राविधिक पठाएर तपाईंकै उपस्थितिमा एकचोटि नाप्न पाए राम्रो हुन्छ ।' मैले जवाफ फर्काएँ, 'पहिले म फाइल अध्ययन गर्छु । नपाको के निर्देशन छ अनि मात्र तपाईँलाई जवाफ दिन सक्छु । आजलाई तपाईँहरू तारेख लिएर जानुस् ।'

दिउँसो टन्टलपुर घाम लागिरहेको थियो । दिउँसोका करिव १२ बजिसकेको थियो । म प्राविधिक र वडा निरीक्षक दुवै जना लिएर नपाको निर्देशन पालना गर्दै मीना भाउजु र राममाया भाउजुको निर्माणाधिन घर हेर्न गएँ । प्राविधिक बहिनीलाई निरीक्षकको सहयोग लिएर नाप्नलाई अनुरोध गरेँ । प्राविधिक बहिनीले नक्सा हेर्दै नाप्दै गइन् । तर पछाडिको भागमा राममाया शिल्पकारले नाप्नै दिएनन् र वहाँले सिमाना नमिलेकोले नाप्न दिन मानेनन् । छरछिमेकीहरू पनि नाप जाँच गरेको तमासा हेर्न आए भने कोहीले गहकिलो सुझाव पनि दिनुभयो । विवादित ठाउँमा मध्यमार्गी बाटो भएर नाप्न दुवै पक्षलाई अनुरोध गरेँ तर राममाया कुनै हालतमा पनि नाप्न दिन तयार भएनन् । सम्भवतः नाप्न दिएपछि आफूले छिमेकीको अतिक्रमित भूमि पत्ता लगाउला कि भनी डर भएको हुनुपर्दछ । त्यसपछि हामी नाप नलिइकननै फर्कियौँ ।

घटस्थापनाको भोलिपल्टको दिन थियो । म खाना खाएर वडा कार्यालय जान लुगा लगाई आजको कार्यतालिका हेर्दै कहाँ कहाँ कति बजे बैठक रहेछ भनी डायरी पल्टाएर हेर्दै थिएँ । मेरी श्रीमतीले दुई जना मानिस मलाई भेट्न आएको जानकारी दिईन् । मैले तल बवैठक कोठामा बसाउनको लागि भनेँ । एक छिनपछि बैठक कोठामा गएँ । दुई जना अपरिचित व्यक्ति सोफामा बसिरहेका थिए । म जाने वित्तिकै 'नमस्कार वडाध्यक्षज्यू' भन्दै एउटा कुरा गर्न आएको भन्नुभयो । मैले 'तपाईंहरूको को र कहाँबाट आएको अनि के समस्या लिएर आउनुभयो' भनेर प्रश्न गरिहालेँ । दुई जनामध्ये एक जना भाइले आफनो परिचय दिँदै भन्नुभयो, 'म राममाया शिल्पकारको कान्छो छोरा हरि सिल्पकार (परिवर्तित नाम) हुँ । वहाँचाहि मेरो सहपाठी हो । सरले हाम्रो घरको निर्माण कुनै पनि हालतमा रोक्न पाउँदैन र यदि सरले रोक्नुभयो भने पसिन हामी जसरी भएनि बनाएर छाडछौं । राती भएपनि, शनिबार भएनि हामी घर बनाएरनै छोड्छौं । यही कुरा सरलाई जानकारी गराउन आएका हौँ । नक्सा हेर्नुस् हामीले बकाइदा नक्सा पास गरिदिएको नापअनुसार नै बनाएका छौँ । छिमेकीले उजुरी हाल्यो भन्दैमा हाम्रो घरको निर्माण कहाँ रोक्न पाइन्छ । वडा कार्यालय र नगरपालिकाले कसरी रोक्दो रहेछ ।' भाइको कुरा सुनेपछि मलाई रीस त धेरैनै उठ्यो । तर आफू वडाध्यक्ष भएकोले संयमित भएर बोल्नु पर्छ भनी अग्रजहरूले भनेको याद आइहाल्यो । मैले शिष्टतापूर्वक भनेँ, 'नक्साअनुसार बनाएको भए अस्ति किन नाप्न नदिएको हो ? के जग्गा र घर बराबर होइन र ? आधी आधी किनेको भन्नुहुन्छ तपाईंहरू, अनि कसरी तपाईंको घरको नापमा ६ इन्च बढी आउँछ ? त्यही भएर वडामा एकचोटि बैठक बसेर छलफल गरेपछि मात्र थप निर्माण गर्नुहोला ।' भाइले मेरो कुरा सकिन नपाउँदै जवाफ फर्काउनुभयो, 'होइन हामी त जसरी भएपनि बनाएरै छोड्छु । म आफू पनि इन्जिनियर हुँ । नगरपालिका र वडा कार्यालयले के गर्न सक्छ ? हामीलाई वडा कार्यालय र नगरपालिका आवश्यक छैन ।' मलाई भाइको कुरा सुनेर रीस थाम्न गाह्रो भयो यद्यपि, रीसलाई नियन्त्रण गर्दै मैले भनेँ, 'तपाईं नक्सा नपाबाट पास गरेर बनाएको भन्नुहुन्छ अनि नगरपालिका र वडा कार्यालय चाहिँदैन पनि भन्नुहुन्छ । भाइको कुरामा विरोधाभास भएन र ?' त्यसपछि मात्र त्यो भाइ नाजवाफ भयो । अन्तमा जाने

बेलामा वहाँले भन्नुभयो, 'हामी जसरी भएपनि हाम्रो नक्सा पास भएअनुसार बनाएरै छोड्छौँ। तपाईंले केही गर्न सक्नु हुन्न सर। उजुरीको निर्णय हुन समय लाग्छ। त्यो समयसम्म हामी कुर्न सक्दैनौँ। हामी भूकम्प पीडित हौँ। त्यही भएर सरले हामीलाई सहयोग गर्नु होला कि भनेर तपाईंको घरमा आएका हौँ। तर तपाईंले विपक्षीलाई नै साथ दिएको देखिन्छ।' मैले थप केही भन्न खोज्दै थिएँ तर त्यो भाइ मेरो कुरा सुन्न तयार देखिएनन् र रिसाएर जानुभयो। मलाई एकदम नरमाइलो अनुभव भयो। घरसम्म आएर धम्कीपूर्ण भाषामा वडाध्यक्षलाई सम्झाउन आउनेपनि रहेछ !

शुक्रबारको दिन, जनप्रतिनिधिको नियमित बैठक थियो। मैले राम माया र मीना वैद्यबीचको विवादवारे केही ब्रिफिङ गरेँ। साथै फिल्डमा नाप जाँच गर्न जाँदा नाप्न नदिएको र घरमा आएर छोराले धम्कीपूर्ण भाषा बोलेर गएको कुरा सुनाएँ। जनप्रतिनिधि साथीहरूले पनि आ-आफ्नो कुरा राख्न थाले। वडाको प्राविधिकलाई पनि बोल्ने अनुमति दिएँ। प्राविधिकले भन्नुभयो, 'फिल्डमा नाप्न नसकिएको अवस्थामा नाप्न नसक्नुको कारण खुलाएर नगरपालिकामा रिर्पोट पठाउनु उपयुक्त हुन्छ। साथै कुन पक्षले अवरोध सिर्जना गरेको हो, सो कुरा खुलाएमा झन नगरपालिकालाई निर्णय गर्न सजिलो हुनेछ।' प्राविधिकको सल्लाहअनुसार राम माया र मीना वैद्यको फाइल प्राविधिक रिर्पोटसहित नगरपालिका पठाउने निर्णय गरियो र अन्य विविध विषयमा छलफल गरी बैठक समापन गर्‍यौं।

दशैंको विदामा वडाको कार्यव्यस्तता नभएकोले परिवारसँग भोज खाएर दिनभर अध्ययन गर्ने सोचमा थिएँ। तर एकाविहान एक अपरिचित व्यक्तिले धेरै कल गरेको रहेछ। पूजामा व्यस्त भएकोले मैले फोन रिसिभ गर्न पाइएन। फोन आएको पनि आधा घण्टा भइसकेको रहेछ। वडा प्राविधिक र निरीक्षकको पनि धेरै कल आएको रहेछ। मैले सबभन्दा पहिले वडा निरीक्षकलाई कल ब्याक गरेँ। निरीक्षकले फोनमा भन्नुभयो, 'सर राम मायाले आज घर ढलान गर्दै छ भन्ने रिर्पोट आएको छ। मैले मेयरज्यूलाई रिर्पोट गरिसकेँ। वहाँले ढलान रोक्न जानु भने निर्देशन दिनुभएको छ। हामी निरीक्षकहरू नगरपालिकामा जम्मा भइसकेका छौँ। तपाईंको फुर्सद भए एकचोटि फिल्डमा आउनु होला।' मैले 'हुन्छ' भनी फोन राखिदिएँ। प्राविधिकलाई कल गर्दा पनि त्यही कुरा जानकारी दिनुभयो। त्यसपछि अर्को अपरिचित कलमा पनि कल ब्याक गरेँ। त्यस व्यक्तिले पनि राममाया शिल्पकारले ढलान गर्न लागेको जानकारी दिनुभयो। मैले मीना भाउजुलाई फोनमार्फत जानकारी गराएँ। वहाँ मेरो कुरा सुन्ने वित्तिकै अलि आत्तिनुभयो। वहाँले भन्नुभयो, 'दशैँको भोजको बेलामा ढलान गर्नु भनेको त नगरपालिका र वडा कार्यालय विदा पारेर छलछाम गरेर काम गरेको भयो। त्यस्तो पनि हुन्छ भाइ। तपाईंले जसरी पनि ढलान रोक्नुपर्‍यो। तर हामी काठमाडौँमा भएकोले आउन सक्दैनौँ। आज सार्वजनिक गाडी पनि कम चल्ने भएकोले भीड हुन्छ र हामीसँग निजी गाडी नभएकोले भाइले जसरी भएनि रोकिदिनुपर्‍यो।' मैले सकेको प्रयास गर्छु भनी फोन राखिदिएँ।

म अरू जनप्रतिधिहरूसहित टोलमा पुगेँ। घरमा श्रीमती भोज खाएर जान अनुरोध गर्दै थिइन्। तर टोलमा समस्या आएकोले आफू जानैपर्ने परिस्थिति आएको जानकारी श्रीमतीलाई गराउँदै फिल्डमा गएँ। वडा निरीक्षकहरू आधा दर्जन जम्मा भइसकेका थिए। मैले राममाया र छोराचाहिँलाई ढलान रोक्न अनुरोध गरेँ। वहाँहरू मान्ने पक्षमा देखिएनन्। मैले माथि गएर काम बन्द गराउन निरीक्षकहरूलाई निर्देशन दिएँ। त्यसपछि निरीक्षकहरू माथि गएर कामदारहरूलाई काम बन्द गर्न कराउन थाले। एक जना निरीक्षकले ढलान गर्न राखेको काठहरू निकाल्न थाले। एक जनाले फलामको पोल निकाल्न थाले। त्यसपछि त्यहाँ घम्साघम्सी हुन थाल्यो। एक जना वडा निरीक्षक घाइते भयो भने एक जना निरीक्षकको लुगा च्यातियो। वडावासीहरूको पनि ठूलै जमघट भयो। वडावासीहरूले पनि वडाध्यक्षज्यूको मान राखी कमसेकम आजलाई ढलान रोक्न राममायालाई अनुरोध गरे। वहाँको र छोराको भाषा कडा खालको थियो। वहाँले भन्नुभयो, 'आज जसरी भएपनि ढलान गरिछ। त्यही भएर त विदाको दिन पारेर दशैँमा ढलान गरेको हो। यो नगरपालिका र वडाको मान्छेलाई कसले फोन गरी बोलायो। वडाध्यक्ष आयो भन्दैमा हामी किन डराउने ? काम कुनै पनि हालतमा रोकिँदैन। झगडानै गर्नु पर्‍यो भनेपनि हामीले आज धेरै ज्यामी बोलाएका छौँ। वडा र नगरपालिकालाई आज हामी च्यालेज दिन्छौँ। मुद्दा चल्दै गर्छ मेरो घर निर्माण हुँदै गर्छ। मुद्दाको फैसला हुँदासम्म यो घर बनाई सक्छौँ वडाध्यक्षज्यू।' राममायाको कुरा सुनेर मलाई निकै रिस उठ्यो। मैले कामदारहरूलाई काम रोक्न अनुरोध गरेँ। कामदारहरूले मलाई तपाईं को ? तपाईंले काम नगरिकन ज्याला दिने हो ? काम किन रोक्ने ? हामी कामदारलाई त झगडा भएनि काम गर्नु भन्ने आदेश छ। आज डबल ज्याला दिने भनेको छ। तपाईंले भनेर काम किन रोक्ने ?' मैले आफ्नो परिचय दिँदै आफू यस वडाको वडाध्यक्ष भएको जानकारी गराएँ। त्यसपछि त झन रिसाएर कामदारहरू भन्न थाले, 'हामी यस वडाका होइनौँ, तपाईंले भनेर काम रोक्नलाई। त्यसमाथि तपाईंले ज्याला दिने होइन। अनि हामी कामदारले किन काम रोक्ने ? आज जसरी भएनि ढलान गर्ने आदेश

दिएको छ । ढलान सकिएपछि डबल ज्याला र मज्जाले भोज खुवाउने भनेको छ । तपाइँ वडाध्यक्ष भए यो घरको मालिकलाई भन्नुस् । वहाँले काम रोक भन्यो भने चाहिँ काम रोक्छौँ ।' कामदारको जवाफले मेरो रिस झनै बढ्यो । आज तयारीसाथ नै ढलान गर्न खोजेको देखियो । झगडानै भएपनि ढलान गर्ने योजना देखियो । यत्तिकैमा छोराचाहिँ आएर हामी ढलान रोकेर नगरपालिकासँग वार्ता गर्न तयार रहेको जानकारी दिए । त्यसपछि छोरोचाहिँले ठूलो ठूलो स्वरले कामदारलाई काम बन्द गर्न निर्देशन दियो । मिक्सर पनि बन्द भयो । त्यसपछि हामी सबै नगरपालिका गएर छलफल गर्न थाल्यौँ । त्यसदिन नगरपालिकाले वडा दशैँको शुभकामना कार्यक्रम राखेकोले म कार्यक्रममा एकछिन भए पनि बस्न वार्ता छोडेर माथि हलमा आएँ । हलमा आउनेक्रममा निरीक्षकहरूलाई भनेँ, 'यो भाइ इन्जिनियर हो । जसरी भएपनि घर बनाउने धम्की दिएको छ । यहाँ वार्ताको नाटक रचेर फिल्डमा काम शुरु गर्न सक्छ । यो भाइ विश्वास गर्न लायकको छैन । त्यसैले वार्ता गर्दै गर्नुस्, दुई तीन जना निरीक्षकहरू फिल्डमा जानुहोला ।'


केही समय शुभकामना आदानप्रदान कार्यक्रममा बसेर म फेरि वार्ता सके सकेनन् भनी वार्तास्थल स्यानिटेसन शाखामा आएँ । सबै निरीक्षक अँध्यारो मुख लगाएर बसिरहेको थियो । अनुहारले नै मैले अनुमान लगाइसके तापनि के भयो भने प्रश्न गरेँ । एक वडा निरीक्षले जवाफ दिनुभयो, 'सरले भन्नुभएजस्तै नै भयो । यहाँ वार्ताको नाटक गरेर वडामा ढलान सकायो सर । हामी हेर्न जानै सकेनौँ । यहाँ नगरपालिकाको सबै कुरा मान्छु भन्दै थिए । हामीले पनि विश्वास गरेँ । दशैँपछि ढलान गर्छु भन्दै थिए । तर परिवारबाट ढलान सकिएको कल आएपछि त छलफलमा नै नबसी के गर्न सक्नुहुन्छ गर्न आउनु भन्दै आमा छोरा उठेर गए । सरले दिनुभएको निर्देशनलाई ख्याल राख्न नसक्दा आज राममायाले ढलान गरेरै छोड्यो ।' त्यसपछि म तुरुन्त फिल्डमा गएँ । कामदारहरूसँग मस्त हाँसेर आमा छोरा कुरा गरिरहेको देखेँ । उनीहरूले मलाई नदेखेको जस्तै गरे ।

दशैँ सकिए लगत्तै मैले जनप्रतिनिधिहरूको बैठक बोलाएँ । जनप्रतिनिधि साथीहरू सबैलाई घटनाको जानकारी त थियो नै । बैठकले राममायाको जुनसुकै फाइल आएपनि छलफल गरेर मात्र अगाडि बढाउने र वार्ताको नाटर गरेर जबरजस्ती ढलान गरेको रिपोर्ट नगरपालिकामा पठाउने निर्णय भयो ।

# बासिबियाँलो



lrqsf]dfly lb0Psfh:t}j:tx¿ sxfF5xfF5g\k



Pp6}h:tf]b]lvP klg b'O{lrqdf s]xL km/s 5g\,kQf nufpg'xf];\

(चित्र : इन्टरनेट)

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालबाट लाभ उठाउनु होस् ।

# श्रीखण्डझ्यालको अभिलेख



पुरुषोत्तमलोचन श्रेष्ठ

भक्तपुर राजदरबारको मूलचोकको उत्तरखण्डको पहिलो तलामा एउटा ठूलो सातमुखे गःझ्याः छ । निकै भव्य र कलात्मक देखिने यस झ्यालको दायाँपट्टि कुनाको झ्यालको चौकोसको तल र माथिको लहरमा एक पङ्क्तिमा यो अभिलेख कुँदिएको छ ।[१] यहाँ नेपालसंवत् ८३२ छ ।

*१ स्वस्ति ॥ श्रीश्रीश्रीस्वेष्टदेवता तलेजु प्रीतिकामनान, श्रीश्रीजयभूपतीन्द्रमल्ल महाराजाधिराजसन, कौलिका इन्द्रवतीसंगम दुर्गातीर्थस स्नानयात्रा याङाव श्रीश्रीश्रीकुशेश्वरमहादेवस्के सम्वत् ८३२ माघमासे कृष्णपक्ष त्रयोदशी परचतुर्दश्यांतिथौ ज्येतेष्ठनक्षत्रे शिवपर सिद्धियोग, यथाकरण मुहुर्तके शनैश्चरवारसरे कुम्भराशिगत सवितरि सएव राशिगते, चन्द्रमसि ॥ थवकुन्हु शिवरात्रि न्हा गरवा याङाव विज्याङावेलस कायाव हया, खयलासिन दयकाव झ्यालक्व त्वाक दुंता ॥ मिति सम्वत् ८३२भाद्रपद कृष्ण अमावस्या शुक्रवार ॥ शुभमस्तु*

(कल्याण होस् । श्रीश्रीश्रीस्वेष्टदेवता तलेजु प्रीति गरी श्रीश्रीजय भूपतीन्द्र मल्ल महाराजाधिराजले कौलिका इन्द्रवती संगम दुर्गातीर्थमा स्नानयात्रा गरी श्रीश्रीश्री कुशेश्वरमहादेवलाई संवत् ८३२ (वि.सं.१७६९) माघकृष्ण त्रयोदशी परचतुर्दशी ज्येष्ठानक्षत्र शिवपर सिद्धियोग यथाकरण मुहुर्त शनिबार सूर्य कुम्भराशिमा, चन्द्रमा पनि कुम्भराशिमै परेको बेलामा, शिवरात्रि अघि गरवा (धार्मिक कर्म ?) गर्न जानुभएको बेलामा लिएर आउनुभएको खयर जातको काठबाट झ्याःकोटा र ट्वाकल बनाई चढाउनु भयो । मिति संवत् ८३२ (वि.सं.१७६९) भाद्रकृष्ण अमावस्या शुक्रबार ॥ शुभ होस् ।)

## व्याख्या

मूलचोकको शोभा बढाइरहेको सातमुखे गःझ्या तलबाट माथि तेर्सो परेर गएको छ । यस प्रकारको विशेषता भएको झ्यालबाट तल चोकमा भइरहेका गतिविधिहरू आरामपूर्वक अवलोकन गर्न सकिने तथा यस्तो झ्यालबाट तल हेर्दा शरीरको माथिल्लो भाग पनि तेर्सो परेर तलतिर झुक्ने, त्यतातिरका भाग पनि देखिने हुँदा यसै विशेषताका आधारमा यस्ता झ्यालहरू यहाँको नेवाः जनजीवनमा **'कोसोझ्याः'** नामले पनि प्रसिद्ध रहिआएको थाहा पाइन्छ ।

यस गःझ्याःको पनि माझको खण्डमा श्रीखण्डको काठले बनाइएको सुन्दर र कलात्मक देखिने एउटा सानो झ्याल छ । यही झ्याल भएको कारणले यस लहरका सातै झ्यालहरू समग्रमा **'श्रीखण्डझ्याः'** नामले प्रसिद्ध छ । जनकथन अनुसार सो श्रीखण्डझ्याः भूपतीन्द्र मल्ल स्वयंले नै बनाएका थिए । विशेष रूपले हालिएको त्यस श्रीखण्डझ्याःको चौकोसमा भूपतीन्द्र मल्लको ने.सं. ८२० को अभिलेख पनि कुँदिएको छ ।[२] सो अभिलेखको विवरणबाट पनि उक्त कुराको पुष्टि मिल्छ ।

मल्लकालमा राजनैतिक, प्रशासनिक, धार्मिक एवं सांस्कृतिक आदि अनेक दृष्टिले मूलचोकको विशेष महत्त्व रहेको हुन्थ्यो । यसैकारण नेपालमण्डलका तीनओटै मल्ल राजदरबारहरूमा मूलचोक बनेका छन् । राज्याभिषेक समारोह तथा चौताराहरूको नियुक्तिसम्बन्धी कामकाज, विधिविधान आदि यसै चोकमा हुन्थ्यो । मल्ल शासकहरूले स्वेष्टदेवता, इष्टदेवताका रूपमा मान्दै आएका तलेजु र मानेश्वरीदेवी प्रतिष्ठापित आगम पनि यसै चोकमा (दक्षिण लङको मन्दिर) रहेकोले विशेष धार्मिक चाडपर्व आदि अहिलेसम्म पनि यसै चोकमा मनाउने परम्परा रहिआएको छ । यसरी मूलचोकको महत्त्व विशिष्ट रहने परिप्रेक्षमा यस चोकमा हुने अनेक क्रियाकलापहरू राजपरिवार तथा तिनका आफन्त आदि विशिष्ट व्यक्तिहरूले आरामपूर्वक हेर्नका निमित्त ठूलो आकारको गःझ्याः भूपतीन्द्र मल्लले बनाउन लगाएको[३] बुझिन्छ ।

भूपतीन्द्र मल्लले कौलिका इन्द्रवतीसंगमको दुर्गा तीर्थमा स्नानयात्रा गरी कुशेश्वर महादेवको गरवा 'गरवा' गरे । त्यतातिरको धार्मिक यात्रा गरी फर्कँदा उनले साथमा खयर जातको काठ पनि लिएर आए । सो काठबाट उनले 'त्वाक' बनाई यसै झ्यालमा हाली चढाएका थिए । यो कुरा यस अभिलेखबाट बुझिन्छ । खयर र सतिसार जातका काठ तथा तिनबाट बनेका कृतिहरू धार्मिक दृष्टिले पवित्र मानिने कुरा पनि यसै प्रसङ्गमा जान्न सकिन्छ ।

यस अभिलेखमा परेका कौलिका इन्द्रवतीसंगमको दुर्गातीर्थ र कुशेश्वर महादेव भक्तपुरबाट पूर्वमा रहेको सिन्धुपाल्चोक जिल्लामा पर्छ । यस जिल्लाको सूर्यकुण्ड, भैरवकुण्ड, सरस्वतीकुण्ड, दूधकुण्ड र नागकुण्डसमेतको पाँचपोखरी महत्त्वपूर्ण धार्मिक तीर्थस्थलको रूपमा रहिआएको छ । कौलिका इन्द्रावती नदीको उद्गमस्थल पनि उक्त पाँचपोखरी

रहेको छ ।

हाम्रो यहाँ चौँसठ्ठी शिवलिङ्गको तीर्थयात्रा गर्ने परम्परा पूर्वकालदेखि रहिआएको छ । यसरी तीर्थयात्रा गर्न जाने क्रममा पहिलो शिवलिङ्गको रूपमा कुशेश्वर शिवलिङ्गको दर्शनपुजन गर्ने चलन रहेको छ । साथै त्यसरी तीर्थयात्रा गर्न जाने क्रममा विभिन्न खोला, नदीकुण्ड, आदिमा पहिले स्नान गरी त्यसपछि मात्र शिवलिङ्गको दर्शनपुजन गर्ने चलन रहेको कुरा पनि उक्त प्रसङ्गमा थाहा पाइन्छ । उनले पहिले दुर्गातीर्थमा स्नान गरी त्यसपछिमात्र कुशेश्वर शिवलिङ्गको दर्शनपुजन गरेका थिए ।

'गरवा' के हो, बुझ्न सकिएन । तापनि 'कुशेश्वरमहादेवस्के ...गरवा याङाव' भनिएकोले शिवलिङ्गको विशेष पूजा अनुष्ठानलाई बुझाउने धार्मिक कर्मसम्बन्धी शब्द यो हो भन्ने कुरा जानिन्छ ।

**पाद टिपोट**

१) तलेजुका पुजारी श्री सुरेन्द्रवीर कर्माचार्यज्यूले यो अभिलेख देखाइदिनुभएको हो ।

२) यो अभिलेख भोलानाथ पौडेलद्वारा **पूर्णिमा** १० पूर्णाङ्कको 'भूपतीन्द्र मल्लका कृतिहरू' शीर्षकको लेखको पृष्ठ २६ मा पनि छापिएको छ । उनले पढेको पाठमा यस अभिलेखका केही अक्षर छुटेका छन् । यसैले यहाँ मूलबाटै पढी सो अभिलेखको पूरै भाग दिइएको छ :

*श्रीश्रीश्रीतलेजुमाजुसके श्रीश्रीजयभूपतीन्द्र मल्लदेव प्रभु थाकुल कतारि बिज्याङाव थुव सतिसार सिं दयकाव थ्व सिन झ्यार दयकाव दुता जुरो ॥ सम्वत् ८२० फाल्गुणकृष्ण द्वितिया पर तृतीया हस्तनक्षत्र पर चित्रानक्षत्र वृद्धियोग आदित्यवार ॥ श्रीश्रीश्रीस्वेष्टदेवता प्रीणास्तु शुभमस्तु सर्वदा ॥*

(श्रीश्रीश्रीतलेजुमाईलाई श्रीश्रीजय भूपतीन्द्र मल्लदेव प्रभु ठाकुरले कतारि सवारी हुनुभई यो सतिसारको काठबाट यो झ्याल बनाई चढाउनु भयो । संवत् ८२० (वि.सं.१७५७) फाल्गुणकृष्ण द्वितिया उप्रान्त तृतीया हस्तनक्षत्र उप्रान्त चित्रानक्षत्र वृद्धियोग आइतवार ॥ श्रीश्रीश्रीस्वेष्टदेवता खुशी होउन् । सदा शुभ होस् ।)

३) आफ्ना कृतिहरूलाई सकेसम्म आकार प्रकारले समेत विशाल/भव्य रूप दिई बनाउने भावनाले भूपतीन्द्र मल्ललाई विशेष प्रभाव पारेको बुझिन्छ । प्रतिस्पर्धाको त्यो युगमा, अरूले उछिन्नै नसक्ने गरी बनेका उनका अनेक उत्कृष्ट कृतिहरूमा, ङातापोल्हँ (पाँचतले मन्दिर) मूलचोकमा देखापर्ने ठूलो घण्टा, ठूलो आरति, आगमन्दिरको दायाँ बायाँका ने.सं.८२६ का ठूल्ठूला स्वर्णपत्रहरू, स्वर्णद्वार सामुन्नेको अग्लो स्तम्भमा रहेको आफ्नै सुनको सालिक, एकै लहरमा पचपन्नओटा झ्याल हालेर बनाइएको पचपन्नझ्यालेदरबार, हनुमानघाटको विशाल शिवलिङ्ग आदि हुन् । विशेषगरी, ने.सं.८२२ मा ङातापोल्हँ बनाउन अद्भुत सफलता प्राप्त भएपछि भूपतीन्द्र मल्लले स-साना वस्तुलाई पनि विशाल आकार दिएर बनाउन लगाउने भावना तरङ्गित हुनपुगको प्रतीत हुन्छ । माथिका कृतिहरू उदाहरणस्वरूप छन् ।

भित्ताबाट अन्दाजी साढे एक हात जति बाहिर निस्कने गरी बनाइएको यस सातमुखे गःझ्याःको तलको लहरमा कलात्मक काठको झल्लर हालिएको छ । सो झल्लरमा युद्धको लागि तयारी गरिरहेका, युद्ध गरिरहेका, युद्धको आवेशमा आएर नाचिरहेका, बाजा बजाइरहेका देवाकृतिहरू, योद्धाहरू, सहायक गणहरूलगायत जनावर आदिका सुन्दर आकृतिहरू कुँदिएका छन् ।



## आफन्तीको कथा



**विनय कुमार कसजू**

### भागबन्डा

एक जना किसानका तीन भाइ छोरा थिए । किसानसँग सत्र ओटा गधा थिए । मर्ने बेलामा किसानले ती गधालाई तीन भाइलाई यसरी बाँड्ने इच्छा व्यक्त गरे । जस्मा गधाको आधा भाग जेठालाई, तीनभागको एक भाग माइलालाई, अनि नौ भागको एक भाग कान्छालाई ।

किसान मरेपछि ती गधाहरू बाँडने समस्या पऱ्यो । १७ ओटा गधा छोराहरूले बाबुको इच्छानुसार बाँड्न चाहन्थे । गधाहरूको भागबन्डा गर्न नसकेपछि उनीहरू आफन्ती कहाँ गए ।

उनीहरूले आफन्तीलाई आफ्नो समस्या सुनाए ।

उनीहरूको समस्या सुनेपछि आफन्तीले उनीहरूलाई घर जाँदै गर म आउँछु भनेर फर्काए । एकछिनपछि उनी आफ्नो गधामा चढेर किसानको घरमा पुगे । उनले १७ ओटा गधा घरको आँगनमा बाँध्न लगाए । यसमा उनले आफ्नो गधालाई पनि मिसाए । यसरी गधाको सङ्ख्या १८ भयो ।

किसानको इच्छामुताबिक उनले आधा अर्थात नौ ओटा गधा जेठालाई दिए । यसपछि तीन भागको एक भाग अर्थात छ ओटा गधा माइलालाई दिए ।

अब तीन ओटा गधा बाँकी रहे । आफन्तीले आफ्नो गधा फिर्ता लिएपछि दुइटा गधा बाँकी रहे । ती दुई गधा अर्थात नौ भागको एक भाग गधा कान्छाले पायो । यसपछि आफन्ती आफ्नो गधामा चढेर घर फर्के । बाबुको इच्छाअनुसार गधाको भागबन्डा भएकोमा छोराहरू सन्तुष्ट भए ।

# हाम्रो परम्परागत लक्ष्मी पूजा



ओम धौभडेल

आफ्नै मौलिक कला, संस्कृति, परम्परा तथा रीतिथितिले सम्पन्न नेवाःहरूले मनाउने एक ठूलो पर्वमा स्वन्ति अर्थात तिहार पनि हो। जसलाई यमपञ्चक पनि भनिन्छ। यस पर्वमा क्व पुजा (काग पूजा), खिचा पुजा (कुकुर पूजा), लक्ष्मी पूजा, म्हः पुजा र किजा पुजा (भाइटीका) धुमधामसित मनाउने परम्परा छ। हरेक वर्ष कार्तिक कृष्ण त्रयोदशीको दिन कागलाई पूजा गरी स्वन्ति तथा तिहारको शुरुआत भएको हुन्छ। हाम्रो समाजमा कागले शुभ अशुभ बताउने मान्यता छ। कागलाई पूजा गर्नुको अर्थ पनि सदैव शुभ समाचार मात्र सुन्न पाओस् भन्ने हो। त्यसको भोलिपल्ट कार्तिक कृष्ण चतुदर्शीको दिन कुकुरलाई पूजा गर्छ। नेपाली समाजमा कुकुरले पनि मृत्यु सम्बन्धी सूचना दिन्छ भन्ने मान्यता छ। यस मध्ये स्वन्ति (तिहार) को तेश्रो दिन अर्थात कार्तिक कृष्ण अमावस्याको दिन काठमाडौँ उपत्यकालगायतका नेवाःहरूले धुमधामसँग लक्ष्मी पूजा मनाउने गर्दछन्। कार्तिक शुक्लपक्ष प्रतिपदाको दिन बिहान गोवर्धन पूजा र साँझ नेवाः समुदायले म्ह पुजा गर्छ। म्ह जसको अर्थ पञ्चतत्वले बनेको शरीर हो। आफ्नै शरीरलाई पूजा गर्ने यो दिन नेवाःहरूको वर्ष दिनको सबभन्दा महत्त्वपूर्ण दिन हो। परिवारका सम्पूर्ण सदस्यहरूलाई अलगअलग मण्डल बनाई व्यक्ति पिच्छे पूजा गर्ने म्ह पुजाले निर्जीव मूर्तिहरू मात्र होइन सजीव प्राणीलाई समेत देवदेवीको रूपमा पूजा गर्न सन्देश दिइरहेको हुन्छ। त्यस्तै अन्तिम दिन किजापुजा (भाइटीका) हो। जुन दिदी बहिनीहरूले भाइ दाजुहरूको दीर्घायु एवम् समृद्धीको कामना गर्दै पूजा गर्दछन्। यसरी यो पाँच दिनलाई स्वन्ति भनी अति हर्षोलासका साथ मनाउने प्रचलन नेवाःहरूमा अद्यापि बाँकी छ र हाम्रो संस्कृतिको एक अभिन्न अङ्गको रूपमा जीवित रहँदै आएको छ।

कार्तिक कृष्ण अमावस्याको दिन काठमाडौँ उपत्यकालगायतका नेवाःहरूले धुमधामसँग लक्ष्मी पूजा मनाउने गर्दछन्। त्यसो त नेवाःहरू लगायत सम्पूर्ण हिन्दूहरूले यो दिन लक्ष्मीको आराधना गर्दछन्। यो दिन बिहान सबेरै गाईलाई पूजा गर्ने चलन छ। लक्ष्मीको जीवित रूपमा वा वाहनको रूपमा गाईको पूजा गरिसकेपछि घर आँगन, चोक सफा राख्ने गर्छ। नेवाः समुदायमा भने आफ्नो घर आँगन चोक सफा गरिसकेपछि लक्ष्मी पूजाको तयारी साँझतिरबाट शुरु हुन्छ। साँझतिर गृहिणीहरूले पिखालाकी देखि घरभित्र ढुकुटीसम्म रातोमाटोले लिप्ने गर्दछ। जसलाई लक्ष्मी द्यः सालेगु (लक्ष्मीलाई घर भित्र्याउने) भन्दछ। यसपछि घरभरी दीप बाल्ने काम हुन्छ। यहाँ विशेषगरी कुम्हा प्रजापतिहरूले बनाएको काँचो माटोको पालाचामा तेल हाली बाल्ने गर्छ। त्यस रातलाई सुखरात्री स्वन्ति नक्षत्र प्रदोष भएको शुद्ध क्षणको रूपमा धनकी देवी लक्ष्मीको भव्यसँग पूजाआजा गरिन्छ। यो दिन ढुकुटीमा पुँ (चित्रकार) ले लेखेको लक्ष्मीको चित्रको साथ साथै सिन्हमु, ज्वाला न्ह्यकंमा आफूसँग भएको धन ढुकुटीमा राखी पूजा गर्ने प्रथा छ। जहाँ पञ्चमकार मण्डल बनाई भोजन परिकारका साथ दही, फूल, स्वगं (खैं स्वगं, धौ स्वगं) राखी काठको पाथीमा वा अन्य भाँडामा यो वर्ष काटेर ल्याएको नयाँ धानबाट बनेको च्युरा राख्नु पर्छ। कसैकसैले नयाँ धानको थुप्रोमा नै पूजा गर्छ र दूधमा चामल पकाई खीर खानुपर्छ। साथै त्यो दिन लक्ष्मीको प्रतिकको रूपमा कुचो, नाङ्लोलाई समेत पूजा गर्छ। लक्ष्मीको दायाँ बायाँ बस्ने ख्याक्, कुबेर आदिको चामलको पीठोको प्रतिक बनाई पूजा गर्दछ र सबैभन्दा महत्त्वपूर्ण त मोहनी (दशैँ) ताका घरमा भित्र्याइएको मासुको सुकुटी बनाई लक्ष्मी पूजाको दिन लक्ष्मीलाई भोजनमा समावेश गर्नुपर्छ। अन्यबेला शाकाहारी भोजन मात्र ग्रहण गर्ने लक्ष्मीले यस दिन अमे (रक्सी, मासु, फुल) स्वीकार गर्दछ।

यसरी यो दिन यहाँका नेवाहरू धन ऐश्वर्य प्राप्तिको साथसाथै खेतबाट प्राप्त हुने अन्नबाली (विशेषगरी धान) लाई लक्ष्मीको रूपमा लिएको देखिन्छ। सामान्यतया यस दिन कृषकहरूले खेतबाट प्राप्त हुने अन्नलाई लक्ष्मीको रूपमा पूजा गर्ने चलन भएता पनि व्यापारीहरू भने सुन चाँदीका मुद्राहरू, आभूषण, गहना, खाता बही, कलम, मसीका भाँडा र यन्त्र आदि उत्पादनका उपकरणहरूको समेत पूजा गर्ने गर्दछ।

यसरी लक्ष्मी पूजा गरिएता पनि हाम्रो संस्कारले पूर्व अवस्थामा जस्तो कोजाग्रत पूर्णिमादेखि नै लगातार १६ दिनसम्म विभिन्न १६ प्रकारका लक्ष्मीहरूको पूजा गर्ने चलन छ। नेपाल संवत् ८०५ मा विद्वान पूर्णानन्द राजोपाध्यायले लेख्नुभएको **महालक्ष्मीव्रत** नामक थ्यासफुअनुसार कोजाग्रत पूर्णिमाको दिनदेखि सर्वलक्ष्मी, विश्वलक्ष्मी, भुवनलक्ष्मी, राज्यलक्ष्मी, मण्डललक्ष्मी, गृहलक्ष्मी, धनलक्ष्मी, धान्यलक्ष्मी, सन्ततिलक्ष्मी, जयलक्ष्मी,

खड्गलक्ष्मी, वृध्दिलक्ष्मी, घृतिलक्ष्मी, ज्ञानलक्ष्मी, मोक्षलक्ष्मी र महालक्ष्मीको पूजा गर्ने चलन थियो। कतै कतै यी १६ लक्ष्मीहरूको नाम फरक ढङ्गले आएको पनि देखिन्छ। यी माथि उल्लेख भएका १६ लक्ष्मीहरूको बाहेक जगलक्ष्मी, स्वर्गलक्ष्मी, महीलक्ष्मी, सिध्दिलक्ष्मी, धर्मलक्ष्मी, पूर्णलक्ष्मी, आद्यालक्ष्मी, सौभाग्यलक्ष्मी, बमृतलक्ष्मी, सत्यलक्ष्मी, भोगलक्ष्मी, योगलक्ष्मीजस्ता विविध लक्ष्मीका नामहरू यदाकदा नआएको होइन। तर आजकल एकैचोटि कार्तिक कृष्ण अमावस्याको दिन मात्र लक्ष्मी पूजा गर्ने चलन छ। तर आजसम्म जानकारीमा आएअनुसार कुन दिन कुन लक्ष्मीको पूजा गर्ने हो रहस्य नै बनेको छ। पञ्चाङ्गलगायत अन्य पुस्तकहरूमा लक्ष्मीपूजाबारे उल्लेख छ। जस्तो लक्ष्मी पूजा, लक्ष्मी स्तोत्र, महालक्ष्मी व्रत विधि आदि भन्ने पुस्तकहरूमा लक्ष्मी पूजाबारे उल्लेख छ। जुन प्रायः नेपालभाषा तथा देवनागरी लिपिमा छ। तर पनि त्यहाँ कोजाग्रत पूर्णिमादेखि कार्तिक अमावस्यासम्मको १६ दिनमा कुन कुन लक्ष्मीको पूजा गरिन्छ त्यो लेखिएको छैन। हुन त लक्ष्मीका यी विभिन्न १६ फरक रूप महालक्ष्मी कै रूप हो। भनाइको अर्थ नेवाःहरूले पूजा गर्ने लक्ष्मी महालक्ष्मी नै हो । जुन विजया दशमीको नवौँ दिनमा आराधना गरिने एक देवी हुन्। यस्तै यो दिन सबैले ढुकुटीमा पूजा गर्ने लक्ष्मी कुनै मूर्ति नभइकन कागजमा कोरिएको लक्ष्मीको चित्र हो। हामी कहाँ धातु, काष्ठ, मृतिकाका मूर्तिहरू बन्नुभन्दा पहिले नै चित्रकलाको विकास भेटिएको सन्दर्भमा कागजका लक्ष्मीको चित्र कोर्ने प्रथा प्राचीन मान्न सकिन्छ। त्यतिमात्र होइन, धातु, काठ, प्रस्तर, मृत्तिका आदिले बनेको मूर्तिलाई प्राणप्रतिष्ठा गरेर मात्र पूजा गरिन्छ। प्राण प्रतिष्ठा नगरिकन पूजा गर्नु हुँदैन भन्ने मान्यता छ। तर चित्रमा लेखिएकोलाई प्राणप्रतिष्ठा नगरिकन नै पूजा गर्न मिल्छ। यसकारण लक्ष्मीपूजाको दिन पनि कागजमा यसरी लेखिएको लक्ष्मीको चित्रको हातमा दाहिनेतिर ऊँकार भएको ज्वाला न्हायकं, देब्रे हातमा सिन्हमु समाएको हुन्छ भने अर्को दाहिने हातमा अभयमुद्रा र देब्रेहातमा बरमुद्रा हुन्छ। त्यस्तै दाहिने गोडाले कछुवालाई टेकी देब्रे गोडाले पद्मासन गरी राजसिंहासनमा विराजमान भएकी र केतकीले सुसज्जीत भएको र नानाथरिका अलंकारसहितका वस्त्रले सुसज्जीत भएको र दायाँ बाँया ख्याक र कुबेर बसेको महालक्ष्मीको चित्र लेखेको पाइन्छ। यो चित्र **'तन्त्र चिन्तामणि'** भन्ने ग्रन्थको आधारमा लेखिएको देखिन्छ। जसलाई नवमी सिंह भण्डेलले लेख्नु भएको हो र नवमी सिंह राजा भाष्कर मल्लका भारदार (भारो) हुन्।

हाम्रो धर्मसंस्कृतिमा चार विभिन्न रात्रीहरूको उल्लेख पाइन्छ। भगवान शिवको आराधना गर्ने शिवरात्री, कृष्ण जन्मेको रात मोहरात्री, देवी दुर्गाले महिषासुर राक्षसमाथि विजय प्राप्त गरेको रात कालरात्री जस्तै कार्तिक कृष्ण अमावस्याको रातमा लक्ष्मीको प्रादुर्भाव रात्री समयमा हुने विश्वास यहाँका हिन्दू धर्मालम्वीहरूको छ। जसलाई सुखरात्री पनि भनिन्छ। लक्ष्मी पूजाको रातमा दीप प्रज्वलित गरी दिपावली समेत मनाइन्छ। वास्तवमा दिपावली भनेको तमसोमा ज्योतीगर्मन कोजाग्रत पर्व हो। यस पर्वमा दिपावलीको देदिप्यमान रातमा हरेक घरघरमा लक्ष्मीको पूजा हुन्छ।

यसै सर्न्दभमा यो पर्व कहिलेदेखि शुरु भयो भन्ने बारे त्यति जानकारी आएको छैन। तथापि तिहार भित्रको सबैभन्दा प्राचीन पर्व लक्ष्मी पूजा नै हो भन्ने देखिन आउँछ। भनाईको अर्थ तिहार मनाउनु अघि नै यहाँ लक्ष्मी पूजाको चलन भइसकेको देखिन्छ। कोजाग्रत पूर्णिमादेखि लगातार १६ दिनसम्म लक्ष्मी पूजा गर्ने क्रममा एकपटक आगलागीबाट सम्पूर्ण नेपालमण्डल नै ध्वस्त बन्न पुग्यो। ठूलो धनजनको अपार क्षति पछि १६ दिनसम्म धुमधाम मनाउने लक्ष्मी पूजा यही कार्तिक कृष्ण अमावस्या एकदिनमा मात्र सीमित हुनपुग्यो। बरु लक्ष्मी पूजाको दुईदिन अगाडि काग र कुकुरलाई पूजा गर्ने दिन थप्न पुग्यो। त्यसको दुई दिन पछि बाँचेका जतिले सगुन लिई आफैलाई पूजा गर्ने म्ह पुजा गरे। कार्तिक कृष्ण दितियाको दिन वंश परम्परा जोगाउन पुरुषको महत्त्व अझ बढी रहेको मानी दाजुभाइको पूजा गर्ने परम्परा विकास भयो। विशेषगरी लिच्छवि राजा जयदेव द्वितीय पछि तिहार पर्व पाँच दिनको भयो। यसमा पछि राघवदेवको पालामा शुरु भएको नेपालसंवत् म्हपुजाको दिन थपिए पछि स्वन्ति अर्थात तिहार पर्वले हालसम्म निरन्तरता पाउँदै आएको छ।

**'भक्तपुर'** मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस्। साथमा सम्बन्धित तस्बिरहरू भए प्राथमिकतासाथ स्थान दिइनेछ। लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला।

**रचना पठाउने ठेगानाः**

- भक्तपुर नगरपालिका कार्यालय भवन
- email-bhaktapurmasik@gmail.com

# एमसीसीको विरोध आत्मनिर्भर अर्थतन्त्र र विकासको निम्ति हो



सृजना सैँजू,
बागमती प्रदेशसभा सदस्य


नेपालका निम्ति एमसीसी पाण्डोराको बाकस हो । एमसीसी स–साना, कमजोर र गरिब मुलुकमा गरिबी निवारण र विकासको नारासहित सार्वभौमिकतामाथि हमला गर्ने संरा अमेरिकी साम्राज्यवादको डलर कूटनीति हो । एमसीसीसँगै आउने सङ्कटहरूबारे जनतालाई सचेत बनाउने आन्दोलनमा हामी छौँ ।

अनुदानले देश बन्दैन । आर्थिक सहायतामाथिको निर्भरताले देशलाई परनिर्भरताको चक्रब्यूहमा फसाउँछ । सर्तसहितको अनुदान र आर्थिक सहयोग दासताको सिक्री बन्दछ । के देशमा प्रजातन्त्र पुन:स्थापनापछिको ७० वर्षमा भित्रिएको डलर, पाउन्ड, भारु लगायतले देश बन्यो ? सरकार र शासक दलहरूले ७० वर्षसम्म शासनसत्तामा पुगेर विदेशीलाई भिक्षापात्रोमा देशको स्वाभिमान र अस्मिता बेचे । आज पनि त्यही सिलसिला जारी छ । लेखक नन्दराज श्रेष्ठको क्ष्ल तजभ लकभ या म्भखभयिऊभलत ले अमेरिकी डलरको नालीबेली उजिल्यायो । १ लाख रुपियाँ पनि नछोड्ने प्रवृत्ति हुर्कनु लज्जाको विषय हो । अनुदान र विकासबीचको खाडल बढ्यो । अनुदान जस्तो 'भ्बकथ :यलभथ' का कारण अनियमितता, भ्रष्टाचार बढ्यो । गरिबी बढ्यो । गरिबीको कुचक्र अझ जटिल बन्यो । विडम्बनाको विषय के हो भने यो पटकको विकास बजेट ३ खर्ब ८८ अर्ब १० करोड अनुदान र आर्थिक सहायोगबाटै जुटाउने उल्लेख छ । समृद्धि र विकासको नारा बेच्ने शासक दलहरूले आत्मनिर्भरताको सवाल कहिल्यै उठाएनन् । एमसीसीको विरोध आत्मनिर्भर अर्थतन्त्र र विकासको निमित्त हो ।

विश्वको इतिहासले पनि त्यही भन्छ, विशेषत: संरा अमेरिकाको अनुदान र आर्थिक सहायताले कुनैपनि देश बनेको छैन । संरा अमेरिकाले १९ औँ शताब्दीदेखि विश्वमा आर्थिक उपनिवेशको अध्याय सुरु गऱ्यो । डलरकै आडमा उसले अफ्रिकी महादेश र ल्याटिन अमेरिकालाई आफ्नो तखतमा राख्न खोज्यो । अफ्रिकाको गरिबी निवारण र ल्याटिन अमेरिकाको विकास संरा अमेरिकाको नारा थियो । अफ्रिकामा डलर लिएर गयो, दशकौँ शासन गऱ्यो । ल्याटिन अमेरिकालाई डलर कूटनीतिको सिक्रीले बाँध्यो । ल्याटिन अमेरिकामा उदाएको क्युवालाई दबाउन र ल्याटिन अमेरिकामा समाजवादी उभार उठ्न नदिन डलरलाई हतियार बनायो । संरा अमेरिका त्यहाँ बँष्बिलअभ ायच एचयनचभकक भन्दै गएको थियो । विकासको नारा दिँदै उठ्दै गरेको समाजवादी आन्दोलन दबायो । क्युवामाथि नाकाबन्दी लगायो । क्युवा संरा अमेरिकी साम्राज्यवादविरुद्ध सङ्घर्षरत छ ।

अफ्रिकामा ग्क्ब्क् ले विकास भएन । गरिबी हटेन । झन् दरिद्र बनायो, माग्ने बनायो, परनिर्भरताको सिक्रिले बाँध्यो । भ्रष्टाचार बढ्यो । उत्पादन ऱ्हास भयो, प्राकृतिक स्रोत र साधन गुम्यो । डाम्बिसा मोयोको पुस्तक ृम्भबम ब्ष्म ले त्यो उजागर गर्छ । सन् १९७० देखि १९९८ सम्म अफ्रिका भित्रिएको आर्थिक सहयोगले गरिबी ११ प्रतिशतबाट ६६ प्रतिशत पुऱ्यायो भन्ने तथ्यले भन्छ । त्यसकारण, आज घाना, युगान्डा, माडागास्कार लगायतका देशहरू एमसीसीको विरोध गर्दै छन् । एमसीसी जस्ता थुप्रै संरा अमेरिकी हतियारविरुद्ध जनता आन्दोलनमा छन् । सुरुआति वर्षमा एमसीसी सम्झौतामा हस्ताक्षर गरेको माडागास्करले एमसीसी लखेटिइसकेको छ । श्रीलङ्काले भर्खरै अस्वीकार गऱ्यो ।

नेपालका लागि एमसीसी सम्झौता आफैमा खोटपूर्ण छ । सम्झौता र संविधान बाझिएमा सम्झौता लागु हुने र सम्झौतालाई नेपालका सम्पूर्ण कानुनले काट्न नसक्ने गरी संसद्बाट अनुमोदन गर्नुपर्ने सर्त हाम्रो सार्वभौमिकता र स्वाभिमानमाथिको हमला हो । एमसीसी परियोजनाको :ऋब अमेरिकी प्रशासनको मातहतमा रहने बुँदा उल्लेख छ । परियोजनासँग जोडिएका सवालहरूमा भारतसँग सोध्नुपर्ने, अनुमोदन गराउनुपर्ने विषयले संरा अमेरिका भारतलाई साथमा लिएर नेपालमा आर्थिक उपनिवेश खडा गर्न चाहन्छ भन्ने प्रस्टिन्छ । आर्थिक उपनिवेश राजनीतिक उपनिवेशमा बदलिन्छ, इतिहासले त्यही भन्छ । परियोजना र परियोजनासँग जोडिएका मानिसहरूले कुनै अपराध गरे अर्थात् अपराध कार्यमा संलग्न रहे तिनलाई कानुन नलाग्ने, संरा अमेरिकी कानुनअन्तर्गत पठाइने, परियोजनाको आयु अन्तहिन रहने सवालहरू सार्वभौमिकताविपरीत छन् । त्यसकारण, एमसीसीको विरोध सार्वभौमिकताको पक्षमा देशभक्तहरूको आन्दोलन हो ।




**Source**: Global Network Against Weapons & Nuclear Power in Space

एमसीसी हिन्द प्रशान्त सैन्य रणनीतिअन्तर्गतको हिस्सा हो, एसिया नीति हो, नेपाल नीति हो भन्ने पुष्टि अमेरिकी दस्तावेजहरूले नै गर्दछन्। संरा अमेरिकी राजदूत र्‍यान्डी बेरीको अभिव्यक्ति, संरा अमेरिकी सेना प्रमुख नेपालका सैन्य क्याम्पहरूमा (पाँचखाल) मा भ्रमण गर्नु, डोनाल्ड ट्रम्पले एसिया क्षेत्रमा आफ्नो चासो देखाउनुले पनि पुष्टि गर्न सघाउँछ। हिन्द प्रशान्त क्षेत्रमा संरा अमेरिकाले सन् २००४ देखि नै २.४ बिलियन अमेरिकी डलर खर्चिरहेको तथ्याङ्क छ। यस क्षेत्रमा १२ ओटा देशसँग संरा अमेरिकी सैनिक साझेदारी विस्तार हुने र एसियाको मुख्य साझेदार भारत हुने उल्लेख छ। पछिल्लो साझेदार श्रीलङ्का र भारत रहन्छ भनिएकोमा श्रीलङ्का पछि हटेपछि नेपालमा कसरत हुँदै छ। अहिले नै हिन्द-प्रशान्त क्षेत्रमा ३ लाख ७५ हजार अमेरिकी सेना तैनाथ छन्। हाम्रो विरोध एमसीसीको खोलमा आउने हिन्द प्रशान्त रणनीतिको हो। इतिहास भन्छ- जबजब संरा अमेरिकी साम्राज्यवाद शान्तिको कुरा गर्छ भित्रभित्रै उसले युद्धको तयारी गरिसकेको हुन्छ। जहाँजहाँ संरा अमेरिका पुग्छ उपद्रव, आतङ्क, अन्तरध्वंस मच्चाउँछ। उत्पात, अराजकता र युद्ध पुरस्कार छोड्छ। हालै उसले राष्ट्रिय रक्षा अधिकार ऐन पास गर्‍यो। सेना र हतियार उत्पादनका लागि ७७७.९ अर्ब बजेट वृद्धि गर्‍यो। हिजो जस्तै बाइडेन प्रशासन पनि 'आतङ्कवादविरोधी युद्ध' रणनीतिलाई उचाइमा पुर्‍याउँदै छ।

संरा अमेरिकाको इतिहासदेखि वर्तमान निरन्तर आक्रमणकारी युद्ध र साम्राज्य विस्तारको रहेको छ। समाजवादी आन्दोलन उठेको, न्यायपूर्ण र प्रगतिशील सरकार बनेका देशहरूलाई बिथोल्न संरा अमेरिका उद्दत रहन्छ। इराक, लिबिया, इरान, प्यालेस्टाइन, भियतनाम, कोरिया, अफगानिस्तानमा संरा अमेरिकाको उपद्रव जगजाहेर छ।

वासिङ्टन आर्थिक सहायतालाई राजनैतिक सत्ता कब्जाको हतियार बनाउँछ। युद्धलाई अरू देशमा आफ्नो अनुकूल सत्ता परिवर्तन गर्ने औजार बनाउँछ।

चिलीको इतिहास र भेनेजुयलाको पछिल्लो दृश्यले त्यही भन्छ । दोस्रो विश्वयुद्धपछि मात्र संरा अमेरिकाले करिब ५० भन्दा बढी विदेशी सरकार अपदस्थ गर्न सक्रियता देखायो । विश्वमा उसले लगभग १३० भन्दा बढी देशको प्रजातान्त्रिक निर्वाचनमा प्रत्यक्ष हस्तक्षेप गर्‍यो र ५० भन्दा बढी विदेशी नेताहरूको हत्या गर्‍यो ।

बितेका २० वर्षमा संरा अमेरिकी युद्धहरूले ३ लाख ३५ हजार नागरिकको ज्यान लिएको तथ्याङ्क छ । त्यतिमात्र होइन, संरा अमेरिकी सेनाले पछिल्लो दुई दशकमा अफगानिस्तान, इराक र सिरियामा ९० हजार पटकभन्दा बढी हवाई आक्रमण गर्‍यो । ती आक्रमणहरूमा ४८ हजार निर्दोष नागरिक मारिए ।

त्यसकारण, एमसीसीमार्फत आउने ५० करोड अमेरिकी डलर, डलरभन्दा ज्यादा साम्राज्यवादी हतियार हो, एसियामा युद्ध थोपर्ने हतियार । संरा अमेरिका सम्भावना र सभ्यताका देशहरूमा पस्छ, हमला गर्छ । इरान राज्य सभ्यताको धरोहर र स्मारक थियो । इराक तिग्रीस र इफ्रित्स नदीको सभ्यताको उदगमस्थल । त्यो धरोहर, सभ्यतामाथि बम बर्सायो । अहिले उसको तारो एसियामा सभ्यताको देश, विश्वका चार महत्त्वपूर्ण सभ्यतामध्येको एक चिनियाँ सभ्यता हो । लिबियाका जनताको जीवनस्तर, प्रतिव्यक्ति आम्दानी पश्चिमी विश्वको भन्दा कम थिएन । विद्युत् नि:शुल्क, शिक्षा र स्वास्थ्य उपचार नि:शुल्क थियो । साम्राज्यवादी अमेरिका लिविया पसेर लिवियाली जनताका अभिभावक गद्दाफीको हत्या गर्‍यो ।

सिरियाको शिक्षा र स्वास्थ्यको बन्दोवस्त तथा सहुलियत युरोप र संरा अमेरिकाको भन्दा कम थिएन । तर, युद्ध मैदान बनायो । संरा अमेरिका एसियालाई पीछडिएको र हिन भावनाले हेर्थ्यो तर विश्वमा आफ्नो प्रभुत्व र साम्राज्य कमजोर हुन थालेपछि, चीनको उदय र लोकप्रियता बढ्न थालेपछि, एसिया फर्कको नीति उसले लियो । केही वर्षमै चीन विश्वको पहिलो आर्थिक शक्ति बन्ने पक्कापक्की छ । अमेरिकी नवरत्नलाई त्यो थाहा छ । त्यसकारण, सम्पूर्ण एसिया प्रशान्त क्षेत्रलाई आफ्नो मुठीमा राख्न उसले हिन्द प्रशान्त सैन्य रणनीति अघि सार्‍यो । 'संरा अमेरिका प्रथम' बाट भर्ने डर पलाएपछि चीनविरुद्ध उसले अनेक जाल र षड्यन्त्र गर्‍यो । उसले तिब्बतमा धर्मको नाममा दलाई लामालाई हातमा लिई उपद्रव मच्चाउन छोडेको छैन । चीनविरुद्ध व्यापार युद्ध छेड्यो, व्यापार युद्धको असर विश्वले भोग्नुपर्‍यो । व्यापारयुद्धमा संरा अमेरिका आफै हार्‍यो, आफ्ना देशका व्यापारी-उद्योगीहरूबाट विरोध हुन थालेपछि पछाडि हट्यो । चीनले व्यापार युद्धको संयमित र सावधानीपूर्वक सामना गर्‍यो ।

कोभिड-१९ को कहरमा चीनविरोधी भावना छर्न 'उहान भाइरस', 'चिनियाँ भाइरस' को हल्ला पिट्यो । त्यतिमात्र होइन कोभिड-१९ कहरमा अन्तर्राष्ट्रवादलाई अगाडि बढाइरहेको चीनविरुद्ध कोभिड -१९ राष्ट्रवादको घिनलाग्दो खेल खेल्यो । थाइवानमा आजपनि सैन्य उपद्रव मच्चाउन हतियार र सेना निर्यात गर्छ । हङकङमा सैन्य उपद्रव मच्चाउन हतियार र सेना निर्यात गर्छ । हङकङमा मानवअधिकार छैन भन्दै उपद्रवीहरूलाई उक्साएर हिंसा मच्चाउन खोज्यो । दक्षिण चीन सागरमा अझै संरा अमेरिकी- अस्ट्रेलियाली पनडुब्बी तैनाथ छ । यी सबै षड्यन्त्रमा संरा अमेरिका उत्तीर्ण हुन नसकेपछि चालिएको अर्को षड्यन्त्रको नाम हो हिन्द प्रशान्त सैन्य रणनीति, नेपालका लागि एमसीसी ।

विश्वमा ध्प्ल-ध्प्ल को सिद्धान्त बेचेर श्भचय-क्ण खेल संरा अमेरिका खेल्दै छ । अरूलाई शून्य, उसलाई जोडको खेल । एमसीसी फरक ढङ्गले नेपालका लागि उसको श्भचय-क्ण खेल हो । उसले 'क्वाड' खडा गरेको छ । हिन्द प्रशान्त सैन्य रणनीतिको नयाँ हिस्सा या स्वरूप । अस्ट्रेलिया, भारत, जापान, संरा अमेरिकाको चौकोणात्मक सैनिक मोर्चा । त्यतिमात्र होइन भर्खरै उसले 'अउकस' सम्मेलन गरेको छ । अस्ट्रेलिया, युके र युएसको सुरक्षा साझेदारीमा । अस्ट्रेलियाको सैनिक शक्ति विस्तारमा जोड हिन्द-प्रशान्त क्षेत्रको निम्ति ठूलो खतरा बन्न सक्दछ । एसियाली मुलुकहरूलाई भड्काएर संरा अमेरिका सैन्य मोर्चाबन्दीमा व्यस्त छ ।

यो सम्पूर्ण परिदृश्यले संरा अमेरिका तेस्रो विश्वयुद्ध जनसङ्ख्या धेरै भएको, सभ्यतामा अघि बढेको एसियामा थोप्न चाहन्छ । एमसीसीको विरोध युद्धको विरोध हो । अन्यायपूर्ण युद्धको विपक्षमा हामी लडिरहेका छौँ । तर, यदि युद्ध थोप्छ भने एसियामा संरा अमेरिका हार्नेछ । समाजवादी आन्दोलनको उभार उठ्नेछ । का.रोहितले भन्नुभएझैं २१ औं शताब्दी साम्राज्यवादको पतनको शताब्दी हुनेछ, समाजवादको शताब्दी हुनेछ ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

# नेमकिपाको एमसीसीविरुद्धको अभियान जारी छ

**नेपाल मजदुर किसान पार्टीको निर्देशनमा यसका भ्रातृ सङ्गठनहरूले एमसीसीको विरोध जारी राख्दै विभिन्न मिति र जिल्लामा गरेका विरोध प्रदर्शनका केही झलकहरू**




बारा




चितवन




मोरङ




पर्सा




इटहरी




रौतहट




सिराहा




सुनसरी



अछाम




धनुषा




इटहरी



जुम्ला

तस्बिर : अनलाइन मजदुर

# एमसीसीको जाबो ५० करोड डलर

दिवाकर

म सानो छँदा एउटा मोटरले माइकिङ गर्दै बिडी, चुरोट पर्चा छरेझैँ छरेको देखेको थिएँ। हामी केटाकेटीमात्र होइन ठूला दाइहरू पनि त्यो फालेको बिडी, चुरोट टिप्न दौडादौड गरेका थिए। हारालुछमा कत्ति बिडी, चुरोट त टुक्रिएर कामै नलाग्ने भएका थिए। प्रचार र बिक्री बढाउन 'दान' गरेका ती बिडी, चुरोट जान-अन्जानमा पिउनेहरू मध्ये धेरैलाई बानी परेको र लत बसेको हुनुपर्छ। पछि चाहेर पनि धुमपान छोड्न नसकेकाहरू अहिले निक्कै पछुताए होलान्। त्यसबेला 'दान' टिप्न दौडादौड र घचेटाघचेट गरिरहँदा 'तिमीहरू बिग्रिने छौ' भनी हप्काउने बुज्रुकहरूको कुरा नसुन्दाको दुष्परिणाम कतिपयले आज भोगिरहेका होलान्।

कतिपय भोज-भतेर, पार्टीहरूमा मदिरा पिउने-पिलाउनेको होड चल्छ। नपिउनेलाई पनि पिलाउन, कम पिउनेलाई धेरै पिलाउन जोड गर्ने पनि गरिन्छ। कतिपय त सित्तैमा धेरै टन्काउँछ पाइन्छ भनी निम्तामा मात्र होइन बेनिम्तामा जाने पनि छन्। तर यसरी स्वास्थ्यलाई हानि गर्ने मदिरामा न्याल चुहाउनु वा पिलाउन जोड गर्नु निश्चय पनि गलत हो। त्यस्तो जोडबल नाता वा मित्रको आवरणमा शत्रुलाई गर्ने व्यवहार हो।

धेरैले देखे, सुने र भोगेका उपरोक्त दुई शब्दचित्र अहिले एमसीसीको ५० करोड डलरको 'सहयोग' को सन्दर्भसँग मेल खान्छ।

एमसीसीको वार्षिक १० करोड डलरको हिसाबले ५ वर्षमा ५० करोड डलर नेपालले पाउने भनिएको छ। त्यसमा नेपालले पनि १३ करोड डलर थपे पछि विद्युत प्रसारण लाइन र केही बाटो बनाउने भनिएको छ।

यो सम्झौता सहयोग हो तर सम्झौताका प्रावधान निक्कै खतरनाक छन्। स्वतन्त्र र सार्वभौम देश नेपालको स्वाधीनता मै आँच पुग्ने प्रावधान स्पष्टै उल्लेख हुँदाहुँदै वार्षिक १० करोड डलरमा न्याल चुहाउनु स्वास्थलाई हानि पुऱ्याउने मदिरा पिउन मरिमेट्नु वा फालेको बिडी, चुरोट टिप्न हार ालुछ गर्नु जस्तै हो। ज्यान जोखिममा पार्ने धुमपानको लत बसाउने बिडी, चुरोट सित्तैमा बाँड्नु र मदिरा पिउन जोडबल गर्ने खराब 'होस्ट' ले जस्तै एमसीसीले त्यो सहयोग लिन जोडबल गर्नु मित्रवत व्यवहार हुनै सक्दैन। त्यो त शत्रुलाई गर्ने व्यवहार नै हो। त्यो 'दान' बिडी र चुरोटको प्रचार र बिक्री बढाउन गरिएको विज्ञापन र स्वास्थ्यमा हानि पुऱ्याउने मदिरा पिउन जबरजस्ती गर्नु जस्तो होइन कसरी भन्ने ? परिणामको सोचविचार नगरी सित्तै पाइएको भनी बिडी, चुरोट, मदिरा सेवन गर्ने गराउनेजस्तो गलत काम देशको रक्षा र जनताको सेवा गर्ने भन्दै आएका शासकहरूलाई पटक्कै सुहाउँदैन।

तर शासक दलको प्रवृत्ति र चरित्र सित्तै पाए चारमाना चूक खानेजस्तो देखिन्छ। त्यसमा पनि हिजो संरा अमेरिकी राजदूत जुलिया चाङको प्रस्तावमा प्रधानमन्त्री भएका र आज परमादेशबाट प्रममा नियुक्त भएका शेरबहादुर देउवाको कारण तीर्खा लाग्यो भेनर जानाजानी विष पिउने खतरा बढेको छ। त्यही खतरालाई बोध र महसुस गरी नेपाल मजदुर किसान पार्टीले देशका थुप्रै जिल्लामा देशघाती एमसीसी खारेज गर भनी विरोध प्रदर्शन गर्दै अभियान जारी राखेको छ।

एमसीसीको वार्षिक १० करोड डलर (नेरु ११ अर्ब) को दरले ५ वर्षमा दिइने ५० करोड डलर (रु.५५ अर्ब) ले २ करोडभन्दा बढी जनता लाभान्वित हुने प्रचार पनि गरिएको छ। नेपालको जनसङ्ख्या करिब सवा तीन करोड छ। नेपालको वार्षिक बजेट १६ खर्बभन्दा बढी छ। ५ वर्षमा हाम्रो बजेट ८० खर्बभन्दा कम हुने छैन। तब १६ खर्बले सवा तीन करोड जनता लाभान्वित हुन नसकेको यथार्थमा ५५ अर्बको 'दान'ले नेपालको दुईतिहाइ जनसङ्ख्या कसरी लाभान्वित हुन्छ ? के ८० खर्बले नहुने सेवा ५५ अर्ब ले हुन्छ ? यो कस्तो 'जादू' हो ? १६ खर्बको बजेटको अगाडि ११ अर्ब भनेको चान्चुन हो, जाबो रकम नै हो। तर आमाको दूध खान छोडेर बाबुको घुँडा चुस्ने शासक दलको बुद्धि देख्दा आश्चर्य मान्ने कि मूर्ख भन्ने ?

जहाँसम्म एमसीसीबाट हुने लाभको अनुमान छ त्यो नेका, एमालेले महाकाली सन्धि मै बताइसकेको छ। 'पश्चिमबाट सूर्य उदाउने', 'वार्षिक एक खर्ब २० अर्ब आम्दानी हुने' 'भूउपग्रहबाट विद्युत निर्यात गर्ने' भनिएको महाकाली सन्धिबाट देश र जनतालाई कति लाभ भयो त्यो भुक्तभोगी जनतालाई बताइरहन पर्दैन। अहिले फटाहा, बेइमान र अनैतिकहरूको ग्याङमा 'सर्वहारा क्रान्ति' को नारा दिएर आएको 'ट्रोजन हर्स' माओवादी पनि मिसिएको छ। त्यसैले यदि नेपाली जनताले समय मै सशक्त रूपमा एमसीसीको विरोध गरेनन् भने भोलि पछुताउनुको कुनै औचित्य हुने छैन, सबैलाई चेतना भया !

# के लामो दूरीमा चल्ने बसहरूको लागि सल्लाघारी उपयुक्त उपाय हो ?



राजेन्द्र हाडा

केही समयपहिले काठमाडौँ महानगरपालिका र भक्तपुर नगरपालिकाका मेयर-उपमेयरको कार्यालयमा भेटघाट कार्यक्रम भयो । त्यसको केही दिनपछि काठमाडौँ महानगरपालिकाका उपमेयरले पूर्व जाने सबै लामो दूरीका बसहरू सल्लाघारीबाट छुट्ने व्यवस्था गर्नु राम्रो हुने आशयको प्रतिवेदन काठमाडौँ महानगरपालिकामा पेश गरिन् । प्रतिवेदन पेश भएको भोलिपल्टैदेखि दुई नगरपालिकाबीचमा एक प्रकारको जुहारी नै चल्यो । भक्तपुर नगरपालिकाले भक्तपुर नगरपालिकासँग नसोधी गरिने यस्तो कुनै पनि निर्णय आफूलाई मान्य नहुने जनायो भने पछि आएर काठमाडौँ महानगरपालिकाले कुनै पनि निर्णय भक्तपुर नगरपालिकाको सहमतिमै मात्र गर्ने बतायो ।

माथि उठाइएका विषयमा प्रवेश गर्नुअगाडि भक्तपुर नगरको भौगोलिक अवस्थाबारे केही कुरा राख्नु उचित ठान्छु । नगरपालिकाहरूमा भक्तपुर नगर सबैभन्दा सानो नगरपालिकामा पर्दछ । यसको क्षेत्रफल जम्मा ६८८.९९ हेक्टर (६.८८९९ व. कि. मि.) मात्र छ । जिल्लाकै हिसाब गर्ने हो भने पनि यो जिल्ला पनि सबैभन्दा सानोमा पर्छ । कुनै बेला साँखु र लुभु क्षेत्र यसै जिल्लामा पर्दथ्यो । राजनीतिकरूपमा तत्कालीन व्यवस्थाको पक्षमा नलाग्दा यो जिल्लाले जहिले पनि प्रतिशोधको सामना गर्नुपर्यो । देशले विभिन्न राजनीतिक परिवर्तन पार गरी अहिलेको गणतान्त्रिक व्यवस्थामा पुगिसक्दा पनि भक्तपुरप्रतिको नकारात्मक सोचमा भने अहिले पनि परिवर्तन आएको देखिएन । यो नगरको भू-उपयोगको अवस्था बसोबास क्षेत्र : ११५.४००, कृषि क्षेत्र : ५१९.१००, बजार क्षेत्र : ५.८००, वन क्षेत्र : ३४.४००, जलक्षेत्र : २२.९००, संरक्षित स्मारक क्षेत्र : ७.७०० को रूपमा क्षेत्र विभाजित छ । भक्तपुर नगरसँग जिल्लाकै अरू नगरपालिकाहरूको जनसङ्ख्या र क्षेत्रफलको हिसाबले धेरै नै फरक पाउँछौं ।

**टेबुल नं. १**

| नगरपालिका | क्षेत्रफल (वर्ग कि.मि.) | जनसङ्ख्या | जनघनत्व (प्रति कि.मि.) |
|---|---|---|---|
| भक्तपुर | ६.८९ | ८३,६५८ | १२,७५९ |
| मध्यपुर थिमी | ११.४७ | ८४,१४२ | ७, ५७२ |
| सूर्यविनायक | ४२.४५ | ७८,८४५ | १,८५७ |
| चाँगुनारायण | ६२.९८ | ५८,००६ | ९२१ |
| **जम्मा** | **१२३.७९** | **६,०४,६५१** | **२,४६१** |

राजनीतिकरूपले भक्तपुर नगरपालिकामा सन्निकट केही गाउँ विकास समितिहरू जोड्नका लागि आवाज नउठाएको पनि होइन, तर भोटको राजनीतिका कारणले सम्भव भएन । अरू नगरपालिकाहरूमा जस्तै भक्तपुर नगरपालिकामा सार्वजनिक वा पर्ती जग्गाहरू सान्है नै कम छ । हामीलाई केही नयाँ कामहरू गर्नका लागि जग्गा खरिद नै गर्नुपर्ने स्थिति छ । एउटा इन्जिनियरिङ कलेज खोल्नका लागि कम्तीमा २५ रोपनी जग्गा आवश्यक पर्छ । अहिले हामीसँग दुई ओटा इन्जिनियरिङ कलेजहरू छन् । ती दुवै कलेजहरूको नाममा विभिन्न स्थानहरूमा गरी करिब ४० रोपनी जति जग्गा नगरपालिकाले कलेजलाई भोगाधिकार दिइराखेको छ । भक्तपुरको पुराना विद्यालयहरू विद्यार्थी निकेतन, शारदा, पद्म हाईस्कूल पुरानो दरबार क्षेत्रकै जग्गामा बनेका छन् । अरू विद्यालयहरू पनि त्यस्तै सार्वजनिक स्थानमा बनेका छन् । हाल बनिरहेको ख्वप अस्पताल पनि जग्गा अभावकै कारणले सानो १०० बेडको मात्र बनाउन बाध्य छौं । हाल सञ्चालनमा रहेको जनस्वास्थ्य पनि नगरपालिका सार्नका लागि बनेको भवन हो ।

यी सबै तथ्यहरूले भक्तपुर नगरपालिकाभित्र नगरपालिका वा नगरवासीहरूले सोचेजस्तो विकास निर्माणका कामहरू अघि बढाउन मुसिकलै छ । त्यसकारण, भक्तपुर नगरपालिका भित्रका खाली जग्गाहरूको प्रयोग गर्न हामीले धेरै सोचविचार गर्नुपर्छ । कति जग्गा त भविष्यका पुस्ताका लागि काम गर्न पनि छोडिराख्नुपर्ने हुन्छ । भक्तपुर सल्लाघारीको ९९ रोपनी जग्गामा धेरैले आँखा गाडेका छन् । भक्तपुर क्षेत्र नं. २ का सांसद महेश बस्नेत त्यहाँ रङ्गशाला बनाउन चाहनुहुन्छ । त्यसका लागि उहाँ त्यो जग्गा सूर्यविनायक नगरपालिकाभित्रै पर्छ भन्न पछि परेका छैनन् । कोही त्यहाँ

व्यापारिक मल बनाउने, कोही बसपार्क, त कोही पार्क, कोही के कोही के ? तर, भक्तपुर नगरपालिका त्यो जग्गा ख्वप विश्वविद्यालयका लागि सुरक्षित राख्न चाहन्छ । हुन त विश्वविद्यालयको लागि नगरपालिकाले अन्य ठाउँतिर जग्गा नहेरेको होइन । नगरको दक्षिण पूर्वी भेगतिर ७०० रोपनी जग्गा त्यस भेगका जनतासँग छलफल गरी अधिग्रहणको तयारीसमेत भइसकेको थियो । तर, त्यतिबेलाका माओवादी प्रतिनिधिहरूले सामन्तहरू पढाउने विश्वविद्यालयको लागि जग्गा अधिग्रहण गर्न नदिने भनी प्रस्ताव तुहाइदिए । त्यतिबेला सबैको सहमतिमै यो काम अगाडि बढाउनु राम्रो हुने विचारले जग्गा अधिग्रहणको कुरा मुल्तबीमा राखिएको हो, अहिलेसम्मै मुल्तबी नै छ ।

देशमा सङ्घीयता लागु भइसकेको छ । स्थानीय समस्याहरू स्थानीय तहमै समाधान होस् भन्ने मनसायले देशमा तीन तहको सरकार लागु भएको हो । यस्तोमा एउटा छोटो भेटघाटमा उठाएको प्रसङ्गलाई नै आधार मानेर बसपार्क सार्ने कुरा उठाउनु कतिको न्यायसङ्गत हुन्छ । त्यस्तै काठमाडौँ महानगरपालिकाले आफ्नो पुरानो बसपार्कहरूमा व्यापारिक भवनहरू बनाएर भएको बसपार्क विस्थापित गरी अन्य नगरपालिकाको जग्गामा आँखा लगाउनु काठमाडौँ महानगरपालिकाजस्तो देशकै ठूलो महानगरपालिकालाई सुहाउने कुरा पटक्कै होइन । यस्तो विषयमा गम्भीर छलफल आवश्यक हुन्छ । हो, यातायात व्यवस्थापनको दीर्घकालीन समाधानको बारेमा सोच्न अब ढीलो गर्नु हुन्न । मेयर–उपमेयरको नेतृत्वमा अध्ययन समिति गठन गर्नुभन्दा विज्ञहरूको अध्ययन समिति बनाएर यसबारेमा समाधान निकाल्नुपर्छ । अब देश माइक्रो बस, बस आदि भन्दा पनि मास ट्रान्सपोर्टेसन प्रणालीतिर हामीले सोच्नुपर्छ । काठमाडौँ महानगरपालिकाको मोनो रेल, मेट्रो चलाउने सपनाहरू कहाँ पुगे त्यसको पनि जवाफ जनतालाई दिनुपर्छ । हो, यो सबै एक दुई दिनमै पूरा हुने सपना पक्कै होइन ।

मेरो विचारमा खाली ठाउँ देख्यो कि केही न केही गरिहाल्नुपर्ने हामी नेपालीको बानी राम्रो होइन । कुनै पनि योजना गर्दा त्यसको बारेमा दीर्घकालीनरूपमा विचार गर्नुपर्छ । अझै हामीले चुनावमुखी रूपले मात्र काम गरेर हुँदैन । भक्तपुरकै कुरा गर्ने हो भने हाल निर्माण भइरहेको अस्पताल ठाउँको अभावले सानोमात्र बन्ने भएको छ । ख्वप कलेज, इन्जिनियरिङ कलेजहरू पनि आवश्यक क्षेत्रफलमा बनेका छैनन् । ठाउँको अभाव ती सबै कलेजहरूले भोगि राखेकै छन् । अब भक्तपुरले चाहेर पनि अरू ठाउँ उपलब्ध गराउन सक्ने स्थिति रहेन । त्यसैले बसपार्कजस्तो संरचना निर्माण गर्दा दीर्घकालीनरूपमा विचार गर्नु उपयुक्त हुन्छ ।

केही समयअगाडि काठमाडौँका ट्राफिक प्रमुखले काठमाडौँमा जाम अझै बढ्छ, घटाउने मन्त्र आफूसँग नभएको बताए । सम्बन्धित क्षेत्रको प्राविधिक ज्ञानको कमी नै यसको कारक तत्त्व हो । यस सम्बन्धमा विज्ञ यातायात इन्जिनियर आशिष गजुरेलले पटक–पटक अन्तर्वार्तामार्फत यस समस्याबारे बोल्नुभएको छ । उहाँका अनुसार चौडा सडक नै समाधान होइन, जाम हट्दैन । मेट्रो रेल बनाइहाल्नुपर्ने उहाँको कथन छ । मोनो रेल पनि काठमाडौँलाई हुँदैन भन्नुहुन्छ । दीर्घकालीन ट्राफिक समस्या समाधानका लागि उहाँले सुझाउनुभएका केही उपायहरू मननीय भएकोले यहाँ फेरि प्रस्तुत गर्दछु ।

१. सार्वजनिक यातायातको विकासमा जोड दिने
२. सवारीसाधन खरिदमा कोटा प्रणाली लागु गर्नुपर्ने
३. जाम हुने स्थानमा प्रवेश शुल्क प्रणाली लागु गर्नुपर्ने
४. ट्राफिक बत्तीको प्रयोग
५. साइकल यात्रा र पैदल यात्रा प्रवर्द्धन गर्ने
६. मेट्रो रेल सञ्चालन गर्ने

यातायात इन्जिनियर आशिष गजुरेलले माथि प्रस्तुत गर्नुभएका उपायहरू क्रमैसँग लागु गर्दै गएमा ट्राफिक समस्या क्रमिकरूपमा हट्दै जानेमा विश्वास गर्न सकिन्छ । ठूल्ठूला चौडा बाटाहरूको प्रारूपको विकास पछि भविष्यमा कथम्कदाचित युद्ध भएमा बाटोमै प्लेन पनि रोक्न मिल्ने हिसाबले विकास भएको हो । अहिले त्यो सबैको लागि अनिवार्यजस्तै नै भइसकेको छ । युरोप पुगेर फर्केका साथीहरूको भनाइअनुसार युरोपमा व्यवस्थित ट्राफिक प्रणाली प्रयोग गरेर गल्लीजस्तो ठाउँमा पनि जाम रहितरूपमा यातायात सञ्चालन गरिराखिएका छन् रे ।

त्यसैले पछि पछुताउनुपर्ने गरी हतारमा यस्तो जटिल समस्याको समाधान नखोजौँ । दीर्घकालीनरूपमै विज्ञहरूबाट ट्राफिक समस्याको समाधान खोजौँ !

(लेखक इन्जिनियर हुनुहुन्छ ।)

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौँ
रोगदेखि टाढा बसौँ ।

# य:मरि पुन्हि



डा.वीरेन्द्रप्रसाद कायस्थ



लिच्छिविकालदेखि नै चल्दै आएको य:मरि पुन्हि हेमन्त ऋतुमा नेपाल संवत्को दोस्रो महिना थिंलाथ्व पुन्हि अर्थात धान्य पूर्णिमाको दिनमा मनाउने पर्व हो । यो पर्व विशेषतः नेवार समुदायले मनाउने गर्दछन् । यो दिन विशेष प्रकारको परिकार (योमरि) बनाएर खाने गर्दछन् । योमरि खाने भएकोले यसलाई योमरि पुन्हि (योमरि पूर्णिमा) पनि भन्ने गरिन्छ । यही दिन उपत्यकाका नेवार भित्रकै ज्यापु समुदायले ज्यापु दिवसका रूपमा पनि यो पर्वलाई मनाउने गर्दछन् ।



## अन्नपूर्ण देवीको पूजा, य:मरि भोजन

थिंलाथ्व पुन्हि अर्थात धान्य पूर्णिमाको दिनमा नेवार समुदायमा चामलको पीठोमा तिल र चाकु वा खुवा राखेर बनाइएको विशेष प्रकारको परिकार योमरि खाने चलन छ । यो नेवार समुदायको एक महत्त्वपूर्ण सांस्कृतिक पर्व हो ।

धान्य पूर्णिमाको साँझ टोलटोलमा केटाकेटी, युवायुवती जम्मा भई योमरि माग्ने चलन छ । योमरि माग्दा गाउने गीत यस प्रकार छ –

*त्य छिं त्य, बक छिं त्य*
*थाबले यागु सामा वल:, य:मरि छ्गः ति य:*
*ब्यूसा ल्यासे म्ह, मब्यूसा सितिकुती*
*न्यग ब्यूसा काय् बुई, छग ब्यूसा म्ह्याय् बुई*
*तालापाता कुलिचां जुसें त्य:*
*य:मरि माकु, उकि दुने चाकु*
*ब्यूसा ल्यासेचा, मब्यूसा बुरीचा*

अर्थात् चार माना, दुई माना अट्ने भाँडामा देऊ, यो सालको बाली भित्रियो य:मरि एउटा देऊ, योमरि दिए तरुनी नदिए चाउरी बुढी, दुइटा दिए छोरा जन्मिन्छ एउटा दिए छोरी जन्मिन्छ, जथाभावी मानापाथी भरिभरि राख, योमरि मीठो त्यसभित्र चाकु, दिए तरुनी नदिए बुढी ।

यस दिन नयाँ भित्र्याइएको धानको चामलबाट बनेको पीठोको विशेष परिकार खाएर योमरि पुन्हि मनाउने चलन छ । यस दिन नयाँ अन्न राखिएको भकारी एवं भण्डारमा योमरिलगायत लक्ष्मी, गणेश, कुवेर, नाङ्ग्लो, सुकुन्दा, कुचो समातेको मान्छे, पानस, कछुवा आदिको मूर्तिसहित चेप्टो सानो सानो पात आकारको ल्होँचामरि बनाई पूजा गरी चढाउने गरिन्छ । योमरिलाई भकारीलगायत अन्नका भण्डारमा चढाउँदा धनसम्पत्ति र अन्न लाभ हुने जनविश्वास रहिआएको छ । यसरी चढाएको योमरि चार दिनपछि प्रसादको रूपमा परिवारमा बाँडेर खाने चलन छ । यस दिन विवाह भैसकेका चेलीबेटीलाई पनि बोलाएर खुवाउने गरिन्छ । योमरि पुन्हिका दिनदेखि योमरिको चुच्चोअनुसार दिन लामो हुँदै जान्छ भन्ने जनविश्वास छ ।

## य:मरि बनाउने तरिका

योमरि बनाउँदा चामलको पीठोमा तातो पानी हाली मुछेर डल्लो बनाई एक छेउ चुच्चो हुनेगरी औँलाको सहायताले खाल्डो पारिन्छ । अण्डाकारको स्वरूपमा आइसकेपछि पीठोभित्र विशेष प्रकारले बनाएको चाकु र तिलको मिश्रण राखिन्छ । योमरि मास, खुवा आदि राखेर पनि बनाउने गरिन्छ । यसरी बनाएको योमरि बाफले मात्रै पकाइन्छ । चामलको पीठोबाट बनाई बाफले मात्रै पकाइने भएकाले योमरि स्वादिलो र स्वास्थ्यका हिसाबले पनि उपयुक्त मानिन्छ । योमरि बनाउँदा चामलको पीठोमा प्रयोग गरिने चाकु र तिलको मिश्रणको आफ्नै महत्त्व छ ।

## सखर (चाकु) र तिल :

नेपाल कृषि प्रधान देश हो । कृषिमा लाग्ने व्यक्तिको शारीरिक श्रम बढी हुन्छ । शारीरिक श्रम बढी गर्ने व्यक्तिले गुँद सेवन गर्दा थकान हट्छ । गुँद अर्थात सखर मुख्यतः उखुको रसले बनाइन्छ । यो उखुबाहेक खजुरले पनि बनाइन्छ । यसलाई भने ताल गुँद भनिन्छ । गुँदमा सेलेनियम भन्ने तत्त्व हुन्छ । यसले एन्टीअक्सिडेन्टको काम गर्छ जसले घाँटी र फोक्सोमा सङ्क्रमण हुन दिँदैन । मुटुको दुर्वलतामा समेत गुँदको उपयोग फाइदाकारी मानिन्छ र शरीरमा रगतको कमी हुनबाट बचाउँछ । चिसो याममा गुँद र कालो तिलले बनाइएको योमरि खानाले रुघाखोकी, दम, ब्रोन्काइटिस आदि निको हुनुको साथै शरीरलाई स्फूर्ति, शक्ति र पुरानो तन्तुलाई समेत परिवर्तन गर्दछ । गुँद चिनीभन्दा बढी फाइदाकारी र पौष्टिक मानिन्छ । गुँद तुरुन्त रगतमा नमिसिने भएकोले यो चिनीको दाँजोमा बढी स्वास्थ्यबर्धक रहेको बताइन्छ ।

चिनीको विपरीत यसमा बढी खनिज लवण हुन्छ । गुँदमा ग्लुकोज ५–१५ प्रतिशत, प्रोटिन ०.४ प्रतिशत, बोसो ०.१ प्रतिशत, क्याल्सियम ०.८ प्रतिशत, आइरन १.१ प्रतिशत पाइन्छ । आयुर्वेदमा सखर अर्थात् 'गुँद' लाई परम औषधि र अमृततुल्य मानिएको छ ।

आयुर्वेदका अनुसार गुँद मूत्रशोधक तथा धातुबर्धकसमेत हुन्छ । यसले पाचनशक्ति बढाउनुको साथै भोजनलाई सुपाच्य बनाउँछ । केही मात्रामा पुरानो गुँद खानाले रगत शुद्ध हुनुको साथै गठिया रोगमा समेत आराम मिल्छ । जाडो मौसममा प्रायः धेरै मानिस विभिन्न स्वास्थ्य सम्बन्धी समस्याबाट पीडित बन्छन् । यस्ता समस्याबाट छुट्कारा पाउन सखर राखेको योमरि खाएमा रुघाखोकी र सर्दीमा पनि फाइदा पुग्छ ।

**सुश्रुत संहिता**मा गुँदलाई वात, पित्त नासक, रक्तशोधक आदि गुणको वर्णन गरिएको छ । **हरित संहिता**मा समेत गुँद क्षय, खोकी, क्षीणता तथा रगतको कमी आदि रोगमा हितकारी बताइएको छ । त्यस्तै तिलमा पनि धेरै प्रकारका प्रोटिन, क्याल्सियम, फाइबर, भिटामिन डी, बी कम्प्लेक्सलगायत कार्बो हाइड्रेड तत्त्व प्रचुर मात्रामा पाइन्छ । तिलमा सेसमिन नामक एन्टीअक्सिडेन्ट तत्त्व पाइन्छ । यसले क्यान्सरका कोषिकाहरूलाई बढ्नबाट रोक्ने गर्दछ । यही कारणले तिलको सेवनले मानिसलाई फोक्सोको क्यान्सर, पेटको क्यान्सर, ल्यूकेमिया, प्रोस्टेट क्यान्सर र ब्रेस्ट क्यान्सर हुनबाट जोगाउँछ र हृदयघात, मुटुको रोग, धमनीको रोगको सम्भावना कम रहन्छ । यसमा भएको मोनो–स्याचुरेड फ्याटी एसिडले शरीरमा कोलेस्ट्रोलको मात्रालाई नियन्त्रण गर्ने गर्दछ । मुटु रोगीका लागि यो बहुउपयोगी हुने गर्दछ । साथै नियासिन नामक भिटामिनले मानिसलाई तनाव, मानसिक दुर्बलतालाई हटाउने गर्दछ । जाडो मौससमा तिलको तेल सेवन गर्नाले डायबिटीजका बिरामीलाई धेरै नै लाभकारी हुन्छ ।



## य:मरिको महत्त्व

नेवार संस्कृतिमा योमरिको विशेष महत्त्व छ । धनसम्पत्ति बृद्धि र धनधान्यले भरिपूर्ण हुने जनविश्वासले नेवार समुदायमा योमरि पुन्हिका दिन सबैले योमरिसहित विभिन्न देवी देवताको पूजा गरी दान गर्ने गरिन्छ । बच्चाहरूको जन्मदिन मनाउँदा १२ वर्षसम्म योमरिको माला बनाई पूजा गर्नुपर्ने र माला लगाइदिने चलन छ । जन्मदिनमा बच्चालाई दुई वर्षमा दुई ओटा, चार वर्षमा चार ओटा यस्तै प्रकारले योमरिको माला लगाइदिने चलन छ ।

त्यस्तै छोरीको गर्भावस्थामा बच्चा जन्मिनु केही समय अघि माइतीबाट दही च्यूरा खुवाउन जाने चलन छ । यसबेला पनि कुनै कुनै समुदायमा १०८ ओटा योमरि लैजानुपर्ने चलन रहेको छ । त्यस्तै नयाँ घर वा मन्दिर बनाउँदा अनि मन्दिरमा नयाँ पताका चढाउँदा पनि घर र मन्दिरको धुरीबाट पूजा गरेर योमरि खसाल्ने चलन छ । नेवार समाजमा योमरिको सांस्कृतिक एवं धार्मिक तथा वैज्ञानिक महत्त्व रहेको पाइन्छ ।

## १०८ अङ्क वा सङ्ख्याको महत्त्व

ज्योतिष शास्त्रअनुसार ब्रह्माण्डमा २७ नक्षत्र छन् । २७ नक्षत्रको दोब्बर ५४ हुन्छ । प्रत्येक नक्षत्रको ४ चरण हुन्छन् । अतः यसको गुणनफल १०८ हो । जुन पवित्र मानिएको छ । 'श्री १०८' हिन्दू धर्मको धर्माचार्य, जगद्गुरुहरूको नाम अगाडि लगाई सम्मान प्रदान गर्ने सूचक पनि मानेका छन् । त्यस्तै ज्योतिष शास्त्रअनुसार समस्त ब्रह्माण्डलाई १२ भागमा विभाजन गर्दा प्रत्येक एक भागको एक राशि हुन्छ । ब्रह्माण्डमा

१२ राशि बाहेक ९ ग्रह (नवग्रह) छन्। १२ राशि र ९ ग्रहको गुणनफल १०८ हुन्छ। यही सङ्ख्याले सम्पूर्ण विश्वकै प्रतिनिधित्व गर्छ ।

सूर्य १ वर्षमा २,१६,००० (२ लाख १६ हजार) कला बदलिन्छ। सूर्य हरेक ६ महिनामा उत्तरायण र दक्षिणायन हुन्छन्। ६ महिनामा सूर्यको कुल कला १,०८,००० हुन्छन्। अन्तिम ३ शून्य हटाउँदा १०८ अङ्कको सङ्ख्या हुन्छन्। माला जप गर्दाको १०८ दाना सूर्यको १-१ कलाको प्रतीक हो।

सूर्य सिद्धान्त प्राचीन खगोलशास्त्र हो। सूर्य सिद्धान्तअनुसार सूर्यको प्रकाश ०.५ निमिषमा २,२०२ योजन दूरी यात्रा गर्छ। १ योजन बराबर ९ माइल हुन्छ, २,२०२ योजन बराबर १९,८१८ माइल हुन्छ। १ निमिष भनेको १ सेकेन्डको १६/७५ भाग हो। आधा निमिष भनेको १ सेकेन्डको ८/७५ भाग हुन्छ, जुन ०.१०६६६६ सेकेन्ड हुन्छ। ०.१०६६६६ सेकेन्डमा १९,८१८ माइल यात्रा गर्नु भनेको १ सेकेन्डमा १,८५,७९३ माइल यात्रा गर्नु हो, अर्थात् १,८५,७९३ माइल प्रति सेकेन्ड। यो अङ्क आधुनिक विज्ञानको गणनाअनुरूप मेल खान्छ, आधुनिक विज्ञानको गणनाअनुसार प्रकाशको गति १,८६,२८२ माइल प्रति सेकेन्ड भनिएको छ। प्राचीन ऋषिमुनि र योगीहरूले मानव प्रणाली र सौर्य प्रणाली कसरी सँगसँगै काम गर्छ भन्ने कुरालाई ध्यान दिएर यो सङ्ख्या पत्ता लगाएका थिए।

१०८ अङ्कबाट नै सूर्य र पृथ्वीबीचको दूरी, चन्द्रमा र पृथ्वीबीचको दूरी पत्ता लगाए। सूर्यको व्यास (diameter) लाई १०८ ले गुणन गर्दा सूर्य र पृथ्वीबीचको दूरीसँग बराबर हुन्छ। चन्द्रमाको व्यासलाई १०८ ले गुणन गर्दा पृथ्वी र चन्द्रमाबीचको दूरीसँग बराबर हुन्छ। पृथ्वीको व्यासलाई १०८ ले गुणन गर्दा सूर्यको व्याससँग बराबर हुन्छ। यसैकारण, हामीले लगाउने माला र जप मालामा पनि १०८ दानाहरू हुन्छन्।

पृथ्वीले परिक्रमा (अरूलाई घुम्ने) एवं परिभ्रमण (आफै घुम्ने) गर्छ, यसले एउटा वृत्त वा गोलाकार बनाउँछ। यो चक्र पूरा गर्न २५,९२० वर्ष लाग्छ र यिनै वर्षहरूलाई युगको चक्र भनिन्छ। यो पूरै चक्रमा ८ (४+४) ओटा युगहरू पर्छन्।

## य:मरि पुन्हिको लोककथा

पाञ्चाल देशमा सुचन्द्र नाम गरेका महाजन सपरिवार व्यापारकर्म गरी बस्दथे। धनधान्य र सम्मृद्धिका देवता कुबेरलाई ती दम्पत्तिको परोपकार र दानधर्ममा कत्तिको विश्वास रहेछ भन्ने कुरा बुझ्न मन लागेछ र उनी दु:खी र दरिद्रको भेषमा सुचन्द्रको घरमा परीक्षा लिन गएछन्। घरमा एउटा दिनहीन अवस्थाको दरिद्र मानिसले भिक्षा मागेको देखेर सुचन्द्रकी पत्नीमा दयाभाव पलाएछ र उनले त्यस भिखारीको स्वागत सत्कार



गरी मीठामीठा खानेकुरा दिई उचित आदर सत्कार र श्रद्धा गरिन्। सुचन्द्रकी पत्नीले गरेको व्यवहारबाट प्रसन्न भएर कुबेरले उनलाई आफ्नो सक्कली रूपको दर्शन दिए र ज्ञान प्रदान गरी अन्तर्ध्यान भए। कुबेरले प्रदान गरेको सद्बुद्धि र अर्तीअनुसार सुचन्द्रकी पत्नीले तिलको धूलो र चाकुको झोल मिश्रित पदार्थ राखी चामलको पीठोको (योमरि) रोटी बनाएर त्यही रोटीको कुबेर बनाई अन्न राख्ने भकारीभित्र राखिछन्। अनि कुबेरले प्रदान गरेको बिमिरोलाई पनि त्यहीँ विधिपूर्वक स्थापना गरी चार दिनसम्म छोपेर राखी पूजा गरिन्। अनि अन्न, धन र योमरि दान गरिन्। यसरी कुबेरको आराधना र पूजा गरेकाले त्यसको प्रभावले सुचन्द्रको घरमा धन सम्पत्तिको बृद्धि हुनगई दैनिक आम्दानीमा बढोत्तरी हुनगयो। त्यसै बेलादेखि धान्यपूर्णिमाका दिन योमरि बनाएर कुबेर र लक्ष्मीको पूजा गरी पर्व मनाउने चलन चलेको विश्वास छ। योमरि पुन्हिका दिन विभिन्न मठमन्दिरहरूमा मेला लाग्ने गर्छ। यसदिन बनेपाको धनेश्वर मन्दिरमा ठूलो मेला लाग्ने गर्छ र बौद्धमार्गीहरू पनि स्वयम्भू, बौद्धलगायतका विभिन्न चैत्य वा बिहारमा गएर बुद्धको प्रार्थना गर्ने चलन छ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# छ्वाली कलाका कलाकार रामकृष्ण सुवाल

राजकुमार लघु



@)^) ;fndf nlntsnftk{pTs[6

कलाकार रामकृष्ण सुवाल छ्वाली कलाका कलाकार हुनुहुन्छ । उहाँको जन्म वि.सं. २०३१ साल पुष ४ गते भक्तपुर नगरपालिका हाल वडा नं. २ साविक वडानं १० को व्यासीस्थित एक किसान परिवारमा भएको थियो । उहाँका पिता कमलबहादुर सुवाल र माता कृष्णकुमारी सुवाल हुनुहुन्छ । उहाँ कलाकारिता क्षेत्रमा प्रवेश र आफ्नो कला प्रस्फुटन गर्ने श्रेय र प्रेरणाश्रोत आशराम कुस्मालाई दिनुहुन्छ । आशराम कुस्मा उहाँका भिनाजु हुनुहुन्छ । दिदीको घर जेलाँमा गइरहने सिलसिलामा उहाँले आशरामका छ्वाली कला देख्नुभयो । त्यसबाट प्रभावित भएर उहाँले छ्वाली कला सिर्जना गर्नतिर आकर्षित हुनुभयो । रामकृष्णलाई मनपर्ने कलाकारका रूपमा भक्तपुर वंशगोपालका राधेश्याम कर्माचार्य र चोछेँका सुर्यराम सुवाल हुन् । उहाँहरू दुवै तैल कला वा oil कलामा प्रसिद्ध हुनुहुन्छ । उहाँहरूका कलाबाट रामकृष्ण प्रभावित हुनुहुन्छ ।

रामकृष्ण कलाकारितामा मात्र होइन देशको राजनीतिबारे पनि धेरथोर चासो राख्नुहुन्छ । उहाँलाई मनपर्ने राजनीतिज्ञ नेपाल मजदुर किसान पार्टीका नेता नारायणमान बिजुक्छेँ हुन् । जनप्रिय राजनीतिज्ञ नारायणमान बिजुक्छेँको सिद्धान्त, प्रष्ट विचार, अडान एवं भक्तपुरमा कला संस्कृतिको संरक्षण सम्बर्द्धन र शिक्षा स्वास्थ्यको विकास विस्तारबाट उहाँ अत्यन्त प्रभावित हुनुहुन्छ ।

रामकृष्ण सुवाल कलाकारिता क्षेत्रमा लाग्नुको मुख्य उद्देश्य आफ्नो क्षेत्रमा छुट्टै पहिचान देखाउन हो भन्नुहुन्छ । 'मैले घमण्ड गरेको होइन' भन्नुहुँदै आफ्नोजस्तो छ्वाली कला सम्भवतः विश्वमा अरूको नहोला भनी दाबी गर्नुहुन्छ । अरूले अरूको कलामा तोडमोड गरेर आफ्नो बनाउने चलन छ । तर उहाँ त्यसो नगर्ने बताउनुहुन्छ । बरु केही दिन लगाएर मिहिनेत गरी मौलिक कला नै प्रस्तुत गरेर देखाउने गर्छु भन्नुहुन्छ । रामकृष्ण सुवालले धेरै ठाँउमा छ्वाली कलाको प्रशिक्षण दिनु भएको छ । छ्वाली कलामा उहाँकाअनुसार खासै गुरु यही भन्ने छैन बरु अरुले बनाएको हेरेर नै छ्वाली कला सिकेको बताउनुहुन्छ ।



snfsf/ /fds[i0f ;'jfn

यस क्षेत्रमा कहिलेदेखि प्रवेश गर्नुभयो भन्ने जिज्ञासामा भन्नुहुन्छ– यस क्षेत्रमा आजभन्दा २७ वर्ष पहिले २०५० सालदेखि लागेको हुँ । शुरुमा भक्तपुरको दरबार स्क्वायरमा रहेको अनुपम कला फसिदेगः मन्दिरलाई छ्वाली कलाको माध्यमबाट आफ्नो कलामा प्रस्तुत गरेँ । सो कला सिर्जना गर्न उहाँलाई करिब १ हप्ता लाग्यो । कालो कागजमा छ्वाली प्रयोग गरी उहाँले सो चित्र बनाउनु भयो । दोस्रो



ljZj zflGt -@)^! ;fn låtLo :yfg



hLjg rqm -@)^( ;fndf k|yd :yfg

उहाँले भारतको विश्व प्रसिद्ध ताजमहललाई छ्वाली कला प्रयोग गरी बनाउनु भयो जुन उचित मूल्यमा बिक्री गर्न पनि सफल हुनुभयो। त्यसबेला छ्वाली कलाको माध्यमबाट बनाएको ताजमहल रु. ५००।– मा बेच्नुभयो। उहाँका अनुसार छ्वाली कला त्यति चलन चल्तीमा नआएकोले यस क्षेत्रमा लागेर आत्मनिर्भर बन्ने अवस्था छैन, यो क्षेत्रमा लागेर जीवन धान्न गाह्रो छ। तै पनि समय समयमा निरन्तरता दिने प्रयास गर्दैछु भन्नुहुन्छ।

छ्वाली कला के हो, यसमा के कस्ता समस्या छन् भन्ने प्रश्नमा कलाकार रामकृष्ण सुवाल बताउनु हुन्छ– छ्वालीलाई खेर गएको सामान भनेर कसैले बाल्छ, कसैले भुस बनाउँछ त कसैले अर्गानिक मल बनाउँछ। त्यसैलाई मिहिनेत गरी खेर गएको सामान छ्वालीलाई कलाकृतिमा उतार्न सके पुरस्कृत एवं सम्मान पाउने बताउनुहुन्छ। हालसम्म मैले ८ ओटा राष्ट्रिय पुरस्कार (National Award) पाएँ। पहिलो नक्साल बाल मन्दिरमा छ्वाली कला प्रर्दशन गरी राष्ट्रिय पुरस्कारबाट पुरस्कृत भएँ। सो प्रतियोगिता तत्कालीन राजा वीरेन्द्रको जन्मउत्सवको अवसरमा आयोजना भएको थियो।

छ्वाली कला कहाँ कहाँ प्रदर्शन गर्नुभयो भन्ने प्रश्नमा उहाँ भन्नुहुन्छ– भक्तपुरमा शहीद राजकुमार स्मृति पुस्तकालयको आयोजना र सहयोगमा दरबार स्क्वायरमा दुईचोटि प्रदर्शनी गरेँ। आफ्नै पहलमा भक्तपुर दरबार स्क्वायरमा नै एकचोटि एकल छ्वाली कला प्रदर्शनी गरेको बताउनुहुन्छ। हरेक साल कहिले नक्साल र कहिले भृकुटी मण्डपमा राष्ट्रिय कला प्रर्दशनीमा सहभागी भएको छु।

नेपालको छ्वाली कलालाई राष्ट्रिय अन्तराष्ट्रिय रूपमा प्रचार गर्ने योजना के छ भन्ने प्रश्नमा उहाँ भन्नुहुँन्छ– राष्ट्रिय कला प्रर्दशनीसम्म देखाउने अवसर पाएको छु। अन्तराष्ट्रिय स्तरमा पुग्न यसमा पनि पावर र भनसुन चाहिन्छ। त्यहाँसम्म मेरो पहुँच छैन। मैले ८ ओटा राष्ट्रिय पुरस्कार पाएँ। यही कलाकारिताको माध्यमबाट अरू कति मान्छे विदेश गइरहेका छन् तर मैले प्रोसेस गर्न पाएको छैन। अवसर पाए अन्तराष्ट्रिय कला प्रदर्शनी र प्रतियोगितामा पनि जाने योजनामा छु।

छ्वाली कलाको बिक्री वितरण के छ। यसमा के कस्ता अप्ठयाराहरू छन् भन्ने सोधाइमा उहाँको कथन छ– छ्वाली कला बनाएपछि रोल गर्न मिल्दैन, झोलामा राख्न मिल्दैन। तसर्थ अन्तराष्ट्रिय क्षेत्र वा विदेशसम्म बिक्री गर्ने माध्यम छैन। त्यसको लागि कहाँ जाने, कसरी सम्पर्क गर्ने जाने ठाउँ भएन। प्रयत्न स्वरूप आजभन्दा करिब १५ वर्ष



@)&@ ;fndf nlntsnftk{kyd /fli6«k/:sf/sf]kbf0fkqsf;fy snfsf/ ;jfn

पहिले भक्तपुरमा एउटा पत्रकार सम्मेलन गरेँ । तर कहीँ कतै कुनै ठाउँबाट खोजनीति र राम्रो हौसला पाइएन ।



sa] - @)&# ;fnsf]/fli6«nlnt snf kbz{gLdf kyd

छ्वाली कलाको विषयमा भावी योजनाबारे रामकृष्ण बताउनुहुन्छ– प्रचार प्रसार गर्न सकेको भए राम्रो ठाउँमा पुगिसकेँ हुँला । मेरो भावी योजना भनेको गिनीज बुकमा वर्ल्ड रेकर्ड राखी नेपालको नाम स्वर्ण अक्षरले लेखाउने हो ।



Ps pTs[6 lrqsf;fy snfsf/ ;jfn

छ्वाली कलामा आएका मुख्य मुख्य समस्याहरू के केस्ता छन् ? उहाँ भन्नुहुन्छ– छ्वाली कलाका तस्बिर रोल गर्न नमिल्ने हुन्छ । कला महँगो हुने भएकोले नेपालीहरूले किन्न गाह्रो मान्नुहुन्छ । चित्र बनाउन समय हप्तौँ लाग्ने र मिहिनेत र परिश्रम धेरै लाग्छ । विदेशीले किन्न चाहे पनि रोल गर्न नमिल्ने र ब्यागमा राख्न नमिल्ने छन् । छ्वाली कला प्रचारप्रसारको कमीले गर्दा अन्योलमा छ । थान्का पेन्टिङ विश्वमा अति लोकप्रिय कला हो । छ्वाली कलालाई पनि विश्वमा व्यापक प्रचारप्रसार गर्ने सके यसको सम्भावना धेरै छ । तर हाल यस कलाबाट परिवार तथा घर समस्या धान्न गाह्रो भएकोले अर्को रोजगारीमा लाग्न बाध्य छौँ ।

*(कलाकार सुवालसँगको वार्तामा आधारित)*


## के गर्दैछ भक्तपुर नगरपालिका ?

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://**bhaktapurmun.gov.np**
- www.**bhaktapurkhabar.com**
- www.**facebook.com/**BhaktapurMunicipality/
- **ख्वप सः** (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
- **अडियो नोटिश** फोन नं. १६१८ ०१६६१०००९६

# सार्वजनिक जग्गा र पोखरी खानेहरू को को हुन् ?

जेबी आचार्य (गठ्ठाघर), एलबी थापा (दुवाकोट) र एसबी दाहाल (झौखेल)

काठमाडौँ, ११ कार्तिक । पर्सा **वीरगञ्ज छपकैयाको मेनरोड**सँग जोडिएको तीन विगाहा १७ कठ्ठा क्षेत्रफलको जग्गा २०२२ सालको सर्भे नापीमा सार्वजनिक थियो । अहिले सो पोखरी व्यक्तिको नाममा दर्ता छ । २०४३ सालमा सो पोखरी ठेक्का लिएका वडा अध्यक्ष प्रमोदविक्रम शाहलाई अहिले त्यसको जग्गाधनी बनाइएको छ ।

सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश चोलेन्द्रशमशेर जबरा र दीपकराज जोशीको संयुक्त इजलाशले २०६९ पुसमा **सो पोखरी व्यक्तिको नाममा दर्ता गर्ने फैसला** गऱ्यो । अहिले प्रधानन्यायाधीश भएका जबराले देउवालाई प्रम पदमा नियुक्ति गर्न समारोही राष्ट्रपति विद्या भण्डारीलाई परमादेश जारी गरे । यसबापत जबराले मन्त्री पद 'घुस' लिएको हुँदा अहिले उनको राजीनामा माग भइरहेको छ । घुस लिने र दिने दुवै दोषी हुने हुँदा प्रम देउवाको राजीनामा मागिएको छ भने गठबन्धन दलका नेताहरू पनि दोषी रहेको आवाज उठिरहेको छ ।

भक्तपुरको तत्कालीन **बोडे** गाउँ पञ्चायत वडा नं ६ कित्ता नम्बर १ को १५ रोपनी ९ आना सार्वजनिक कमलपोखरी व्यक्तिको नाममा दर्ता गरियो । सो पोखरीको १३ रोपनी ९ आना क्षेत्रफल ग्याल्पोको नाममा, १ रोपनी तेन्जी शेर्पिनीको नाममा, १ रोपनी कर्सी जद्योना गुरुङको नाममा बिक्री भएको छ । जिल्ला अदालत भक्तपुरले २०७५ असार २० गते सो पोखरी **पुनः सार्वजनिक हुने फैसला** गऱ्यो । यो सकारात्मक हो । पुनरावेदन अदालतमा विचाराधीन सो पोखरी पुनः सार्वजनिक नै हुने गरी फैसला हुनु जरुरी छ ।

भक्तपुरको तत्कालीन **दिव्यश्वरी** गाउँ पञ्चायत वडा नं. २ (ख) को कित्ता नम्बर १०१२ को क्षेत्रफल २८ रोपनी ३ आना २ पैसा जग्गा नापी नक्सा फिल्डबुकमा **खोला जनिएको** छ । सो कित्ताको १७ रोपनी १४ आना जग्गा नेकाका तत्कालीन नेता, २०४८ सालमा सांसद र भूमिसुधार मन्त्री भएका **जगन्नाथ आचार्यले** २०३१ असार १ गते नै आफ्नो नाममा दर्ता गराएको तुलसी नेपाल अनलाइनमा ७ महिना अगाडि प्रकाशित भयो । आचार्यका भतिजा मुरारी आचार्य २०५४ सालमा मध्यपुर नगरपालिकामा उपप्रमुख थिए । कित्ता नम्बर १०१२ लाई ११२० र ११२१ मा टुक्राएर ११२० को १७ रोपनी १४ आना जग्गा जगन्नाथ आचार्यको नाममा दर्ता गरिएको सो समाचारमा उल्लेख छ । यति प्रमाण हुँदाहुँदै पनि भक्तपुरका मालपोत प्रमुख र प्रशासन प्रमुखहरू सो जग्गाको **दर्ता बदर गर्न नमानेको** समाचारमा उल्लेख छ ।

भक्तपुर जिल्लाको साविक **दधिकोट** गाविस वडा नं. ५ कि.नं. ६१ को ३० रोपनी ८ आना नापीको फिल्डबुकमा **पर्ती** र कि.नं. ६२ को १६ रोपनी १२ आना जग्गा नापीको फिल्डबुकमा **वन बुट्यान** जनिएको छ । सो जग्गा नेपाल सरकारको नाममा दर्ता भएको हो । सो जग्गा २०३१ जेठ ३१ मै **रत्नलाल श्रेष्ठको नाममा दर्ता** गरियो ।

यसरी दोहोरो श्रेस्ता कायम भएको जग्गालाई मालपोत कार्यालय भक्तपुरले २०७८ भदौ ३० गते व्यक्तिको नामको **दर्ता खारेज गरी** कि.नं. ६१ को ३० रोपनी ८ आना र कि.नं. ६२ को १६ रोपनी १२ आना नेपाल **सरकारको नाममा श्रेस्ता कायम** गरेको सकारात्मक हो ।

साविक **झौखेल** गाउँ पञ्चायत मुगुथलीको वडा ८ (च) कि.नं. ५९५ को नापीको फिल्डबुकमा ६ रोपनीभन्दा बढी क्षेत्रफल उल्लेख भएको सार्वजनिक **कमल पोखरी** व्यक्तिको नाममा रैतानी गरी बेचबिखन गरी घर निर्माणसमेत गरिएको छ । सो ठाउँको कि.नं. ५७७, कि.नं. ५८७, कि.नं. ५८८, कि.नं. ५९९, कि.नं. ६०२, कि.नं. ६०३ का **पर्ती जग्गा खोजी गर्नु जरुरी** छ । साविक **दुवाकोट** गाविस नीलबाराही वनसँग जोडिएको बसपार्कनेरको १६ रोपनी सार्वजनिक जग्गा पनि यालाछें व्यासीका **कान्छा सुवालको नाममा दर्ता** गरी बेचबिखन गरिएको खारेज गर्नु आवश्यक छ ।

**यसरी व्यक्तिको नाममा दर्ता गरिएको सार्वजनिक कमलपोखरी र जग्गा मालपोत कार्यालय भक्तपुरले बदर गर्नु जरुरी छ ।** भक्तपुरको साविक २१ ओटा गाविसमा रहेको ६५,६८३ रोपनीभन्दा बढी सार्वजनिक जग्गा र पोखरी तथा भक्तपुर नगरपालिकामा रहेको २०३६ रोपनी सार्वजनिक जग्गा र पोखरी संरक्षण गर्न स्थानीय जनता पनि जागरुक हुनु जरुरी छ । **काठमाडौँ ललितानिवासको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरेका तत्कालीन प्रमहरू माधवकुमार नेपाल र बाबुराम भट्टराई दुवैलाई कारबाही नभएकोमा जनताको गुनासो छ ।** सार्वजनिक जग्गा र पोखरी व्यक्तिको नाममा दर्ता गरेका र बेचबिखन गराएका सम्बन्धित कर्मचारीमाथि कारबाही हुनु जरुरी छ ।

*स्रोत : 'मजदुर' दैनिक*

# पढाइ कक्षा ६, पढाउँछन् इन्जिनियरिङ



लीला श्रेष्ठ

## न्यातपोल, भैरवनाथलगायत पाँच दर्जनभन्दा बढी मन्दिर र पाटी पौवामा समेत जगतवीरको कला

भक्तपुर – उमेरले सात दशक पार गर्दै छन् । तर, सक्रियता तन्नेरीको भन्दा कम छैन । बाजे बिकुलाल र बुबा जगतलालले धान्दै आएको पुर्ख्यौली पेसा 'सिकर्मी' सँग उनको सङ्गत १२ वर्षको उमेरदेखि नै भयो । कक्षा ६ सम्म मात्र औपचारिक अध्ययन गरेका उनको सीपलाई शिक्षाको स्तरले मापन गर्न सकिँदैन ।



यी जोसिला कर्मवीर हुन्, जगतवीर शिल्पकार । उनी भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका आर्किटेक्ट इन्जिनियरिङका विद्यार्थीलाई काठसम्बन्धी परम्परागत प्रविधिको प्रशिक्षण दिन्छन् । यो कलेजबाट बर्सेनि ९० जना विद्यार्थीले उनीबाट सीप सिक्ने गरेका छन् । 'अहिलेको मान्छेले मौलिक शैलीमा काठ जोड्न जान्दैनन्,' उनी भन्छन्, 'विद्यार्थीलाई वार्षिक ३ महिना काठ ज्वाइन्टसम्बन्धी सीप सिकाउँदै आएको छु ।'

२०५७ सालबाट उनले कलेजका विद्यार्थीलाई मौलिक तथा परम्परागत प्रविधिको प्रशिक्षण दिँदै आएका हुन् । प्राचीन तथा ऐतिहासिक मठमन्दिरमा फलामको प्रयोग गरिँदैन । फलामको प्रयोग नगरी कसरी काठ बाँध्न सकिन्छ भनेर उनी विद्यार्थीलाई ज्ञान बाँड्छन् ।

जगतवीर अहिले निर्माणाधीन ख्वप अस्पतालको बुट्टेदार ढोका र आँखीझ्याल कुँदिरहेका छन् । धागो बनाउने चर्खा, कपडा बुन्ने तानबाट सुरु भएको उनको सीप भक्तपुरको विश्व प्रसिद्ध न्यातपोल (पाँचतले) मन्दिर, भैरवनाथ, साँखुको बज्रयोगिनी, खोटाङको हलेसी महादेव, बनेपाको चण्डेश्वरी, नाला भगवती मन्दिरलगायत ६० भन्दा बढी ऐतिहासिक मन्दिर र पाटीपौवामा सजिएको छ ।

ऐतिहासिक सम्पदाको पुनर्निर्माण र जीर्णोद्धारमा पनि उनी त्यत्तिकै सक्रिय छन् । भक्तपुरकै तौमढीको भैरवनाथ मन्दिर जीर्णोद्धारमा उनले दुईपल्ट नेतृत्व लिए । २०५१ सालमा भैरवनाथको जीर्णोद्धार गरेका उनले २०७२ वैशाखको भूकम्पले क्षति पुगेको मन्दिरलाई उसैगरी ठड्याउनमा मिहिनेत गरे । '२०५१ अघि भैरवनाथमा सल्लाको काठ जडित थियो, चोरमारा पुगेर सालको काठ ल्याई आफैले फेरेँ,' उनले सम्झिए । जगतवीर नेतृत्वको टोलीले ख्वप कलेजको पाँच ओटा भवन बनाएको छ । निर्माणाधीन ख्वप अस्पताल भवनमा खटिएका सिकर्मीको नेतृत्व पनि उनैले गरिरहेका छन् ।


सन् २००३ मा जर्मनीको ह्यामबर्गको ह्यागनबेक पार्कमा नेपाल प्याभिलियनमा तीनतले प्यागोडा शैलीको मन्दिर बनाउँदा जगतवीर त्यसको नाइके थिए । 'दाची अप्पा, बुट्टेदार काठ, ढुङ्गालगायत निर्माण सामग्री यहीँबाट लगेर जर्मनीमा तीनतले मन्दिर बनायौँ,' उनले दङ्ग पर्दै सुनाए, 'पुर्ख्यौली पेसाले विदेशमा समेत सीप देखाउन पाइयो ।'

नगरपालिकाले मौलिकशैलीको घर बनाउनेका लागि इँटा र काठमा ३५ प्रतिशत अनुदान दिँदै आएको छ । यसले सिकर्मीहरूलाई प्रोत्साहन मिलेको छ । विश्व प्रसिद्ध मठमन्दिर, बिहार, पाटी, सत्तल, कलेज, अस्पतालमा आफूले कुँदेको सीप सजिएको देख्दा ऊर्जा थपिने बताउने जगतवीरको नाम भने ती संरचनामा कतै भेटिन्न । 'यही सीपले बाँचेँ, मुलुक घुमेँ, यसैमा सन्तुष्ट छु,' उनले भने, 'नाम होइन, काममा विश्वास लाग्छ, नगरपालिकाले सीपको कदर त गरेको छ ।'

उनले सिकर्मी पेसाबाटै ६ छोरी र ३ छोराको शिक्षादीक्षा धानेका छन् । उनका तीन छोरा मोहन, चन्द्रराम र नवीनले पनि पुर्ख्यौली पेसा अपनाएका छन् ।

*स्रोत : कन्तिपुर, कार्तिक ५ गते*

# जर्मन सम्पदाविद्को घरफिर्ती



देवेन्द्र भट्टराई



**'भक्तपुर संसारकै ठूलो लाइभ-म्युजियम'**-निल्स गुत्सो, (नेपाली मठमन्दिर, चैत्य र वास्तुकला विश्वमा चिनाउने)

भक्तपुर – काठमाडौं उपत्यकामा हिप्पी जमातको प्रवेश हुनुअघि सन् १९६२ मै नेपाल छिरेका थिए, निल्स गुत्सो (Niel Gutschow)। जर्मनीको हाइडलवर्गमा जेजस्तो सानो गाउँबस्तीमा हुर्केबढेका थिए, भक्तपुरको झौखेलमा बस्ने संयोग जुर्‍यो। त्यस्तै साधारण माटेघरमा उनी बस्दै आएको ५० वर्ष बितेको छ।

सुरुमा हिप्पीझैँ फिरन्ता बनेर, जर्मनीको ह्याम्बर्गबाट ९० दिनको बसयात्रामा दक्षिण-पूर्वी एसियाली मुलुक चहार्न हिँडेका थिए उनी। विश्व घुमेर घर फिरेपछि मात्रै उनले कला, सम्पदा र सभ्यताको महत्त्व बुझेर वास्तुकलाको औपचारिक अध्ययन थाले। ललितपुरका जात्रा, मच्छिन्द्रनाथको रमिता र भक्तपुरका भित्री बस्ती वा बाहिरी गल्लीमा देखिने जीवन्त दैनिकीका माझ गुत्सो पुरै लट्ठी। 'अरूतिर उद्योग, कलकारखाना हुन्छन्,' उनी सम्झन्छन्, 'यो भक्तपुरमा बाटोमै माटोको काम हुन्छ, यही गल्लीमा ढुङ्गा कुँद्ने काम भइरहेको हुन्छ, काठ वा कलाका अरू काम बाटैमा भइरहेका हुन्छन्। बिस्केट जात्रा भन्नुस् वा नवदुर्गा पूजा, भक्तपुरभन्दा ठूलो लाइभ-म्युजियम संसारमै अर्को के हुन सक्ला ?'

आफू १६ वर्षको छँदै गुत्सोले पढेका रहेछन् नेपालबारेको एउटा पुस्तक। जहाँ धौलागिरि, मुस्ताङ आदिबारेको बयान रहेछ। त्यही पुस्तकको पाना पल्टाउँदै उनी मुस्ताङका टुकुचे, मार्फामा गएर केही समय बसे। 'संयोगले म वास्तुकला पढेको जर्मन थिएँ,' उनी भन्छन्, 'त्यहीबेला भक्तपुरको पुजारी मठ प्रबलीकरण गर्ने जर्मन सरकारको एउटा योजना अगाडि बढेको रहेछ। त्यही काममा म पहिलो पटक जोडिएको थिएँ।' कला-सम्पदाको संरक्षण-संवर्द्धन तथा भक्तपुरको आफ्नोपनमा उनी भिजिरिहेका थिए। फेरि पनि सन् १९७४ मा 'अर्बान स्पेस एन्ड रिचुवल्स' विधामा जर्मन छात्रवृत्ति पाएर फेरि भक्तपुरमै किला गाड्न आइपुगे। गुत्सोको जीवनमा अझ गतिलो संयोग के छ भने उनका बुबा पनि जर्मनीमा वास्तुविद्का रूपमा चिनिएका थिए। छोराले भक्तपुरमा गरेको काम हेर्न उनी पनि नेपाल आइपुगेका थिए।

झन्डै ४० वर्षयता गुत्सोका अनन्य मित्र रहेका पत्रकार कनक दीक्षितका बुझाइमा यी सम्पदाप्रेमी गुत्सो नेपाली मठमन्दिर, चैत्य, वास्तुकला र विशेषतः भक्तपुरलाई बाहिरी विश्वमा चिनाउने एक 'आधिकारिक अभियन्ता' हुन्। यी ८० वर्षे अन्वेषकले सोधपरक ढङ्गमा लेखेका नेपाल विषयक कृतिहरू मात्रै पनि अध्ययन-अनुसन्धान जगत्का निम्ति 'अभिलेखीकरण' सरह रहेका छन्। गुत्सोले लेखेका **'द नेप्लिज चैत्य', 'भक्तपुर', 'नेवार टाउन्ज एन्ड बिल्डिङ्ज', 'नेप्लिज आर्किटेक्चर'** सहितका कृति र जर्मन रिसर्च काउन्सिलको सहयोगमा गरिएको गोर्खा, नुवाकोट, मुस्ताङ (काग, खिङ्गा, ते) को वास्तु सम्पदा अभिलेखीकरण इतिहासमै उल्लेख्य छन्।

'नेपालको राणाकालीन समयदेखि, राजा-महाराजा र सन्त-महन्तसम्मैले अध्ययन, ज्ञान वा मोक्षकै निम्ति भारतमा उत्तर प्रदेशको काशीलाई रोज्ने भएकाले त्यसको अन्तर्य पहिल्याउन पनि केही वर्ष त्यता भौँतारिएको थिएँ,' गुत्सोले सुनाए, 'नेपालको गोप्य राजधानी (इनर क्यापिटल) बनारस पो हो कि झैँ लाग्छ।' गुत्सो आफ्नो सम्पदाप्रेम र संरक्षण-संवर्द्धनको अभियान **तारागाउँ म्युजियम** र सर्राफ फाउन्डेसन फर हिमालयन ट्रेडिसन एन्ड कल्चरमार्फत पनि अघि बढाइरहेका छन्। म्युजियमका निर्देशक रोशन मिश्रका अनुसार गुत्सोका धेरै सम्पदा र वास्तुकला खोजका सामग्री म्युजियममा सुरक्षित छन्। नेपाली वास्तुकला र सम्पदाबारेका झन्डै डेढ दर्जन कृति सर्राफ फाउन्डेसनले प्रकाशित गरिदिएको छ। फाउन्डेसनका प्रमुख अरूण सर्राफका बुझाइमा 'निल्स गुत्सो एकजना साधु हुन् जो तप गर्न नेपाल आएका थिए। अब तप-ध्यानपछि घर फिर्दैछन्।'

आजीवन नेपालमै बस्ने र यतै सोध-अन्वेषणमै जीवन बिताउने सोच भए पनि आउने महिना गुत्सो जन्मघर फिर्दै छन्, ८२ वर्षीया श्रीमती साथै लिएर। 'श्रीमती शारीरिक रूपमा निकै कमजोर भइन्, स्वास्थ्य समस्या छ,' गुत्सोले आफ्नो व्यक्तिगत समस्या र कठिनाइ सुनाउँदै भने, 'म आगामी नोभेम्बर पहिलो साता जर्मनी फर्कनेछु, सधैँसधैँ नवदुर्गाको भक्त र ध्यानी भएकाले फेरि पनि नेपाल आउन पाउँला भन्ने झिनो आशा साँचेकै छु।'

तस्बिर : कञ्चन अधिकारी

स्रोत : कान्तिपुर, कार्तिक ९, २०७८

# ‘भक्तपुर’ मासिक भक्तपुर को अलग परिचय

### अम्बिका न्याईच्याई

म सानो बेला मेरो बुबा तत्कालीन वडा नं १७ को नगर पञ्चायतको वडा सदस्यमा निर्वाचित हुनु भयो । त्यसबेला नेमकिपाका किसान नेता ज्ञानबहादुर च्याईच्याई प्रधानपञ्च हुनुहुन्थ्यो । त्यत्तिबेला पञ्चायती व्यवस्था थियो । रातो अक्षरमा ‘पञ्चायत’ भनेर पहिलो गातामा लेखिएको थियो । भित्री पेजको महत्त्वपूर्ण लेखहरूको शीर्षक उल्लेख हुन्थ्यो ।

भक्तपुर नगर पञ्चायतबाट निकाल्ने ‘पञ्चायत’ मासिकमा नेमकिपाका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँको लेख पनि हुन्थ्यो । बसिबियाँलो, जगतसुन्दर मल्लको नेवारी कविता, कार्टुन पढ्ने बानी थियो ।

मलाई सोभियत रुसबाट प्रकाशन हुने ‘सोभियत भूमि’ र चीनको ‘चीन सचित्र’ जस्ता चित्रात्मक पुस्तकहरू पढेको झझल्को अहिले पनि आउँछ । छोराछोरीहरूले विश्वको कम्युनिस्ट देशहरूबारे जानकारी पाओस् भन्ने हेतुले बुबा महिना महिनामा हामीलाई कोसेली ल्याउनुहुन्थ्यो । किताबको महत्त्व नबुझेर हामी ती किताबहरू पाठ्यपुस्तकमा गाता राख्थ्यौं । कति त २०४५ सालको ‘भक्तपुर काण्ड’ मा घरमा खानतलासी हुने डरले छिमेकी काकाको घरमा खाल्डो खनेर हालेका थियौं ।

२०७४ सालको स्थानीय निकायको निर्वाचनमा भक्तपुर नगरपालिकाको १० ओटै वडामा नेमकिपाका जनप्रतिनिधिहरू निर्वाचित भए । निर्वाचित जनप्रतिनिधिहरू आज पनि भक्तपुर नगरको विकासमा पार्टीको घोषणापत्रको लक्ष्य पूरा गर्न लागिरहेका छन् । नगरपालिकाको नीति तथा कार्यक्रमहरूदेखि बैठक, छलफल आदिबारे जनतासामु राख्न ‘भक्तपुर’ मासिकलाई निरन्तरता दिइँदै छ । श्रमिक, मजदुर, किसान, सिकर्मी, डकर्मी, शिक्षक, कर्मचारी, व्यापारीलगायत सम्पूर्णको पहिचान दिने विभिन्न ज्यावल अङ्कित ‘भक्तपुर’ को डिजाइन राम्रै देखिन्छ ।

वडा नं १ वडा कार्यालयबाट मासिक ‘भक्तपुर’ र पाक्षिक ‘ख्वप पौ’ नियमितरूपमा प्राप्त भइरहेको छ । सबैभन्दा पहिले भनपा वडा नं १ परिवारप्रति अध्ययन गरेर सुसूचित हुने मौका दिएकोमा आभार व्यक्त गर्दछु ।

असोजको अङ्क ‘भक्तपुर’ अध्ययन गर्दा मैले धेरै विषयमा जानकारी पाएको अनुभव गरेको छु । कार्टुनले जल्दोबल्दो परिवेशतर्फ ध्यानाकर्षण गरेको छ । ‘एमसीसीको विरोध सडकदेखि सदनसम्म’ शीर्षकको लेख नेपाल सरकारलाई विद्युत् प्रसारण लाइन वितरण र सडक सुधार योजनाको लागि पाँच वर्षमा ५० (पचास) करोड अमेरिकी डलर उपलब्ध गराउने सम्झौतासम्बन्धी लेख हो । नेमकिपाको भ्रातृ सङ्गठन नेक्राविसङ्घ र नेक्रायुसङ्घको संयुक्त आयोजनामा जिल्ला – जिल्लामा विरोध जुलुस र सभा भइरहेको छ, जुन अत्यावश्यक छ । ‘भक्तपुर’ मासिकले पनि यस विषयलाई प्राथमिकताका साथ प्रकाशित गरेको छ । नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालले सदनमा एमसीसीको विरोध गर्दै सरकारलाई खबरदारी गर्दै छन् । संसद्भित्र नेमकिपा एक्लैले प्रखर प्रतिपक्षको भूमिका खेलिरहेको यथार्थ हो ।

‘के विचार सानो र ठूलो हुन्छ र ?’ शीर्षकको विवेकको लेखमा ठूला दलको दुर्गुणबारे उल्लेख छ । दल ठूलो र सानोभन्दा मुख्य विचार र सिद्धान्त हो । जनताको सेवा गर्ने काम कहिल्यै पनि सानो हुँदैन, यो तीतो सत्य हो ।



पार्टी ठूलो बनाउन सांसद अपहरण गर्ने, लोभलालचमा फसाउने, चुनाव जित्न र भोट किन्न करोडौं धन खर्च गर्ने, सत्तामा पुग्न जनतालाई भऱ्याङ बनाउने, ठेक्कापट्टा, भ्रष्टाचार, र घुसमा बिक्ने पार्टी जनताको पार्टी हुनसक्दैन ।

इतिहास र संस्कृतिका अध्येता एवम् लेखक ओम धौभडेलले लेख्नुभएको 'हाडा बिजुक्छेँहरूको इतिहास एक चर्चा' लेख पढ्दा मल्ल राजाहरूको पालामा राज्य व्यवस्था सञ्चालनमा भारदारहरूबीच हुने कलह र हाडा बिजुक्छेँ भारतको राजस्थानबाट सीधै भक्तपुरमा बसाइ सरेको थाहा हुन्छ । डा. वीरेन्द्रप्रसाद कायस्थको 'पायाः न्ह्याकेगु–खड्ग जात्रा' लेखले जात्राबारे सबैलाई जानकारी दिएको छ ।

'बल र धन हुँदैमा परिवारको सदस्यलाई पेल्न पाइँदैन', भन्ने कुशलको लेखबाट जनताको समस्या समाधान गर्नको निम्ति सपर्पित जनप्रतिनिधिहरू कति संयमित, विवेकपूर्ण काम गर्नुपर्छ भन्ने कुरा थाहा हुन्छ । भनपाको वडा नं १ को महत्त्वपूर्ण र ऐतिहासिक भौतिक निर्माण योजनाभित्र परेको 'यसरी पुनः निर्माण हुँदै छ भक्तपुरको रानीपाखरी', शीर्षकको रेणु त्वानाबासुको लेखमा फोटोसमेत क्षेत्रफल, लागत, उपभोक्ता समितिका अध्यक्षहरूको भनाइ उल्लेख भएको पाइन्छ । रानीपोखरीको क्षेत्रफल १५ रोपनी ५ आना २ पैसा रहेछ । यो काठमाडौँको रानीपोखरी भन्दा ४० वर्षअगाडि निर्माण भएको रहेछ । भक्तपुरका राजा जगज्र्योति मल्लले १६८७ सालमा आफ्नी रानी राजलक्ष्मीको सम्झनास्वरूप उक्त रानीपोखरी बनाउन लगाइएको उल्लेख छ ।

भक्तपुर नपामा रहेका ११९ ओटा पोखरीहरूमध्ये सिद्धपोखरी (न्हुःपुखू), भाज्यापुखू, नःपुखू, तेखापुखू महत्त्वपूर्ण छन् । यी पोखरीहरूलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न आवश्यक छ । कृषि विशेषज्ञ सविन ख्याजूको 'कृषिमा रोगकीरा परीक्षणको आवश्यकता' लेख कृषि आयामसित सम्बन्धित छ । विश्व पर्यटन दिवसको अवसरमा नगरभित्रका २० जना सांस्कृतिक गुरुहरूलाई भनपाले गरेको सम्मान र उहाँहरूको फोटोसहितको परिचय पढ्न पाउँदा खुसी छु ।

बीचमा रहेको रङ्गीन फोटो राम्रो लाग्यो । सम्पादकको पृष्ठमा 'लिनेलाई भन्दा दिनेलाई चटारो' मा पद र पैसा पाए जन्म दिने आमा बेच्न प्रतिस्पर्धा गर्न नहिच्किच्याउने सबै पूँजीवादी पार्टीहरू एमसीसीबारे समान धारणा राख्छन् भन्ने उल्लेख गरिएको छ । देश र जनताको भविष्यको लागि एमसीसी सम्झौता खारेज गराउनुको विकल्प छैन । भोलि पछुताउनुभन्दा आज सङ्घर्ष गर्नु ठूलो बुद्धिमानी हुनेछ ।

सम्पादक लक्ष्मण जोशी, सहायक सम्पादक आशाकुमार चिकंबञ्जारलगायत भक्तपुर नपा परिवारप्रति नमन छ ।

**लघुकथा**

# विरोध

– आर.दिक्ती

घडीले बिहानको ११:०० बजेले फड्को मारिसकेको थियो । म खाना खान बुबासँगै पिर्कामा बसेर एक गाँस खाना के मुखमा हाल्न लागेको थिएँ, घरमा टिनटन टिनटन घण्टी बज्यो । मैले झ्यालबाट – 'तल को हो' भनेर हेरेँ । तलबाट – म, के शेर बहादुरजी हुनुहुन्छ ? भन्ने आवाज आयो । मैले नियालेर हेरेँ । मैले उसलाई चिन्न सकिनँ । मैले भनेँ – 'बुबा त खाना खाँदै हुनुहुन्छ । केही छिन पर्खनुस्' भनेर बुबालाई बोलाउनु भएको छ भनेर बुबालाई भनेँ । बुबाले भन्नुभयो – 'को आएको रहेछ ?'

मैले भनेँ – 'खै मैले त चिनिनँ, अनुहार गोरो गोरो कपाल खैरो खैरो छ ।'

बुबाले भन्नुभयो – 'ए त्यसो भए पक्कै पनि भुइचा होला । बुबाले झ्यालबाट हेर्दै – 'भुइचा त हो नि । हेलो, मित्र माथि नै आउ न ।' भुइचा माथि आउँछ । बुबाले भुइचालाई 'खाना खाएर आएको हो ?' भनेर सोध्नुभयो । भुइचाले 'अं नास्ता त गरेर आएँ' भनेर जवाफ दियो । बुबाले 'अब खाना खाने होइन त ?' भनेर भुइचालाई सोध्नुभयो । भुइचाले खाउँ कि नखाउँ जस्तो गरेर 'खाना नखाउँ होला' भन्यो । बुबाले 'खाउ न खाउ' भनेर भन्नुभयो । भुइचा मौन रह्यो । अनि बुबाले – 'ए बुढी भुइचालाई खाना पस्किदेउ' भनेर आमालाई अह्राउनुभयो । आमाले खाना पस्की दिइन् । भुइचा खाना खान शुरु गर्दै थियो बुबाले भन्नुभयो – 'कति दिनको निम्ति काठमाण्डौं आयौ त ?' भुइचाले भन्यो – 'अँ एउटा कामको सिलसिलामा हप्ता दिन जतिको लागि आएको, काम कहिले सकिने हो खै ?'

बुबाले भन्नुभयो – 'त्यसो भए दुइ तीन दिन यतै बस्ने होइन त ?' भुइचाले लगतै 'अँ भई हाल्छ नि । दुई तीन दिन यतै बस्नुपर्ला ।' बुबाले हाम्रो घरको सबै भन्दा राम्रो पाहुना कोठामा भुइचालाई बस्न दिनु भयो ।

भुइचा हाम्रो घरमा बसेको पनि पाँच छ दिन भयो । पाँच छ दिन बितिसक्दा पनि भुइचा फर्कने कुरा गर्दैन । बुबालाई भुइचाले ल्याएको रक्सी र मासु खान पाएर भुइचा नफर्के पनि कुनै समस्या देखाउनु भएन । नियमित जस्तै रक्सी खाएर गफसफ गर्दागर्दै एकदिन उहाँहरू बीच हाम्रो घरको जस्तापाताले छाएको घरमा जस्तापाता हटाई कौसी बनाई सोलार जडान गर्नुका साथै उक्त कौसीमा जान फलामको भऱ्याङ बनाउन भुइचाले रु. ५ लाख सहयोग गर्ने कुरा चल्यो । सो बापत हाम्रो घरको भुइचा बसिआएको कोठा सधैँ भुइचाले प्रयोग गर्ने, उक्त कोठामा आफ्नो इष्टमित्र जो आए पनि राख्न सक्ने, उक्त कार्य योजना भुइचा आफैले गर्ने र गराउने, सो निर्माण कार्यको खर्चको हिसाब किताब खोज्न नपाउने, उक्त कार्य योजना सञ्चालन गर्दा

हाम्रो घरको दक्षिणतर्फका संधियार जो हाम्रो घरजग्गालाई पटक पटक मिच्ने हाकुचाको सहमति लिई गर्ने, निजको सहमति नभए कार्य योजनामा हेरफेर गर्न सक्ने, कौसीमा टायल, चिकंअपा वा प्लाष्टर के गर्ने हो ? भन्ने कुरा भुइचाकै इच्छामा निर्भर हुने। पछि यस सम्बन्धमा विवाद गर्न नपाउने, भुइचाले चाहेमा कुनै पनि बेला उक्त सर्त रद्द गर्न सक्ने र उक्त सम्झौता बीचमै रद्द भएमा खर्च भएको रकम फिर्ता लिनसक्ने जस्ता सर्त राखी मौखिक सम्झौता गरियो। उक्त मौखिक सम्झौतालाई पूर्णता दिन हाम्रो परिवारका सम्पूर्ण सदस्यहरूको सहमतिका साथ लिखित सम्झौता गर्न बुबाले हाम्रो परिवारका सबै सदस्यहरूलाई बैठक कोठामा डाकी भुइचाले राखेको प्रस्तावको बारेमा जानकारी गराई सहमति जनाउन बुबाले आदेश गर्नुभयो। बुबाको आदेशलाई आमाले अस्वीकार गर्ने कुरै भएन। एकैचोटि सोच्दै नसोची आमाले समर्थन जनाउनु भयो। बुबाको उक्त आदेश र आमाको समर्थनलाई तत्काल इन्कार गर्दै मैले बुबाआमालाई उक्त सम्झौता हाम्रो घरको हितमा नभएको, हाम्रो घरमा हामीले आफू खुसी गर्न नपाउने, भुइचाले भने जस्तै बस्नु पर्ने, हाम्रो घरमा भुइचाले रजाइँ गर्ने साथै बिस्तारै हाम्रो घरको बागडोर भुइचाको हातमा जाने, भुइचाले हाम्रो घरमा खराब मान्छेहरू ल्याएर हाम्रो घरको कौसीबाट भुइचालाई मन नपराउने उत्तरतर्फका संधियार तुयु काकाको घरमा ढुङ्गामुढा गर्न सक्ने भएकोले यो सम्झौता गर्न नहुने हुँदा यो सझौता नगर्नु हुन अनुरोध गरेँ। ठूलो दाइको छोरालाई भुइचाले विदेश पठाई दिने कुरा गरेको हुँदा ठूलो दाइले मौन स्वीकृति दिनुभयो। माइलो दाइले उक्त निर्माण कार्य गर्ने बेलामा सामानहरू किनमेल गर्न पठाउँदा केही छ्वाय् (कमिसन) खान पाइएला कि भनी केही बोल्नु भएन। भाइले मैले विरोध गरेकै छ, म छँदै छु नि भनेर चुप लाग्यो। दिदी तटस्थमा बस्नुभयो। बहिनी बालकै भएको हुँदा सो बारेमा केही थाहा नभएकोले के नै बोल्थिन् र। उक्त सम्झौताको विरोधमा बोल्ने म नै एकजना भएँ। म एकजना मात्र भए पनि कडा ढङ्गबाट प्रस्तुत भएको हुँदा त्यो दिन सम्झौता भएन। त्यसपछि बुबाले यस विषयमा पुनः छलफल गरौँला भनी बैठक टुङ्ग्याउनु भयो। बुबाले भुइचाले ल्याएको मासु र रक्सीको स्वाद बिर्सन नसकी भुइचा र बुबा मिली म बाहेक अरू सम्पूर्ण सदस्यहरूको सहमति लिई उक्त कार्य योजनाको सम्झौता गर्न सक्ने खतरालाई मध्यनजर गरी मैले दाजुभाइ र दिदी बहिनी सबैलाई सम्झाउन प्रयत्न गरिरहेँ। भुइचाको स्वार्थको बाधक म देखिएकोले राति म खातमा पल्टिरहेको बेला भुइचा र भुइचाको दुई जना मान्छे आएर एकजनाले मेरो खुट्टा समाते। एकजनाले मेरो दुइटा हात समाते। भुइचा अनुहारमा कालो मोसो दलेर ठूलो तरबार हातमा लिई मेरो अघि बढ्यो। म तिनीहरूको हात फुट्काउन छट्पटाएँ। तिनीहरूले अँठ्याएर समाएको हुनाले म तिनीहरूको हात फुट्काउन असमर्थ भएँ। भुइचा अगाडि बढ्दै म सामु आयो। अनि भन्न थाल्यो – 'तँ नै होइन मेरो योजना र उद्देश्यलाई असफल पार्न खोज्ने ? मेरो योजना र उद्देश्यलाई ज-जसले असफल पार्ने प्रयास गरेका छन्, उ-उसलाई मैले सिध्याएको छु। अब म तिमीलाई पनि बाँकी राख्दिन' भनेर भुइचाले तरबार उठाएको मात्र थियो, म निद्राबाट झसङ्ग भएँ। मेरो शरीर पसिनाले पानी पानी भयो। म ओछ्यानबाट निस्की मुख धोई एक्लै त्यो डरलाग्दो सपनाको विषयमा एकोहोरो सोच्दै थिएँ, ठूलो आवाज मेरो कानमा घन्कियो। मेरो एकाग्रता भङ्ग भयो। मैले झ्यालबाट हेरेँ। 'एमसीसी खारेज गर – खारेज गर, खारेज गर। भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद मुर्दावाद – मुर्दावाद, मुर्दावाद। विदेशी हस्तक्षेप बन्द गर – बन्द गर, बन्द गर' जस्ता नाराका साथ जुलुस आइरहेको थियो। म कहिल्यै कुनै हुलमूल र जुलुसमा नजाने मान्छे, तर त्यस दिन म पनि त्यो जुलुसमा समाहित हुन दौडेर सडकमा पुगेँ र 'एमसीसी मुर्दावाद – मुर्दावाद, मुर्दावाद। एमसीसी चाहिँदैन–चाहिँदैन, चाहिँदैन' भनी नारा घन्काउन पुगेँ।

## b0{uhn

–नरेन्द्रप्रसाद जोशी

– १ –

नाङ्गोलाई लुगाको रहर भएको छ
भोकालाई जीवन कहर भएको छ।
  एक पछि अर्का नेताजी शिखरमा चढे
  नेताजीहरूको आजभोलि लहर भएको छ।
सोझा सीधाहरूको जमाना रहेन यो
जाली र कपटीको सहर भएको छ।
  आफ्नै स्वार्थमा डुबेका छन् यहाँ पार्टीहरू
  आमा नेपालको लागि यही जहर भएको छ ।
यस्तै रहिरहने हो भने यदि चलन
जुटेर सबै उठ्नु पर्ने ठहर भएको छ॥

– २ –

घर आफ्नै आज बिरानो भयो
निमुखा जनता अचानो भयो।
  राजनीति यो घरको खै के भनूँ
  जति टालेनी चुहिने छानो भयो।
पार्टीबाट आउका देशका मूली
'अन्धाहरूमा राजा कानो' भयो।
  भरेर लिँदा उहाँ पाथी भरी लिन्थे
  हिसाब देखाउँदा भने मानो भयो।
बडेमाको देखेथेँ यो लोकतन्त्र
आज आएर सानोमा 'सानो' भयो॥

# मूस्वां : एक परिचय



सबिन ख्याजू

नेपाल जडीबुटीको लागि उपयुक्त मौसम भएको देश हो। हजारौं थरीका जडीबुटीमध्ये यो वास्नादार बिरुवा ओरिगानो नेपाली संस्कृतिमा पनि आवश्यक छ। यसको नेवारी नाम **मूस्वां** हो। यसलाई वनतुल्सी पनि भनिन्छ। ई.पू. ४६०-३७० मा ओरिगानमको पहिलो प्रयोग ग्रीक चिकित्सक हिपोक्रेट्सले गरेको इतिहासमा पाइन्छ। ग्रीक ओरिगानो अन्य ओरिगानोभन्दा निकै प्रख्यात छ।



ओरिगानो बिरुवा एक महत्त्वपूर्ण बहुवर्षिय जडीबुटी हो। ओरिगानम जेनसमा ७० भन्दा बढी स्पेसिसहरुमध्ये लामियसी परिवारमा पर्ने सबैभन्दा प्रख्यात ओरिगानोको वैज्ञानिक नाम ओरिगानम् भल्गारी (Origanum vulgare L.) हो। मेडिटेरेनियन, युरासियाको पश्चिमी र दक्षिणपश्चिम र इरान टुरानियन क्षेत्रमा यो बिरुवा व्यापक फैलिएको छ। यस बिरुवाको उचाइ २०-९० से. मि. हुन्छ। यसको पात अण्डाकार १०-४० मिमि लम्बाइ र ५-२५ मिमि चौडाइको हुन्छ।

विभिन्न देशहरुमा यसको खेती, प्रविधि र यसमा भएको तेलको जैविक विशेषताहरुको अध्ययन र अनुसन्धानहरुमा वृद्धि भएको छ। हाम्रा चाडपर्वहरुमा यसको प्रयोग नियमित रुपमा भइरहेको छ तर नेपालमा यसको व्यावसायिक खेती र उत्पादन भएको छैन। यसको प्रशोधनबाट तेल निकाल्ने कार्य गर्न सके उद्योगको नयाँ आयाम खोल्न सकिन्छ। यसको लागि अनुसन्धान र खेती विकास गर्नु आवश्यक छ।



### ओरिगानोको प्रयोगहरु

- यसबाट १.१ देखि ८.२ प्रतिशतसम्म तेल निकाल्न सकिन्छ जुन अरु जातमा भन्दा १० गुणासम्म बढी हो।
- ओरिगानोको तेलमा ५० भन्दा धेरै लाभदायक रासायनिक तत्त्वहरु छन्। तीमध्ये यसमा पाइने प्रमुख रसायनमा कार्भाक्रोल र थिमोल हुन्। यसमा शाकाणुप्रतिरोधी, ढुसीप्रतिरोधी, विषाणुप्रतिरोधी, सुन्निनुबाट रोक्नेलगायतका विशेषता हुन्छन्। विभिन्न सूक्ष्म जीवाणुहरुविरुद्ध अनेक सफल परीक्षणहरु भएका छन्।
- चीनमा ओरिगानो चिसो, वान्ता, ज्वरो, पखाला, जन्डिस र बाल कुपोषणको उपचारको लागि प्रयोग गरिन्छ। यसको तेलमा कार्भाक्रोल, थिमोल, सि-साइमिन र सि-टर्पिनिनजस्ता औषधीय गुण भएका रसायन पाइन्छन्।
- ओरिगानोको तेल वासनादार साबुन बनाउन, लोसन र पर्फ्युम बनाउनमा प्रयोग गर्ने गरिन्छ।
- यसमा एन्टिअक्सिडेन्टको मात्रा अत्यधिक हुन्छ। मानिसमा यसको सफल परीक्षण गरिएको छ। ओरिगानोको सुकाएको पात र फूलहरु मानिस र पशुको आहारामा मिसाएर प्रयोग गरिएको पाइन्छ।
- काँक्रोको जरामा जुकाबाट हुने गाँठो रोग नियन्त्रणमा ओरिगानोको तेलले प्रमुख तत्त्वको रुपमा भूमिका खेलेको पाइन्छ।

- ☐ वास्नादार जडीबुटी भएकोले बगैंचामा यो बिरुवा रोप्नु निकै लाभदायक हुन्छ ।
- ☐ यो बिरुवाको परम्परागत प्रयोग निकै प्रख्यात छ । जस्तैः नेवार समुदायको कूल पूजा (देवाली पूजा) ।

## खेती प्रविधि

ओरेगानो वर्षको २–३ पटक प्रति वर्ष टिप्न सकिन्छ । ग्रीस र बुल्गेरियामा यसको खेतीको मूल उद्देश्य तेल निकाल्नु हो । जाडो मौसममा बिरुवाको माथिल्लो भाग काटिन्छ भने जरालाई जमिनमै बाँकी राखिन्छ । उपयुक्त समयमा यसबाट नयाँ पालुवा निस्कन्छ । यस बिरुवाले चिसो र सुख्खा माटो सहन सक्छ ।

## मौसम र माटो

यो बिरुवाको वृद्धिविकासको लागि १८–२२ डिग्री सेल्सियस तापक्रम, ०.४–२.७ मिलिमिटर वर्षा र ४.५–८.७ पि. एच्. उपयुक्त हुन्छ । माटोको पि.एच्. ६.८ सबैभन्दा उपयुक्त देखिन्छ । एक वर्ष पुरानो पूर्ण विकसित जरा भएमा ४ भन्दा तल र ३३ डिग्री सेल्सियसभन्दा माथि बिरुवाको हुर्काई राम्रो हुन सक्दैन । यो बिरुवा धेरै थरीको माटोमा हुर्कन सक्छ तर पानी जमेको हुनु हुँदैन । समुद्री किनारदेखि उच्च हिमाली भेगसम्म पनि यो फैलिएको पाइन्छ । यो बिरुवालाई चर्को घाम वा थोरै घाममा पनि हुर्काउन सकिन्छ । बिरुवामा धेरै तेल सञ्चय हुन लामो दिन (१२ घण्टाभन्दा बढी) आवश्यक हुन्छ ।

## जग्गा तयारी र बिरुवा रोप्ने

ओरिगानोलाई बीउ वा टुक्रा काटेर वा लेयरिङ गरी रोप्न सकिन्छ । बिरुवा रोप्ने जमिनको गहिरो खनजोत गर्ने र रोप्नु अगाडि हल्का खनजोत गर्नु पर्दछ । यो बिरुवाको बीउ निकै सानो (१००० दानाको ०.२०–२५ ग्राम) हुन्छ । यसको बीउको उमारशक्ति निकै कम हुने, एकनासको नहुने र ढिलो उत्पादनका कारण व्यावसायिक खेतीमा बीउबाट उत्पादन गर्नुभन्दा, बरु डाँठको टुक्राहरु रोप्नु उपयुक्त हुन्छ । यसबाट वंशानुगत विशेषता कायम रहन्छ । भर्खर सारेको बेर्नालाई तुसारोबाट जोगाउनु आवश्यक हुन्छ ।

बीउबाट खेती गरिँदा बेर्ना माघ–फाल्गुणमा सारिन्छ । व्यावसायिक खेती गरिँदा प्रति वर्ग मिटर ८–१० ओटा बिरुवा आवश्यक हुन्छ । बिरुवा-बिरुवाको दूरी ३०–४० सेमि र लाइन–लाइनको दूरी ६०–८० सेमि हुनु पर्दछ । यसमा प्रति एकाई क्षेत्रमा बिरुवाको सङ्ख्याले उत्पादनमा प्रत्यक्ष असर पुऱ्याउँछ ।

## मलजल

ओरिगानो थोरै मलमा पनि हुर्कन सक्छ तर उत्पादनमा वृद्धि गर्न मलजलको महत्त्व हुन्छ । एक हेक्टरमा गरिएको ओरिगानो खेतीले २५–८६ किलो नाइट्रोजन सोस्दछ । पहिलो बाली लिइसकेपछि मलजल थप्नु पर्ने हुन्छ । नाइट्रोजन, फोस्फरस र पोटासियमबाहेक सोडियम र कपर मल पनि प्रयोग गरिनु पर्दछ ।

ओरिगानोले सुख्खा सहन सक्ने भएकोले सिँचाइ सुविधा नभएको स्थानमा वा प्राकृतिक रुपमा पनि खेती गर्न सकिन्छ । सामान्यतया बिरुवाले राम्रो जरा लिइसकेपछि कम पानीमा पनि हुर्कन सक्छ । बिरुवा रोपेको जमिनमा पानीको निकासमा ध्यान दिनु आवश्यक छ ।

## झार र रोगकीरा व्यवस्थापन

बिरुवाले राम्रो मल, ठाउँ, पानीलगायत पाउनको लागि झार नियन्त्रणमा ध्यान दिनु आवश्यक छ । बिरुवा माटोमा स्थापित हुने समयमा झार नियन्त्रण महत्त्वपूर्ण हुन्छ । वर्षमा २–३ पटक गोडमेल गर्दा बिरुवाको हुर्काइ राम्रो हुन्छ । यो विरुवामा ढुसीजन्य रोगहरु (Fusarium oxysporum, F. solani, Phytopthera sp., Pythium sp., Pucinnia sp.) ले बढी असर गरेको हुन्छ ।

## काटछाट र टिप्ने

बेर्ना सार्ने बेलामा टुप्पा काट्ने गरिन्छ । यसबाट नयाँ पालुवाहरु धेरै निस्कन्छ । ओरिगानो बिरुवामा फूल फुल्न थालेपछि टिप्ने गरिन्छ । पहिलो टिपाई गर्दा जमिन सतहभन्दा ५–८ सेमिमाथि काट्नु पर्दछ । दोस्रो बाली लिनको लागि पहिलो बाली लिने बित्तिकै सिँचाइ गर्नु पर्दछ । तेल निकाल्नको लागि फूल पूरै फुलिसकेपछि र जडीबुटीको लागि फूल फुल्न थालेको समय राम्रो हुन्छ ।

अन्तिममा, ओरिगानो बिरुवाको माग विश्वमा अत्यधिक छ । यो वनस्पतिको खेती सजिलो छ । यो बिरुवा उत्पादनको लागि नेपालको मौसम अत्यन्त अनुकुल भएकाले यसको उत्पादनको सम्भाव्यता अध्ययन गर्ने र खेतीलाई कार्यान्वय गरिनु आवश्यक छ । ओरिगानोमा अत्यधिक औषधीय गुण भएकाले यसमा अनुसन्धान केन्द्रित गर्नु जरुरी भएको छ । नेपाललाई आत्मनिर्भर बनाउन सम्भव भएका सबै वस्तुको औद्योगिक उत्पादन नेपाली लगानीबाट नै बढाउन सक्नु पर्दछ । यसको उत्पादनसँगसँगै रोजगारीमा पनि व्यापक वृद्धि ल्याउँछ । यसरी देशको कुल ग्राहस्थ उत्पादन बढाउन सकिन्छ ।

### सन्दर्भ सामग्री


- Oregano and Marjoram, An Herb Society of America Guide to the Genus origanum. 2005.
- Alekseeva, M et. al.,2020. Origanum vulgare L. a review on genetic diversity, cultivation, biological activities and perspectives for molecular breeding. Bulgarian Journal of Agricultural Science.
- Skoufogianni, E. et. al. 2019. Ecology, Cultivation and Utilization of the Aromatic Greek Oregano (Oreiganum vulgare L.): A review.


तस्बिरः इन्टरनेटबाट

(khyajusabin@gmail.com)

# रानीपोखरी जीर्णोद्धार र ह्वाङ ह्वाङ पाटी पुनः निर्माण



आ. सरिता धुख्वा

भक्तपुर सहर विभिन्न मूर्त तथा अमूर्त सम्पदाले समृद्ध छ। यी सम्पदाहरू मानवजातिकै जनजीवनसँग खडा भएको छ। यसैकारण कतिपय सम्पदाहरूलाई तिनकै मौलिक शैली र स्वरूपमै जीर्णोद्धार तथा पुनःनिर्माण गर्न भक्तपुर नगरपालिकाले विशेष महत्त्व दिएको पाइन्छ।

भक्तपुर नगरमा विभिन्न ठूला र साना पोखरीहरू रहेका छन्। ती मध्ये भक्तपुर नगरको पश्चिमतिर रहेको रानीपोखरी (न्हु पुखू) को संरक्षण तथा पुनर्जीवन दिएर भक्तपुर नगरपालिकाबाट एक उदाहरणीय कार्य भएको छ। रानीपोखरीको संरक्षण कार्य वि.सं. २०७५ वैशाखबाट त्यहाँ रहेको घाँस, झारपातको सरसफाइबाट सुरू भयो। त्यस पश्चात् पोखरीको नाप जाँच कार्य गर्न भक्तपुर नगरपालिका र नेपाली सेनाबीच समन्वय भएको थियो।



Gx'kV'hL0ff]4f/ cl3 3f;]dbfg

ऐतिहासिक तथा पुरातात्त्विक अध्ययन टोलीद्वारा उत्खनन कार्यहरूमा विभिन्न पुरातात्त्विक अवएवहरूको गहन अध्ययन गरियो। यसै अध्ययन तथा उत्खननका आधारमा रानीपोखरीको संरक्षण तथा पुनर्जीवन दिने कार्य अघि बढेको हो। पोखरी वरिपरि ३'-०'' जग र २'-०'' मोटाइको सीमा पर्खाल बनाइएको र चुना सुर्खीबाट प्लाष्टर गरिएको छ। पर्खाललाई बलियो तथा टेकोको रूपमा पर्खाल बाहिर चारैतिर सलामी स्लोप बनाइएको छ। हाल सीमा पर्खाल पूर्व-पश्चिम ३८४ फिट र उत्तर दक्षिण २२४ फिट रहेको छ। पोखरीको मध्य भागमा खण्डित अवस्थाको १४''-१५'' काष्ठ स्तम्भ रहेको छ जुन वासुकी स्तम्भ भनी अध्ययन टोलीद्वारा प्रमाणित भएको थियो। यही स्तम्भलाई पुनः जीवन दिन ७ फिट उचाइको नयाँ वासुकी स्तम्भ हातीपाईले जोर्नीद्वारा त्यहाँ रहेको काष्ठ स्तम्भमा जडान गरिएको छ। साथै ५ फिट उचाइको तामाको नाग पूर्व दिसातिर फर्काइ नयाँ काष्ठ स्तम्भमाथि जडान गरिएको छ। त्यस्तै पोखरीको पहिलो पथमा (Pedestrain) इँटा छपाइ, दोस्रो पथमा कालो माटो भर्ने र इँटा छपाइ, पथको स्लोपमा माछा काँडे शैलीमा इँटा छाप्ने कार्य भइरहेको छ। पोखरीतिर जाने पेटी तथा खुड्किलाहरू उत्खनन कार्यको आधारमा चारै दिसातिर ढुङ्गा तथा इँटा प्रयोग भएको छ। रानीपोखरीको भित्री भागको उत्तरतिर पहिलो पथमा प्रजापति समुदायको कुल देवताहरू रहेका छन्। जीर्णोद्धारको क्रममा इँटा छपाइ गरी कुल देवताहरू यथास्थानमै राखिएको छ। रानीपोखरीको मुख्य स्रोतको रूपमा अहिले सम्मकै लागि आकाशको पानी नै मानिएको छ। पानीको सतह बढी भएको अवस्थामा पश्चिममा रहेको ६ इन्चको दुईओटा पाईपद्वारा निकास (overflow) हुने व्यवस्था रहेको छ।

## ह्वाङ ह्वाङ पाटी

रानीपोखरीको दक्षिणतर्फ ह्वाङ ह्वाङ पाटी अवस्थित छ जसलाई सिंहफले पनि भन्ने गरिन्छ। जीर्ण अवस्थामा रहेको यस पाटी वि.सं. २०५६-०५७ सालतिर वर्षातका कारण पाताल अवस्थामा पुगेको थियो। रानीपोखरीको स्थापनाकालदेखि नै यो पोखरीको अभिन्न अङ्कको रूपमा सत्तल वा पाटी थियो। भक्तपुरमा रहेका अरू पाटी सत्तलभन्दा यसले अलि बेग्लै वास्तुकला बोकेको देखिन्छ। यस पाटीको भुइँ तलामा बास बस्न मिल्ने र माथिल्लो तलामा दशओटा कलात्मक काष्ठथाम रहेको पाटी थियो। पाटीभित्र बसेर कुरा गर्दा ह्वाङ ह्वाङ आवाज आउने हुनाले 'ह्वाङह्वाङ पाटी' नामबाट चिनिन्न पुग्यो। (रानीपोखरी अध्ययन प्रतिवेदन, २०७७)

यो पाटी भक्तपुर नगर प्रवेश गर्ने पश्चिमतिरको मुख्य स्थानमा अवस्थित रहेको छ। यसलाई ध्यानाकर्षण गरी भक्तपुर नगरपालिकाले अहिले रानी पोखरी र ह्वाङ ह्वाङ पाटीको पुनः जीर्णोद्धार कार्य थालेको छ। विभिन्न उत्खनन, अध्ययन र पुराना तस्बिरहरूको आधारमा ह्वाङ ह्वाङ पाटीको

प्रस्तावित नक्सा भक्तपुर नगरपालिका अन्तर्गत सम्पदा शाखाद्वारा तयार गरिएको छ। उत्खननको क्रममा पाटीको अवशेष अर्थात जग भेटिएको अनुसार पाटीको १७'-३'' x १४'-८'' साईजको आयातकार रहेको छ। पाटीको दायाँ बायाँ रानीपोखरी भित्र जाने खुड्किला ४'-७'' को पूर्व र पश्चिममा रहेको छ। भुइँ तलाको बीचमा २'-०'' x २'-०'' गारो भेटिएको छ। पाटीको निर्माण परम्परागत शैलीअनुसार चुना सुर्खी मसला र मा अप्पा प्रयोग गरी पूर्व, पश्चिम र दक्षिणमा २'-०'' र उत्तरतिर २'-९'' गारो लगाइएको छ। साथै भुइँ तलाको बीचको गारोमा कुं थाम (४'' x ४'') र चौका (४'' x ४'') को प्रयोग गरी प्राविधिक हिसाबले बलियो गरिएको छ। पाटीको दक्षिणमा मुख्य द्वारमा उत्खननको



Gx'kV'hl0f{4f/ cl3 v8\snfsf]cj:yf

क्रममा भेटिएको तोरणाकार प्रवेशद्वारको पुनः प्रयोग गरी द्वार बनाइएको छ। माथिल्लो तला पाटी शैलीमा रहेको जसमा ४'' नागो चारैतिर साथै पूर्व उत्तर र दक्षिणमा १० ओटा कलात्मक काष्ठथाम, ९ कवलको खुल्ला दलान तथा पश्चिमतिर र बीचमा १'-३'' गारो रहेको छ। छाना चार पाखे रहेको छ। यसैगरी यस पाटीको पुनःनिर्माण कार्य दोस्रो तलाको थाम उठाउने काम भइरहेको छ।



Gx'kV'hl0f{4f/ ul/b}

रानीपोखरी संरक्षण तथा जीर्णोद्धार कार्यको अर्को राम्रो पक्ष पोखरीलाई अपाङ्गमैत्री बनाउने काम पनि भएको छ। ह्वाङ ह्वाङ पाटीको पश्चिमतिरको खुड्किला सँगै स्लोप (Ramp) को ब्यवस्था गर्ने प्रस्तावित छ। साथै पोखरीको पश्चिममा पुलको निर्माण भैसकेको छ। यो कार्य अन्य जीर्णोद्धार र निर्माण कार्यको लागि पनि उदाहरणीय हुने देखिन्छ। निर्माणकै क्रममा पोखरीको उत्तर र पूर्व दिशातिर पाटी तथा प्रवेशद्वारको प्रस्तावित कार्य पनि सुचारू भएको छ। रानीपोखरी जीर्णोद्धार पहिलो, दोस्रो र तेस्रो चरण गरी उपभोक्ता समितिद्वारा कार्य भइरहेको छ। सम्पदा संरक्षण तथा जीर्णोद्धार अन्तर्गत भक्तपुरको रानीपोखरी एक महत्त्वपूर्ण कार्यको रूपमा लिन सकिन्छ।

भक्तपुरमा रहेका पोखरीहरू मानव जनजीवनसँग धार्मिक तथा सांस्कृतिक रूपमा जोडिएको छ। पोखरीहरूले वातावरणीय सन्तुलन कायम गर्न पनि टेवा पुऱ्याउँछन्। साथै मानवका आवश्यकता पूरागर्न उपयोगमा ल्याउन सकिने एक सरल र सुन्दर प्राकृतिक साधन पनि हो। तसर्थ रानीपोखरीलाई पुरानो शैली स्वरूपमा जीर्णोद्धार गर्ने कार्य भक्तपुर नगरपालिकाको एक ऐतिहासिक कार्य सफलताको रूपमा लिन सकिन्छ।

तस्बिर : लेखिका

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७८ असोज १४ गते, बिहीबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सचिव श्री रामलाल श्रेष्ठ | ऐ |

## निर्णयहरू

### अनुमोदन

भक्तपुर नगरपालिकाको आ.व. २०७८/०७९ का पूर्वाधार निर्माण कार्यका लागि सिभिल दररेट विश्लेषण, सडक निर्माण दररेट विश्लेषण, स्यानिटरी दररेट विश्लेषण, सडक बोर्ड नेपाल दररेट विश्लेषण र इलेक्ट्रिकल दररेट विश्लेषणसहित मिति २०७८।०६।१३ गते बसेको नगर दररेट समितिको **निर्णय अनुमोदन** गर्ने निर्णय गरियो ।

### नक्सा सूचीकृत

भक्तपुर नगरपालिकाको 'साविक मापदण्डअनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचीकरण सम्बन्धी कार्यविधि– २०७७ अनुसार नक्सा पास र सूचीकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भै नक्सा सूचीकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका बैठकमा पेश भएका निम्न विवरणअनुसारका पास हुने नक्सा जम्मा २६ ओटा र सूचीकृत हुने नक्सा जम्मा ३१ ओटा गरी जम्मा नक्सा सङ्ख्या ५७ पास/सूचीकृत गर्ने निर्णय गरियो ।

### समितिका निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

#### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति : २०७८।५।२७ गते**

क. विश्व पर्यटन दिवस (September 27) को अवसरमा देहाय बमोजिमको मिति, समय र स्थानमा एक कार्यक्रम गरी प्रत्येक वडाबाट २/२ जनाको दरले जम्मा २० जना सांस्कृतिक **गुरुहरूलाई सम्मान गर्ने** निर्णय गरियो ।

**मिति : २०७८।६।८ गते**

क. विश्व पर्यटन दिवसको अवसरमा यही २०७८ असोज ११ गते आयोजना गरिने कार्यक्रममा प्रत्येक वडाबाट २/२ जनाको दरले देहाय बमोजिमका सांस्कृतिक गुरुलाई सम्मान गर्ने निर्णय गरियो–

| क.सं. | वडा नं. | सांस्कृतिक गुरुको नाम |
|---|---|---|
| १ | १ | गोविन्द भुजु |
| २ | " | विकुबहादुर दुवाल |
| ३ | २ | लक्ष्मीभक्त कुस्मा |
| ४ | " | विष्णुभक्त सुवाल |
| ५ | ३ | लक्ष्मीप्रसाद मानन्धर |
| ६ | " | गणेशबहादुर त्वायना |
| ७ | ४ | मंगलाल ग्वाछा |
| ८ | " | लक्ष्मीभक्त घेमोसु |
| ९ | ५ | रामलाल माक |
| १० | " | रत्नभक्त ध्वजु |
| ११ | ६ | विष्णु सुवाल |
| १२ | " | विष्णुभक्त सिजख्व |
| १३ | ७ | दिलबहादुर त्यात |
| १४ | " | इन्द्रबहादुर लाखा |
| १५ | ८ | बुद्धिसागर प्रजापति |
| १६ | " | रामभक्त गणेजु श्रेष्ठ |

| | | |
|---|---|---|
| १७ | ९ | विष्णुभक्त कुसी |
| १८ | " | मानबहादुर चोलेख्व |
| १९ | १० | हरिभक्त मगजु |
| २० | " | शिवभक्त बनमाला |

माथि उल्लेखित सांस्कृतिक गुरुलाई नगरपालिकाको तर्फबाट प्रतिव्यक्ति करसहित रु.२०,०००।- (अक्षेरूपी बीस हजार रूपैयाँ मात्र) सम्मान स्वरूप प्रदान गर्ने निर्णय गरियो ।

## वातावरण तथा पर्यटन समिति

### मिति : २०७८।५।३० गते

क. गाईडहरूलाई **पुनः ताजगी (Refreshment) तालिम** मिति २०७८ असोज ३, ४ र ५ गते सञ्चालन गर्ने र उक्त सञ्चालन गर्ने तालिमको लागि आवश्यक व्यवस्थापन र बन्दोबस्त गर्नको लागि पर्यटन अधिकृत श्री गौतमप्रसाद लासिवालाई रु.५०,०००।- (अक्षेरूपी पचास हजार मात्र) पेश्की लिन लगाउने निर्णय गरियो ।

### मिति : २०७८।६।१४ गते

क. भक्तपुर नगरपालिका अन्तर्गत श्यानिटेशन उपशाखामा कार्यरत सफाइ कर्मचारीहरूबीच हरेक वर्ष झैं यो वर्षको दशैंको पूर्व सन्ध्यामा **शुभकामना आदान-प्रदान** कार्यक्रम आयोजना गर्न श्यानिटेशन उपशाखा प्रमुख दिलिपकुमार सुवाललाई नगद रु.१,००,०००।- (अक्षेरूपी एक लाख रूपैयाँ मात्र) पेश्की प्रदान गर्ने निर्णय गरियो ।

ख. यस नगरपालिकाका विभिन्न वडाहरूमा ठेक्का सम्झौतामा कार्यरत सफाइ कर्मचारीहरू विभिन्न कारणले सेवाबाट अलग भएपछि सरसफाइ कार्यक्रम प्रभाव परेको हुँदा रिक्त ठाउँहरूमा ठेक्का सम्झौतामा सरसफाइ कार्य गर्न पाऊँ भनी निवेदन दिएका निवेदकहरूलाई अन्तर्वार्ता लिई छनौट गरिए अनुसार देहाय बमोजिमका महानुभावहरूलाई ठेक्का **सम्झौतामा सरसफाइ कार्य** गर्न नियुक्ति गर्ने निर्णय गरियो । निजहरूलाई नगरपालिकाको नियमानुसार सम्झौता पत्रमा उल्लेख गरी पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो :

१. मोहन कुसी  २. सानु ह्यौंमिखा
३. पुण्यराम सुवाल  ४. सुबिन बुड्यो

## आर्थिक समिति

### मिति : २०७८।४।३१ गते

क. भक्तपुर नगरपालिका वडा नं. ५ आदर्श बस स्टपमा सञ्चालित सन्तती विकास बचत तथा ऋण सहकारी संस्थाको कोषाध्यक्ष रेणु तमखु, सञ्चालक सदस्य निर्मला नला, कृष्णश्वरी सुवाल र ले.स. संयोजक विक्रम भेलेबाट सहकारीका अध्यक्ष, उपाध्यक्ष र सचिवले सहकारीको साँचो र रकमहरू राखी संस्था बन्द गरिराखेकोले सो संस्था सञ्चालनको लागि पहल गरिदिन अनुरोध गरेको साथै दिलकेशरी नापितले आफ्नो आवधिक बचत रकम फिर्ता गराई पाऊँ भनी निवेदन राखेको हुँदा संस्थाका अध्यक्ष, उपाध्यक्ष र सचिवलाई **सल्लाह गर्न लिखित पत्र पठाउने** निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेका पसल कवल तथा शौचालय भवनहरू बहालमा सञ्चालन गर्न दिने सम्बन्धी मिति २०७८।३।२० गते प्रकाशित सूचनाअनुसार बोलपत्र नपरेका तपसिलका पसल कवल तथा शौचालय भवनहरूको निम्नानुसार न्यूनतम रकम अङ्क प्रस्ताव गरी पुनः ७ दिनको म्याद दिई **बोलपत्र आह्वान** गर्ने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिका वडा नं. ९ ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवनको भुइँ तलाका ४ रुरुरुटा कोठाहरू बहालमा दिने सम्बन्धमा मिति २०७६।६।१० र २०७६।६।२९ गते प्रकाशित सूचनाअनुसारका निवेदकहरूलाई मिति २०६७।७।६ गतेको नगर कार्यपालिका बैठकबाट बहालमा दिने निर्णय भई सम्झौताका लागि पत्राचार समेत भएको तर कोभिड-१९ को महामारीका कारण उक्त भवन आइसोलेसन केन्द्रको रूपमा सञ्चालन गर्नुपर्ने भएको कारण बहालमा नलगाई रहेकोमा हाल उक्त भवन ख्वप अस्पताल कोभिड युनिटको रूपमा सञ्चालनमा

| क्र.सं. | पसल कवल/शौचालय | साबिक न्यूनत्तम अङ्क (बार्षिक बहाल) | प्रस्तावित न्यूनत्तम अङ्क (बार्षिक बहाल) |
|---|---|---|---|
| १. | कुथुबही मिनिबस पार्कस्थित सार्वजनिक शौचालय रहेको भवनको पसल नं. १ | १,२०,०००।- | ८४,०००।- |
| २ | सिद्ध पोखरीस्थित सार्वजनिक शौचालय | २,५०,०००।- | १,५०,०००।- |
| ३ | राम मन्दिरस्थित सार्वजनिक शौचालय | ४०,०००।- | ३६,०००।- |

रहेको र उल्लेखित कोठाहरू समेत अस्पताललाई नै आवश्यक पर्ने भई बहालमा दिन नसकिने भएकोले सम्बन्धित निवेदकहरूलाई नै सोको जानकारी गराई निजहरूको **धरौटी तथा पेश्की बहाल रकम समेत फिर्ता गर्ने** निर्णय गरियो ।

### मिति : २०७८।५।२८ गते

क. भक्तपुर नगरपालिकाभित्र हालको जनसङ्ख्या ८२ (बयासी) हजार मात्र भएको र भक्तपुर नगरपालिका कार्य क्षेत्र भएको सहकारीहरू १५६ ओटा र बागमती प्रदेशमा प्रतिवेदन बुझाउने र कार्यालय भक्तपुर नगरपालिका भएको २५ ओटा गरी जम्मा १८१ ओटा जति भक्तपुर नगरपालिकाभित्र सहकारीहरू भएको र सङ्घीय सहकारी ऐन २०७४, नियमावली २०७५ बागमती प्रदेशक सहकारी ऐन, २०७६ नियमावली २०७६ बमोजिम एउटा सहकारीको लागि २ (दुई) हजार सदस्य हुनुपर्ने र एक व्यक्ति एक सहकारीको सङ्घीय सरकारको नियम अनुसार भक्तपुर नगरपालिकाभित्र जनसङ्ख्याको आधारमा लगभग ४२-४५ ओटा मात्र सहकारीहरू भए पुग्नेमा अहिले नै धेरै सहकारीहरू भएको हुँदा बागमती प्रदेशको सहकारी नियमावली २०७६ को नियम ५ को १(ङ) अनुसार र नियम ७ को २(घ) अनुसार नभएकोले हाल नयाँ दर्ता भई आएका सहकारीहरू भक्तपुर नगरपालिकाभित्र सञ्चालन गर्न **स्वीकृति नदिने** निर्णय गरियो ।

## तस्बिरमा केही गतिविधि



रानीपोखरी



सिद्धपोखरी



भाज्या पुखू



रानीपोखरीको वर्तमान अवस्था

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित), भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीलगायतबाट भक्तपुरको ऐतिहासिक रानीपोखरी र भाज्या पुखूको जीर्णोद्धार तथा सिद्धपोखरीको स्थलगत निरीक्षण । (कार्तिक ४ गते)

## तस्बिरमा केही गतिविधि



नपा प्रमुख सुनिल प्रजापतिबाट सल्लाघारीस्थित रानीपोखरीको उत्तरपूर्व प्रवेशद्वार र पाटी निर्माणको शिलान्यास (असोज २१ गते)



नपा प्रमुख सुनिल प्रजापतिबाट वडा नं. १ सिर्जनानगरमा नवनिर्मित आधारभूत स्वास्थ्य सेवा केन्द्र भवनको उद्घाटन (असोज २१ गते)



'उपमेयर कप' महिला फुटबल प्रतियोगितामा भक्तपुर नपाबाट सहभागी खेलाडी तथा प्रशिक्षकहरूलाई नपाको लोगो अङ्कित जर्सी र ट्र्याक सुट वितरण (कार्तिक ३ गते)



उपमेयर कपमा भक्तपुर नगरपालिकाको विजयी टोली

## तस्विरमा केही गतिविधि









भक्तपुर नपा वडा नं. ८ को माहेश्वरी पिठ परिसरको सरसफाइ (असोज १९ गते)

**तस्बिरमा केही गतिविधि**










भक्तपुर नपा ३ वडाको आयोजनामा वडावासीहरूको सहभागितामा बाराही मन्दिर व बाराही पीठ परिसरमा सरसफाइ (असोज २२ गते)

## निर्माण समिति

**मिति २०७८।६।१४**

| २०७८।०६।०१ गतेको निर्णयहरू | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं | योजनाका बिवरण | वडा नं | बजेट | ल.ई.रकम | रि.ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
| ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना क्षेत्रमा खानेपानी उपचार प्लान्ट निर्माण कार्य | ९ | नपा | ७,०००,००० ।०० | | | | | | | | |
| २ | तरकारी बजार व्यवस्थापन कार्य | ५ | नपा | ४,४०५,८९७।१८ | | | | | | | | |
| ३ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना क्षेत्रमा खानेपानी को व्यवस्था गर्न अण्डर ग्राउण्ड ट्यांकी बनाएको ठाउँमा श्री फ्रेज लाइन जडान तथा टहरा निर्माण कार्य | चा. न. पा. ९ | खानेपानी शीर्षक | १३३,०६५। ८० | | | | | | | | |
| ४ | नाग पोखरी परिसरमा पानी | १० | खानेपानी शीर्षक | ३८०,६५६ ।३६ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ट्यांकी निर्माण कार्य | | | | | | | | | | | |
| ५ | भार्वाचो देखि च्याम्हासिंह सम्मको बाटोमा मौसमी फूलहरूको गमला राखी सौन्दर्यीकरण गर्ने कार्य | | वातावरण शीर्षक | १,२७१,१३७।०० | | | | | | | | |
| ६ | कालीघाट सत्तलको प्राङ्गणमा भूमिगत पानी ट्यांकी निर्माण कार्य | २ | खानेपानी शीर्षक | ३८०,६५६।३६ | | | | | | | | |
| ७ | नारायण मन्दिर पुनः निर्माण कार्य | ८ | नपा | ३,३७१,२८४।१२ | | | | | | | | चालू आ.व. का लागि २० लाख विनियोजन |
| **पेश्की फछ्र्योट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लक्ष्मी नरसिंह मन्दिर पुनः निर्माण कार्य | ४ | | ३७,१२७,५१५।३८ | | ५,०००,०००।००<br>१,६५०,०००।००<br>**६,६५०,०००।००** | ५,८००,४९९।१९<br>३,१४३,५५५।४४<br>**८,९४४,०५४।६३** | ८००,४९९।१९<br>१,४९३,५५५।४४<br>**२,२९४,०५४।६३** | ६,१६५,६२२।०६<br>३,१५७,७८०।८५<br>**९,३२३,४०२।९१** | आंशिक सम्पन्न | न्हुछे राम भेले | |
| २ | सल्लाघारी सुवर्ण चोकदेखि ढालाखुसी, तपाके सडक निर्माण कार्य | १ | आ.व. २०७७।७८ को बाग्मती प्रदेश सशर्त बजेट | ४,६९६,६१५।७५ | | १,३००,०००।००<br>२,०११,८४१।६६<br>**३,३११,८४१।६६** | १,९८८,१५८।३४<br>२,००८,२७९।१५<br>**३,९९६,४३७।४९** | ६८८,१५८।३४<br>(३,५६२।५१<br>**६८४,५९५।८३** | २,०१७,४४९।८०<br>२,७३६,३५६।६८<br>**४,७५३,८०६।४८** | सम्पन्न | ध्रुव ढुंगेल | रु.३,५६२।५१ बैंक दाखिला |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | बासु मावि पर्खाल निर्माण कार्य | २ | आ.व. २०७७।७८ को बाग्मती प्रदेश सांसद कोष | २,१६८,०२७।७९ | | ७००,०००।०० | ७१२,८७८।०० | १२,८७८।०० | ८५६,७०८।३४ | सम्पन्न | कान्छा बासुकला | रु.६,९६०। विद्यालय बाट व्यहोर्ने |
| | | | | | | १,२८७,१२२।०० | १,२९४,०८२।०० | ६,९६०।०० | १,३५१,४६९।९५ | | | |
| | | | | | | **१,९८७,१२२।००** | **२,००६,९६०।००** | **१९,८३८।००** | **२,२०८,१७८।२९** | | | |
| **उपभोक्ता अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना क्षेत्रमा खानेपानी उपचार प्लान्ट निर्माण कार्य | १ | नपा | ७,०००,०००।०० | | | उ.स.अ.: श्री विष्णुराम दुमरू अ.स.स. : श्री रविन्द्र ज्याख्व | | | | | |
| २ | हनुमान घाट पुल मर्मत कार्य | ७ | नपा | ३,६६५,४५७।८० | | | उ.स.अ. : श्री कृष्णगोविन्द खाइजू अ.स.स. : श्री हेरा ख्याजू | | | | | |
| ३ | सुधारिएको शवदाह निर्माण कार्य | ७ | नपा | ५,७५७,४३३।५७ | | | उ.स.अ.:श्री कृष्णगोविन्द लाखाजू अ.स.स.:श्री हरिरत्न गोर्खाली | | | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | नपा भवन परिसरमा स्वचालित सार्वजनिक शौचालय निर्माण कार्यको म्याद थप सम्बन्धमा | २ | | | | मिति २०७८ असोज मसान्तसम्म म्याद गर्ने निर्णय गरियो । | | | | | | |
| २ | ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवन निर्माण कार्य (श्रम ठेक्का) | ९ | | | | मिति २०७८ कार्तिक मसान्तसम्म म्याद गर्ने निर्णय गरियो । | | | | | शान्ति कन्स्ट्रकसन एण्ड ट्रेडर्स प्रा.लि. | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **धरौटी फुक्का तथा रिटेन्सन मनी फिर्ता सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | कमलविनायक आवास क्षेत्रमा पीच कार्य (ठेक्का नं. BKTMUN/NCB/works/075/76/05) निर्माण व्यवसायी श्री कन्टेक प्रा.लि.ले सम्पन्न गरी एक वर्षको Defect Laibality Period पूरा हुँदासम्म कार्यको गुणस्तर कायम रहेको भनी प्राविधिक प्रतिवेदनअनुसार श्री कन्टेक प्रा.लि.को धरौटी फुक्का तथा 5% रिटेन्सन मनी फिर्ता गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| २ | लिबाली आवास क्षेत्रमा पीच कार्य (ठेक्का नं. BKTMUN/NCB/works/075/76/04) निर्माण व्यवसायी श्री कन्टेक प्रा.लि.ले सम्पन्न गरी एक वर्षको Defect Laibality Period पूरा हुँदासम्म कार्यको गुणस्तर कायम रहेको भनी प्राविधिक प्रतिवेदनअनुसार श्री कन्टेक प्रा.लि.को धरौटी फुक्का तथा 5% रिटेन्सन मनि फिर्ता गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | | | | | | | | | | | |
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | कासान, ब्यासी, सल्लाघारी, शहीद स्मृति खेल मैदान र इन्द्रायणी पीठ सरसफाइ कार्य | २ | प्रधान मन्त्री रोजगार | २७७,३०४।२८ | | | | | | | | |
| २ | मंगलतीर्थ क्षेत्र, अरनिको राजमार्ग र वडाका विभिन्न स्थानमा सरसफाइ कार्य | ३ | प्रधान मन्त्री रोजगार | ५५०,७३३।६१ | | | | | | | | |
| ३ | शिवालय क्षेत्र र साविक कम्पोस्ट प्लान सरसफाइ कार्य | ५ | प्रधान मन्त्री रोजगार | ३२६,७९०।०३ | | | | | | | | |
| ४ | महाकाली क्षेत्र र अन्य स्थानमा सरसफाइ कार्य | ६ | प्रधान मन्त्री रोजगार | ५९३,७७३।०२ | | | | | | | | |
| ५ | वडाका विभिन्न स्थानमा बाटो मर्मत र | ७ | प्रधान मन्त्री रोजगार | ४१४,३२८।६० | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फोहोर व्यवस्थापन कार्य | | | | | | | | | | | |
| ६ | च्याम्हासिंह देखि जगातीसम्म को फुटपाथ र वडाका विभिन्न स्थानमा सरसफाइ कार्य | ८ | प्रधानमन्त्री रोजगार | ५९७,८४२।३९ | | | | | | | | |

मिति २०७८।०६।१३ गते

| क्र. सं | योजनाको विवरण | वडा नं | बजेट | ल.ई.रकम | रिल.ई.र कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तुमचो दुगुरे क्षेत्रमा खानेपानी पाइप बिछ्याउने कार्य | ९ | बाग्मती प्रदेश विशेष बजेट | ७,३१९,०६८।९१ | | | | | | | | रु.६० लाख बजेट विनियोजित, सूचना प्रकाशन गर्ने |
| २ | वागीश्वरी कलेज ब्लकँसी (BLOCK C) को दोस्रो तला थप्ने कार्य | ९ | बाग्मती प्रदेश सशर्त बजेट | ५,०००,०००।०० | | | | | | | | |
| ३ | भाटेढुकुर खानेपानी डिप बोरिङ स्थल (दोस्रो) मा ३ फेजीय विद्युत् लाइन व्यवस्था गर्ने कार्य | ७ | खानेपानी | ५४९,७६७।६० | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना क्षेत्रमा LED सडक बत्ती जडान कार्य | ९ | | २,४०३,३२८।०४ | | | | | | | | विद्युत प्राधिकरणबाट बाँकी बक्यौता रकम प्राप्त भएपछि कार्यान्वयन गर्ने |
| ५ | लिबालीको खुल्ला क्षेत्रको जग्गामा बिरूवाहरू नर्सरी सार्ने कार्यको लागि त्यस स्थानस्थित टहराको छानाको जस्तापाताहरू हटाई बाक्लो प्लाष्टिकको छाना लगाउने कार्य | ८ | वातावरण | ५०,६१९।८६ | | | | | | | | |
| **रि.ल.ई. सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | चण्डेश्वरी आधारभूत विद्यालयको पर्खाल निर्माण कार्य | ७ | आ.व. २०७७।७८को बाग्मती प्रदेश सांसद कोष | १,१८९,३७२।४० | **१,८५०,६३७।४१** | | | | | | | चालु आ.व. मा रु. १० लाख मात्र बजेट व्यवस्था |
| **रि.ल.ई. पेश्की फछ्र्यौट स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | इखालाछी मठ पुन:निर्माण कार्य (पहिलो चरण) | ४ | | १९,०५४,३००।७६ | ९,८७४,८५६।६६ | ३,०००,००० ।०० | ४,३०३,९२४।५२ | १,३०३,९२४।५२ | ४,३७९,२७२।०७ | सम्पन्न | पुरूषोत्तम तमखु | |
| | | | | | | १,१७५,०००।०० | २,३२९,५२७।८३ | १,१५४,५२७।८३ | २,७४९,१२६।४४ | | | |
| | | | | | | | १,००७,२५०।७८ | १,००७,२५०।७८ | १,०६८,६३५।३१ | | | |
| | | | | | | **४,१७५,०००।००** | **७,६४०,७०३।१३** | **३,४६५,७०३।१३** | **८,१९७,०३३।८२** | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पेश्की फछ्र्यौट र भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | प्रभात माविको पर्खाल,ढल निकास तथा शौचालय निर्माण कार्य | ६ | आ.व. २०७७।७८ को बागमती प्रदेश सांसद कोष बजेट | २,६०५,८८५।२० | | ८००,०००।०० <br> १,०२६,०५०।६२ <br> **१,८२६,०५०।६२** | ९७३,९४९।३८ <br> १,०२६,०९१।८३ <br> **२,०००,०४१।२१** | १७३,९४९।३८ <br> ४१।२१ <br> **१७३,९९०।५९** | १,०३०,५१४।०३ <br> १,३९४,१४०।१७ <br> **२,४२४,६५४।२०** | सम्पन्न | सुजता ध्वजू | |
| २ | लिबाली आवास क्षेत्रको सडक पेटी स्तरोन्नति कार्य | ८ | आ.व. २०७७।७८ को बागमती प्रदेश सांसद कोष बजेट | ४,९९९,९९७।०४ | | १,६५०,०००।०० <br> २,१४९,३२६।०० <br> **३,७९९,३२६।००** | २,८५०,६७१।०४ <br> २,११२,६२८।१३ <br> **४,९६३,२९९।१७** | १,२००,६७१।०४ <br> (३६,६९७।८७ <br> **१,१६३,९७३।१७** | ३,२२२,२२२।७५ <br> २,३३८,०७७।६५ <br> **५,५६०,३००।४०** | सम्पन्न | कृष्ण सागर बासी | ३६,६९७।८७ बैंक दाखिला |
| **उपभोक्ता र अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लिबाली कर्भड हल निर्माण कार्य (दोस्रो चरण) | ८ | लिबाली कर्भड हल निर्माण | ४,२१३,२०६।७३ | | | उ.स.अ.:श्री राम सुन्दर बासी अ.स.स.:श्रीराजेन्द्रप्रसाद प्रजापति | | | | | |
| २ | आदर निकेतन भवन निर्माण कार्य | ६ | | ७,९९९,९२४।३१ | | | उ.स.अ. : श्री जगन्नाथ सुजखु अ.स.स. : श्री रोशनमैया सुवाल | | | | | |
| ३ | लक्ष्मी नरसिंह मन्दिर पुन: निर्माण कार्य | ४ | | | साविक उ.स.अ. : श्री न्हुछेराम भेले अ.स.स. : श्री कुमार चवाल | | हाल उ.स.अ. : श्री शिवराम किजु अ.स.स. : श्री कुमार चवाल | | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भक्तपुर नगरपालिका क्षेत्र भित्र जडित सडक बत्ती मर्मतसम्भार कार्य (साउन र भदौ महिनाको ज्याला) | ११० | | **४०१,५६७।०७** | | | २,६५,१०३।६० (सामान तर्फ) <br> १,०१,२५०।०० (ज्याला तर्फ) <br> **३६६,३५३।६०** | २,६५,१०३।६० (सामान तर्फ) <br> १,०१,२५०।०० (ज्याला तर्फ) <br> **३६६,३५३।६०** | २,६५,१०३।६० (सामान तर्फ) <br> १,०१,७००।०० (ज्याला तर्फ) <br> **३६६,८०३।६०** | सम्पन्न | | साउन र भदौको सडक बत्ती मर्मत कार्य (सामान जिन्सी शाखा बाट उपलब्ध) |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | भ.न.पा. वडा नं. १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्य | ११० | | २०८,६३२।६७ | | | १,३४,३२५।६१ (सामान तर्फ)<br>६५,६२५।०० (ज्याला तर्फ)<br>**१९९,९५०।६१** | १,३४,३२५।६१ (सामान तर्फ)<br>६५,६२५।०० (ज्याला तर्फ)<br>**१९९,९५०।६१** | १,३४,३२५।६१ (सामान तर्फ)<br>६६,९१३।७४ (ज्याला तर्फ)<br>**२०१,२३९।३५** | सम्पन्न | | सामान जिन्सी शाखा बाट उपलब्ध |
| **सिलबन्दी दररेट स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | यस भक्तपुर नगरपालिकाको आ.व. २०७८।७९ को मर्मत बजेट शीर्षकबाट व्यहोर्ने गरी भ.न.पा. वडा नं. १ स्थित सृजनानगर क्षेत्रभित्रका बाटोहरू, आलाबुंकुवादेखि धाला खुसी पुलसम्म जोड्ने बाटो, हनुमन्ते खोलाको दक्षिणतर्फ फोहोर व्यवस्थापन बाटो र भ.न.पा. वडा नं. ७ स्थित हनुमानघाट छिपा तांको पश्चिम तर्फको बाटोमा ग्राभेल (सबबेस) बिछ्याउने कार्यको लागि मिति २०७८।०६।१० गते बसेको मूल्याङ्कन समितिको बैठकबाट म्यादभित्र प्राप्त दुई ओटा सिलबन्दी दररेटमध्ये न्यूनत्तम अङ्क प्रति घन मिटर रु.१,४९७।२५ (भ्याटसहित) कबोल गर्ने Shree Ganesh Brick Sales Centre, Bhaktapur को प्रस्ताव न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले उक्त सिलबन्दी दररेट स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| **बजेट संशोधन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. ८, फोहोर मैला प्रशोधन केन्द्र निर्माण कार्यको लागि आ.व. २०७७।०७८ मा ल.ई. रु.७४,३३,२६४।३० स्वीकृत भई योजना सञ्चालित भएकोमा कार्य सम्पन्न गर्न थप बजेट रु.१२ लाख आ.व. २०७८।०७९ का लागि खोला सुधार कार्य बजेट शीर्षकमा विनियोजित रु. २५ लाखबाट व्यहोर्ने र खोला सुधार योजनामा रु. १३ लाख बाँकी रहने गरी संशोधन गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| | **धरौटी र रिटेन्सन रकम फिर्ता सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. ९, ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन निर्माणको लागि सिमेन्ट, रड, रंगरोगन सप्लाई गर्ने सिरूवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि., तीनकुनेको रनिंग बिलबाट कट्टा गरी राखेको ५% रिटेन्सन मनि (धरौटी) फिर्ता गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| २ | भ.न.पा. वडा नं. ९, ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन निर्माणको लागि फिनिसिङ (सामानसहित) कार्य गर्ने साहारा कन्स्ट्रक्सन, हेटौंडाको रनिंग बिलबाट कट्टा गरी राखेको ५% रिटेन्सन मनि (धरौटी) फिर्ता गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| ३ | भ.न.पा. वडा नं. ९, ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन निर्माणको लागि फिनिसिङ (सामानसहित) कार्य गर्ने G3 Builders & Developers Pvt. Ltd., काठमाडौंको रनिंग बिलबाट कट्टा गरी राखेको ५% रिटेन्सन मनि (धरौटी) फिर्ता गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. कोरोना भाइरसबाट बच्ने र बचाउने उद्देश्य अनुसार मलाई थकान महसुस हुन थालेकोले मिति २०७७ असोज २६ गतेदेखि घरमा छुट्टै आइसोलेसनमा बसी जनस्वास्थ्यमा स्वास्थ्य जाँच गरी औषधी सेवन गरिरहेको र २०७७ कार्तिक १ गतेदेखि घाँटी दुख्ने तथा स्वास फेर्न गाह्रो हुन थालेकोले डा. इवामुरा अस्पतालमा उपचार गर्न गएकोमा कोरोना भाइरसले फोक्सोमा सङ्क्रमण गरिसकेको हुँदा कोभिड अस्पतालमा उपचार गराउनु पर्ने भनी डिस्चार्ज गरी रिफर गरेकोले कोभिड अस्पताल, बलम्बुलगायत टिचिङ्ग अस्पताल, महाराजगञ्जमा उपचार गरी २०७७ मंसिर १४ गते डिस्चार्ज भई डाक्टरको सल्लाहअनुसार २०७७ पुस मसान्तसम्म घरमा आराम गरी माघ महिनादेखि कार्यालयमा हाजिर हुन आएको हुँदा कोरोना भाइरस सङ्क्रमण भई उपचार गराउनु पर्ने भएकोले म

कार्यालयमा उपस्थित हुन नसकेको अवधिलाई सार्वजनिक बिदा जनाई दिनु भनी श्यानिटेशन उपशाखा प्रमुख श्री दिलिपकुमार सुवालले निवेदन पेश गरेको सम्बन्धमा छलफल हुँदा निज अस्पतालमा बसी उपचाररत रहेको समय अवधि मिति २०७७ असोज २६ गतेदेखि मंसिर १४ गतेसम्म सार्वजनिक **बिदा दिने** निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिका कार्यालयमा चालू आ.व.२०७८/७९ का लागि अफसेट प्रेस (छपाई) कार्यको लागि आवश्यक कागजहरू खरिद गर्न मिति २०७८/०५/०१ र ०२ गते 'मजदुर' दैनिकमा सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएका ३ (तीन) थान दरभाउ पत्रदाताहरू मध्ये सबभन्दा कम रकम कबोल गर्ने दरभाउ पत्रदाता के.पी. हिमाल इन्टरप्राइजेज, काठमाण्डौको जम्मा रकम रु. १९,७१,२८५।०० (भ्याटसहित) (अक्षरेपि उन्नाइस लाख एकहत्तर हजार दुई सय पच्चासी रूपैयाँ मात्र) भएको हुँदा उक्त दरभाउ पत्रदाता के.पी. हिमाल इन्टरप्राइजेज, काठमाण्डौको दरभाउ पत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले सो दरभाउपत्र स्वीकृत गरिएकोमा सोको **अनुमोदन गर्ने** निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाबाट चालू आ.व. ०७८/७९ मा भनपामा रहेका सवारी साधनहरू ल्याण्डक्रुजर, एम्बुलेन्स, जिप्सी र अन्य सफाइका गाडी तथा सफाइ गाडाहरूको लागि आवश्यक टायर/ट्युव खरिद गर्न मिति २०७८।०५।११ र १२ गते 'मजदुर' दैनिकमा सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएका छ (पाँच) थान दरभाउ पत्रहरूमध्ये सबभन्दा कम रकम कबोल गर्ने दरभाउ पत्रदाता श्री के.पी. हिमाल इन्टरप्राइजेज, काठमाण्डौको जम्मा रकम रु. ७,५०,५४६।०० (भ्याटसहित) (अक्षरुपी सात लाख पचास हजार पाँच सय छ्यालिस रुपैयाँ मात्र) भएको हुँदा उक्त दरभाउ पत्रदाता के.पी. हिमाल इन्टरप्राइजेज, काठमाण्डौको दरभाउ पत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले सो दरभाउपत्र स्वीकृत गरिएकोमा सोको **अनुमोदन गर्ने** निर्णय गरियो ।

घ. भनपाद्वारा बा १ भ्क ८७४९ को फोहोरमैला सङ्कलन गर्ने गाडीले मिति २०७८ भाद्र २७ गते बा ९३ प ८२०२ नं. को स्कुटरलाई ठक्कर दिई मर्मत गर्दाको रु. २३५०। गाडी चालक सुन्दर ब्यान्जूलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिले मिति २०७८ भाद्र २८ गतेदेखि असोज ६ गतेसम्म बाँके, जुम्ला, सुर्खेत, कैलालीलगायतका जिल्लाहरूको अध्ययन भ्रमणको लागि रु.१०००००।- पेश्की लिएकोमा रु. ३८,७१०।- बराबरको खर्च भपाई पेश गरी बाँकी रकम रु.६१,२९०।- बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

च. नपाद्वारा सञ्चालित को १ स १६७४ को तीनपाङ्ग्रे मोटरसाइकल मर्मत गरे वापत रु.६,३५०।-, को १ स १६७८ को ट्राइसाइकल मर्मत गरे वापत रु.१५,७००।-, को १ स १६८२ को ट्राइसाइकल मर्मत वापत रु.४,३५०।-, बा २ स ९७९ को गाडी मर्मत गरे वापत रु. १४,०००।- र को १ स १६७२ को ट्राइसाइकल मर्मत गरे वापत रु.६,०२५।- वापत कुल ४६,४२५।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

छ. नपाको गाडी नं ५४९६ को एम्बुलेन्स गाडी सर्भिसिङ गरे वापत रु.७,१५७।७० सिप्रदी ट्रेडिङलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ज. भनपाद्वारा सञ्चालित बा १ भ्क ८७४८ को फोहोरमैला सङ्कलन गर्ने गाडीको मर्मत गरे वापत १२,२०४।- बा १ भ्क ८७४९ को गाडी मर्मत गरे वापत रु. ३८,०५२।७५ र बा २ च ८७३ को गाडी मर्मत गरे वापत रु. ८७,७४४।५० गरी कुल रु. १,३८,००१।२५ अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

झ. भनपाको बा १ ग २२६५ को गाडी मर्मत गरे वापत रु. ६८,२५२।- र गाडी नं .२२६७ को मर्मत गरे वापत रु. ३५,५९५।- गरी कुल रु. १,०३,८४७।- सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

ञ. नपाको बा १ क ९०२५ को गाडी मर्मत गरे वापत रु.४५,२२०।- हाम्रो हेभी इक्वीपमेन्टलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ट. नपाको बा २ स ९७९ को ट्राइसाइकल मर्मत गरे वापत रु.२४,८६०।- भक्तपुर अटो पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

ठ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.२२,५००।- चन्द्रायण स्वीट्सलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ड. मिति २०७८ भाद्र २३ गतेदेखि २०७८ असोज १ गतेसम्म सम्पन्न कम्पोष्ट मल बनाउने तालिममा सहभागीहरूलाई खाजा उपलब्ध गराए वापत रु. २५,२००।- गह्रौ कालीका रेष्टुराँ एण्ड चमेना गृहलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ढ. नपाको कार्यपालिका बैठकमा जलपान उपलब्ध गराए वापत रु.१०,१७०।- सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

## मिति २०७८ असोज १९ गते, मंगलबार

### निर्णयहरू

### सामाजिक सुरक्षा भत्ता

आ.व. २०७८/०७९ को सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायता रकम अन्तर्गत प्रथम त्रैमासिक (२०७८ श्रावण, भाद्र र असोज महिना) को रकम देहाय बमोजिमका बैंकहरू तथा वडा कार्यालयहरूबाट देहायका मितिहरूमा सम्बन्धित लाभग्राहीहरूलाई वितरण गर्ने निर्णय गरियो :

| वडा नं. | बैंकको नाम | वितरण मिति | वितरण गर्ने स्थान |
|---|---|---|---|
| १ | कुमारी बैंक, नपुखू | मिति २०७८ असोज २० गते | १ नं. वडा कार्यालय |
| २ | नेपाल बैंक, ब्यासी | मिति २०७८ असोज २४ र २५ गते | भ.न.पा भवनको (बैंक काउण्टर) |
| ३ | कुमारी बैंक, नपुखू | मिति २०७८ असोज २२ गते | ३ नं. वडा कार्यालय |
| ४ | सिद्धार्थ बैंक, तलेजु मार्ट | मिति २०७८ असोज २४ र २५ गते | तलेजू बैंक्वेट, राममन्दिर |
| ५ | सनराइज बैंक, सुकुलढोका | मिति २०७८ असोज २०, २२ र २४ गते | सनराइज बैंक, सुकुलढोका |
| ६ | कुमारी बैंक, ब्यासी | मिति २०७८ असोज २० र २२ गते | ख्वप कलेज, देकोचा |
| ७ | कुमारी बैंक, जगाती | मिति २०७८ असोज २० र २२ गते | ७ नं. वडा कार्यालय |
| ८ | प्राइम बैंक, च्याम्हासिंह | मिति २०७८ असोज २४ र २५ गते | प्राइम बैंक, च्याम्हासिंह |
| ९ | सिद्धार्थ बैंक, च्याम्हासिंह | मिति २०७८ असोज २४ र २५ गते | सिद्धार्थ बैंक, च्याम्हासिंह |
| १० | ग्लोबल IME बैंक, कमलविनायक | मिति २०७८ असोज २२, २४ र २५ गते | ग्लोबल IME बैंक, कमलविनायक |

### समितिको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

**युवा तथा खेलकुद समिति**

**मिति : २०७८।६।१५ गते**

क. अखिल नेपाल फुटबल सङ्घको आयोजनामा २०७८ कार्तिक ४ गतेदेखि सञ्चालन हुने 'उपमेयर कप राष्ट्रिय महिला लिग फुटबल प्रतियोगिता' मा सहभागी हुने महिला खेलाडीहरूलाई २०७८ असोज १५ गतेदेखि **डाइट (खुराक) को व्यवस्था** गर्ने निर्णय गरियो।

ख. अखिल नेपाल फुटबल सङ्घको आयोजनामा २०७८ कार्तिक ४ गतेदेखि सञ्चालन हुने 'उपमेर कप राष्ट्रिय महिला फुटबल प्रतियोगिता' को लागि आवश्यक व्यवस्था गर्न वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीलाई रु.१,५०,०००।– (अक्षेरूपी रु. एक लाख पचास हजार) पेश्की लिन लगाउने र उक्त प्रतियोगिताका लागि भक्तपुर नगरभित्रका इच्छुक महिला खेलाडीहरूलाई **सहभागिताको लागि** दैनिक 'मजदुर' पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**निर्माण समिति**

| क.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बेखालस्थित स्वास्थ्य चौकी भवन निर्माण कार्य (दोस्रो चरण) | १० | नपा | २,१३०,४३९।१८ | | | | | | | | |
| २ | शारदा मा.वि.को भवन निर्माण कार्य (दोस्रो चरण) | २ | बाग्मती प्रदेश सशर्त बजेट | ३,१२९,७६४।०१ | | | | | | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | फोहोर प्रशोधन केन्द्र निर्माण स्थल बाटोको ग्राभेलिङ कार्य (पुरानो जगातीदेखि फोहोर प्रशोधन केन्द्र हुँदै थुसाचा पुलसम्म) | ८ | नपा | १,६०४,७७१।१७ | | मिति २०७८ मंसिर मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । | | | | | | खोला सुधार बजेटबाट रु. ५ लाख विनियोजन गर्ने |
| **योजना संशोधन । ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| | **साविक योजनाको नाम** | | **बजेट** | **ल.ई.रकम** | **परिमार्जित योजनाको नाम** | | **बजेट** | **ल.ई. रकम** | | | | |
| १ | बासी तंदेखि लालाछेंसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल | १,०२५,६९४।७६ | छुमा गणेश मन्दिरदेखि प्वकचा द्यःसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | | सडक बोर्ड नेपाल | १,०४०,७३५।६२ | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उपभोक्ता र अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भाटेढुकुर खानेपानी डिप बोरिङ स्थल (दोस्रो) मा ३ फेजीय विद्युत लाईन व्यवस्था गर्ने कार्य | ७ | खानेपानी | ५४९,७६७।६० | | उ.स.अ. : श्री पाण्डव सुवाल अ.स.स. : श्री श्री हरिरत्न गोर्खाली | | | | | | |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | थुसाचादेखि हनुमान्चासम्मको सडकमा ग्राभेलिङ गर्ने कार्य | ८ | | ४९९,९६७।४२ | | | | ४५६,०१२।४३ | ४५६,०१२।४३ | सम्पन्न | श्री गणेश ब्रिक सेल्स सेन्टर, भक्तपुर | |
| २ | वडा नं. १ बारूद यन्त्र अफिसको दक्षिणतर्फको गेटनिर भेटरीनरी अफिस अगाडि ईंटा छपाइ कार्य | १ | मर्मत सम्भार | ३८७४३।५६ (सामान तर्फ) | | | ३३५७४।८४ (सामान तर्फ) | ३३५७४।८४ (सामान तर्फ) | ३३५७४।८४ (सामान तर्फ) | सम्पन्न | | सामान जिन्सी शाखा बाट उपलब्ध |
| | | | | १९२६८।२५ (ज्याला तर्फ) | | | १४७७५।२० (ज्यालातर्फ) | १४७७५।२० (ज्यालातर्फ) | १६४६०।२० (ज्यालातर्फ) | | | |
| | | | | **५८,०११।८१** | | | **४८,३५०।०४** | **४८,३५०।०४** | **५०,०३५।०४** | | | |
| **बजेट संशोधन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. ८, फोहोर प्रशोधन केन्द्र निर्माण स्थल बाटोको ग्राभेलिङ (पुरानो जगातीदेखि फोहोर प्रशोधन केन्द्र हुँदै थुसाचा पुलसम्म) कार्यको लागि आ.व. २०७७।०७८ मा ल.ई. रु. १६,०४,७७१।१७ स्वीकृत भई योजना सञ्चालित भएकोमा कार्य सम्पन्न गर्न थप बजेट रु. ५ लाख आ.व. २०७८।०७९ का लागि खोला सुधार कार्य बजेट शीर्षकमा विनियोजित रु. १३ लाखबाट व्यहोर्ने र खोला सुधार योजनामा रु.८ लाख बांकी रहने गरी संशोधन गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. यही मिति २०७८ असोज ३१ र कार्तिक १ गते, भ.न.पा. ६ स्थित ख्वप कलेज (देकोचा) मा हुने ४१ औं नेपाल भाषा साहित्य तःमुज्यालाई यस नगरपालिकाको तर्फबाट नगद रु. ५०,०००।- (अक्षरेपी पचास हजार रूपैयाँ) **आर्थिक सहयोग** गर्ने निर्णय गरियो ।

ख. नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट यस नगरपालिकामा पठाइएका दुई जना एम.आई. एस. अपरेटर र एक जना फिल्ड सहायकको **साझेदारी प्रतिवद्धता पत्र** सम्बन्धित विभागमा पठाउने निर्णय गरियो ।

ग. मिति २०७८।६।२५ गते यस नगरपालिकाका सम्पूर्ण पदाधिकारीहरू र शाखा प्रमुखहरू सहभागी भई विजया दशमी २०७८ को **शुभकामना आदान-प्रदान** कार्यक्रम गर्ने निर्णय गरियो ।

घ. भनपाको गाडी नं. बा ४ क ५४३ को मर्मत गरे वापत रु.८१,५८६।-, बा १ झ ८७५१ को गाडी मर्मत गरे वापत रु.४१,८१०।- र बा ३ च ७१४९ को एम्बुलेन्स मर्मत गरे वापत रु.१०,१७०।- गरी कुल रु.१,३३,५९६।- अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. नपाको गाडी नं. ५४९६ को एम्बुलेन्स मर्मत गरे वापत रु.४२,९४८।- सिद्धि गणेश मोटर पार्टसलाई **भुक्तानी दिने** निर्णय गरियो ।

च. नपाको २९४१ नं. को बाकोलोडर गाडी मर्मत गरे वापत रु.४,४८,३६२।- हाम्रो हेभी इक्विपमेन्टलाई **भुक्तानी दिने** निर्णय गरियो ।

छ. मिति २०७८।६।१४ गते बसेको कार्यपालिका बैठकमा नास्ता उपलब्ध गराए वापत रु.१०,१७०।- सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

## नगरपालिका गतिविधि

# शासक दलको पूर्वाग्रहीका कारण ख्वप विश्वविद्यालय स्वीकृति नपाएको : अध्यक्ष बिजुक्छेँ




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा विजया दशमी २०७८ को शुभकामना आदानप्रदान कार्यक्रम असोज २५ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै उहाँले सरसफाइकर्मीहरू चाडबाडको समयमा नगरको सरसफाइमा विशेष ध्यान दिएर लाग्नुपर्ने बताउनुहुँदै जुनसुकै समयमा जनताको सेवाको लागि जनप्रतिनिधि र कर्मचारीहरू तत्पर रहनुपर्ने बताउनुभयो ।

नजिकिँदै गरेको दशैं र तिहारमा कोभिड सङ्क्रमणको खतरा बढ्ने हुँदा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कर्मचारीतन्त्र स्थायी सरकारको रूपमा प्रतिकात्मक मात्र भएकोले उनीहरूलाई कुनै पनि अनियमितता गर्न छुट नहुने विचार व्यक्त गर्नुहुँदै उहाँले कर्मचारीहरूले व्यक्तिगत विषयमा भन्दा सामाजिक विषयलाई महत्त्व दिएर कार्यसम्पादन गर्नुपर्ने बताउनुभयो ।

विकास निर्माण र नक्सापास कार्यमा अनियमितता रोक्न प्राविधिकहरूको विशेष भूमिका हुने भएकोले यसप्रति प्राविधिकहरूलाई सचेत पार्दै कर्मचारीहरू शिष्ट, नम्र, विनयशील र नैतिकवान हुनुपर्ने उहाँले बताउनुभयो ।

नयाँ पुस्तालाई पठनीय अध्ययन सामग्री जुटाउनतिर बुद्धिजीवी वर्ग अग्रसर हुनुपर्ने बताउनुहुँदै उहाँले देशकै नमुना नगरपालिकाको रूपमा ख्याति कमाएको भक्तपुर नगरपालिकाले आगामी दिनहरूमा त्यसको गरिमा कायम गर्नेतिर विशेष जोड दिनुपर्ने बताउनुभयो ।

सङ्ख्यात्मक हिसाबले ठूलो पार्टी हुँदैमा उनीहरूको विचार र सिद्धान्तसँग सहमत हुन नसकिने विचार राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले शासक दलको पूर्वाग्रही व्यवहारका कारण आजका दिनसम्म ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृति नपाएको जानकारी गराउनुभयो ।

भक्तपुर नगरपालिकाले नगर प्रहरीको व्यवस्था गरी नगरलाई थप सुरक्षित र व्यवस्थित बनाउनुपर्ने बताउनुहुँदै उहाँले आवास क्षेत्रमा भारी सवारीसाधन प्रवेश निषेधमा रोक लगाउनुपर्ने र जनतालाई नक्साबमोजिम घर निर्माण गर्ने विषयमा उत्साहित गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कर्मचारीहरू सामान्य नागरिकभन्दा जिम्मेवार हुने हुँदा चाडपर्वको समयमा सिर्जनशील र रचनात्मक गतिविधिमा आबद्ध हुन आह्वान गर्नुभयो । उहाँले संस्कृतिसँगै भित्रिने विकृति र विसङ्गतिबारे जनतालाई सचेत पार्न सबैले भूमिका खेल्नुपर्ने बताउनुभयो ।

छिमेकी देश भारतले नेपाललाई आर्थिक रूपले माथि उठ्न नदिन अनेक षड्यन्त्रका गतिविधिहरूलाई बढावा दिइरहेको बताउनुहुँदै उहाँले परमादेशबाट बनेको सरकारले देश र जनताको हितमा जनअपेक्षाअनुसार काम गर्ने कुरामा विश्वास गर्न नसकिने बताउनुभयो । उहाँले भक्तपुर नपाका जनप्रतिनिधिहरूले जनताको निःस्वार्थ सेवा गरिरहेको बताउनुहुँदै शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षण कार्यमा अनुकरणीय काम भइरहेको प्रष्ट पार्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले न्यायिक



समितिको काम, कर्तव्य र अधिकारसम्बन्धी प्रकाश पार्नुहुँदै महिला हिंसा, जग्गा विवाद, पारिवारिक झैझगडा जस्ता न्यायिक समितिमा दर्ता भएका मुद्दाहरूको न्यायोचित ढङ्गले सम्बोधन गर्दै आएको बताउनुभयो ।

कला, संस्कृति र भाषाबिनाको पहिचान अधुरो हुने बताउनुहुँदै उपप्रमुख जोशीले स्थानीय पाठ्यक्रम लागू गरी भक्तपुरका विद्यार्थीहरूलाई सभ्य र सुसंस्कृत बनाउने प्रयास गरिरहेको बताउनुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत **रामलाल श्रेष्ठ**ले दशैं बिदामा नगरपालिकाले दैनिक र नियमित गर्नुपर्ने सरसफाइ, पर्यटन, अनियमित निर्माण नियन्त्रणलगायतका विभिन्न क्षेत्रको कामहरू सम्बन्धित कर्मचारीहरूले जिम्मेवारीपूर्वक गर्नुहुन निर्देशन दिनुहुँदै कर्मचारीहरूको नि:स्वार्थ कर्तव्यपालनले नगरपालिकाको छवि उजिलिने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो ।

## 'उपमेयर कप' मा सहभागी खेलाडीहरूलाई ट्र्याक सुट र जर्सी वितरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७८ कार्तिक ४ गतेबाट काठमाडौंमा सुरु हुन गइरहेको 'उपमेयर कप' महिला फुटबल प्रतियोगितामा भक्तपुर नगरपालिकाबाट सहभागी खेलाडी तथा प्रशिक्षकहरूलाई भक्तपुर नपाको लोगो अङ्कित जर्सी र ट्र्याक सुट कार्तिक ३ गते वितरण गर्नुभयो ।

खेलाडीहरूसँगको परिचयात्मक तथा मार्गनिर्देशनात्मक कार्यक्रममा प्रमुख प्रजापतिले खेलकुद मानव जीवनको अभिन्न अङ्ग भएको बताउनुहुँदै भक्तपुर नपाले नियमित खेलकुद प्रशिक्षणलाई निरन्तरता दिँदै थप खेलहरूको प्रशिक्षण दिइएको बताउनुभयो ।

भक्तपुर नगरपालिकालाई शिक्षा र स्वास्थ्यसँगसँगै खेलकुदको माध्यमबाट पनि नमुना नगरपालिकाको रूपमा विकसित गर्न खेलकुद समिति सक्रियतापूर्वक लागिरहेको बताउनुहुँदै उहाँले विद्यार्थीहरूले आफ्नो शैक्षिक योग्यतासँगसँगै खेल क्षेत्रमा आबद्ध भई शारीरिक, सामाजिक र मानसिक विकासमा विशेष भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले खेलाडीहरूको मनोबल र प्रोत्साहन बढाउन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरूलाई सम्मान कार्यक्रम गर्दै आएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले खेलाडीहरूले आफ्नो समाज र देशको प्रतिष्ठाको निम्ति अनुशासित ढङ्गले खेल खेल्नुपर्नेमा जोड दिनुभयो ।



कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले खेलमा हार-जित स्वाभाविक भएको बताउनुहुँदै खेलकुद संयमतापूर्वक र साहसिक ढङ्गले खेलिनुपर्नेमा जोड दिनुभयो । उहाँले नागरिकको शारीरिक र मानसिक स्वास्थ्यको निम्ति खेलकुदको अहम् भूमिका रहेको बताउनुहुँदै वडा वडामा रहेका खेलकुद समितिहरूलाई सकृय बनाइँदै लगेको बताउनुभयो ।

अखिल नेपाल फुटबल सङ्घको आयोजनामा भोलिबाट सुरु हुने खेलमा भक्तपुर नगरपालिकाकाबाट २० जना महिला खेलाडीहरू प्रतियोगितामा सहभागी हुने भक्तपुर नगरपालिका खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले बताउनुभयो ।

# उपमेयर कपमा भक्तपुर नगरपालिकाको जित



एन्फाको आयोजनामा काठमाडौँमा २०७८ कार्तिक ४ गतेबाट सुरु भएको 'उपमेयर कप' महिला फुटबल प्रतियोगितामा भक्तपुर नगरपालिकाबाट सहभागी टीम र पुतलीबजार नगरपालिकासँग कार्तिक ९ गते भएको खेलमा १ का विरुद्ध ८ गोल गरी भक्तपुर नपाले विजय हासिल गरेको छ।

उक्त खेलमा भक्तपुर नपाको टीमका खेलाडीहरू मनिषा बास्कोटाले २ गोल, सीम्रन बस्नेतले २ गोल, करुणा परियारले ३ गोल र अञ्जली मचामसीले १ गोल गरेर जित हासिल गरेको हो।




उक्त खेलमा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले म्यान अफ द म्याचको उपाधि हासिल गरेकी भक्तपुर नगरपालिकाका खेलाडी अन्जली मचामसीलाई नगद पुरस्कारसहित मायाको चिनो प्रदान गर्नुभएको थियो।




साथै भक्तपुर नपा खेलकुद समितिका संयोजक एवम् वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले आयोजक एन्फालाई नगरपालिकाको तर्फबाट एन्फाका केन्द्रीय सदस्य पेम्बा लामालाई मयुरको झ्याल मायाको चिनोको रूपमा प्रदान गर्नुभएको थियो।

अखिल नेपाल फुटबल संघ(एन्फा)को आयोजनामा भएको खेलमा ३१ ओटा टीम सहभागी थियो।

# सिर्जनानगरमा नवनिर्मित आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन उद्घाटन



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपा वडा नं. १ सिर्जनानगरमा नवनिर्मित आधारभूत स्वास्थ्य सेवा केन्द्र भवनको एक समारोहबीच असोज २१ गते उद्घाटन गर्नुभयो।

कार्यक्रममा बोल्नुहुँदै उहाँले जनताको सहयोगबाट निर्मित स्वास्थ्य सेवा केन्द्रबाट व्यापक जनताको सेवा हुने विश्वास व्यक्त गर्नुहुँदै संस्थाको भौतिक पूर्वाधारसँगै जनशक्ति व्यवस्थापनतिर नपाले ध्यान दिने बताउनुभयो। उहाँले उपभोक्ता समितिमार्फत निर्मित स्वास्थ्य सेवा भवनको गुणस्तरीयतामा कुनै खोट नहुने बताउनुहुँदै जनताको अपनत्व पनि यसमा रहने बताउनुभयो।

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पताल कोभिड युनिटले ४५५ जना कोभिड सङ्क्रमितहरूको सेवा गरिसकेको अवगत गराउनुहुँदै उहाँले ख्वप अस्पतालमा अक्सिजन प्लान्ट निर्माणका क्रममा स्थानीय जनता र विभिन्न सङ्घ संस्थाहरूबाट

प्राप्त आर्थिक तथा नैतिक सहयोगले जनताको सेवा गर्न अझ उत्साह मिलेको बताउनुभयो ।

प्रमुख प्रजापतिले विगत लामो समयदेखि डुबानमा पर्दै आएको सिर्जनानगर नपली क्षेत्रलाई सुरक्षित बनाउने काम नगरपालिकाले गरेको बताउनुहुँदै भक्तपुर नपाले आवश्यकतालाई प्राथमिकतामा राख्दै विकास निर्माणका गतिविधि अगाडि बढाइरहेको अवगत गराउनुभयो । उहाँले विदेशी सङ्घ संस्थाको सहयोगले कहिल्यै आत्मनिर्भर नबनाउने बताउनुहुँदै भक्तपुर नपाभित्रका पर्ति जग्गा अतिक्रमण हुनबाट रोक्न त्यसको संरक्षण गर्ने कामहरू गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुरको सल्लाघारीमा अवस्थित १०८ रोपनी जग्गामा ख्वप विश्वविद्यालय स्थापना गर्ने उद्देश्य नगरपालिकाको रहँदै आएको बताउनुहुँदै उहाँले नगरपालिका क्षेत्रभित्रका नयाँ बस्तीलाई आधुनिक र सुविधासम्पन्न सहरको रूपमा विकास गर्ने योजना रहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले वडाले १६ ओटा नगरस्तरीय र ८ ओटा वडास्तरीय योजनाहरू सम्पन्न गरिसकेको बताउनुहुँदै नवनिर्मित स्वास्थ्य संस्थाको भवनबाट छिटै स्वास्थ्य सेवा उपलब्ध हुने जानकारी दिनुभयो । भक्तपुरको रानीपोखरी पुनःनिर्माण करिब करिब अन्तिम चरणमा पुगिसकेको बताउनुहुँदै उहाँले छिटै सर्वसाधारणको लागि खुल्ला गर्ने तयारीमा रहेको बताउनुभयो ।

भनपा वडा नं. १ का पार्टी इन्चार्ज **लक्ष्मीनारायण राजलवट**ले भक्तपुर नपाले शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्दै आफ्ना कामहरू अगाडि बढाइरहेको बताउनुहुँदै नेमकिपाले देशघाती एमसीसीको विरोधमा देशैभरि विविध गतिविधिहरू गर्दै आइरहेको बताउनुभयो ।

सोही अवसरमा नगर प्रमुख प्रजापतिले भवन निर्माण उपभोक्ता समिति र अनुगमन समितिका पदाधिकारीहरूलाई खादा ओढाई सम्मान गर्नुभएको थियो । त्यस्तै सिर्जनानगरका स्थानीय **लवरीया थपलिया**ले नगर प्रमुख प्रजापतिलाई नवनिर्मित स्वास्थ्य संस्थाको लागि अक्सिजन कन्सिन्ट्रेटर सहयोगको रूपमा हस्तान्तरण गर्नुभएको थियो ।

त्यसैगरी कार्यक्रमका सभापति एवम् उपभोक्ता समितिका अध्यक्ष **सम्झना प्रेमी**ले २०७७ जेठ २१ गते शिलान्यास भई सुरु भएको भवन निर्माण कार्यमा भक्तपुर नपा र स्थानीय जनताको साथ र सहयोग प्राप्त भएको बताउनुभयो भने भवन निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष **शान्ता घिमिरे**ले भवन निर्माणको यथार्थ आय व्यय विवरण प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडा सदस्य एवम् अनुगमन समितिका संयोजक **सूर्यप्रसाद श्रेष्ठ**, ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**, नपली सिर्जना सेवा समाजका अध्यक्ष **रामहरि पोखरेल**, नपली सिर्जनानगर टोल सुधार समितिका अध्यक्ष **विकुलाल बासु**, नपली सिर्जजना सेवा समाज महिला उपसमितिका सभापति **इन्दिरा नेपाल**लगायतले पनि बोल्नुभएको थियो ।

# भक्तपुरको रानीपोखरी उत्तरपूर्व प्रवेशद्वार र पाटी निर्माणको शिलान्यास

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित भक्तपुरको ऐतिहासिक रानीपोखरीको उत्तरपूर्व प्रवेशद्वार र पाटी निर्माण कार्यको असोज २१ गते एक समारोहबीच शिलान्यास गर्नुभयो ।



कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले विसं १८६७ मा राजा जगज्योर्ति मल्लको पालामा बनेको भक्तपुरको रानीपोखरीले भक्तपुरको सुन्दरता अझ बढाएको बताउनुहुँदै देशकै सुन्दर नगरको रूपमा विकास गर्न नगरपालिका निरन्तर लागिरहेको बताउनुभयो ।

भक्तपुरमा रहेको सांस्कृतिक एवम् पुरातात्त्विक सम्पदाको सुन्दरतालाई आर्थिक स्रोतमा रूपान्तरण गर्न सकिने बताउनुहुँदै उहाँले भक्तपुर नपाले आफ्नै स्रोतमा यहाँका सम्पदाहरू पुनःनिर्माण गर्दै आइरहेको बताउनुभयो ।

उहाँले कला संस्कृति संरक्षणलाई प्रमुख प्राथमिकतामा राखी भक्तपुर नपाले भूकम्पबाट भत्केका १०८ ओटाभन्दा बढी सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार गरिसकेको बताउनुहुँदै ऐतिहासिक रानी पोखरीले पुनःनिर्माणसँगै इतिहास खोतल्ने काम भएको बताउनुभयो ।

लामो इतिहास बोकेको यस पोखरी मौलिक शैलीमा निर्माण गरिएको अवगत गराउनुहुँदै नगर प्रमुख प्रजापतिले

भक्तपुरलाई कला संस्कृतिको मात्र नभई सुन्दर नगरको रूपमा विकास गर्ने उद्देश्य रहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले रानीपोखरी पुन:निर्माण सकिएपश्चात यथाशिघ्र सर्वसाधारणको लागि खुल्ला गरिने बताउनुहुँदै पोखरी वरिपरि हरियाली कायम गर्न बगैंचा बनाउने योजनामा रहेको बताउनुभयो ।

इतिहासविद् प्रा.डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले सम्पदाहरू मौलिक स्वरूपमा पुन:निर्माण गर्ने कार्यमा भक्तपुर नपाले अग्रणी भूमिका निर्वाह गरेको बताउनुहुँदै भक्तपुरको रानीपोखरीको पुन:निर्माणले गौरवान्वित महसुस भएको बताउनुभयो ।

शिलान्यास कार्यक्रममा उपभोक्ता समितिका अध्यक्ष **पुन्यराम गारु**, कोषाध्यक्ष **सुमित्रा धौंजु** र स्थानीय **कृष्ण गारु**ले पनि बोल्नुभएको थियो ।

# पुस्तकालय तथा वाचनालयहरूको विकासबारे पुस्तकालयकर्मीहरूसँग छलफल



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को अध्यक्षतामा भक्तपुर नगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक पुस्तकालय तथा वाचनालयका प्रतिनिधिहरूसँगको बैठक असोज १९ गते भयो ।

बैठकमा पुस्तकालय, वाचनालयका प्रतिनिधिहरूले आ–आफ्नो पुस्तकालय र वाचनालयको अवस्थाबारे अवगत गराई व्यवस्थित गरी निरन्तर सञ्चालन र विकास गर्ने विषयमा छलफल भयो ।

बैठकमा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले समाजका हरेक नागरिकहरूले पुस्तकालयको महत्त्व बुझ्न सक्यो भने देश अगाडि बढ्न सहयोगी भूमिका खेल्ने बताउनुभयो । पुस्तकालयको महत्त्व विद्यार्थी जीवनमा धेरै हुने बताउनुहुँदै उहाँले युवा पुस्तालाई विकृति र विसङ्गतिबाट टाढा राख्न पनि उनीहरूलाई पुस्तकालयमा संलग्न गराइराख्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले नगरभित्र सञ्चालित पुस्तकालयहरूको स्तरोन्नति र सहयोगको लागि त्यहाँको स्थिति र सम्भावनाहरूबारे अध्ययन गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले पुस्तकालय सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने थलो भएकोले यसको विकास र स्तरवृद्धि गर्ने विषयमा नगरपालिका क्रियाशील रहेको बताउनुभयो ।

बैठकले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ रोगको सङ्क्रमण नेपालमा क्रमश: घट्दै गए पनि जात्रा पर्वमा यो रोग फैलिने जोखिम अझ बढ्ने हुँदा पुस्तकालय, वाचनालय, टीम क्लबलगायत स्थानीय सामाजिक सङ्घ संस्थाहरू अझ सक्रिय भई यस रोगबाट बच्न र बचाउन सक्रियतापूर्वक लाग्नुपर्ने तथ्यलाई मनन गर्दै सबै वाचनालय, पुस्तकालय र टीम क्लबका पदाधिकारीहरू स्वास्थ्य सुरक्षा मापदण्ड पालना गराउन, भौतिक दूरी कायम गराउन र भीडभाड हुन नदिन क्रियाशील हुने निर्णय गऱ्यो ।

साथै नजिकिँदै गरेको यस वर्षको विजया दशमी २०७८ सँग सम्बन्धित शक्तिपीठहरूको जात्रा, खँ म्ये जात्रा, नवदुर्गा जात्रा, तलेजु जात्रा, ब्रह्मायणी जात्रालगायतका जात्राहरूलाई शान्तिपूर्ण र सुरक्षित रूपमा सम्पन्न गर्न पुस्तकालय र वाचनालयका पदाधिकारीहरू सरसफाइ, जात्रा व्यवस्थापन, स्वास्थ्य सामग्री वितरण तथा सामाजिक विकृति र विसङ्गति रोक्न प्रचारप्रसारलगायतका आवश्यक क्षेत्रमा स्वयम्सेवकको रूपमा सम्बन्धित वडा र स्थानमा परिचालन हुने निर्णय बैठकले गऱ्यो ।

उक्त बैठकमा उपस्थित प्रतिनिधिहरूले सार्वजनिक पुस्तकालयहरूमा स्थान अभाव रहेको, अनुसन्धानमा आधारित पुस्तकहरूको व्यवस्था गरी प्रविधिमैत्री बनाउनुपर्ने,



पुस्तकालयहरुमा इन्टरनेटको व्यवस्था गर्न, साहित्यिक पुस्तकसँगै पाठ्यपुस्तकलगायत व्यवस्था गर्न, खेलकुद, अन्तरक्रियालगायत अतिरिक्त गतिविधि सञ्चालन गर्न नगरपालिकाको तर्फबाट आवश्यक भौतिक एवम् आर्थिक सहयोग गर्नुपर्नेलगायतका सुझाव दिनुभयो ।

बैठकले भक्तपुर नगर क्षेत्रका सार्वजनिक पुस्तकालय सुधारको लागि सुझाव पेश गर्न भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयका पुस्तकालय अधिकृत **भूपाल मूल**को संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको छ ।

बैठकमा प्रगति पुस्तकालय, सहिद राजकुमार स्मृति पुस्तकालय, मणिसुन्दर पुस्तकालय, लेनिन पुस्तकालय, भ्री पासा सफुकुथी, सहिद निर्मल पुष्परत्न वाचनालय, भ्रिगु वाचनालय, बौद्धिक विकास मण्डल पुस्तकालय, निर्मल पुष्प वाचनालय, न्यातपोल कर्नर पुस्तकालय, जागरण पुस्तकालय, मंगलाछेँ युवा क्लब तथा पुस्तकालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## एमसीसी सम्झौताको निरन्तर विरोध गर्नु देशभक्त नागरिकको कर्तव्य : प्रमुख सुनिल प्रजापति



‘दशैंको समय सृजनशील कार्यमा लगाई आफ्नो संस्मरण, लेख, रचना र पुस्तक लेखनमा व्यतीत गर्न र दशैं तिहार सभ्य, सुसंस्कृत र सृजनशील बनाउने विषयमा छलफल गर्नुपर्छ ।’

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपा वडा नं. १ को आयोजनामा वडा दशैं, शुभ दीपावली, ने.सं. ११४२ र छठ पर्वको उपलक्ष्यमा असोज २४ गते शुभकामना आदानप्रदान कार्यक्रममा बताउनु भएको हो ।

कार्यक्रममा उहाँले देशको वर्तमान राजनैतिक परिप्रेक्ष्यलाई खोटल्नुहुँदै देशको राजनीतिको विषयमा सबैले चिन्तन मनन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । ‘अहिले शासन सत्तामा रहेकाहरूले देशको सार्वभौमिकताविरुद्ध विदेशीहरूको दबाबमा गर्न लागिएको देशघाती एमसीसी सम्झौताको निरन्तर विरोध गर्नु देशभक्त नागरिकको कर्तव्य हो’ उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाले सर्तसहितको विदेशी सहयोगलाई अस्वीकार गरी जनताको सहयोगमा ङातापोल्हँ र भैरवनाथ मन्दिरलगायतका सम्पदा संरक्षण कार्य सम्पन्न गरी उदाहरणीय कार्य गरेको उल्लेख गर्नुहुँदै देशलाई बौद्धिक दरिद्रताबाट जोगाउन सरकारले देशमा उत्पादन भएको जनशक्तिलाई आफ्नै देशमा काम गर्न दिने वातावरण सृजना गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवं भनपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले भक्तपुर नगरपालिकाद्वारा वडा नं. १ बाट भइरहेको विकास निर्माणका गतिविधिहरूको बारेमा जानकारी दिनुहुँदै सम्पदा संरक्षण, युवा तथा महिला लक्षित, स्वरोजगारी उन्मुख कार्यक्रमहरू गर्दै वडामा रहेका ४ ओटा पोखरीहरू संरक्षण गरी सम्पदाले भरिपूर्ण वडाको रूपमा परिचित गर्न जनप्रतिनिधिहरू लागि परेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. १ का समाजसेवी **लक्ष्मीनारायण राजलवट**ले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षणमा गरिरहेको कार्य उल्लेखनीय रहेको चर्चा गर्नुभएको थियो भने बासु मा.वि.का प्राचार्य **अम्बिका न्याइच्याई**ले पार्टीको घोषणापत्रमा उल्लेख भए अनुसार जनप्रतिनिधिहरूको अथक प्रयासबाट भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, खेलकुदलगायत महिलाहरूको समतामूलक विकासको लागि गरिरहेको प्रयासबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा वडासदस्य **सूर्यप्रसाद श्रेष्ठ**, **गंगालक्ष्मी बमनु** र वडा सचिव **दामोदर लिवी**ले पनि बोल्नुभएको थियो ।

## जर्मन राजदूत र युनेस्कोका प्रतिनिधि भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपालका लागि मित्र राष्ट्र जर्मनका राजदूत डा. थोमस प्रिन्ज र नेपालका लागि युनेस्कोका प्रतिनिधि माइकल क्रोप्टसहितको टोलीले कार्तिक २ गते भेट गर्नुभयो ।

विश्व सम्पदामा सूचीकृत भक्तपुरका सम्पदा क्षेत्र अवलोकनका क्रममा भक्तपुर पुगेको उक्त टोलीले आज भक्तपुर नगरपालिकामा भएको भेटमा नगरपालिकाले हालसम्म शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माण, सरसफाइलगायतका क्षेत्रमा



गरिरहेको कार्यहरूबारे जानकारी लिनुभयो ।

भेटमा नगर प्रमुख प्रजापतिले उक्त टोलीलाई नगरपालिका र नगरवासीहरूको तर्फबाट स्वागत गर्नुहुँदै सांस्कृतिक सहर भक्तपुरको पहिचान र विशेषताहरूबारे अवगत गराउनुभयो ।

विगतमा भक्तपुर नगरको सरसफाइ, सडक निर्माण, ढल निकास व्यवस्थापनलगायतमा जर्मन सरकारले पुऱ्याएको सहयोगप्रति आभार प्रकट गर्नुहुँदै प्रमुख प्रजापतिले भूकम्पबाट भत्किएका सम्पदा पुनःनिर्माणको लागि जर्मन सरकारबाट सहयोग प्रस्ताव भएको तर प्राविधिक कारणले उक्त सहयोग ग्रहण गर्न नसकिएको उल्लेख गर्नुभयो । उहाँले भक्तपुर नपाले जनताको आर्थिक सहयोग, जनश्रमदानबाट १०८ ओटाभन्दा बढी भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरू पुनःनिर्माण तथा जीर्णोद्धार गरिसकेको बताउनुभयो ।

उहाँले भक्तपुर दरबार क्षेत्रमा अवस्थित पचपन्न




kl|v k|hfklt /fhb't 8f- yf]d; lk|Ghnf0{ dfofsf] rgf] k|bfg ug{x'b}

झ्याल दरबारसँगै जोडिएको सिंहध्वाका दरबार (हाल राष्ट्रिय कला सङ्ग्रहालय रहेको लाल बैठक सहितको भवन) पुनःनिर्माण कार्य मल्लकालीन शैलीमै गर्न युनेस्कोको प्रधान कार्यालय पेरिसमा अनुमतिको लागि पुरातत्त्व विभागमार्फत अनुरोध गरी पठाएकोमा विभिन्न कानुनी र प्राविधिक समस्याका कारण हालसम्म अनुमति प्राप्त नहुँदा उक्त भवन संरक्षण गर्न नसकिरहेको जानकारी गराउनुभयो ।

भक्तपुरलाई शैक्षिक गन्तव्यस्थलको रूपमा परिचित गर्न भक्तपुर नगरपालिकाले शैक्षिक क्षेत्रमा पुऱ्याइरहेको योगदानबारे चर्चा गर्नुहुँदै 'एक घर एक स्नातक' नारालाई सार्थक बनाउँदै शिशुस्याहार सञ्चालनदेखि विश्वविद्यालय सञ्चालन गर्न आवश्यक पहल भइरहेको बताउनुभयो ।

नेपालका लागि जर्मन राजदूत डा. थोमस प्रिन्जले नेपालको विकासमा जर्मनी सरकारको निरन्तर सहयोग रहने जनाउनुहुँदै नेपाल–जर्मनीबीचको जनस्तरसम्म फैलिएको सम्बन्धलाई अझ विस्तार गर्न आगामी दिनहरूमा पनि सहयोग गर्न तत्पर रहेको बताउनुभयो ।



kl|v k|hfklt o'g]:sf]sf k|ltlglw df0sn qmf]6nf0{ dfofsf] rgf] k|bfg ug{x'b}

उहाँले भक्तपुरका सांस्कृतिक एवम् पुरातात्त्विक सम्पदाहरूको आफ्नै विशेषता रहेको बताउनुहुँदै यसको संरक्षण र सम्बर्द्धनले नगरको सुन्दरतालाई पृथक पहिचान दिने बताउनुभयो ।

नेपालका लागि युनेस्कोका प्रतिनिधि माइकल क्रोप्टले विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको आफ्नै विशेषता हुने बताउनुहुँदै भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरू विभिन्न कारणबाट पुनःनिर्माण हुन नसकेकोमा पुनःनिर्माण सुचारु गर्न आवश्यक पहल र समन्वय गर्न आफू सकारात्मक रहेको बताउनुभयो । उहाँले विश्व सम्पदामा सूचीकृत सम्पदाहरूको संरक्षण गर्दा विभिन्न संरक्षण नीति र नियम पालना गर्नुपर्ने बाध्यात्मक

व्यवस्था रहे तापनि मुख्यतया स्थानीय नागरिकहरूको हितको लागि यसको सदुपयोग हुनुपर्नेमा जोड दिनुभयो ।

भेटपश्चात प्रतिनिधिमण्डलले भक्तपुर दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालय, पचपन्न झ्याल दरबार, तलेजु मन्दिर परिसर, टौमढी अवस्थित पाँचतले मन्दिर, दत्तात्रय क्षेत्रलगायतको स्थलगत अवलोकन भ्रमण गर्नुभएको थियो ।



cltlyx¿ gkfdf

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, कार्यपालिका सदस्य रोशनमैंया सुवाल, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, प्रशासकीय अधिकृत दामोदर सुवाललगायत उपस्थित थिए भने उक्त भ्रमण टोलीमा जर्मन राजदूतावासबाट अनुजा प्रिन्ज र ग्रेगर गाजा, युनेस्को कार्यालय काठमाडौँ संस्कृति विभागका निपुणा श्रेष्ठ, राष्ट्रिय कला सङ्ग्रहालय प्रमुख मोहनसिंह लामा, सम्पदा संरक्षण कार्यालयका सुनिता भडेल पनि उपस्थित रहेका थिए ।

## स्पेनका सभामुखको नेतृत्वमा संसदीय प्रतिनिधिमण्डल भक्तपुर भ्रमणमा





बागमती प्रदेश सभाका सभामुख सानुकुमार श्रेष्ठको निमन्त्रणामा नेपाल भ्रमणमा आउनुभएका स्पेनका सभामुख ब्लान्का मार्टिन डेलगाडोको नेतृत्वमा २४ सदस्यीय प्रतिनिधिमण्डललाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, प्रदेश सभासद् सुरेन्द्रराज गोसाइँलगायतले पुष्पगुच्छा, भादगाउँले टोपी, खादा, परम्परागत थैली र जुजु धौ प्रदान गरी भक्तपुर दरबार क्षेत्रको प्रवेशद्वारमा कार्तिक ११ गते स्वागत गर्नुभयो ।



नगर प्रमुख प्रजापतिले बागमती प्रदेशसभाका सभामुख, उपसभामुख र भक्तपुर जिल्लाका सांसद र स्पेनिस संसदीय प्रतिनिधिमण्डल टोलीलाई भक्तपुर दरबार क्षेत्रमा अवस्थित सांस्कृतिक, पुरातात्त्विक एवम् ऐतिहासिक महत्त्वका सम्पदाहरूको स्थलगत अवलोकन गराउनुभयो ।



भ्रमणका क्रममा स्पेनको संसदीय दलका सभामुख ब्लान्का मार्टिन डेल्गाडो सम्मिलित प्रतिनिधिमण्डलले भक्तपुरका सांस्कृतिक, पुरातात्त्विक एवम् ऐतिहासिक सम्पदाहरूको अभिरुचिपूर्वक अवलोकन गर्नुभएको थियो ।

भ्रमण टोलीले भक्तपुर दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालय, स्वर्णद्वार, पचपन्न झ्याल दरबार, सिद्धिलक्ष्मी मन्दिर, यक्षेश्वर महादेव मन्दिर, सिलु महादेव मन्दिर र चर्तुब्रम्ह महाविहार अवलोकन गर्दै टौमढी क्षेत्रको पाँचतले मन्दिर, भैरवनाथ मन्दिरको स्थलगत अवलोकन गर्नुभएको थियो ।

प्रमुख प्रजापतिले सभामुख डेल्गाडोसहितको प्रतिनिधिमण्डल टोलीलाई 'मयूरको झ्याल' र नगरपालिकाका प्रकाशनहरू मायाको चिनो उपहार प्रदान गर्नुभएको थियो ।



भ्रमणको क्रममा प्रतिनिधिमण्डल टोलीले भक्तपुर नपाले व्यवस्था गरेको सांस्कृतिक नाचहरू माक प्याखं, कवांचा प्याखं र जंगली प्याखंको रुचिपूर्वक अवलोकन गर्नुभएको थियो ।

स्पेनिस प्रतिनिधिमण्डलमा स्पेनका प्रदेशमन्त्री, मेयर, पत्रकार, व्यापारीहरूलगायत सहभागी छन् ।

# दशैँमा तलेजुभित्र सामान्य पूजा मात्र गर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, नेपाली सेना, सशस्त्र प्रहरी, भक्तपुरका प्रतिनिधि, गुठी संस्थान भक्तपुरका प्रमुख र तलेजका पुजारीहरूको उपस्थितिमा नजिकिँदै गरेको विजय दशमी (दशैँ) २०७८ को अवधिमा भक्तपुर दरबार क्षेत्रस्थित तलेजु परिसरमा हुने विभिन्न जात्रासँग सम्बन्धित सरोकारवालाहरूको बैठक असोज १९ गते बस्यो ।

बैठकमा नगर प्रमुख **सुनिल प्रजापति**ले कोभिडको सङ्क्रमण घट्दै गए पनि जोखिममुक्त भइनसकेको अवस्थामा यस वर्षको दशैँ सुरक्षित रूपमा मनाउनुपर्ने बताउनुभयो ।



दशैँमा शान्ति सुरक्षाको व्यवस्थापन चुनौतीपूर्ण हुने बताउनुहुँदै पूजाआजा नरोक्ने, भीडभाड हुन नदिने, सामाजिक दूरी कायम गर्ने र स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउने गरी मनाउन जनतालाई आह्वान गर्ने बताउनुभयो ।

बैठकले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ रोगको सङ्क्रमण घट्दै गए तापनि त्यसको जोखिम भने अझै कायम रहेको वर्तमान जटिल अवस्थालाई मध्यनजर गर्दै सामान्य रूपमा मनाउने र भक्तपुर तलेजुभित्र हुने सबै पूजामा बलि नदिई स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई पुजारीहरूबाट नित्य पूजा मात्र गर्ने व्यवस्था मिलाई भीडभाड नगरी सामाजिक दूरी कायम हुने गरी पूजाआजा गर्ने निर्णय गऱ्यो ।

बैठकले घटस्थापनादेखि विजया दशमीको दिनसम्म नगरका विभिन्न शक्ति पीठहरूलगायत धार्मिक स्थलहरूमा हुने मेला, पूजा र नवरातहरूमा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई भीडभाड नगर्न र सामाजिक दूरी कायम गरी कोभिड १९ रोगको सङ्क्रमणबाट बच्न र बचाउन सम्पूर्ण नगरवासीहरूलाई आह्वान गर्ने निर्णय गऱ्यो ।

साथै उक्त बैठकले विजया दशमीको अवसरमा हुने सम्पूर्ण पूजाआजा, मेला, धार्मिक र सांस्कृतिक गतिविधि हुने सबै स्थानहरूमा शान्ति सुरक्षा र अन्य आवश्यक व्यवस्था मिलाउन जिल्ला प्रशासन, प्रहरी, वडा कार्यालय र स्थानीय टीम क्लबहरूसँग सहकार्य गर्ने निर्णय गऱ्यो ।

बैठकमा भक्तपुरका प्रजिअ **रुद्रादेवी शर्मा**ले चाडपर्वमा कोभिड फैलने जोखिम बढी भएको बताउनुहुँदै स्थानीय तह, जिप्रका, प्रहरी प्रशासन र विभिन्न सङ्घ संस्थाको संयुक्त प्रयासबाट दशैँ शान्तिपूर्ण र सुरक्षित बनाउनुपर्ने बताउनुभयो ।

बैठकमा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्य, प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठ, गुठी संस्थान कार्यालय प्रमुख आनन्दप्रसाद कर्माचार्य, तलेजुका पुजारीहरू पद्मलोचन कर्माचार्य र सिद्धिविर कर्माचार्यलगायतले यस वर्षको दशैँलाई सामान्य रूपमा सीमित गरी कोभिड सङ्क्रमणबाट बच्न र बचाउन सबैले आ–आफ्नो तर्फबाट भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

८ वडामा शुभकामना

# जनप्रतिनिधिले जनताको भावनाअनुसार काम गर्नुपर्नेमा जोड




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. ८ का वडावासीहरूबीच असोज २५ गते दशैँको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले नेपालीहरूको महान् चाड विजया दशमी मनाउनुको सामाजिक र सांस्कृतिक महत्त्व भएको बताउनुहुँदै दशैँसँगै निम्तिने आर्थिक तथा सामाजिक विकृतिबाट टाढा रहनुपर्ने बताउनुभयो ।

जनप्रतिनिधि जनताका असल मित्र हुन् र जनप्रतिनिधिले जनताको भावनाअनुसार काम गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले भक्तपुर नपाले समाजलाई सांस्कृतिक र राजनीतिक रूपले अगाडि बढाउने उद्देश्यका साथ अगाडि बढिरहेको बताउनुभयो ।

उहाँले फुर्सदको समयलाई प्रगतिशील तरिकाले सदुपयोग गर्न अनुरोध गर्दै जनतालाई समाजसेवी र स्वयम्सेवी भावनाले काम गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष **महेन्द्र खायमली**ले वडावासीहरूलाई सामाजिक गतिविधिमा क्रियाशील राख्न वडाले विभिन्न कार्यक्रमहरूलाई प्राथमिकताका साथ अगाडि बढाउँदै आइरहेको बताउनुभयो । नेपाललाई विदेशीको उपनिवेश बनाउने ढङ्गले अगाडि ल्याइएको देशघाती एमसीसी सम्झौता कुनै पनि हालतमा अनुमोदन गर्न नदिन सचेत हुन र देशभक्त जनताले यसको विरोधमा आवाज उठाउनुपर्ने बताउनुभयो ।

नेमकिपा वडा नं. ८ का वडा इन्चार्ज **कृष्णप्रसाद कोजु**ले युवाहरूलाई शारीरिक र मानसिक रूपमा स्वस्थ हुने गतिविधि सञ्चालनमा वडाले ध्यान दिनुपर्ने बताउनुहुँदै नयाँ पुस्तालाई सैद्धान्तिक र व्यवहारिक चेतनाको खाँचो रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ८ का वडासदस्यद्वय **पन्चमाया दुवाल** र **शिवप्रसाद बाला** र वडा सचिव **राजेश दिष्टी**ले पनि शुभकामना दिनुभएको थियो ।

स्यानिटेशन शाखाका कर्मचारीहरूबीच शुभकामना

# सरसफाइ सम्मानजनक काम हो




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका स्यानिटेशन शाखामा कार्यरत कर्मचारीहरूबीच शुभकामना आदान प्रदान कार्यक्रम असोज २६ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि **सुनिल प्रजापति**ले सरसफाइ सम्मानजनक काम भएको उल्लेख गर्नुहुँदै कर्मचारीहरूमा शिष्टता, अनुशासन र इमानदारी जस्ता गुणहरू हुनुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर नपाका कर्मचारीहरूले अरू बेला भन्दा दशैँ र तिहार जस्ता चाडपर्वहरूमा अझ बढी मिहिनेतका साथ सरसफाइमा खटिनुपर्ने जानकारी दिनुहुँदै नगरलाई सफा र स्वच्छ नगरको रूपमा परिचित गर्न जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयास आवश्यक छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाले सफाइका सवारी साधन मार्फत नगरवासीहरूलाई विविध सूचना दिई सुसूचित गर्न खोजिरहेको बताउनुहुँदै समाजलाई अगाडि बढाउन असल राजनीतिको खाँचो रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले भक्तपुर नगरलाई सुन्दर नगर बनाउन सरसफाइको क्षेत्रमा कार्यरत कर्मचारीहरूले खेल्नुपर्ने भूमिकाबारे प्रष्ट पार्नुहुँदै कर्मचारीहरूलाई विदाको समयमा अरूबेला भन्दा बढी समय सरसफाइ कार्यमा खटिनुपर्ने तथा नगरवासीहरूसँग नरम व्यवहारद्वारा सचेतता जगाउनुपर्ने चर्चा गर्नुभयो ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले ४ वर्षको कार्यकाल पूरा गरी ५ वर्षमा रहँदा निर्वाचनको बेला जनतामाझ

घोषणापत्रमार्फत गरेको प्रतिबद्धता बमोजिमका अधिकांश कार्यहरू सम्पन्न गरिसकेको प्रष्ट्याउनुहुँदै उहाँले सरसफाइको क्षेत्रमा नगरलाई थप व्यवस्थित गर्न नगरका विभिन्न स्थानहरूमा गमलाको व्यवस्था गर्ने तथा कुहिने/नकुहिने फोहोरलाई व्यवस्थापन गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **प्रेमगोपाल कर्माचार्य**ले दशैंको समयमा कर्मचारीहरूले खानपिनमा ध्यान दिनुपर्ने र जाँडरक्सी, जुवा तास जस्ता कुलतबाट टाढा रही आफ्नो कार्यक्षेत्रमा निरन्तर लाग्नुपर्ने जानकारी दिनुभयो ।

कार्यक्रममा भनपा स्यानिटेशन शाखा प्रमुख **दिलिप सुवाल** र वडा निरीक्षक **रमेश तुईतुई**ले पनि बोल्नुभएको थियो ।

## दमक नपाका प्रमुख प्रशासकीय अधिकृत भक्तपुरमा



दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशप्रसाद तिमिल्सनाको नेतृत्वमा दमक नपा वडा नं. ३ दमक भ्यु टावर उपभोक्ता समितिका पदाधिकारीहरूले भक्तपुर नगर पालिका क्षेत्र र नगरपालिकाद्वारा सञ्चालित जग्गा एकीकरण आयोजना क्षेत्रको स्थलगत अवलोकन भ्रमण कार्तिक १३ गते गर्नुभयो ।

## 'भक्तपुर' मासिकका लेखकहरूबीच छलफल

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित 'भक्तपुर' मासिक पत्रिकाका लेखकहरूबीच कार्तिक १६ गते नगरपालिकाले छलफल कार्यक्रमको आयोजना गऱ्यो । नेपाल संवत् ११४२ को अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा लेखकहरूले 'भक्तपुर' मासिक पत्रिकाबारे रचनात्मक तथा गहकिला सुझावहरू



राख्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले २०३९ सालबाट 'पञ्चायत' नामबाट प्रकाशित यस पत्रिका हाल 'भक्तपुर' मासिकको नाममा निरन्तर प्रकाशन भइरहेको विचारप्रधान र भक्तपुरका जनताको साझा पत्रिकाको रूपमा स्थापित भएको उल्लेख गर्नुभयो ।

जनतालाई राजनीतिक रूपमा सचेत पार्न र प्रगतिशील विचार प्रवाहमा 'भक्तपुर' मासिकले निरन्तर भूमिका खेलिरहेको बताउनुहुँदै 'पञ्चायत' पत्रिकाले जनतालाई राजनीतिक रूपले सचेत पार्ने काम गरेको र बेलाबखत सरकारले प्रकाशनमा अवरोध पुऱ्याउने गरेको उहाँले स्मरण गर्नुभयो ।

'भक्तपुर' मासिक पत्रिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा भक्तपुरलाई चिनाउन खेलेको भूमिकामाथि प्रकाश पार्नुहुँदै नगर प्रमुख प्रजापतिले यस पत्रिकाले भक्तपुर नपाका गतिविधिहरू पारदर्शी ढङ्गले जनताको बीचमा पुऱ्याइरहेको र 'भक्तपुर' मासिकका हरेक अङ्कलाई विशेष अङ्कको रूपमा प्रकाशन गर्ने प्रयास भइरहेको बताउनुभयो ।

'भक्तपुर' मासिक पत्रिकालाई आगामी दिनहरूमा अझ परिस्कृत गर्दै लाने बताउनुहुँदै उहाँले नपाद्वारा प्रकाशित पत्रिका तथा पुस्तकहरूको लागि आवश्यक सुझावको अपेक्षा रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाका गतिविधि प्रचारप्रसार गर्ने महत्त्वपूर्ण माध्यमको रूपमा 'भक्तपुर' मासिक पत्रिकाले भूमिका खेलेको बताउनुहुँदै छलफलबाट प्राप्त राय सुझावलाई अँगिकार गर्दै पत्रिकालाई परिस्कृत गर्दै लाने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा लेखक सहप्राध्यापक **बलराम कायष्ठ**ले नपाद्वारा प्रकाशित पत्रिका निकै पठनीय र सङ्ग्रहनीय भएको बताउनुहुँदै इतिहास, कला र सांस्कृतिकबाहेक अन्य विषयहरूको लेखको आवश्यकता भएको बताउनुभयो ।

लेखक **ओम धौभडेल**ले 'भक्तपुर' मासिक पत्रिका

नगरपालिकाको महत्त्वपूर्ण दस्तावेजको रूपमा रहेको उल्लेख गर्नुहुँदै भाषा र ब्याकरण शुद्ध गर्नुपर्ने, 'भक्तपुर' मासिकका लेखहरूको विषयवस्तुबारे पुनरावलोकन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

अर्का लेखक **नन्दु उप्रेती**ले 'भक्तपुर' मासिक पत्रिकाको नियमित पाठक र प्रशंसक भएको बताउनुहुँदै भक्तपुरको सांस्कृतिक, पौराणिक तथा भौगोलिक अवस्था चिनाउन 'भक्तपुर' मासिक पत्रिकाले महत्त्वपूर्ण भूमिका खेलेको, सर्वहारा वर्गका अग्रज र विशिष्ट व्यक्तिहरूको जीवनी समावेश गरिनुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा लेखक **राममणि भट्टराई**ले डिजिटल माध्यमबाट नयाँ पुस्तामाझ पुस्तक अध्ययनको व्यवस्था मिलाउनुपर्ने बताउनुहुँदै 'भक्तपुर' मासिकमा अनुसन्धानमूलक तथा वैज्ञानिक लेखहरू समाविष्ट गर्नुपर्नेमा जोड दिनुभयो ।

लेखक **राजेन्द्रबहादुर कायस्थ**ले भक्तपुर नपाको आवरण पृष्ठको लोगो निकै आकर्षक भएको बताउनुहुँदै यस पत्रिका विचारप्रधान पत्रिका भएको बताउनुभयो ।



कार्यक्रममा उपस्थित लेखकहरू भक्तलक्ष्मी भासिमा, नाति कवां, न्हुछेँरत्न बज्राचार्य, रबिन्द्र मुनंकर्मी, सबिन ख्याजु, दामोदर सुवाललगायतले 'भक्तपुर' मासिक पत्रिकाले मुलुकको सामाजिक पक्ष उजागर गरेको, प्रकाशित लेखकहरूमा सन्दर्भसामग्री उल्लेख भए अझ सान्दर्भिक हुने, विद्यार्थीहरूलाई उपयोगी लेखहरू समावेश गरिनुपर्ने, नयाँ नयाँ लेखकहरूबाट लेखको खोजी गर्नुपर्ने, पाठकको प्रतिक्रिया समावेश गर्नुपर्ने र पत्रिकाबारे बेलाबखतमा अध्ययन गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरूको पनि आयोजना गर्नुपर्नेलगायतका सुझावहरू राख्नुभएको थियो ।

साथै कार्यक्रममा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, ख्वप बहुप्राविधिक अध्ययन संस्थानका डा. रत्नसुन्दर लासिवा, ख्वप माविका प्राचार्य प्रकाश धौबजी र ख्वप कलेजका प्राचार्य रूपक जोशीले 'भक्तपुर' मासिकमा प्रकाशित लेखहरूबारे विभिन्न सुझावहरू दिनुभएको थियो ।

कार्यक्रममा 'भक्तपुर' मासिकका सम्पादक लक्ष्मण जोशीले 'भक्तपुर' मासिक प्रकाशन भएको ३८ वर्ष पुगेको बताउनुहुँदै पत्रिकाबारे पाठकहरूबाट पनि उचित मूल्याङ्कन भएको र पत्रिकालाई अझ स्तरीय र सङ्ग्रहनीय बनाउन लेखकहरूको भूमिका आवश्यक भएको बताउनुभयो ।

# भक्तपुर नपाको अनुगमन

## ब्रम्हायणी र तुमचो दुगुरे आवास योजनाका मासु पसल



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा ब्रम्हायणी र तुमचो दुगुरे आवास क्षेत्रका मासु पसलहरूको असोज १८ गते अनुगमन गरियो । अनुगमनमा अधिकाशं पसल दर्ता नभएको पाइएको छ ।

अनुगमनमा पसल दर्ता नभएका विभिन्न पसलहरु त्यहीं दर्ता गराउनुका साथै सरसफाइमा ध्यान दिन र भुईं, भित्ता सजिलै सफा गर्न मिल्ने गरी मार्वल वा टायल राख्न, ढक तराजु नवीकरण नभएकोले नवीकरण गर्न, मासु सफा गरेको पानी सजिलै जान सक्ने गरी निकासको व्यवस्था गर्न, एप्रोन सेतो प्रयोग गर्न, मूल्य सुची राख्न, मासु काट्ने औजार र भाँडा वर्तन सफा गरी राख्न निर्देशन दियो ।

अनुगमन टोलीले बज्रयोगिनी मासु पसल र न्यू काभ्रेली मिट सप दर्ता नभएकोले दर्ता गर्न नमानेकोले तराजु एक/एक थान जफत गरी कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

त्यस्तै एक पसल ६-७ वर्षदेखि दर्ता नविकरण नभएकोले सबै शुल्क तिराएर नवकरण गराइयो भने बि.एम. कोल्ड स्टोर राम्रो र सफा सुघर गरी सञ्चालन गरेको पाइएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो ।

## ब्रम्हायणी, चोखा र कमलविनायकका मासु पसल

अनुगमन टोलीले असोज १९ गते ब्रम्हायणी र तुमचो दुगुरे आवास क्षेत्रका वध स्थल र मासु पसलहरूको अनुगमन गरियो ।

अनुगमनमा अधिकाशं पसलको न्युनतम मापदण्ड पूरा नभएको र दता पनि नभए पाइएको छ ।

अनुगमनको क्रममा एक वध स्थल दर्ता नभएकोले त्यहीं दर्ता गराएर सरसफाइमा ध्यान दिन र भुइँ, भित्ता सजिलै सफा गर्न मिल्ने गरी मार्बल वा टायल राख्न, राँगो काटेको जीउँदो राँगोले नदेख्ने गरी बार्न वा छोप्न, तराजु नवीकरण नभएकोले नवीकरण गर्न, मासु सफा गरेको पानी उपचारपछि मात्र खोलामा जाने गरी निकासको व्यवस्था गर्न, एप्रोन सेतो प्रयोग गर्न र कामदारलाई बुट र पञ्जाको व्यवस्था गर्न निर्देशन दियो ।



त्यस्तै सम्बन्धित पसललाई फ्रिजमा बासी मासु नराख्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो र सफा प्रयोग गर्न, मूल्य सुचि राख्न, मासु काट्ने औजार र भाँडा वर्तन सफा गरी राख्न निर्देशन दियो ।



## कमलविनायकका मिनिमार्ट

भक्तपुर नपाको अनुगमन समितिको टोलीले असोज २४ गते कमलविनायका ३ ओटा मिनिमार्टहरू अनुगमन गरियो ।

अनुगमनको क्रममा फेला परेका म्याद नाघेको गोल्डेन क्रोन रेड चेरी ४ ओटा, तोमयाम पेस्ता ११ ओटा, खजुरी पप ४ पाकेट जफत गरी नष्ट गरियो भने कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो ।

साथै सम्बन्धितलाई समयमै दर्ता नवीकरण गर्न, सामानहरू व्यवस्थित राख्न, लेवल नभएको प्याकेजिङ्ग सामानहरू खाद्य अनुज्ञापत्र लिई लेवल राखी मात्र बिक्रीवितरण गर्न, तराजु नापतौल विभागमा नविकरण गर्न, म्याद नाघेको समानहरू अलग स्टोरमा राख्ने व्यवस्था गर्न निर्देशन दियो ।

विभिन्न पसलमा फेला परेका म्याद नाघेका सामानहरू अमुल पिजा चिज २ पाकेट, रोयाल पाटन सबुदान ७ पाकेट, पशुपति पापड १४५ पाकेट, क्वीक बिस्कुट १६ पाकेट, २०/२० विस्कुट ६ पाकेट, रसवरी ९ बट्टा, जम्बो मेरिण्डा ६ ओटा जफत गरी नष्ट गरियो ।

## वंशगोपालमा

असोज २५ गते अनुगमन टोलीले वंशगोपालका पसल र मिनिमार्टहरूको अनुगमन गरियो ।

अनुगमनो क्रममा विभिन्न पसलमा फेला परेका म्याद नाघेको र लेवल नभएको सामानहरू फेमस घ्यु लेवल नभएको १५ ओटा, टेष्ट किङ्ग बेकरी पप ४ पाकेट, गुड डे बिस्कुट १६ पाकेट, क्रन्चि १ पाकेट, मेरिगोल्ड बिस्कुट, क्रिम टोफि ४ पाकेट, क्वालिटि सस् १ पाकेट, स्टे फिट बिस्कुट २

पाकेट, डाइजेस्टिभ बिस्कुट ३ पाकेट, बेकिङ्ग पाउडर १० ओटा, बटर १ ओटा जफत गरी नष्ट गरियो भने लेवल नभएको प्याकेजिङ्ग सामानहरू खाद्य अनुज्ञापत्र लिई लेवल राखी मात्र बिक्रीवितरण गर्न निर्देशन दियो ।




त्यस्तै एक मासु पसलबाट फेला परेको बिग्रेको मासु २० केजी, भुडी (खाडो र भुटन) ४ केजी जफत गरी नष्ट गरियो ।

सम्बन्धित पसललाई पसल सफा राख्न, फ्रिज एकदमै फोहर भएकोले सफा गर्न, बिग्रेको मासु फ्रिजमा नराख्न, पसल नवीकरण गर्न भन्दै एक थान तराजू जफत गरी कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

## च्याम्हासिंहका मिठाई र फलफुल पसल

भक्तपुर नपाको अनुगमन समितिबाट तिहारलाई दृष्टिगतगरी कार्तिक १५ गते च्याम्हासिंहमा रहेका मिठाई र फलफुल पसलहरूको अनुगमन भयो ।

अनुगमनकोक्रममा प्याकेजिङ्ग सामानहरू खाद्य विभागबाट अनुज्ञापत्र लिई लेवल राखी मात्र बिक्री वितरण गर्नुपर्नेमा अधिकांश पसलले नगरेको र एकदुई ओटा पसल फोहोर र म्याद नाघेको सामान भेटिएको संयोजक गोराले बताउनुभयो ।

मिठाई पसलहरूको अनुगमनमा प्याकेजिङ्ग सामानहरू खाद्य विभागबाट अनुज्ञापत्र लिई लेवल राखी मात्र बिक्री वितरण गर्न, पसल नवीकरण गर्न, मूल्य सूचि राख्न, भान्छामा फोहोर नहुने गरी चिम्नि राख्न, भान्छा सफा राख्न, खानेपानी शुद्ध प्रयोग गर्न र ड्रमको पानी मिठाईमा प्रयोग नगर्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, कामदारलाई एप्रोन, मास्क, पञ्जा, हेयर क्याप प्रयोग गर्न र एक मिठाई पसलकै मःमः पसल दर्ता गर्न निर्देशन दियो ।

अनुगमनको क्रममा फेला परेका रङ्ग बढी भएको पुरी साढे एक केजी, बिग्रेको तेल १ लिटर जफत गरी नष्ट गरियो । त्यस्तै म्याद नाघेको वा बिग्रेको सामानहरू शुद्ध मकैको पिठो ५ पाकेट, स्वादिष्ट फापरको पिठो ५ पाकेट, ड्यू १ ओटा, उली चकलेट १ बट्टा जफत गरी नष्ट गरियो ।

त्यस्तै फलफुल पसलहरूको अनुगमनमा एक फलफुल पसल दर्ता नभएकोले सोही स्थानमा दर्ता गराइयो भने सबैजसोलाई मूल्य सूचि राख्न निर्देशन दिइयो । साथै फेलापरेका म्याद नाघेको सामानहरू कोक ७ ओटा, स्प्राइट ९ ओटा, ड्यू ५०० १ ओटा, डार्क फान्टासि बिस्कुट ५ पाकेट, चकलेट कुकिज ४ पाकेट जफत गरी नष्ट गरियो





भने सम्बन्धितलाई तीन दिन भित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

विभिन्न मितिमा भएको अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका अर्जुन खाईतु र मोहनदेवी व्याञ्जू, उद्योग बाणिज्य सङ्घका गौतम सुजखू र विश्वराम दुवाल, पशु सेवा कार्यालयका पार्वती योञ्जन, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा र  लक्ष्मी भण्डारी, जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रतिनिधि, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक बलराम स्यामाजू, भगाउरप्रसाद हरिजन, छत्रबहादुर थापा र जयराम दुलाल र भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद कवाँ र रूपालक्ष्मी प्रजापति र विभिन्न मितिमा भएको अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका अर्जुन खाईतु र मोहनदेवी व्याञ्जू, उद्योग बाणिज्य सङ्घका गौतम सुजखू र विश्वराम दुवाल, पशु सेवा कार्यालयका पार्वती योञ्जन, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा र  लक्ष्मी भण्डारी, जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रतिनिधि, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक बलराम स्यामाजू, भगाउरप्रसाद हरिजन, छत्रबहादुर थापा, जयराम दुलाल र सरोज खत्री, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद कवाँ, रूपालक्ष्मी प्रजापति र लक्ष्मीप्रसाद बाटी सहभागी रहेका थिए ।

## सहकारी संस्थामा अनुगमन

भक्तपुर नगरपालिकाको सहकारी संस्था अनुगमन समितिका सदस्य हरिरत्न गोर्खालीको संयोजकत्वको टोलीले ग:पलीमा रहेको प्रस्तुति बहुउद्देश्यीय सहकारी संस्थामा कार्तिक १० गते  अनुगमन गरियो ।

अनुगमनको क्रममा संयोजक गोर्खालीले उक्त संस्था काठमाण्डौं न्युरोड मुख्य कार्यालय हुने गरी प्रदेश सरकारबाट स्वीकृति दिएता पनि स्थानीय ८० प्रतिशत हुनुपर्ने बताउनुहुँदै विनियममा उल्लेखित कार्य गर्न प्रचलित कानून बमोजिम इजाजत लिनुपर्ने वा सम्झौता गर्नुपर्ने भएमा सम्बन्धित निकायबाट इजाजत लिई वा सम्झौता गरी सोको जानकारी विभाग वा कार्यालयलाई गराएपछि मात्र सङ्घ संस्थाको विनियममा उल्लेखित कार्यहरू गर्न सकिने भएकोले स्थानीय तहको स्वीकति बिना सञ्चालन गर्न नपाउने भएकोले बन्द गर्न निर्देशन दिनुभयो ।

उहाँले शिक्षा, सरसफाइ, सम्पदा जस्तै सहकारीमा पनि राम्रो गर्ने नपा प्रमुखज्यूको निर्देशनमा अनुगमन गरिरहेको बताउनुहुँदै सहकारी ऐनअनुसार सुरुमा एक ओटा वडामात्रै स्वीकृत हुनुपर्नेमा उपत्यकाचरिकै स्वीकृति दिनु र २००० हजार सदस्य बराबर एक ओटा सहकारी नीतिअनुसार सहकारी मर्जरमा पठाइ रहेको र एक सदस्य एक सहकारी समेतलाई उल्लङ्घन गरी प्रदेश सहकारीको लापरबाही भएको बताउनु भयो ।

त्यस्तै अनुगमन समितिका सदस्य श्याम मातांले सेवा केन्द्र खोल्न रजिष्ट्रारबाट अनुमति लिनुपर्ने र एउटा घरमा दुई ओटा सहकारी नराख्ने प्रतिवद्धताका साथ संस्था दर्ता गरेतापनि एकभन्दा बढी सहकारी भएको घरमा सेवा केन्द्र खोलिराखेको बताउनुभयो । उहाँले नगरपालिकाको स्वीकृतिबिना सञ्चालन भएको यस्ता सहकारीहरू भागे नगरपालिकाले जिम्मेवारी लिन अप्ठ्यारो हुने भएकोले नगरपालिकाको स्वीकृतिबिना संचालित सहकारीमा रकम जम्मा नगर्न समेत अनुगरोध गर्नुभयो ।

सहकारी संस्थाको अनुगमनमा समिति सदस्य जितेन्द्र मुनंकर्मी, रञ्जना त्वाती र भनपा सहकारी प्रमुख रेभिड कुस्मा र वडा निरीक्षक रामकृष्ण प्रजापति सहभागी रहेको थियो ।

कोरोनाबाट बच्न पटक पटक
साबुन पानीले हात धोऔं ।
शारीरिक दूरी कायम गरौं ।

'd]f] u0fgf d]f] ;xeflutf'
राष्ट्रिय जनगणना २०७८ मा सोधिएका प्रश्नको सही उत्तर दिएर देशको १२ औं जनगणना सफल पार्न सबैमा अनुरोध गर्दछ ।
भक्तपुर नगरपालिका

# विविध समाचार

## अध्यक्ष बिजुक्छेँद्वारा भक्तपुरको रानीपोखरी, सिद्धपोखरी र भाजुपोखरीको स्थलगत निरीक्षण

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसहितले भक्तपुरको ऐतिहासिक रानीपोखरी जीर्णोद्धारको कार्तिक ४ गते स्थलगत निरीक्षण गर्नुभयो ।



अध्यक्ष बिजुक्छेँ र प्रमुख प्रजापतिसहितको टोलीले भक्तपुर नपा वडा नं. १ दुधपाटीस्थित सिद्धपोखरी र निर्माणाधीन भाजुपोखरीको पनि स्थलगत निरीक्षण गर्नुभएको थियो ।

निरीक्षणका क्रममा अध्यक्ष बिजुक्छेँले भक्तपुर नगरपालिकाले संरक्षणको अभावमा जीर्ण अवस्थामा रहेको भक्तपुरको रानीपोखरीलाई पुनः जीवन दिई सराहनीय कार्य गरेको बताउनुभयो ।

प्राचीन सहरहरूमा पोखरीको महत्त्व धेरै भएको बताउनुहुँदै उहाँले सभ्यताको विकास र महत्त्वबारे बुझ्न प्राचीन सम्पदाहरूको विशेष स्थान रहने र त्यसको संरक्षणमा सम्बन्धित निकायले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

विदेशी सहयोग र अरूको भरमा गर्ने विकास निर्माणका कार्य दीगो नहुने बताउनुहुँदै उहाँले आफ्नै पहल र अगुवाईमा स्वावलम्बी भई सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार गरी भक्तपुर नपाले देशकै लागि उदाहरणीय कार्य गरेको बताउनुभयो ।

विक्रम संवत् १६८७ मा तत्कालीन राजा जगज्ज्योर्ति मल्लको पालामा निर्माण भएको रानी पोखरी र त्यसको डिलमा रहेको सत्तल पाटी एवम् देवालीस्थल भक्तपुरकै सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका सम्पदाहरूमध्ये पर्छन् । भक्तपुरको रानीपोखरी काठमाडौँको रानीपोखरीभन्दा चालीस वर्ष अघि बनेको इतिहास रहेको र उक्त पोखरी जीर्णोद्धारमा हालसम्म रु. २ करोड ७५ लाख बराबरको रकम खर्च भइसकेको रानीपोखरी उपभोक्ता समितिले जनाएको छ ।

भक्तपुर नपाले नेपाली सेनासँग समन्वय गरी उक्त पोखरीको पटक पटक सरसफाइ गर्दै आएको र उक्त पोखरीमा प्राप्त प्रमाणहरूको आधारमा मौलिक स्वरूपमै पोखरीको जीर्णोद्धार र निर्माण सम्पन्न गर्ने नगरपालिकाले जनाएको छ । हाल उक्त पोखरी परिसरको दक्षिणतर्फ ह्वाङ ह्वाङ पाटी, पूर्व र उत्तरतर्फका प्रवेशद्वार र पाटीहरू निर्माण भइरहेका छन् ।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको रानी पोखरी जीर्णोद्धारको काम अन्तिम चरणमा पुगेको र पोखरी परिसरमा सौन्दर्यीकरणको कामहरू भइरहेको बताउनुभयो । तीनओटा उपभोक्ता समितिमार्फत रानीपोखरी पुनःनिर्माणको कार्य अगाडि बढिरहेको बताउनुहुँदै उहाँले पुनःनिर्माणको सम्पूर्ण कार्य छिटै सम्पन्न हुने र सर्वसाधारण जनताको निम्ति पोखरी खुल्ला हुने बताउनुभयो ।

निरीक्षणमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठ, सैनिक आवासीय महाविद्यालयका प्रमुख सेनानी सन्तोष कार्की, भनपा वडा न. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, सम्पदा शाखा प्रमुख रामगोविन्द श्रेष्ठ, प्रशासकीय अधिकृत दामोदर सुवाल, उपभोक्ता समितिका पदाधिकारीहरूलगायतको उपस्थिति रहेको थियो ।



भक्तपुरको रानी पोखरी जीर्णोद्धार कार्य २०७६ जेठ १५ गतेबाट सुरु भएको र करिब ३ महिनापश्चात् जीर्णोद्धार कार्य सम्पन्न हुने भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले बताउनुभयो ।

# एकचालीसौँ नेपालभाषा साहित्य तःमुंज्या

'जनता म्वाःसा भाषा म्वाइ' मूल नारा बोकेको नेपालभाषा साहित्य तःमुंज्याको ४१ औँ साहित्य सम्मेलन तथा सांस्कृतिक कार्यक्रम असोज ३१ र कार्तिक १ गते दुई दिन आयोजना गरियो ।

जनतालाई हिन्द-प्रशान्त रणनीति र एमसीसीको वास्तविकता बुझाउनुपर्नेमा जोड दिँदै भव्यताकासाथ सम्पन्न भयो ।

## पहिलो दिन

एकचालीसौँ तःमुंज्याको असोज ३१ गते ख्वप कलेजको प्राङ्गण देकोचामा स्थानीय सांस्कृतिक गुरू कृष्ण सितिखुले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भएको तःमुंज्याको पहिलो दिन अध्यक्ष बिजुक्छेँले कृषि विशेषज्ञ बाबुकाजी भोमी र स्थानीय सांस्कृतिक गुरूहरू कृष्ण सितिखु, न्हुछेकुमार अवाल, हरिभक्त सुवाल, हरिराम सुवाल, तुल्सी शाही र कृष्णप्रसाद दथेपुथेलाई दोसल्ला ओढाई सम्मानपत्रका साथ सम्मान गर्नुभयो । सम्मानित कृषि विशेषज्ञ भोमीलाई नगद रु. २० हजार र सांस्कृतिक गुरू प्रत्येकलाई नगद रु. १० हजार प्रदान गरिएको थियो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कुनै पनि विदेशी सहयोग विशेषगरी पश्चिमा देशका सहयोग सर्तबिना नआउने बताउनुहुँदै अमेरिकी सहयोगको नाममा आएको एमसीसी



tÞdHofdf ;Ddflgt JolQmTjx¿

सम्झौताले नेपालको सार्वभौमसत्तामा आँच पुग्ने गरी नेपाललाई संरा अमेरिका र भारतको मातहत राख्न खोजेको बताउनुभयो ।

उहाँले ढिलो चाँडो अत्यन्त बहुमत नेपाली जनता एमसीसीको विरोधमा आउने र शासकहरूले उक्त सम्झौता खारेज गर्न बाध्य हुनुपर्नेछ भन्नुभयो ।

भक्तपुर नगरपालिकाले निःस्वार्थरूपले देश र जनताको सेवा गर्ने नेमकिपाको नीतिलाई व्यवहारमा उतारिरहेको चर्चा गर्नुहुँदै नगर प्रमुख प्रजापतिले नगरवासी र नेपाली जनताको सेवाबाहेक भनपाको अर्को कुनै स्वार्थ छैन भन्नुभयो ।

कोभिड -१९ को महामारी सुरू भएदेखि भनपाले नगरवासीको उपचारको लागि डाक्टर नर्सको सेवासहितको निःशुल्क आइसोलेसन केन्द्र सञ्चालन गरेको र महामारी नियन्त्रणको लागि आवश्यक र सम्भव भएका सबै कार्य गरेको पनि उहाँले उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले ख्वप अस्पताल निर्माणको चरणलाई अन्तिम चरणमा पुऱ्याएर केही रोगको ओपीडीलगायत सेवा सुरु गरिसकेको जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिले देको-मिबा-इतापाके जग्गा एकीकरण आयोजनाको सन्दर्भमा किसानको मुकुण्डो लगाएर केही किसानविरोधीहरू राजनीतिक पूर्वाग्रहका साथ विरोधमा उत्रेको हुनाले आयोजनाका नगरवासी चनाखो हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले जनविरोधीहरूको गलत हल्लाको पछाडि नलाग्न आग्रह गर्नुहुँदै योजनामा सबै उपभोक्ताहरूलाई न्याय हुने गरी जग्गा वितरण गर्ने ध्येयले पुनः प्लटिङको काम भइरहेकोले केही समय ढिलो भएको हो भन्नुभयो ।

कार्यक्रममा सीमाविद् डा. **बुद्धिनारायण श्रेष्ठ**ले नेपाल भारतबीचको सीमासम्बन्धी समस्या आजपर्यन्त समाधान नहुनुको कारण भारतको विस्तारवादी नियतमात्र नभई नेपाली शासकहरूको आत्मसमर्पणवादी लुखुरे प्रवृत्ति पनि हो भन्नुभयो ।

विशाल भूभाग भएको छिमेकी देश भारतले इलाम जिल्लास्थित पशुपतिनगरमा सीमास्तम्भवारिको नेपालको आधा

रोपनी जग्गा हड्पेको बताउनुभयो ।

नेपालले कालापानी–लिपुलेक–लिम्पियाधुरा क्षेत्र समेटेर चुच्चे नक्सा बनाए पनि नेपाली शासकहरूको हुतिहारापनका कारण अपेक्षित परिणाम हासिल हुन सकेको छैन भन्नुभयो ।

वरिष्ठ अधिवक्ता **कृष्णप्रसाद भण्डारी**ले देशको न्यायिक क्षेत्र विकृत भएको, संविधान र कानुनलाई क्षतविक्षत बनाउने र देशलाई अस्तव्यस्त पार्ने काम शासक दलहरूबाटै भइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै न्याय क्षेत्रमा पनि माफिया र विचौलियाहरूको प्रभाव बढ्दै गएको छ भन्नुभयो ।

उहाँले नेपालको कम्युनिस्ट आन्दोलन र पार्टीहरूलाई अवसरवादले बाधा पुऱ्याएको चर्चा गर्नुहुँदै सही नेता र पार्टीलाई सहयोग गर्ने परिपाटीलाई जनताले सहयोग गर्नुपर्ने औँल्याउनुभयो ।

डा. **शम्भु पहाडी**ले देशको शासन माफियाहरूको इसाराअनुसार चलिरहेको छ भन्नुहुँदै शासक दलहरूले देश र जनताको प्रतिनिधित्व गर्न सकेका छैनन् भन्नुभयो । उहाँले देशको संसद्मा नेमकिपा एउटा नभएको भए प्रतिपक्ष दल नै छैन झैँ प्रतीत भइरहेको बताउँदै सबै दल सत्तामा उक्लन उफ्रिरहेका छन् भन्नुभयो ।



उहाँले कोभिडको सङ्क्रमण दर केही कम भएको मात्र हो, उन्मूलन भएको होइन भन्नुहुँदै कोभिडबाट बच्न स्वास्थ्य मापदण्डहरू पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

प्राडा **पुरुषोतमलोचन श्रेष्ठ**ले नेपालको इतिहासमा रोगको महामारीबारेका अभिलेखहरूबारे चर्चा गर्नुहुँदै लिच्छवि र मल्लकालमा महामारीको समयमा जनताले विद्रोह गरेको कुनै प्रसङ्ग नभेटिएको तर शाह कालमा रणबहादुर शाहको राज्यकालमा राज्यले देशबाट निष्काशन गर्ने अन्यायको विरोधमा शितलामाजुको वियोगान्त गीतमार्फत विद्रोह गरेको चर्चा गर्नुभयो ।

पूर्वन्यायाधीश **गौरीबहादुर कार्की**ले प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले न्यायपालिकाको नेतृत्व गर्नुभन्दा आफ्नो पदलाई व्यक्तिगत र गुटगत स्वार्थको लागि दुरूपयोग गरेको देखिएको बताउनुभयो ।

संसद् पुनःस्थापनाको फैसला संविधानको व्यवस्थाअनुसार हुनैपर्ने फैसला भएको तर त्यही फैसलाबापत आफ्ना मानिसको लागि मन्त्री पद मागेर प्रन्या जबराले फैसलालाई नै किनबेच जस्तो देखाएर फैसलाकै अवमूल्यन गरेको बताउनुभयो । उहाँले संसद्का ठूला राजनीतिक दलहरू सही र निःस्वार्थी भएका भए अहिले प्रधानन्यायाधीशमाथि महाअभियोग लगाउनुपर्थ्यो भन्नुभयो ।

नेपाली सेनाका पूर्वजर्नेल डा. **प्रेमसिंह बस्न्यात**ले देशको सिमाना मिच्दा पनि चुप लागेर बस्नेहरू र एकातिरको समस्यामा पर्दा हाल्न अर्कोतिर नभएको समस्या खडा गर्नेहरू देशघातीहरू हुन् भन्नुभयो ।

उहाँले जयसिंह धामी हत्या प्रकरण भारतको दादागिरी र नेपालप्रतिको हेपाहा प्रवृत्तिको नमुना हो भन्नुभयो ।

मृगौला रोग विशेषज्ञ डा. **पुकारचन्द्र श्रेष्ठ**ले उच्च रक्तचापको कारण हरेक वर्ष मृगौलाका रोगी बढिरहेको चर्चा गर्नुहुँदै मुत्र प्रणाली र स्वास्थ्यमा असहजपन आउनासाथ अस्पताल पुगेर चिकित्सकको सल्लाह सुझाव लिनुपर्नेमा जोड दिनुभयो । उहाँले समयमै रोग पहिचान गरी उपचार थालेमा धेरै रोगीको मुटु र मृगौला जोगाउन सकिने बताउनुभयो ।

मुटुरोग विशेषज्ञ एवम् धुलिखेल अस्पतालका प्रमुख डा. **राजेन्द्र कोजू**ले मुटु जोगाउन सबै सजग बन्नुपर्ने बताउनुहुँदै फास्टफुड, पत्रुखाना, धूमपान र मद्यपानमा मात्र नियन्त्रण भएमा धेरै जना मुटुरोगबाट बच्ने औँल्याउनुभयो । उहाँले अरू सबै कुरा त्यागेर पनि वर्षको एक पटक पूर्ण स्वास्थ्य परीक्षण गरेमा समयमै रोग पहिचान भई सस्तो र सहज उपचार हुने बताउनुभयो ।

स्त्रीरोग विशेषज्ञ डा. **सानुमाया श्रेष्ठ**ले समाज विकास भएको देखिए पनि धेरै महिलामा रोग लुकाएर बस्ने प्रवृत्ति रहेको बताउनुहुँदै रोगी पहिचान गर्न सामुदायिक स्वास्थ्य शिविरहरू भइरहनुपर्ने औँल्याउनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **रुद्रादेवी शर्मा**ले भाषा र संस्कृति देशका मौलिक सम्पत्ति भएको र तिनको संरक्षण र संवर्द्धनले मात्र हाम्रो अस्तित्व जोगिने हो भन्नुभयो ।

नेपालभाषा साहित्य तःमुंज्या मू गुथिका अध्यक्ष **आशाकुमार चिकंबञ्जार**ले तः मुंज्या न्यायप्रेमी जनताको दबु भएको र यसमा न्यायप्रेमी कामदार जनताकै भावना अभिव्यक्त हुने गरेको चर्चा गर्नुहुँदै तःमुंज्या सफल पार्न अनेक किसिमले सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गर्नुभयो ।

डा. **वीरेन्द्रप्रसाद कायस्थ**ले पनि बोल्नुभएको



कार्यक्रममा कवि हरिहर तिमिल्सिना, कृष्णकुमार वैद्य, अभय श्रेष्ठलगायतले कविता वाचन गर्नुभएको थियो ।

कार्यक्रममा राजेश हाडाको लयमा आशाकुमार चिकंबन्जारले रचना गर्नुभएको स्वागत गीत रवि हाडा र लक्ष्मण पालिखेलले गाउनुभयो भने कार्यक्रमको बीचबीचमा विभिन्न सांस्कृतिक समूहहरूले गीत–सङ्गीत प्रस्तुत गरेका थिए ।

त:मुंज्याको पहिलो दिनको कार्यक्रमको सभापतित्व प्राध्यापक विश्वमोहन जोशीले गर्नुभयो भने कार्यक्रममा ग्वसाखल: (आयोजक समिति) का अध्यक्ष गणेशराम थुसाले स्वागत मन्तव्य राख्नुभयो ।

## दोस्रो दिन



नेपालभाषा साहित्य त:मुंज्याको दोस्रो दिनको कार्यक्रममा पनि राजनीतिक नेता–कार्यकर्ता, विभिन्न क्षेत्रका विद्वान, लेखक, कवि, कलाकारले विविध विषयमा गहन विचार प्रस्तुत गर्नुभयो । कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छैं (रोहित)**ले देश हितविपरीतको एमसीसी सम्झौताबारे व्यापक नेपाली जनतालाई सचेत बनाउने कार्यक्रमलाई निरन्तरता दिनुपर्ने र संसारका विभिन्न देशका नक्सा देखाएर जनतालाई हिन्द–प्रशान्त रणनीति (एमसीसी) बारे सचेत बनाउनुपर्ने बताउनुभयो ।

बृहत् साहित्य सम्मेलनमा छोटा र गहकिला रचनालाई समावेश गर्नु उपयुक्त हुने सल्लाह दिनुहुँदै उहाँले निबन्ध र समालोचना विधालाई पनि प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो ।



cWoIf lahS5]F;Daf]wg ug{b}

भक्तपुर जीवित सम्पदा/सङ्ग्रहालय भएको चर्चा गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले भक्तपुरका हरेक बीस–बाइस घरको अन्तरमा एक जना कलाकार भएको र ती सांस्कृतिक गुरुहरू विश्वविद्यालयका प्राध्यापकसरह भएको बताउनुभयो ।

भक्तपुरलाई खुला विश्वविद्यालयको रूपमा अघि बढाउनुपर्ने विचार राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले सरकारले भक्तपुरमा विश्वविद्यालय स्थापनाको अनुमति नदिए पनि शिक्षालाई उत्पादन श्रमसँग जोड्ने र संस्कृतिको प्राज्ञिक अध्ययनलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

विश्वविद्यालयले गर्ने काम अहिलेदेखि नै सुरू गर्नुपर्ने भन्नुहुँदै अध्यक्ष बिजुक्छेँले नेमकिपाले विचारको युद्धलाई निरन्तरता दिने प्रस्ट पार्नुभयो ।

नेमकिपाका सचिव तथा प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले एमसीसी सम्झौताको विरोधमा नेमकिपाले देशभर हालसम्म ५२ स्थानमा विरोध प्रदर्शन र सभा गरिसकेको जानकारी दिनुहुँदै एमसीसी संरा अमेरिकाको हिन्द–प्रशान्त क्षेत्रकै अङ्ग भएकोमा नेपाली जनता भ्रममा पर्न नहुने बताउनुभयो ।

उहाँले छिमेकी देश चीनलाई घेराबन्दी गर्न संरा अमेरिकाको भारत, अस्ट्रेलिया, बेलायत, जापानलगायत देशलाई हातमा लिएर 'क्वाड' र 'अउकस'जस्ता बहुदेशीय गठबन्धन बनाएको प्रस्ट पार्नुभयो ।

उहाँले एमसीसी सम्झौताअन्तर्गत नेपाल आउने भनिएको रकम बराबर सरकारले नेपालबाटै उठाउन सक्ने भन्नुहुँदै देशभरका देशभक्त र साम्राज्यवादविरोधी जनता एकजुट भएर एमसीसी सम्झौताको लगातार विरोध गर्नुपर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा बाग्मती प्रदेश सभा सदस्य सांसद **सृजना सैंजू**ले संसारका विभिन्न देशले एमसीसीभित्रको साम्राज्यवादी बद्नियत बुझेर अस्वीकार गरेको प्रस्ट पार्नुहुँदै संरा अमेरिकाले डलरलाई आफ्नो रणनीतिक, आर्थिक र राजनीतिक हतियार बनाएको बताउनुभयो ।

एमसीसी सम्झौता पारित भए नेपालको भोलिको नियति पनि इराक, अफगानिस्तान, लिविया र सिरियाको जस्तो हुने सांसद सैंजूले बताउनुभयो ।

वरिष्ठ पत्रकार **भैरव रिसाल**ले २०१८ सालमा आफ्नो नेतृत्वमा जनगणना भएको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा अहिले पनि जनगणना गर्नुपर्ने र जनगणना टोली पुग्नुपर्ने बताउनुभयो ।

भारतको पिथौरागढमा नेपाल र भारतका सेनाबीच संयुक्त सैनिक अभ्यास भएको स्मरण गर्नुहुँदै उहाँले सेना मिल्ने तर जनगणना गर्न सरकार नमिल्नु ठीक नहुने बताउनुभयो ।

उहाँले ४१ वर्षसम्म लगातार नेपालभाषा साहित्य तःमुंज्या हुनु महत्त्वपूर्ण उपलब्धि भएको भन्नुहुँदै साहित्य ठूलाबडाले लेख्ने र पढ्ने विषयमात्र होइन, श्रमिक जनताले पनि साहित्य लेख्ने, पढ्ने र सुन्नुपर्ने बताउनुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला समितिका अध्यक्ष **नारायण महर्जन**ले शासक पार्टीहरूले जनताको सेवा गर्ने भावना नराखेकोले पटक–पटकका राजनीतिक परिवर्तनले पनि जनतालाई फाइदा दिन नसकेको बताउनुभयो ।

साहित्यकार डा. **रामप्रसाद ज्ञवाली**ले तःमुंज्या नेपालभाषाको साहित्य सम्मेलनमात्र नभई धेरै विषयको बृहत् सम्मेलन भएको अनुभव गरेको बताउनुहुँदै मानिसको जीवन पद्धति नै संस्कृति भएको बताउनुभयो ।

उहाँले संस्कृतिले सभ्यताको निर्माण गर्ने र सभ्यताले संस्कृतिको संरक्षण गर्ने बताउनुभयो ।

राजनीति आफैं खराब नभई राजनीतिक नेतृत्व गर्ने केही मानिसको प्रवृत्ति खराब हुँदा राजनीति बद्नाम भएको उहाँले बताउनुभयो ।

इन्जिनियर एवम् लेखक **राजदास श्रेष्ठ**ले कृषि क्षेत्रलाई उपेक्षा गर्न नहुने धारणा राख्नुहुँदै कृषिमा देश सबल नभए जनता भोकै हुने बताउनुभयो ।

साहित्य र संस्कार नभएको मानिस सभ्य नहुने धारणा राख्नुहुँदै साहित्य र संस्कृतिलाई व्यापक श्रमिक जनताको हितमा लेखिनुपर्ने विचार उहाँले राख्नुभयो ।

'नेपाल प्राकृतिक स्रोत र अनेक संस्कृति तथा बौद्धिक सम्पदामा धनी भएर पनि देशका शासक दलहरूको अक्षमताको कारण देशले प्रगति गर्न सकेको छैन', उहाँले भन्नुभयो ।

साहित्यकार **नरेन्द्रराज प्रसाई**ले नेपालका सरकारमा गएका वामपन्थी शक्तिले देशभक्तिको खोल ओढेर देशघात गरिरहेको बताउनुभयो ।

उहाँले नेमकिपा देशभक्त र जनवादी राजनीतिक पार्टी भएको भन्नुहुँदै देशमा लामो समय शासन गरेको नेपाली काङ्ग्रेसमा कोही पनि देशभक्त नदेखेको धारणा राख्नुभयो ।

कवयित्री **इन्दिरा प्रसाई**ले नेपालभाषाको मिठासको कारण आफूले नेपालभाषा सिक्न थाले पनि समय अभावको कारण अपेक्षित सफलता पाउन नसकेको बताउनुभयो ।

उहाँले राजनीति फोहोरी खेल भनी प्रचार हुँदा सामान्य जनता राजनीतिबाट अलग बस्ने गरेको र त्यसको फाइदा कुलीन वर्गले उठाइरहेको बताउनुभयो ।

उहाँले देशको सार्वभौमिकता रक्षाको निम्ति देशका सबै नागरिक सिपाहीं बन्नुपर्नेमा जोड दिनुभयो ।

सीमा अध्येता **रतन भण्डारी**ले भारतसँगको सीमा विवादलाई छायामा पार्न केही शक्ति चीनसँग हुँदै नभएको सीमा विवाद उछाल्न खोजिरहेको बताउनुभयो । वि.सं. २०१६ मै नेपाल र चीनबीच सीमा सन्धि र सीमासम्बन्धी प्रोटोकलमा हस्ताक्षर भएको बताउनुहुँदै उहाँले नेकाका केही नेताहरूले चीनसँगको सीमाबारे भ्रम र झूट फैलाउने काम गरिरहेको उहाँको भनाइ थियो ।

भण्डारीले महाकाली नदीमा जयसिंह धामीको हत्या भारतीय सीमा सुरक्षा बलले गरेको तर विषयान्तर गर्न नेपाल सरकारले क्षतिपूर्ति दिनु गलत भएको भन्नुहुँदै यसले आगामी दिनमा पनि भारतीय पक्षले नेपाली जनताको हत्या गर्दै जाने अवस्था आउने बताउनुभयो ।

शिक्षाविद् **सर्वज्ञभक्त मल्ल**ले भक्तपुरका विभिन्न क्षेत्रमा योगदान गरेका व्यक्तिहरूको परिचय समेटेर पुस्तक प्रकाशित गर्न सके भावी पुस्ताको लागि उपयोगी हुने बताउनुभयो ।

समाजसेवी **कृष्णलाल प्रधान**ले भक्तपुरको राजनीतिक नेतृत्व सही भएकोले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायत क्षेत्रमा उल्लेखनीय प्रगति सम्भव भएको धारणा राख्नुभयो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्राडा **हृदयरत्न बज्राचार्य**ले बुद्धका शिक्षा उपदेश र तर्कहरू मानव जीवनको लागि अत्यन्त उपयोगीसिद्ध भइरहेको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका सर्जन डा. **ऋषिकेशनारायण श्रेष्ठ**ले भक्तपुरका जनताको सङ्घर्षकै कारण भक्तपुर क्यान्सर अस्पताल आज सरकारी अस्पताल बनेको भन्नुहुँदै भक्तपुरमा चाँडै ख्वप विश्वविद्यालय स्थापनाको

कामना गर्नुभयो ।

दोस्रो दिनको कार्यक्रममा जनकवि चन्द्रबहादुर उलक, कान्छा बासुकला, दामोदर सुवाल, विष्णुगोपाल कुसी, शम्भुराम प्रजापति, ओम धौभडेल, सूर्यप्रसाद लाकोल, नारायणकुमार आचार्य, रामप्रसाद किसी, धर्मराज कर्णिकार, युसुप दुवाललगायतले आ-आफ्ना रचना वाचन गर्नुभएको थियो ।

कार्यक्रममा गायक रवि हाडा, लक्ष्मण पलिखेल, सत्यनारायण मानन्धर, राजकुमार मानन्धरलगायतले गीत प्रस्तुत गर्नुभएको थियो ।

सम्पदा सांस्कृतिक समूह, आस्था सांस्कृतिक परिवार, विनाता कला सदन, नेक्रासांसङ्घ काभ्रेलगायतले आफ्ना सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरेका थिए ।



४१ औँ नेपालभाषा साहित्य तःमुंज्याको साहित्य प्रतियोगिताअन्तर्गत कवितातर्फ विकल प्रजापति **प्रथम**, सकुन्तला महर्जन **द्वितीय**, काशीराम विरस **तृतीय** र अर्चना छुकां **सान्त्वना** पुरस्कार जित्न सफल हुनुभयो । त्यस्तै कथा विधातर्फ श्रीया पहिजू **प्रथम**, एलके सुन्दर **द्वितीय**, श्रीभक्त जोशी ( सँक्व) **तृतीय** र कृष्णप्रसाद सुवाल **सान्त्वना** पुरस्कार जित्न सफल हुनुभयो ।

तःमुंज्याको दोस्रो दिनको कार्यक्रमको सभापतित्व स्रष्टा समाज नेपालका सदस्य एवम् शिक्षिका **सुशिला कर्माचार्य**ले



गर्नुभएको थियो ।

कार्यक्रममा स्वागत आयोजक समितिका उपाध्यक्ष **लक्ष्मीप्रसाद चवाल**, सचिव **जगनाथ सुजखू**ले धन्यवाद ज्ञापन, आर्थिक हिसाब कोषाध्यक्ष **अनिता जधारी**ले प्रस्तुत गर्नुभएको थियो भने नेपालभाषा साहित्य तःमुंज्या मू गुथिका सचिव **नरेश खत्री**ले धन्यवाद मन्तव्य राख्नुभएको थियो ।

## तःमुंज्या प्रचारार्थ सुकुन्दा ऱ्याली



एकचालीसौँ नेपालभाषा साहित्य तःमुंज्या (सम्मेलन) तथा सांस्कृतिक कार्यक्रमको प्रचारार्थ ग्वसाखलः (आयोजक समिति) को आयोजनामा असोज ३० गते साँझ सुकुन्दा ऱ्याली सम्पन्न भयो । ख्वप कलेजको मूलद्वार देकोचाबाट सुरु भएको ऱ्याली भोलाछेँ, थालाछेँ, नागपोखरी, याताछेँ, गछेँ, सूर्यमढी, तचपाल, इनाचो, गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, वंशगोपाल, तेखापुखु, इताछेँ, खौमा, दरबार क्षेत्र, तुलाछेँ, चोछेँ, मुलाछेँ हुँदै देकोचामै पुगेर सम्पन्न भएको थियो ।

सुकुन्दा ऱ्याली सुरु हुनुअघिको कोणसभामा बोल्दै नेपालभाषा साहित्य तःमुंज्या मू गुथिका सदस्य एवम् भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले देशभरिका भाषा, संस्कृति र कला देशको सम्पत्ति भएको हुँदा तिनको संरक्षण र संवर्द्धन गरिनुपर्ने बताउनुभयो ।

आफ्नो भाषा र संस्कृतिप्रति माया नहुने मानिस यथार्थमा सभ्य नकहलिने बताउनुहुँदै उहाँले हाम्रो भाषा र संस्कृति बचाउन जनता सक्रिय हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

ग्वसाखलः (आयोजक समिति) का सदस्य **रोशनमैयाँ सुवाल**ले नेपालभाषा साहित्य तःमुंज्या जनताको आवाज बुलन्द गर्ने जनताको दबु भएकोले जनताले नै यसलाई सहयोग र टेवा दिनुपर्ने बताउनुभयो ।

ऱ्याली समापन कार्यक्रममा ग्वसाखलः (आयोजक समिति) का सचिव **जगन्नाथ सुजखु**ले तःमुंज्या संसारकै शोषित

पीडित जनताको आवाज राख्ने मञ्च रहेको चर्चा गर्नुहुँदै सबैसित सहयोग र सहभागिताको लागि अनुरोध गर्नुभयो ।

स्मरणीय छ नेपालभाषा, साहित्य, कला र संस्कृतिको संवर्द्धन र विकासको लागि भइरहेको प्रयासमा टेवा दिने ध्येयले नेपाल संवत् ११०० (विसं २०३७) मा **नेपालभाषा साहित्य तःमुंज्या** स्थापना भएको थियो । हरेक वर्ष कौलाथ्व द्वादशी र त्रयोदशीका दिन दुईदिने कार्यक्रमका साथ तःमुंज्या (सम्मेलन) हुँदै आएको छ ।

# 'Qualitative And Quantitatve Research' विषयक कार्यशाला गोष्ठी




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ** (रोहित)ले वागीश्वरी कलेजको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा 'QUALITATIVE AND QUANTITATIVE RESEARCH' विषयमा भएको तीनदिने कार्यशाला गोष्ठीको असोज २२ गते उद्घाटन गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले कार्यशाला गोष्ठीको सफलताको कामना गर्नुहुँदै विकसित देशहरूले विकासको नाममा नेपाललाई दिइरहेको सहायताले देशलाई परनिर्भरतातर्फ धकेलिरहेको बताउनुभयो ।

नेपालमा सञ्चालित गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालका शासक दलहरूलाई आफूअनुकुल प्रभावमा पारिरहेको र नेपालको गुप्त प्रतिवेदनहरू विदेश पुऱ्याउने काम गरिरहेको छ, उहाँले प्रष्ट पार्नुभयो ।

अध्यक्ष बिजुक्छेँले देशको सार्वभौमिकतामाथि आँच पुग्ने देशघाती एमसीसी सम्झौता खारेज गर्नुपर्नेमा जोड दिनुहुँदै नेपालका सांसद, बुद्धिजीवीहरूलाई समेत प्रभावमा पार्दै एमसीसी नेपालको संसदबाट अनुमोदन गर्न विभिन्न षड्यन्त्रहरू भइरहेको बताउनुभयो । उहाँले राम्रा विद्यार्थीहरू राजनीतिक गतिविधिमा संलग्न हुनुपर्नेमा जोड दिनुभयो ।

वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाभित्र सञ्चालित कलेजहरूलाई अनुसन्धानको केन्द्रको रूपमा स्थापित गर्न प्रयासरत रहेको बताउनुभयो ।

शेयर कारोबारले नेपाली लगानीकर्ताहरूलाई नराम्रोसँग डुबाउने खतरा भएको औँल्याउनुहुँदै उहाँले पूँजीवादी व्यवस्थालाई समाप्त पारी समाजवादी व्यवस्था स्थापना गर्ने उद्देश्यका साथ नेमकिपा लागिरहेको बताउनुभयो ।



नेपालमा सञ्चालित गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारीको गतिविधिले विकासको नाममा दास बनाइरहेको र देशलाई उपनिवेश बनाउने खतरा रहेको औँल्याउनुहुँदै उहाँले अरूको भरमा काम गर्ने मानसिकताले परनिर्भरतातर्फ धकेल्ने प्रष्ट पार्नुभयो ।

वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद धन्छा**ले शिक्षण–सिकाइको क्रियाकलापमा अनुसन्धानको महत्त्वबारे प्रष्ट पार्नुहुँदै शिक्षक–कर्मचारीहरूले आफूमा भएको ज्ञान विद्यार्थीमार्फत उजागर गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा वागीश्वरी कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**ले अनुसन्धानको महत्त्वलाई बुझेर वागीश्वरी कलेजले यस वर्ष २६ लाख बजेट विनियोजन गरेको बताउनुहुँदै वागीश्वरीलाई अनुसन्धानको उत्कृष्ट केन्द्रको रूपमा विकास गर्ने योजनाअनुरूप कलेजमा कार्यरत शिक्षकहरूलाई विभिन्न विषयमा कार्यशाला गोष्ठीहरूमा जोड दिइरहेको बताउनुभयो ।

कार्यक्रममा वागीश्वरी कलेज आरएमसीका संयोजक सिद्धिवीर कर्माचार्य र शिक्षक राजन चौगुठीले पनि आआफ्नो धारणा राख्नुभएको थियो ।

# तीनदिने कार्यशाला गोष्ठी सम्पन्न




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा वागीश्वरी कलेजको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा क्वान्टिटेटिभ एण्ड क्वालिटेटिभ रिसर्च विषयमा भएको तीनदिने कार्यशाला गोष्ठी असोज २४ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाभित्र सञ्चालित कलेज तथा विद्यालयबाट उत्पादित जनशक्ति प्रतिस्पर्धी र इमानदार हुनुका साथै उनीहरूलाई देश र समाजप्रति उत्तरदायी भएर काम गर्ने भावना उजागर गर्नुपर्ने बताउनुभयो ।

उहाँले सर्वोच्च अदालतलाई कानुनको व्याख्या गर्ने अधिकार मात्र भएको तर वर्तमान अवस्थामा अदालतले राज्यशक्ति नै हातमा लिन गलत बाटो अँगालिरहेको बताउनुभयो ।

कार्यक्रममा स्रोत व्यक्ति डा. **बलराम दुवाल**ले अनुसन्धानमा आधारित कार्याशाला गोष्ठीले प्राध्यापकहरूको शिक्षण सिकाइ गतिविधिलाई मलजल गर्ने बताउनुहुँदै अनुसन्धान क्षेत्रमा नयाँ नयाँ गोष्ठी तथा सेमिनारहरू गर्दै लानुपर्ने आवश्यकता औंल्याउनुभयो ।



कार्यक्रममा आरएमसीका संयोजक **सिद्धिवीर कर्माचार्य**, गोष्ठीमा सहभागी काभ्रे बहुमुखी क्याम्पसका **सन्जय श्रेष्ठ**, कार्यक्रम संयोजक **शिवबहादुर खुलीमुली** र **राजन चौगुठी**ले पनि बोल्नुभएको थियो । सोही क्रममा प्रमुख अतिथि प्रजापतिले गोष्ठीमा सहभागी प्राध्यापक तथा कर्मचारीहरूलाई प्रशंसापत्र वितरण गर्नुभएको थियो ।

## ‘Time Series Analysis Using E-views’ विषयक कार्यशाला गोष्ठी




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ख्वप कलेजको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा Time Series Analysis Using E-views विषयमा भएको पाँचदिने कार्यशाला गोष्ठीको असोज १९ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले अनुसन्धानलाई प्राथमिकतामा राखेका देशहरूको तुलनात्मक रूपमा विकास भइरहेको बताउनुभयो ।

विज्ञान तथा प्रविधिमा यथेष्ट लगानी गरेर मात्र देश विकासको पूर्वाधारको विकास सम्भव हुने बताउनुहुँदै उहाँले र ाज्यले शिक्षा, विज्ञान तथा प्रविधिलाई कमै महत्त्व दिने गरेको बताउनुभयो ।

सरकारले प्रविधि तथा अनुसन्धानको क्षेत्रमा लगानी बढाएर यस क्षेत्रलाई प्रोत्साहित गर्नुपर्नेमा जोड दिनुहुँदै नगर पालिकाअन्तर्गत ख्वप विश्वविद्यालय सञ्चालन गरी सस्तोमा गुणस्तरी मेडिकल शिक्षा प्रदान गर्ने उद्देश्य रहेको उहाँले प्रष्ट पार्नुभयो ।

भक्तपुरका कलेज तथा विद्यालयहरूलाई अनुसन्धानको केन्द्रको रूपमा विकास गर्ने उद्देश्य रहेको बताउनुहुँदै उहाँले विकास निर्माणका काममा विदेशीको भर पर्न नहुने र आफूमा भएको ज्ञान र सीपलाई विस्तार गर्न अनुसन्धानका कार्यहरूले



महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य **रूपक जोशी**ले कलेजले प्रत्येक वर्ष विभिन्न विषयमा अनुसन्धान क्षेत्रका कार्यशाला गोष्ठीहरू आयोजना गर्दै आइरहेको बताउनुहुँदै यस्ता कार्यक्रमहरूले शिक्षकहरूको मनोबल बढाउन मद्दत पुग्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज विभागीय प्रमुख **सुनिल सुवाल**ले पनि बोल्नुभएको थियो

कार्यक्रममा प्रमुख प्रजापतिले कलेजका प्राचार्य रूपक जोशीलाई तालिमको सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

## पाँचदिने कार्यशाला गोष्ठी सम्पन्न




ख्वप कलेजको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा ख्वप कलेजमा भइरहेको 'वर्कसप अन टायम सिरिज युनिजङ इभ्यूज' विषयमा भएको पाँचदिने गोष्ठी असोज २४ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**को आतिथ्यमा भएको उक्त समापन कार्यक्रममा उहाँले तालिमबाट प्राप्त ज्ञानलाई उपयोग गर्न सकेमात्र तालिमको सार्थकता हुने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, भक्तपुर नगरपालिका ख्वप विश्वविद्यालय सञ्चालनको लागि लागिपरेको छ । भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने भक्तपुरवासीको चाहनालाई पूरा गर्न आ–आफ्नो क्षेत्रबाट सहयोग गर्दै प्रत्येक घरबाट अनुसन्धानकर्ता तयार गर्नेतर्फ सोच्नु आवश्यक छ ।'

तालिमले आत्मविश्वास बढाउने हुनाले नियमित तालिम तथा गोष्ठीहरू सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य **रूपक जोशी**, प्रशिक्षक **सिद्धराज भट्टराई**, शिक्षक **राजन फाजू**ले पनि बोल्नुभएको थियो ।

## आधुनिक कृषि सहकारीको १२ औं साधारणसभा



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपा वडा नं. ४ बाराहीस्थानमा अवस्थित आधुनिक कृषि सहकारी संस्था लि. को १२ औं साधारणसभाको पानसमा दीप प्रज्ज्वलन गरी असोज २० गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले कृषकलाई प्रोत्साहित गर्न उपलब्ध गराइँदै आएका अनुदान धनाढ्य र ठेकेदारहरूको हातमा परेको तथा व्यापक दुरूपयोग भइरहेको बताउनुहुँदै कृषि अनुदानका कार्यक्रमहरूमा पारदर्शिता र जवाफदेहिता हुपर्ने बताउनुभयो ।

उहाँले कृषि क्षेत्रको विकासले देशको समृद्धिमा टेवा पुऱ्याउने बताउनुहुँदै भक्तपुर नगरपालिकाले किसानहरूको उत्पादन संरक्षण गर्न चिस्यान केन्द्र सञ्चालन गर्न आवश्यक तयारीमा जुटिरहेको बताउनुभयो ।

नेपालमा रसायनिक मल कारखाना स्थापना र सञ्चालन गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले किसानहरूले सिँचाइको उपलब्धता समेत प्राप्त गर्न नसक्दा ठूलो क्षति व्यहोरिरहेको बताउनुभयो ।

भक्तपुर नपाले कृषकहरूलाई कृषि चुन, उन्नत जातको

बिऊ वितरणलाई अझ व्यवस्थित गर्दै किसानहरूलाई माटो परीक्षण र कृषिसँग सम्बन्धित विभिन्न तालिमहरू सञ्चालन गर्दै आइरहेको उहाँले अवगत गराउनुभयो ।

कार्यक्रमका सभापति एवम् संस्थाका अध्यक्ष **दयाराम मचामसी**ले नेपालमा कृषि उपजको आयातको परिणाम डरलाग्दो स्थितिमा रहेको बताउनुहुँदै आधुनिक कृषि सहकारी सङ्घले कृषकहरूलाई चाहिने मल, बीऊ विजन तथा तालिम दिँदै किसानहरूको उत्पादनहरूलाई बजारीकरणमा जोड दिँदै आएको बताउनुभयो ।

जिल्ला कृषि सहकारी सङ्घका **कुलबहादुर न्हेम्हाफुकी**ले भक्तपुरमा कृषि म्युजियमको खाँचो रहेको बताउनुहुँदै तरकारी बजार स्थापनाले किसानहरूको उत्पादन संरक्षण हुने बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक सूर्यविनायकका शाखा प्रमुख **दिनेश गेलाल**, सङ्घका सञ्चालक **हरिराम त्वानाबासु** र उपाध्यक्ष **सनिस लागेजु**ले पनि शुभकामना मन्तव्यका साथै कृषि क्षेत्रको विकास र प्रवर्द्धनमा गर्नुपर्ने कार्यहरूबारे आआफ्नो धारणा राख्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले सङ्घमा उत्कृष्ट र पाँच वर्ष कार्यरत कर्मचारीहरूलाई प्रशंसापत्र र मायाको चिनो प्रदान गर्नुभएको थियो । कार्यक्रमपश्चात नगर प्रमुख प्रजापतिले आधुनिक कृषि सहकारीले सञ्चालन गरेको कृषिउपज तरकारी बजारको अवलोकन गर्नुभएको थियो ।

## सामाजिक गतिविधिहरूमा स्काउटको भूमिका उल्लेखनीय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेपाल स्काउट पोयोनियर ओपन क्रुका पूर्व




रोभर रेन्जर र ऐस गर्ल्स मोभमेन्ट २०२० मा सम्मिलित रेन्जर तथा कोभिड १९ को जनचेतनामूलक कार्यक्रममा सहभागी स्काउटर तथा रोभर रेन्जरहरूलाई बधाई तथा सम्मान कार्यक्रम असोज २२ गते देकोचामा सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **सुनिल प्रजापति**ले सामाजिक गतिविधिहरूमा स्काउटको भूमिका उल्लेखनीय भएको बताउनुहुँदै स्काउटरहरू समाजको निम्ति समर्पित भावका साथ काम गर्ने भावनामा प्रेरित हुनुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाले नेपाली सेनासँग समन्वय गरी विपद् व्यवस्थापन समितिमार्फत विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको बताउनुहुँदै स्काउटबाट आफूले सिकेको तालिमबाट समाजको हितको निम्ति काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपाले स्काउटको परिचय र उद्देश्यबारे प्रष्ट पार्न स्थानीय पाठ्यक्रममा समावेश गरी विद्यार्थीहरूलाई पठनपाठन गर्दै आइरहेको उहाँले बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले वडाका गतिविधिबारे अवगत गराउनुहुँदै खेलकुद क्षेत्रमा पनि नगरपालिकाले विविध गतिविधिमा जोड दिँदै युवाहरूको क्रियाशीलता बढाइरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् पायोनियर ओपन क्रुका अध्यक्ष **रबिन्द्र बासुकला**ले सामाजिक गतिविधिमा भएको गतिविधिबारे जानकारी दिनुभयो भने भनपा खेलकुद समितिका संयोजक राजुसिंह बजिक्व, लिडर रोभरद्वय रमेश सितिखु र रमिता सितिखुले पनि आफ्नो धारणा व्यक्त गर्नुभयो ।

सोही क्रममा प्रमुख प्रजापतिउहाँले उत्कृष्ट रोभर रेन्जर र ऐस गर्ल्स मोभमेन्ट २०२० मा सम्मिलित रेन्जरद्वय रुमी तमखू र पुरन्जनी दुवाललाई सम्मान गर्नुभएको थियो ।

## लोकेश्वर साकोसको १४ औँ साधारणसभा

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं.२ इताछैँमा अवस्थित लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि. को १४ औँ साधारणसभा असोज २३ गते सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै नगर प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले युवा लक्षित तालिमहरू सञ्चालन गरी युवाहरूलाई आत्मनिर्भर बनाउनेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

प्रदेश सरकारले कौसी खेतीमा दिइरहेको अनुदान



रकम वास्तविक किसानले नपाएको गुनासो रहेको औंल्याउनुहुँदै उहाँले किसानको नाममा आएको अनुदान रकम वास्तविक किसानले नै पाउनुपर्नेमा जोड दिनुभयो ।

एक सहकारी एक सम्पदा सरसफाइ अभियानमार्फत भक्तपुरका सांस्कृतिक सम्पदाहरूको सरसफाइमा सहकारीकर्मीहरूले उल्लेख्य भूमिका खेलेको बताउनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकालाई तिर्नुपर्ने कर समयमै तिर्न र नक्सा तथा मापदण्डबमोजिम घर निर्माण गर्न उत्साहित गर्नुभयो ।

ख्वप अस्पतालमा निर्मित अक्सिजन प्लान्ट निर्माणमा भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूका तर्फबाट उल्लेख्य सहयोग प्राप्त भएकोमा गौरवान्वित महसुस भएको बताउनुहुँदै आगामी दिनहरूमा पनि नगरपालिकाका गतिविधिहरूमा यहाँका सङ्घ संस्थाहरूको साथ र सहयोग रहँदै जाने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपुरका सहकारी संस्थाहरूको गतिविधिहरू नियमन र अनुगमन नियमित रूपमा भइरहेको बताउनुहुँदै सहकारी संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिनुभयो । देको मिवा इतापाके जग्गा एकीकरणको मुख्य उद्देश्य भनेकै उक्त क्षेत्रलाई व्यवस्थित र सुविधासम्पन्न बनाउनु रहेको औंल्याउनुहुँदै वडाध्यक्ष बासुकलाले जग्गाधनीहरूको गुनासो सुनुवाई गरी रिप्लटिङ नक्सा छिटै वितरण गर्ने तयारीमा रहेको बताउनुभयो ।

कार्यक्रममा पूर्व वडाध्यक्ष **रबिन्द्र खर्बुजा**ले देशघाती एमसीसी सम्झौता नेपालको हित विपरीत भएको र एमसीसीविरुद्ध सम्पूर्ण देशभक्त जनताले आवाज उठाउनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमका सभापति एवम् संस्थाका अध्यक्ष **राजन जति**ले संस्थाका सदस्यहरूलाई व्यवसायिक, आत्मनिर्भर र प्रविधिमैत्री बनाउँदै संस्था अगाडि बढिरहेको र संस्थाले सङ्ख्यात्मक भन्दा पनि गुणात्मक सेवा प्रदान गर्न जोड दिइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत सङ्घका सञ्चालक समिति सदस्य **चन्डिका छुकां**, संस्थाका उपाध्यक्ष **प्रनेश बाटी**ले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा प्रबन्धक **प्रशान्त मानन्धर**, संस्थापक अध्यक्ष **श्यामसुन्दर मातां** र सदस्य **राजु छुकां**ले पनि बोल्नुभएको थियो । कार्यक्रममा संस्थाका कोषाध्यक्ष **पुन्यराम स्वंगमिखा**ले आर्थिक प्रगति प्रतिवेदन, सचिव **कृष्णराम तुकंबन्जार**ले वार्षिक प्रगति प्रतिवेदन र लेखासुपरीवेक्षण समितिका संयोजक **लक्ष्मीभक्त दुवाल**ले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा नगरप्रमुख प्रजापतिले संस्थाका ज्येष्ठ ५० जना सदस्यहरूलाई दोसल्ला ओढाई सम्मान पत्रसहित सम्मान गर्नुभएको थियो ।

# भक्तपुर साकोसको २४ औं साधारणसभा




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. को २४ औं साधारणसभा असोज २३ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले सहकारी संस्थाको इमानदारिता र पारदर्शिताले जनताको विश्वास कायम हुने बताउनुहुँदै शिक्षा, स्वास्थ्य, व्यापारलगायतका क्षेत्रमार्फत व्यापक जनताको सेवा गर्ने उद्देश्य सहकारी संस्थाहरूको हुनुपर्छ भन्नुभयो ।

भक्तपुर साकोसले आदर निकेतन सञ्चालनको तयारी गरिरहेको सराहनीय कार्य भएको औंल्याउनुहुँदै उहाँले भक्तपुर नगरपालिका नगरको सन्तुलित विकासमा ध्यान केन्द्रित रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, ख्वप अस्पतालमा अक्सिजन प्लान्ट निर्माणमा भक्तपुर नगरवासीहरूले करिब एक महिनाभित्र ६ करोडभन्दा बढी आर्थिक सहयोग गरी हामीलाई जनताको सेवा गर्न हौसला मिलेको छ । जनताको साथ र सहयोगमा नगरपालिका आगामी दिनमा अगाडि बढ्नेछ ।

विदेशी सहयोगबाट नेपालको विकास सम्भवै नभएको बताउनुहुँदै उहाँले विदेशीको सहयोगबिना नै भक्तपुर नगरपालिकाले भूकम्पबाट भत्केका सम्पदाहरू पुनःनिर्माण तथा जीर्णोद्धार गरिरहेको बताउनुभयो । जनताको सहयोगका कारण यो सम्भव भएको उहाँले बताउनुभयो ।

एमसीसीको नाममा आर्थिक सहयोगलाई हतियारको रूपमा प्रयोग गरी संरा अमेरिकाले नेपाललाई आफ्नो उपनिवेश बनाउने षड्यन्त्रविरुद्ध सारा जनताका एकजुट हुनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले शासक दल आफू सरकारमा जान नेपाललाई अरूको उपनिवेश बनाउन लागिपरेको यथार्थबारे प्रष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले भक्तपुर साकोसप्रति जनताको विश्वास बढ्दै गइरहेको र जनताको असल साथीको रूपमा संस्थाले भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

कोभिड महामारीसँगै भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै ख्वप अस्पताल सञ्चालनमा ल्याएको बताउनुहुँदै वडाध्यक्ष ज्याख्वले छिटै भेन्टिलेटर र आइसीयुसहितको ख्वप अस्पताल सञ्चालनको तयारीमा नगरपालिका जुटेको बताउनुभयो ।

भक्तपुर साकोसका अध्यक्ष **बलराम प्रजापति**ले काम गरिखाने वर्गलाई आर्थिक र सामाजिक रूपले सबल बनाई गुणस्तरीय जीवन यापन गर्न टेवा पुऱ्याउने संस्थाको उद्देश्य रहेको प्रष्ट पार्नुहुँदै संस्थाको उद्देश्यअनुरूप प्रगति र विकास भइरहेको बताउनुभयो ।

नेफस्कुनका सञ्चालक समिति सदस्य **मन्दरा मिश्र**ले राज्यले सहकारी क्षेत्रलाई उचित संरक्षण र सहयोग गर्न नसकेको बताउनुहुँदै बिनास्वीकृति सञ्चालनमा आएका बहुउद्देश्यीय सहकारी संस्थाहरूले सोझा साझा जनतालाई ठग्ने कार्य भइरहेकोतर्फ सचेत गराउनुभयो । समुदायमा आधारित सहकारीको रूपमा भक्तपुर साकोस परिचित भएको बताउनुहुँदै उहाँले भन्नुभयो, भक्तपुर साकोस जनताको आशा र भरोसाको केन्द्र हो ।

कार्यक्रममा संस्थाका सचिव **लक्ष्मीप्रसाद कुसी**ले आ.व. २०७७।७८ को सञ्चालक समितिको प्रगति प्रतिवेदन, कोषाध्यक्ष **रामप्रसाद प्रजापति**ले आ.व. २०७७।७८ को वित्तीय विवरण तथा २०७८,०७९ को अनुमानित वार्षिक बजेट र लेखा सुपरीवेक्षण समितिका संयोजक **कृष्णसुन्दर प्रजापति**ले समितिको आ.व. ७७।७८ को प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला सङ्घका कोषाध्यक्ष **कान्छाभक्त घजु**, सल्लाहकार **रत्नप्रसाद प्रजापति**, उपाध्यक्ष **निर्मल प्रजापति**, सदस्यद्वय **जगन्नाथ प्रजापति** र **रामेश्वरी कोजु**ले संस्थाका तर्फबाट भइरहेका गतिविधि र उद्देश्यमाथि प्रष्ट पार्नुभयो ।

# भिन्तुना साकोसको १९ औँ साधारणसभा




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भिन्तुना बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १९ औँ साधारणसभाको उद्घाटन असोज ३० गते गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले विदेशीको सहयोगले नेपाललाई आर्थिक रूपमा उपनिवेश बनाउने खतरा रहेको औँल्याउनुहुँदै आर्थिक रूपले स्वतन्त्र नभएको देश राजनैतिक रूपमा पनि स्वतन्त्र नहुने बताउनुभयो ।

नेपालबाट विभिन्न कालखण्डमा हराएका वा चोरी भएका प्राचीन मूर्ति फर्काउन भक्तपुर नपाले संस्कृति मन्त्रालय, पुरातत्त्व विभागमार्फत आवश्यक पहल गरिरहेको बताउनुहुँदै उहाँले भक्तपुरका कला, संस्कृति जगेर्ना भए मात्र यहाँको पहिचान कायम हुने बताउनुभयो ।

२०७२ सालको भूकम्पबाट भत्केका सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धारको काम अन्तिम चरणमा पुगिसकेको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिका नगरवासीहरूको साझा संस्था हो र यस संस्थाको विकासमा सबैजना एकजुट हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नगर सुविधायुक्त, सुन्दर र व्यवस्थित सहर निर्माण गर्न नपाले देको मिवा इतापाके आयोजना सञ्चालनमा ल्याएको प्रष्ट पार्नुहुँदै उहाँले आवास योजनामा जग्गावालाले सुविधाअनुसारको योगदान गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा सहकारी विभागका संयोजक एवम् भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले बचत तथा ऋण सहकारीमा प्रभावकारी अनुगमन नहुँदा संस्थाहरू समस्याग्रस्त भएको, व्यवस्थापक र सञ्चालकले रकम हिनामिनाका कारण सर्वसाधारणको बचत जोखिममा पर्दै आएको गुनासो सम्बोधन गर्दै भक्तपुर नगरपालिकाले नगरभित्रका सहकारी संस्थाहरूको अनुगमन र नियमनलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै वडाध्यक्ष बासुकलाले जग्गाधनीहरूको सुझाव र समस्यालाई सम्बोधन गरी आयोजना सम्पन्न गर्ने तयारीमा रहेको बताउनुभयो ।


भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. का अध्यक्ष **कृष्णगोविन्द लाखाजु**ले भिन्तुना साकोसको आर्थिक कारोबार सन्तोषजनक रहेको बताउनुहुँदै सहकारी संस्था सहकारीका सिद्धान्तलाई आत्मसात् गर्दै मूल्य र मान्यतालाई आधार बनाएर सञ्चालन हुनुपर्ने तथा साधारणसभामा शेयर सदस्यहरूको सक्रिय सहभागिताको खाँचो रहेको बताउनुभयो ।

भिन्तुना साकोसका अध्यक्ष **शिवकृष्ण कोजु**ले बचत गरौँ भविष्य बनाऔँ भन्ने आह्वानका साथ संस्थाको स्थापना भएको बताउनुहुँदै समाजको आर्थिक र सांस्कृतिक स्तरमा परिवर्तन गर्न संस्थाको भूमिका रहेको बताउनुभयो ।

कार्यक्रममा भिन्तुना साकोसका सञ्चालक समितिका सदस्य **जौबन कोजु**ले पनि बोल्नुभएको थियो ।

## गुरु गणेश साकोसको १४ औँ साधारणसभा

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले गुरु गणेश



बचत तथा ऋण सहकारी संस्था लि.को १४ औँ साधारणसभाको असोज २३ गते उद्घाटन गर्नुभयो ।

प्रमुख अतिथि **रबिन्द्र ज्याख्व**ले समुदायमा आधारित सहकारीले टोल समाजका जनताको आर्थिक र सामाजिक स्तर उकास्न काम गर्नुपर्ने बताउनुहुँदै सकारात्मक सोचले सहकारी प्रति सम्मान, आस्था र बचतमा विकास हुने बताउनु भयो ।

उहाँले जनताको बचत १ रुपैयाँ पनि हिनामिना नहोस् भनी भक्तपुर नगरपालिकाले अनुगमन नियमन गर्ने कार्य र सहकारी ऐन बनाई सहकारीको सुझावमा ३ पटक संशोधन गरेको बताउनु भयो ।

उहाँले प्र.म. शेरबहादुर देउवाको हरेक पालामा देशघाती कार्यहरू भएको अवगत गराउनुहुँदै अहिले संसदबाट एम.सि.सि. पास गराउन उद्धत रहेको रहेको बताउनु भयो । उहाँले देशघाती एम.सि.सि.बाट सार्वभौमसत्ता गुम्ने भएकोले नेपालको हितमा नहुनुको साथै एम.सि.सि.सँगै अमेरिकी सेना भित्रिने र मित्र राष्ट्र चीनलाई घेरा हाल्न सामरिक र रणनीतिक हिसावले नेपाल रणभूमि बनाउने बताउनु भयो। उहाँले देको मिवा ईटापाके आवास आयोजनामा आएको गुनासो अनुसार जग्गाधनीहरूको जायज मागहरू सम्बोधन हुने गरी फेरि प्लट मिलान गरिरहेको बताउनु भयो ।

कार्यक्रमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका व्यवस्थापक **बालकृष्ण ध्वजू**ले सहकारीलाई बाहिरबाट आउनेहरूले बढी फाईदा उठाइ रहेको बताउनुहुँदै गरिवले बचत पनि गर्न नसक्ने र ऋण लिन धितो पनि नहुने हुँदा फाईदा नभएको गुनासो आईरहेकोले धन जमानीमा धेरै असल ऋण दिन मिल्ने गरी सहकारी ऐन बनाउनु पर्ने र स्वास्थ्य क्षेत्रमा लगानी गर्न स्वास्थ्य सहकारी खोलेर ख्वप अस्पताललाई सहयोग गर्न सकिने बताउनु भयो ।

कार्यक्रमा सल्लाहकार **रामकृष्ण प्रजापति**ले सहकारीको वार्षिक नीति तथा कार्यक्रम र बजेटबारे ब्यापक छलफल गरी पारित योजनाअनुसार कार्य गरे सहकारी नियम सङ्गत ढङ्गबाट विकास हुने बताउनु भयो ।

संस्थाका अध्यक्ष **श्रीप्रसाद प्रजापति**को सभापतित्वमा सम्पन्न कार्यक्रममा सल्लाहकार **ईन्द्रबहादुर प्याठ**, स्वागत उपाध्यक्ष **कृष्णराम कासिछ्वा**, प्रगति प्रतिवेदन सचिव **सत्यराम ज्ञामरु**, आर्थिक प्रतिवेदन र वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमाबारे कोषाध्यक्ष **तुल्सीकेशरी छुजु प्रजापति**, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन संयोजक **राजु सिं बजिको**का साथै रामकृष्ण लावजू र गौतम कुटुवाजूले पनि बोल्नुभएको थियो ।

**इन्जिनियरिङ कलेजमा शुभकामना कार्यक्रम**

# राजनीतिमा महिलाहरूको सहभागिता कम भएकोले समाज पछाडि पर्‍यो



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा असोज २४ गते दशैँ र तिहारको अवसरमा शिक्षक तथा कर्मचारीहरूबीच दशैँ र तिहारको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेँले राजनीतिमा महिलाहरूको सहभागिता कम भएका कारण समाज आर्थिक, सामाजिक र राजनीतिक रूपमा पछाडि परेको बताउनुभयो ।

शासक दलहरूले जनताको चेतनास्तरअनुसार काम गर्न नसकेको बताउनुहुँदै उहाँले भन्नुभयो – सांसदहरू जनताको सेवाभन्दा पनि राज्यको ढुकुटी रित्याउनमै रमाइरहेका छन् ।

नेपालमा प्रगतिशील सरकार स्थापना गर्न नेमकिपा निरन्तर सङ्घर्षरत रहेको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले राजनीति गर्ने शासक दलहरूले आफ्नो अवसरवादी नीति अघि सार्ने परम्पराले गर्दा नागरिकहरूले राजनीतिलाई हेर्ने दृष्टिकोण नै फरक हुँदै गएको बताउनुभयो ।

राजनीतिक पार्टीका नेता कार्यकर्ताहरूले आफ्नो व्यक्तिगत स्वार्थभन्दा देशको स्वार्थलाई महत्त्व दिने हो भने राजनीतिप्रति जनताको विश्वास बढ्दै जाने उहाँले बताउनुभयो ।

भक्तपुर नपाले सम्पदा पुनःनिर्माणमा गरेको प्रगति र उपलब्धी सबैको लागि अनुकरणीय रहेको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले विदेशी सहयोगमा निर्मित उपत्यकाका सम्पदा पुनःनिर्माण तथा विकास निर्माणका गतिविधिहरूका कारण नेपालको सार्वभौमिकतामाथि आँच पुगेको बताउनुभयो ।

कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नजिकिँदै गरेको दशैँको शुभकामना दिनुहुँदै चाडपर्व र संस्कृति प्रगतिशील तरिकाले मनाउनुपर्ने बताउनुभयो ।

देशको राजनीति राम्रो भए सबै क्षेत्र सन्तुलित र विकसित हुने बताउनुहुँदै उहाँले सरकारले शिक्षा तथा अनुसन्धानमा न्यून लगानीकै कारण आज देश आर्थिक रूपमा पछाडि परेको बताउनुभयो ।

देशघाती एमसीसी सम्झौताको विरुद्ध बौद्धिक समुदायले सशक्त ढङ्गले आवाज उठाउनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले एमसीसी सम्झौता 'गुलियो पोतेको विष' सरह भएको बताउनुभयो ।

कलेज व्यवस्थापन समितिका उपाध्यक्ष **रजनी जोशी**ले इन्जिनियर तथा प्राविधिक कर्मचारीहरू समाजसँग घुलमिल भएर काम गर्नुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नपाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई बढी प्राथमिकतामा राखेकै कारण आज अरू स्थानीय निकायको तुलनामा भक्तपुर नपाले अनुकरणीय कार्यहरू गर्न सफल भएको बताउनुभयो ।



कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक** र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले सञ्चालक समितिले गरेका महत्त्वपूर्ण निर्णय तथा कलेजका गतिविधिहरूमाथि प्रष्ट पार्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले कलेजको आयोजनामा विभिन्न खेल प्रतियोगिताका विजयीहरूलाई मेडल तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

नपा कर्मचारी एशोसियसनको शुभकामना कार्यक्रम

# एमसीसी सम्झौता खारेज गर्नुपर्नेबारे प्रवचन




नेपाल मजदुर किसान पार्टीका सचिव मा. **प्रेम सुवाल**को प्रमुख आतिथ्यमा नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिको आयोजनामा विजया दशमीको अवसरमा शुभकामना आदानप्रदान तथा देशघाती एमसीसी सम्झौता खारेज गर्नुपर्ने विषयमा प्रवचन कार्यक्रम असोज २४ गते भयो ।

कार्यक्रममा सांसद सुवालले नगरपालिकाका कर्मचारीहरूले जिम्मेवारी बहन गरी नगरवासीहरूको हितमा काम गरे मात्र संस्थाको विकास र उन्नति हुने बताउनुहुँदै देशको हितमा नबोल्ने तत्त्वहरू विदेशी दलाल हुने बताउनुभयो ।

भारत र चीनलाई युद्धमा धकेल्ने उद्देश्यका साथ एमसीसी नेपालमा लागू गर्न अमेरिका तल्लीन रहेको बताउनुहुँदै उहाँले जनप्रतिनिधिको कार्यालय समय नभएजस्तै मुख्य मुख्य कर्मचारीहरूको कार्यालय समय नहुने र कुनै पनि समयमा सेवाको लागि तत्पर रहनुपर्ने तथा समयमा आधारित पारिश्रमिक र वृत्तिविकास भन्दा योगदानमा वा काममा आधारित पारिश्रमिक वा वृत्तिविकास व्यवस्था गर्नुपर्ने विचार राख्नुभयो ।

अमेरिका, बेलायत र अष्ट्रेलियाको गठबन्धन तथा अमेरिका, बेलायत, जापान र अष्ट्रेलियाको सैनिक गठबन्धन तयार गरी हिन्द प्रशान्त क्षेत्रबाट चीनलाई घेर्ने रणनीतिका साथ अमेरिका अगाडि बढिरहेको उहाँले बताउनुभयो ।

नेपाल-भारतबीचका असमान सन्धिहरूका विषयमा नेपालको पक्षमा विचार नराख्ने राजनीतिक पार्टी तथा कार्यकर्ताहरू भारत परस्त हुन् भन्नुहुँदै उहाँले नेपालका शासक दलहरू भारतीय एकाधिकार पूँजीका पिछलग्गु भएको बताउनुभयो ।

सांस्कृतिक गतिविधि र दैनिक जीवनयापनलाई विज्ञानसम्मत ढङ्गले अगाडि बढाउनुपर्ने बताउनुहुँदै सांसद सुवालले भगवानको कारणले नभई शासकहरूको गतिविधिको कारण नागरिकहरूको जीवन दिशानिर्देश हुने र जिम्मेवारी पन्छाउने माध्यमको रूपमा भगवानलाई दुरूपयोग गर्न नहुने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले कर्मचारीहरूले दशैँको समयमा पठन संस्कृतिको विकास गरी अविस्मरणीय तरिकाले चाडपर्व मनाउनुपर्ने बताउनुभयो ।

समाजवाद गरिब जनताको निम्ति स्वर्ग भएको उल्लेख गर्नुहुँदै उहाँले एमसीसी भनेको आर्थिक सहयोगको नाममा देशलाई उपनिवेश बनाउने रणनीति भएको बताउनुभयो ।

उहाँले एमसीसी सम्झौता राष्ट्र र जनताको हित विपरीत भएको हुँदा यसको विरोधमा सचेत जनता एकजुट हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले राजनीति, इतिहास, भूगोल तथा संस्कृतिहरूको विषयमा विद्यार्थीलाई राम्रोसँग प्रशिक्षित गर्नुपर्ने बताउनुहुँदै भक्तपुर नपाले प्रकाशन गरी लागू गरेको स्थानीय पाठ्यक्रममा भक्तपुरको इतिहास, भाषा, संस्कृति आदि विषय समावेश भएको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **रामलाल श्रेष्ठ**ले सम्पूर्ण कर्मचारीहरूलाई विजया दशमी २०७८ को सुस्वास्थ्य र दीर्घायुको शुभकामना व्यक्त गर्नुहुँदै आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्न प्रेरित गर्नुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिका कर्मचारी एशोसिएसनका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले कर्मचारीहरू देश र जनताको विषयमा चिन्तनशील हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सदस्यद्वय **रामकृष्ण प्रजापति** र **विकास प्रजापति**ले राष्ट्रघाती एमसीसी सम्झौताविरुद्ध सचेत हुनु कर्मचारीहरूको दायित्व भएको र नपाका कर्मचारीहरूले देशको परिस्थितिबारे जानकारी राख्नुपर्नेलगायतका धारणा राख्नुभयो ।

### प्याब्सनको शुभकामना कार्यक्रम

# देशको राजनीति राम्रो भए देशको विकास र समृद्धि सम्भव




प्याब्सन भक्तपुरको आयोजनामा दशैँको शुभकामना आदानप्रदान तथा भक्तपुर जिल्लाका प्याब्सन अन्तर्गत विद्यालयका प्रिन्सिपलहरूबीच भएको मैत्रीपूर्ण फुटसल प्रतियोगिता असोज २५ गते भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले खेलकुदलाई नागरिकको अभिन्न अङ्गको रूपमा विकास गर्न खेलकुद प्रशिक्षणलाई निरन्तरता दिँदै थप खेलहरूको प्रशिक्षण पनि सुरु गरेको बताउनुभयो ।

कोभिड महामारीबीच भक्तपुर नपाले स्थापना गरेको अक्सिजन प्लान्ट निर्माणमा प्याब्सनले गरेको सहयोगको लागि धन्यवादज्ञापन गर्नुहुँदै प्रमुख प्रजापतिले सबैको साथ र सहयोगकै कारण नगरपालिकालाई आफ्नो गतिविधि सञ्चालन गर्न हौसला प्रदान भएको बताउनुभयो ।

भक्तपुरको सन्तुलित विकासमा ध्यान दिँदै नगरपालिकाले विविध विकास निर्माणका कार्यहरू गर्दै आएको र देशको राजनीति राम्रो भए देशको विकास र समृद्धि पनि सम्भव हुने बताउनुभयो ।

वर्तमान राजनीति घटनाक्रमबारे आफ्नो धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले न्यायालयप्रतिको जनताको विश्वास घट्दै वर्तमान अवस्थामा शासक दलका नेताहरूले नेपालको सार्वभौमिकतामाथि खतरा पैदा हुने खालका गतिविधिमा सक्रियता बढाइरहेकोमा आपत्ति जनाउनुभयो ।

प्याब्सन भक्तपुरका नगर अध्यक्ष **रमेशचन्द्र श्रेष्ठ**ले भक्तपुरलाई शैक्षिक गन्तव्यको रूपमा स्थापित गर्न भक्तपुर प्याब्सनअन्तर्गतका विद्यालयहरूले आवश्यक भूमिका खेलिरहेको बताउनुहुँदै प्रअहरूबीचको आत्मीयता र सौहार्दताको लागि खेलकुद प्रतियोगिताको आयोजना गरेको बताउनुभयो ।

कार्यक्रममा प्याब्सन भक्तपुर जिल्लाका सल्लाहकारद्वय **भक्त राजभण्डारी** र **कृष्ण केसी**, उपाध्यक्ष **सुरेन्द्र श्रेष्ठ** र इजी पायोनियरका प्रिन्सिपल **विजेन्द्र ध्वजु**ले पनि बोल्नुभएको थियो ।

### ग:पलीमा शुभकामना र चियापान

# एमसीसीले देशलाई उपनिवेश र जनतालाई शरणार्थी बनाउने




भक्तपुर नपा वडा नं ४ का वडाध्यक्ष कुमार चवालको प्रमुख आतिथ्यमा गपली टोल सुधार समितिको आयोजनामा विजया दशमी २०७८ को शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम असोज २५ गते भयो ।

कार्यक्रममा प्रमुख अतिथि **कुमार चवाल**ले बस्ती भएपछि टोल सुधार स्थापना हुने तर त्यसलाई निरन्तरता दिन साऱ्है गाऱ्हो हुने बताउनुहुँदै सामाजिक कार्यमा लाग्दा व्यक्तिगत नोक्सान भएपनि सामुहिक फाइदा र समाजको हित हुन्छ भन्नुभयो । उहाँले काम गर्नेको कमिकमजोरी हुने र काम गर्नेलाई आलोचना हुने भएकोले प्रशंसामा नमातिने र विरोध र आलोचनामा नडराई निडर भई काम गर्नुपर्ने बताउनु भयो ।

उहाँले सरसफाइमा चेतना आई आफ्नो घर सफा गरी अर्काको घर अगाडि फोहोर फाल्न नहुने, सफाइ मजदुरको गाडा वा गाडी आउँदा मात्रै राखी दिने बानी नहुँदा फेरि फोहोर देखिन थालेको बताउनुभयो ।

उहाँले राम्रो कामको समेत परिणाम नराम्रो आउन सक्छ भने नराम्रो काम गरेर राम्रो परिणामको आशा गर्न नसकिने भएकोले एमसीसीले देशलाई उपनिवेश र जनतालाई शरणार्थी बनाउने अमेरिकाको नीति भएको बताउनुभयो ।

उहाँले अनियमित निर्माण गरे जनता आफैलाई समस्या हुने भएकोले त्यस्तो नगर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा ग:पली टोल सुधार समितिका सचिव

**रामकृष्ण प्रजापति**ले एकता नै बल भने झैँ निष्कृय हुन लागेको ग:पली टोल सुधार समिति पुन:जागरण गर्न दशैँको शुभकामना कार्यक्रम राखेको बताउनुहुँदै विकृति र विसङ्गतिबाट युवाहरूलाई टाढा राख्न समाजको लागि पनि समय दिनुपर्ने बताउनुभयो ।

टोल सुधार समितिका अध्यक्ष **कृष्णभक्त अवाल**को सभापतित्वमा सम्पन्न कार्यक्रममा कोषाध्यक्ष **रबिन्द्रकुमार श्रेष्ठ**, सदस्य **रविन छुस्याकी**ले पनि बोल्नुभएको थियो ।

# राष्ट्रिय परिचयपत्र वितरणसम्बन्धी अभिमुखीकरण



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्य र भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको अध्यक्षतामा राष्ट्रिय परिचयपत्र वितरणसम्बन्धी रुजु अधिकारीहरूबीच कार्तिक ९ गते अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले दश अङ्कको व्यक्तिगत परिचय नम्बर उल्लेख हुने परिचयपत्र जारी गर्ने क्रममा नागरिकका व्यक्तिगत विवरण, औँलाको छाप, फोटो तथा आँखाको नानीको तस्बिरसहितको सूचना सङ्कलन गरिने हुँदा नागरिकको संवेदनशील विवरणको सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर राष्ट्रिय परिचय पत्र विवरण सङ्कलनको काम गरिनुपर्नेमा जोड दिनुभयो ।

राज्यले दिने सम्पूर्ण सेवा र सुविधा सहज र सुलभ बनाउन राष्ट्रिय परिचय पत्रको अवधारणा अगाडि ल्याइएको बताउनुहुँदै व्यक्तिको सम्पत्तिको सुरक्षा हुने तथा जालसाझी र कीर्ते कामहरू नियन्त्रण गर्न पनि यसले महत्त्वपूर्ण भूमिका खेल्ने उहाँले बताउनुभयो । प्रमुख प्रजापतिले राष्ट्रिय परिचय पत्र विवरण सङ्कलनको क्रममा हुनसक्ने त्रुटीलाई ध्यानमा राखी आवश्यक संशोधनको व्यवस्था पनि गरिनुपर्नेमा जोड दिनुहुँदै राज्यले सङ्कलन गरेका नागरिकहरूका व्यक्तिगत विवरणहरू सुरक्षित हुनुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले राष्ट्रिय परिचय पत्र नागरिकहरूको लागि उपयोगी भएको बताउनुहुँदै यसबाट नागरिकहरूको व्यक्तिगत पहिचान राष्ट्रबाट हुने बताउनुभयो ।

कार्यक्रमका सभापति प्रजिअ **रुद्रादेवी शर्मा**ले व्यक्तिको वैयक्तिक र जैविक विवरणसहितको डिजिटल पहिचान स्थापना गर्ने उद्देश्यले नेपाल सरकारले बहुउपयोगी राष्ट्रिय परिचयपत्रको अवधारणा अगाडि सारिएको बताउनुभयो । नेपाली नागरिकता प्राप्त नागरिकहरूले मात्र राष्ट्रिय परिचयपत्र विवरण दर्ता गर्न पाउने कानुनी व्यवस्था रहेको उहाँले प्रष्ट पार्नुभयो ।

आधुनिक युगमा डिजिटल प्रविधिमार्फत सार्वजनिक सेवासँग अन्तरसम्बन्धित गराई विविध कामको लागि समेत प्रयोगमा ल्याउन सकिने हुनाले यो परिचयपत्रको अत्यन्त महत्त्व रहने बताउनुहुँदै उहाँले हाल २० ओटा जिल्लामा राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान सञ्चालन भइसकेको र १० ओटा जिल्लामा सञ्चालन गर्ने तयारीमा रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्लाका सहायक सीडीओ **सीता परियार**ले राष्ट्रिय परिचय पत्र वितरण र विवरण दर्ताबारे आफ्नो प्रस्तुतीकरण देखाउनुहुँदै यो परिचयपत्र भौतिक र अनलाइन दुवै माध्यमबाट प्रयोग गर्न सकिने र यसमा नेपाली नागरिकता प्राप्त नागरिकहरूको वैयक्तिक र जैविक विवरण नागरिकहरूको पहिचान र हितमा सञ्चालित कार्यक्रमअन्तर्गत रहेको बताउनुभयो ।

कार्यक्रममा सहभागी जनप्रतिनिधि, वडा सचिव तथा रुजु अधिकारीहरूले राष्ट्रिय परिचय पत्र विवरण सङ्कलनको समयमा देखिने समस्याहरूबारे आ-आफ्नो जिज्ञासाहरू राख्नुभएको थियो ।

# विद्यार्थी निकेतन माविमा पुरातात्त्विक अवशेषहरू भेटिए

विद्यार्थी निकेतन माविको प्राङ्गणमा पानी ट्याङ्की खन्ने क्रममा हालको जमिनको सतहबाट साढे ६ फिट मुनि टेपु ल्हाँ, टेलीय ईँटा (चिकं अप्पा), फ अप्पा, दाची अप्पाले बनाएको पेटीलगायतका पुरातात्त्विक भवनका अवशेषहरू भेटिएका छन् । सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले कार्तिक ९ गते उक्त क्षेत्रको स्थलगत





निरीक्षण गर्नुभएको हो ।

सोही क्रममा प्रमुख प्रजापतिले विद्यार्थी निकेतन माविका प्रअ सर्जनी जोशीसँग भेट गरी भक्तपुर नपाले त्यहाँ भेटिएका पुरातात्त्विक अवशेषहरूको विस्तृत अध्ययन गर्ने बताउनुहुँदै हाललाई उक्त निर्माण कार्य अगाडि नबढाउन पनि आग्रह गर्नुभयो ।

# विद्यार्थी निकेतनमा इतिहासका आयाम

भक्तपुरको विद्यार्थी निकेतन माध्यमिक विद्यालयमा पानी ट्याङ्की बनाउन खाल्डो खन्दा पुरातात्त्विक महत्त्वका विभिन्न अवशेष फेला परेको समाचारले सम्पदाप्रेमी र इतिहासकारहरूलाई उत्साहित बनाएको छ । त्यसो त भक्तपुर दरबार क्षेत्र वरपरका विद्यार्थी निकेतन, पद्म र शारदा माध्यमिक विद्यालयहरू मल्लकालीन राजदरबारका हिस्सा थिए भन्ने इतिहासकारहरूको दाबी नयाँ होइन । अहिले फेला परेका भग्नावशेष लिच्छविकाल र मल्लकालको मध्य अवधिका भौतिक संरचना हुनसक्ने सम्पदाविद्हरूले अनुमान गरेका छन् । तत्कालीन समयको युथिनिमम राजदरबारको हिस्सा नै अहिले फेला परेको हुनसक्ने इतिहास अध्येताहरूको दाबी छ । हाल विद्यार्थी निकेतन माविनेर मल्लकालमा पुस्तकालय भएको सो ठाउँलाई सफु कुथी अर्थात् पुस्तक कोठा भन्ने नाम हुनुबाट पनि पुष्टि हुने अध्येताहरूले उल्लेख गरेका छन् । त्यही क्षेत्रको हालको अरनिको सभा भवन क्षेत्रमा समेत उत्खनन गर्दा पुरातात्त्विक महत्त्वका धेरै भग्नावशेष फेला परेको थियो । त्यस आधारमा भक्तपुर दरबार क्षेत्र वरपर अझै इतिहासका धेरै पहलु भूमिगत अवस्थामा नै छन् ।

मल्लकालीन राजधानी भक्तपुर आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिकरूपमा निकै समृद्ध सहर रहेको छ । लिच्छविकालदेखि नै मौलिक सभ्यताको केन्द्र बन्दै आएको भक्तपुर सहरको इतिहासले नेपालको प्राचीन इतिहासका धेरै पक्ष गर्भमा बोकेको छ । भक्तपुरको इतिहासको वैज्ञानिक अध्ययन गर्नु नेपालकै इतिहास अध्ययनको अभिन्न पक्ष हो । त्यो इतिहास अध्ययनको निम्ति आफ्नो गर्भमा इतिहास बोकेको क्षेत्रको संरक्षण गर्नु राज्य र जिम्मेवार सबै नागरिकको दायित्व हो ।

विद्यार्थी निकेतन माविमा फेला परेको पुरातात्त्विक महत्त्वका भग्नावशेषले तत्कालीन समाज अध्ययनको एउटा नयाँ अध्याय आरम्भ हुने आशा जगाएको छ ।

सम्पदा संरक्षणमा उदाहरण बन्दै आएको भक्तपुर नगरपालिकाले अहिले फेला परेका अवशेषलाई सम्पदालाई पुनः जीवन दिने थप ऊर्जाको रूपमा लिने विश्वास गरौँ ।

सम्पदा संरक्षणको निम्ति राज्यका जिम्मेवार निकायहरूसँगको सहकार्यमा विज्ञ व्यक्तिहरूसमेतको संलग्नतामा जमिनमुनिको इतिहासको उत्खनन र अध्ययन गर्न जरुरी छ । त्यसको निम्ति हतार गर्नु उचित नहोला । न त यसलाई कसैले आफ्नो व्यक्तिगत छवि वा प्रतिष्ठा बढाउने अभियोजनमा लगाउन उचित होला । बरु विभिन्न सम्बन्धित विषयका विज्ञ र ज्ञाताहरू, स्थानीय बुढापाकाहरूसमेतको संलग्नतामा आजका वैज्ञानिक पद्धतिको प्रयोगबाट त्यहाँको अनुसन्धान हुन जरुरी छ । भक्तपुर नगरपालिकासँग यसरी बहुविषयका विज्ञहरूको संलग्नतामा मासिन लागेका सम्पदाको संरक्षण गरेका विगतका अनुभव पनि छन् । पचपन्न झ्याले दरबारभित्रको भित्तेचित्र संरक्षणको निम्ति भक्तपुर नगरपालिकाले गरेको प्रयास यसको उदाहरण हो । अहिले विद्यार्थी निकेतनमा भेटिएको र अझ खोज्न बाँकी इतिहासका पुलिन्दाहरूको उत्खननमा पनि यस्तै र अझ परिमार्जित प्रयास गर्दै जानु उपयुक्त हुन्छ ।

इतिहासको खोजीमा सबैले सहयोग गर्न जरुरी छ । कसले गऱ्यो भन्ने सङ्कीर्णतामा फसेर कसैले पनि यसलाई अवरोध गर्नु उचित होइन किनभने अहिले खोजिने इतिहास सबैको साझा इतिहास हो । यसले भक्तपुर, नेपाल र सिङ्गो विश्वकै लागि सभ्यताको नयाँ आयाम उजागर हुने हो । त्यसकारण यो प्रयासमा सबैको होस्टेमा हैँसे हुन आवश्यक छ ।

*'मजदुर' दैनिकको सम्पादकीय*

# भक्तपुर श्रमिक साकोसको साधारणसभा




भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था लि.को चौधौँ वार्षिक साधारण सभा नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका एकाई समितिका अध्यक्ष गौतमप्रसाद लासिवाको प्रमुख आतिथ्यमा एक समारोह बीच कार्तिक १२ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि गौतम प्रसाद लासिवाले सिभिल सहकारीमा इच्छाराज तामाङले आठ अर्ब भन्दा बढी रकम हिनामिना गरेरको र ओरिन्टलमा सुधिर बस्नेतले धेरैको रकम डुबाएकोले सहकारीको बदनाम भइरहेको बेला हाम्रो सहकारीले पृथक भएर पारदर्शी ढङ्गले सञ्चालन गर्नु पर्ने नत्र बदनाम सहकारीको लाइनमा राखेर हेरिने छ भन्नुभयो ।

उहाँले राजनीति बारे जानकारी लिई एमसीसी पछाडि हिँडेका पूँजीवादी र साम्राज्यवादी दलालहरूले देश अफगानिस्तान हुने भएकोले त्यसबारे लेख रचनाहरू प्रकाशित गर्नुपर्ने बताउनुभयो । उहाँले देशको लिम्पियाधुरा लिपुलेकलगायत साठी हजार हेक्टर भन्दा बढी सीमा अतिक्रमण भएकोले सो बारे जनतालाई सचेत गर्नुपर्ने र पूँजीवादी दलदलबाट देश जोगाउन देशको ईतिहासबारे विज्ञ र वरिष्ठ राजनीतिज्ञहरू ल्याएर प्रशिक्षित हुनुपर्ने बताउनु भयो ।

कार्यक्रम संस्थाका अध्यक्ष साहिला बैद्यको सभापतित्वमा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष दिलकृष्ण माक, प्रगति प्रतिवेदन सचिव दिलिप कुमार सुवाल, आर्थिक प्रतिवेदन कोषाध्यक्ष पुण्यराम लाखा, लेखा सुपरिवेक्षण समितिका संयोजक काशिलाल प्रजापति र व्यवस्थापक रामसुन्दर सुजखुले पनि बोल्नु भएको थियो ।

**महेन्द्र विद्याश्रममा शिक्षक तालिम सम्पन्न**

# देशलाई आत्मनिर्भर बनाउन शिक्षालाई जोड




महेन्द्र विद्याश्रमको आयोजनामा भइरहेको शिक्षक तालिमको समापन कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को आतिथ्यमा कार्तिक १२ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले राम्रा विद्यार्थीहरूलाई विज्ञानको साथसाथै भूगोल, इतिहास र राजनीतिशास्त्र पढ्न प्रेरित गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै भनपाले ती विषयहरू अध्ययनको लागि पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आइरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, 'देशलाई आत्मनिर्भर बनाउन शिक्षालाई जोड दिनुपर्छ । कृषि, जलस्रोत, पर्यटन, जङ्गलजस्ता प्राकृतिक स्रोत-साधनले धनी भएर पनि तिनको उचित व्यवस्थापन नहुँदा नेपाल आर्थिक विकासमा पछि परेको छ ।'

आत्मनिर्भर अर्थतन्त्र विकासको लागि स्वदेशमा उपलब्ध पदार्थहरूमा आधारित उद्योगहरू स्थापना गर्नुपर्ने धारणा प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'चिकित्सा शिक्षा अति महँगो भएकोले ख्वप विश्वविद्यालय स्थापना गरी सस्तोमा चिकित्सक उत्पादन गर्ने भनपाको योजना छ । उच्च शिक्षाको लागि भनपाले शैक्षिक ऋणको व्यवस्था गरेको छ ।'

पठन संस्कृतिको विकासको लागि विद्यालयमै पुस्तकालय व्यवस्था गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा प्रशिक्षक **नारायणप्रसाद झा**ले भक्तपुर नगरको शैक्षिक स्तर अभिवृद्धि भएकोमा खुशी व्यक्त गर्नुहुँदै भक्तपुर नगर शैक्षिक हबको रूपमा विकास भइरहेको उल्लेख गर्नुभयो ।

उहाँले शैक्षिक संस्थाहरूले अनुसन्धान र वैयक्तिक

अध्ययनलाई जोड दिई पाठ्यक्रममा रहेको कमी कमजोरी औँल्याउन शिक्षकहरू सबल हुनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवं विद्यालयका प्रबन्ध निर्देशक **महेन्द्रप्रसाद मास्के**ले शिक्षित व्यक्तिले मात्र समाज विकास गर्न सक्ने धारणा राख्नुहुँदै शिक्षकहरू विद्यार्थीहरूप्रति प्रतिबद्ध भई कार्यस्थलमा अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल अनिल श्रेष्ठ, शिक्षकहरू पदमराज सुवेदी र ज्योति थापाश्रेष्ठले तालिमबाट सिकेको सीपलाई अधिकतम प्रयोग गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले प्रशिक्षार्थीहरूलाई तालिममा सहभागिताको प्रमाणपत्र प्रदान गर्नुभयो भने विद्यालयको तर्फबाट निर्देशक मास्केले प्रमुख अतिथि प्रजापति र प्रशिक्षक झालाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## आपराधिक घटना न्युनीकरणमा प्रहरी र नागरिक दुवैको भूमिका आवश्यक : प्रमुख प्रजापति



भक्तपुर विद्युतीय सामग्री व्यवसायी सङ्घ, भक्तपुर लेडी जेसिस, वनसी खुला क्षेत्र संरक्षण समाजको संयुक्त आयोजनामा विजया दशमी, शुभ दिपावली तथा ने.सं. ११४२ तथा छठको उपलक्ष्यमा कार्तिक १३ गते शुभकामना आदानप्रदान तथा सामाजिक सुरक्षामा नेपाल प्रहरीको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पानसमा दीप प्रज्ज्वलनका साथ उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले समाजमा नयाँ खालका अपराधको सङ्ख्या बढिरहेको हुँदा नयाँ पुस्तालाई नै सजग र सचेत गराउन आवश्यक भएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले समाजमा घट्ने चोरी, ठगी, लुटपाट, हिंसाका घटनाबाट नागरिक स्वयम्ले सचेत तथा सुरक्षाका सावधानी अपनाउनुपर्नेमा जोड दिनुहुँदै शान्ति सुरक्षा कायम गर्ने र आपराधिक घटना न्युनीकरणमा प्रहरी र नागरिक दुवैको भूमिका आवश्यक भएको बताउनुभयो ।

न्यायालयको क्षेत्रमा देखिएको विकृति विसङ्गतिबारे प्रष्ट पार्नुहुँदै नगर प्रमुख प्रजापतिले जनताको हित र पक्षमा वकालत गर्नुपर्नेहरूको हर्कतबाट आम जनतालाई आश्चर्यचकित बनाएको उहाँले बताउनुभयो ।

विद्युतीय सामग्रीहरूको महत्त्व दिन प्रतिदिन बढिरहेको वर्तमान समयमा ती सामग्रीहरू सबै विदेशबाट आयात गर्नुपर्दा नेपाल परनिर्भरतातर्फ धकेलिँदै गएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले नेपाल सरकारले विद्युतीय सामग्रीहरू नेपालमै उत्पादन गर्नेतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले नजिकिँदै आएको चाडपर्वहरू सामाजिक सौहार्दता र आपसी सद्भावको निम्ति मनाउनुपर्ने बताउनुभयो । उहाँले नयाँ बस्तीमा पनि पुरानो बस्तीमा जस्तै सामाजिक सद्भाव कायम गर्न वडाले विविध गतिविधि सञ्चालन गर्दै आएको बताउनुहुँदै भक्तपुर नपाले व्यवस्थित आवास योजना सञ्चालन गरी नयाँ बस्तीमा खुला क्षेत्र कायम, सडक कालोपत्रे, विद्युत आपूर्ति, सडक बत्ती व्यवस्थापन, खानेपानी सुविधाको निम्ति बोरिङ आदि कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउँदै आएको बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक **शिवकुमार श्रेष्ठ**ले भक्तपुरमा अपराधको अवस्थाको स्थितिबारे चित्रण गर्नुहुँदै प्रहरी प्रशासनले सामाजिक सद्भाव र समाजलाई सभ्य र सुरक्षित बनाउन विविध कार्यक्रम सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर विद्युतीय सामग्री व्यवसायी सङ्घका अध्यक्ष **माधवप्रसाद प्रजापति**को सभापतित्वमा भएको उक्त कार्यक्रममा वनसी खुला क्षेत्र संरक्षण समाजका अध्यक्ष विकास दुवाल र सङ्घका रञ्जना चापागाइँले पनि बोल्नुभएको थियो ।

## भद्रकाली साकोसको साधारणसभा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ५ खँलास्थित भद्रकाली बचत तथा तथा ऋण सहकारी संस्था लि. को १४ औँ साधारणसभाको उद्घाटन कार्तिक १३ गते गर्नुभयो ।

उद्घाटन सत्रमा आफ्नो मन्तव्य राख्नुहुँदै **प्रमुख सुनिल प्रजापति**ले सहकारी संस्थाले सामुहिक हितको निम्ति काम गर्नुपर्ने र सदस्यहरूलाई विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुपर्ने बताउनुभयो । सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई श्रमको सम्मान र श्रमको माया गर्न सिकाउनुपर्नेमा जोड दिनुहुँदै उहाँले सहकारीले सामाजिक गतिविधि सञ्चालन गरी नागरिक भावना अभिप्रेरित गराउन तल्लीन हुनुपर्ने बताउनुभयो ।




भक्तपुरको शैक्षिक, सामाजिक, सांस्कृतिक उत्थानमा भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूको विशेष योगदान रहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले उत्पादनमूलक क्षेत्रहरूमा आफ्नो लगानी बढाउँदै लानुपर्ने बताउनुभयो । भक्तपुर नगरपालिकाका गतिविधिमा नगरवासीहरूको साथ र सहयोग रहँदै आएको चर्चा गर्नुहुँदै उहाँले नगरपालिकाले नगरवासी विद्यार्थीहरूको लागि शैक्षिक ऋणका साथै सीपमूलक तालिम र भाषाका कक्षाहरू पनि सञ्चालन गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत सङ्घका प्रतिनिधि **इन्द्रप्रसाद ब्यान्जु**ले भक्तपुरका सहकारी संस्थाहरू जनमुदायमा आधारित हुनुपर्ने र बिनाअनुमति भक्तपुरमा सञ्चालित बहुउद्देश्यीय सहकारी संस्थालाई बन्द गराउनुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष **शैलेश अमात्य**ले संस्थाले सहकारीको भावना र मूल्यमान्यता अनुसार कार्य गर्दै आएको बताउनुहुँदै स्थानीय सरकारले स्थानीय सहकारीहरूलाई सबल र सुदृढ हुने गरी ऐन नियमहरू लागू गर्नेमा विश्वास लिएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष **रत्नप्रसाद भेले** र सञ्चालक सदस्य **सुमित्रा ताल्चाभडेल**ले पनि बोल्नुभएको थियो ।

# महिला सङ्घबाट न्हू दाँ नेपाल संवत् ११४२ को शुभकामना आदानप्रदान




नेपाल क्रान्तिकारी महिला सङ्घ तँचा भुलाँचा भेगीय समितिको आयोजनामा नेपाल संवत् ११४२ को अवसरमा कार्तिक १५ गते शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संस्कार र संस्कृतिमा धनी भक्तपुर नगरबाट देशैभरका नगरपालिकाहरूले शिक्षा लिइरहेको बताउनुभयो ।

भक्तपुर नपाका जनप्रतिनिधिहरूले नगरवासीको सल्लाहअनुसार कार्य गर्दै आएको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'व्यापक छलफल र सल्लाह गरी निर्णय लिँदा कममात्र गल्ती हुन्छ ।'

आस्थाको केन्द्र अदालत पनि पछिल्लो समय विदेशीको प्रभावमा परेको दृष्टान्त प्रस्तुत गर्नुहुँदै प्रमुख प्रजापतिले संसद विघटन बदर गर्ने, राष्ट्रपतिलाई परमादेश दिने, पार्टी फुटाउने जुटाउने अदालतको कार्यले नेपाली जनताले सङ्घर्ष गरेर प्राप्त गरेको प्रजातन्त्रलाई कमजोर बनाएको छ भन्नुभयो ।

एमसीसी परियोजनाअन्तर्गत दिइने आर्थिक अनुदान विकासको लागि भन्दा पनि देशलाई उपनिवेश बनाइने खतरा भएकोले नेमकिपाले देशभर एमसीसी सम्झौताको विरोध गरिरहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले सिक्किम विलय गराउन लेण्डुप दोर्जे तयार गरिएजस्तै नेपालका सार्वभौमिकता बेच्न नेपाली संस्करणका लेण्डुपहरू लागिरहेको चर्चा गर्नुभयो ।

नगरवासीलाई आत्मनिर्भर बनाउन भनपाले महिला, युवा, किसानलगायत सम्पूर्ण तह र समुदायमा रहेका जनतालाई विभिन्न विषयमा तालिम दिँदै आएको उहाँले जानकारी गराउनुभयो ।

नेमकिपा भनसका सदस्य **उपेन्द्र सुवाल**ले बाढी–पहिरो पीडित किसानलाई सरकारले क्षतिपूर्ति दिनुपर्ने, एमसीसी सम्झौताबारे जनतालाई सचेत गराउनुपर्ने र जलवायु परिवर्तनलगायतका विषयबारे छलफल गर्दै अगाडि बढ्न सके जनताको निम्ति काम गर्न सक्षम हुने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष सुमित्रा सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा कृष्णगोविन्द दुवाल, भनपा कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवाल, प्रेमलक्ष्मी त्वायना, बुद्धलक्ष्मी त्वायना र रामलक्ष्मी दुवाललगायतले बोल्नुभएको थियो ।

## सुस्त मनस्थिति कल्याण विद्यालयको भवन उद्घाटन

नेपाल सरकार राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको विद्यालय पुनःनिर्माण कार्यक्रमलाई सहयोग गर्दै यूएनओपीएसले नर्वेली सरकारको आर्थिक सहयोगमा बनेको सुस्त मनस्थिति




कल्याण विद्यालयको ७ कोठे तीनतले भवनको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा कार्तिक १५ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले धैर्यपूर्वक गरेको कामबाट सफलता मिल्ने धारणा राख्नुहुँदै नवनिर्मित विद्यालय भवनको सही सदुपयोग हुने आशा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, सुस्त मनस्थिति भएका व्यक्तिलाई सक्षम बनाउने लक्ष्यका साथ उनीहरूमा भएका प्रतिभा प्रस्फुटन गर्ने अवसर प्रदान गर्नु आवश्यक छ ।

कार्यक्रमका सभापति एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुमार चवालले भवन निर्माणमा आत्मीय सहयोग प्राप्त भएकोमा खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रममा सीसीपीआईयुका प्रतिनिधि उद्धव नेपाल, सुस्त मनस्थिति कल्याण सङ्घका केन्द्रीय अध्यक्ष लम्बोदरप्रसाद कायष्ठ, अनन्तप्रसाद धौभडेल, प्रअ तारादेवी किजुलगायतले बोल्नुभएको थियो ।

## प्रजग कोरियाले गऱ्यो नयाँ प्रविधिको मिसाइल परीक्षण



प्योङयाङ, २९ सेप्टेम्बर । प्रजग कोरियाले असोज २३ गते बिहान जगाङ प्रान्तको न्योनग्रिम काउन्टीको तोयाङ–रिमा हाइपरसोनिक ह्वासोङ–८ नामको मिसाइल परीक्षण गरेको त्यहाँको आधिकारिक समाचार संस्था केसीएनएले जनाएको छ ।

उक्त मिसाइल प्रजग कोरियाको रक्षा विज्ञान प्रतिष्ठानले हालै विकास गरी परीक्षण गरेको बताइएको छ ।

दक्षिण कोरियाका प्रधानसेनापतिले प्रजग कोरियाले पूर्वी तटीय क्षेत्रमा 'अज्ञात मिसाइल' परीक्षण गरेको दाबी गरेका थिए । दक्षिण कोरियाले बालास्टिक मिसाइलसहितको नयाँ पण्डुबी सार्वजनिक गर्नुअघि प्रजग कोरियाले सो मिसाइल परीक्षण गरेको थियो ।

प्रजग कोरियाका सर्वोच्च नेता किम जोङ उनकी बहिनी, कोरियाली मजदुर पार्टी केन्द्रीय समितिको विभागीय उपनिर्देशक किम यो जोङले प्रजग कोरियाको सैनिक विकासबारे दक्षिण कोरिया र संरा अमेरिकाको दोहोरो मापदण्डको विरोध गरेको भोलिपल्ट यस्तो प्रक्षेपण भएको हो ।

'पहिलो परीक्षण प्रक्षेपणमा राष्ट्रिय रक्षा वैज्ञानिकहरूले मिसाइलको गति र स्थायित्वमा नियन्त्रण भएको पुष्टि गरेका छन् । उपकरण कुनै पनि बाह्य पक्षले प्रभावित पार्न नसक्ने प्राविधिक गुणयुक्त छ', केसीएनएले जनाएको छ ।

समाचारअनुसार कोरियाली मजदुर पार्टी केन्द्रीय समितिका सचिव तथा पोलिटब्युरोको अध्यक्षमण्डलका सदस्य पाक जोङ चोनले राष्ट्रिय रक्षा विज्ञानका प्रमुख वैज्ञानिकहरूसँग बसेर परीक्षणको अवलोकन गरेका थिए ।

# कोभिसिल्डको ६३.३ प्रतिशत र भेरोसेलको ७२.४ प्रतिशत एन्टीबडी

काठमाडौँ, असोज २२। कोरोना भाइरसविरुद्ध कोभिसिल्ड खोप लगाएका व्यक्तिमा ६३ दशमलव तीन प्रतिशत र भेरोसेल लगाएकामा ७२ दशमलव चार प्रतिशतमा रोग प्रतिरोधात्मक क्षमता (एन्टीबडी) पाइएको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले काठमाडौँ, ललितपुर, भक्तपुर जिल्लाका एक हजार ७९६ जनामा गरेको अनुसन्धानमा एन्टीबडी अध्ययन गर्दा कोभिसिल्ड लगाएकामा ६३ दशमलव तीन प्रतिशत र भेरोसेल लगाएकामा ७२ दशमलव चार प्रतिशत एन्टीबडी बनेको पाइएको हो।

परिषद्ले आज आयोजना गरेको पत्रकार सम्मेलनमा वरिष्ठ अनुसन्धान अधिकृत डा. मेघनाथ धिमालले कोभिसिल्ड लगाएका व्यक्तिमा खोप लगाएको धेरै समयपछि मात्र अनुसन्धान गरिएकाले भेरोसेलभन्दा कम प्रतिशतमा एन्टीबडी देखिएको बताए। 'भेरोसेल लगाएका व्यक्तिमा खोप लगाउनेबित्तिकै एन्टीबडी परीक्षण गरिएकाले धेरै एन्टीबडी देखिएका हो', उहाँले भन्नुभयो, 'दुवै खोप उत्तिकै प्रभावकारी छन्।'

काठमाडौँ उपत्यकाका तीनै जिल्लामा गरिएको अनुसन्धानमा खोप लगाएका ६५ प्रतिशत व्यक्तिमा एन्टीबडी देखिएको र खोप नलगाएका केही व्यक्तिमा पनि एन्टीबडी देखिएको वरिष्ठ अनुसन्धान अधिकृत धिमालले जानकारी दिए। उनका अनुसार खोप नलगाएका व्यक्तिमा ४३ दशमलव नौ प्रतिशतमा एन्टीबडी देखिएको छ। यस्तै पहिलो मात्रा खोप लगाएकामध्ये ५५ दशमलव एक प्रशिशतमा र पूर्ण मात्राको खोप लगाएकामध्ये ८२ प्रतिशतमा एन्टीबडी देखिएको छ।


वरिष्ठ अनुसन्धान अधिकृत धिमालले खोप लगाएको ६० दिनसम्म एन्टीबडी देखिने र त्यसपछि क्रमशः एन्टीबडी घट्दै जानाका साथै केही व्यक्तिमा १५० दिनसम्म पनि एन्टीबडी देखिने बताए। अनुसन्धानकै क्रममा कोभिड-१९ को सङ्क्रमण पुष्टि नभएका व्यक्तिमा एन्टीबडी परीक्षण गर्दा ५९ दशमलव आठप्रतिशत मात्र एन्टीबडी देखिएको छ।

कार्यकारी प्रमुख डा. प्रदीप ज्ञवालीले कोभिड-१९ को सङ्क्रमण भई निको भएकामध्ये लक्षण नदेखिएका व्यक्तिको अनुपातमा जटिल लक्षण देखिएका व्यक्तिमा एन्टीबडी विकसित भएको बताए। खोप लगाएको दिनदेखि नमुना सङ्कलनको दिनसम्मलाई तुलना गरेर हेर्दा खोप लगाएको दोस्रो महिना पुगेकामा ८२ दशमलव ३३ प्रतिशत एन्टीबडी देखिएको छ। यस्तै चौथो महिनामा एन्टीबडी क्रमशः घटेर ४३ दशमलव ७५ प्रतिशत मात्रा एन्टीबडी देखिएको छ।

यस्तै अनुसन्धानकै क्रममा दीर्घरोगीमध्ये एउटै मात्र दीर्घरोगी भएका ७८ दशमलव नौ, दुइटा दीर्घ रोगी भएकामा ७१ दशमलव ६९ र तीन ओटा दीर्घरोगी भएकामध्ये ४२ दशमलव तीन प्रतिशत एन्टीबडी देखिएको छ। कार्यकारी प्रमुख डा. ज्ञवालीले कोभिड-१९ विरुद्धको खोप नलगाएका तथा कोभिड-१९ को सङ्क्रमण पुष्टि नभएका ४६ प्रतिशत सहभागीमा पनि एन्टीबडी विकसित भएको देखिएकाले कोभिड-१९ समुदायस्तरमा फैलिएको हुनसक्ने बताए।

अनुसन्धानलाई वैज्ञानिक बनाउने प्रयास गरिएको बताउनुहुँदै उहाँले खोप लगाएका व्यक्तिमा एन्टीबडी बढ्दै जाने गरेको बताए। काठमाडौँ विश्वविद्यालयको सहयोगमा गरिएको अध्ययनमा एक हजार २२७ पुरुष र ५७९ महिला सहभागी थिए।

पचास दशमलव पाँच प्रतिशत औसत उमेरका व्यक्तिमा गरिएको अध्ययनमा १५ दशमलव चार प्रतिशत सहभागीमा सङ्क्रमण देखिएको थियो। कूल खोप लगाएकामध्ये ८५ दशमलव दुई प्रतिशतले कोभिसिल्ड, १४ दशमलव पाँच प्रतिशतले भेरोसेल, अन्य खोप लगाएका शून्य दशमलव दुई प्रतिशत थिए। खोप लगाएका १५ दिनदेखि १५० दिनसम्मका व्यक्ति अध्ययनमा सहभागी थिए। रासस



# विश्वमा कोभिड–१९ को स्थिति (कार्तिक १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | असोज १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | २४७,४६४,०४२ | २२४,१४७,४०५ | ५,०१४,९८५ | |
| १ | संरा अमेरिका | ४६,८२३,९३८ | ३६,७१५,३१३ | ७६६,२९९ | १ |
| २ | भारत | ३४,२८५,८१४ | ३३,६६८,५६० | ४५८,४७० | २ |
| ३ | ब्राजील | २१,८१०,८५५ | २०,९९६,७७२ | ६०७,८६० | ३ |
| ४ | संयुक्त अधिराज्य | ९,०५७,६२९ | ७,३५६,५७६ | १४०,६३२ | ४ |
| ५ | रूस | ८,५१३,७९० | ७,३५८,५३९ | २३८,५३८ | ५ |
| ६ | टर्की | ८,०३२,९८८ | ७,४९०,१२५ | ७०,६११ | ६ |
| ७ | फ्रान्स | ७,१६६,८७७ | ६,९३९,९४८ | ११७,६८३ | ७ |
| ८ | इरान | ५,९२४,६३८ | ५,५०८,८१५ | १२६,३०३ | ८ |
| ९ | अर्जेन्टिना | ५,२८८,८०७ | ५,१५५,१८४ | ११५,९५० | ९ |
| १० | स्पेन | ५,०११,१४८ | ४,८६४,३१८ | ८७,३६८ | १० |
| ११ | कोलम्बिया | ५,००२,३८७ | ४,८४५,५५४ | १२७,२८१ | ११ |
| १२ | इटाली | ४,७७१,९६४ | ४,५५७,४१७ | १३२,१०० | १२ |
| १३ | जर्मनी | ४,६०७,९५८ | ४,२८६,९०० | ९६,२५९ | १३ |
| १४ | इन्डोनेसिया | ४,२४४,३५८ | ४,०८८,६३५ | १४३,४०५ | १४ |
| १५ | मेक्सिको | ३,८०७,२११ | ३,१६८,९११ | २८८,३६५ | १५ |
| १६ | पोलान्ड | ३,०२५,२४७ | २,७०६,९६८ | ७६,९९९ | १६ |
| १७ | युक्रेन | २,९२२,३०२ | २,४३६,२१३ | ६७,७२९ | १९ |
| १८ | दक्षिण अफ्रिका | २,९२२,११६ | २,८१४,२६४ | ८९,१७७ | १७ |
| १९ | फिलिपिन्स | २,७८७,२७६ | २,६९८,८७१ | ४३,१७२ | १८ |
| २० | मलेसिया | २,४७१,६४२ | २,३७४,७६१ | २८,९१२ | २० |
| २१ | पेरू | २,२०१,७९६ | अप्राप्त | २००,२४६ | २१ |
| २२ | नेडरलान्ड | २,१३२,०५२ | १,९८६,३५२ | १८,४११ | २३ |
| २३ | इराक | २,०५५,२४८ | २,००२,३७२ | २३,१७० | २२ |
| २४ | थाइलान्ड | १,९२०,१८९ | १,८०१,७०२ | १९,२६० | २८ |
| २५ | चेक गणतन्त्र | १,७६२,९०२ | १,६७४,७५५ | ३०,७५३ | २५ |
| २६ | जापान | १,७२२,६१० | १,७००,२०१ | १८,२६१ | २४ |
| २७ | क्यानाडा | १,७१४,४१४ | १,६५९,३६८ | २८,९६८ | २७ |
| २८ | चिली | १,६९५,०४८ | १,६४१,७८६ | ३७,७५७ | २६ |
| २९ | रोमानिया | १,६४८,०३१ | १,४०५,६९४ | ४७,७५१ | ३३ |
| ३० | बंगलादेश | १,५६९,५३९ | १,५३३,४२३ | २७,८६८ | २९ |
| ३१ | बेल्जियम | १,३६०,६५० | १,२१४,२५६ | २५,९९४ | ३२ |
| ३२ | इजरायल | १,३२७,४५८ | १,३११,७१७ | ८,१०० | ३० |
| ३३ | पाकिस्तान | १,२७३,५६० | १,२२२,५५९ | २८,४५६ | ३१ |
| ३४ | स्वीडेन | १,१७१,५१२ | १,१३९,३२० | १४,९९१ | ३४ |
| ३५ | सर्बिया | १,१४२,७४९ | १,००१,०४२ | ९,९५५ | ३६ |
| ३६ | पोर्तुगल | १,०९०,६५१ | १,०४०,६०४ | १८,१५७ | ३५ |
| ३७ | क्युबा | ९५२,००१ | ९३९,८१६ | ८,२३६ | ३९ |
| ३८ | मोरोक्को | ९४६,१४५ | ९२६,४३३ | १४,६६८ | ३७ |
| ३९ | कजाख्स्तान | ९४०,६१२ | ८८७,७०५ | १२,११४ | ३८ |
| ४० | भियतनाम | ९२१,१२२ | ८२०,३३४ | २२,०८३ | ४४ |
| ४१ | स्वित्जरलान्ड | ८७२,५५६ | ८२८,०३१ | ११,२४७ | ४० |
| ४२ | हङ्गेरी | ८६३,४१९ | ७९७,९१० | ३०,७२९ | ४२ |
| ४३ | जोर्डान | ८६२,५४१ | ८३०,४५१ | ११,०३८ | ४१ |
| ४४ | अस्ट्रिया | ८३०,९८१ | ७७४,३१६ | ११,३५७ | ४५ |
| ४५ | नेपाल | ८१२,५७० | ७९१,७८७ | ११,४०७ | ४३ |
| ४६ | ग्रीस | ७४२,१७० | ६८५,०६५ | १५,९३८ | ४८ |
| ४७ | संयुक्त अरब इमिरेटस | ७३९,९०५ | ७३४,१३२ | २,१३६ | ४६ |
| ४८ | जर्जीया | ७१९,२४७ | ६६०,५१८ | १०,०४५ | ५० |
| ४९ | ट्युनिसिया | ७१२,७४७ | ६८६,०२३ | २५,२४१ | ४७ |
| ५० | लेबनान | ६४२,०२४ | ६१५,७३५ | ८,५०२ | ४९ |
| ५१ | बुल्गेरिया | ६०२,४९२ | ४७८,७६९ | २३,९९९ | ५७ |
| ५२ | ग्वाटेमाला | ६०१,५७२ | ५८०,६९१ | १५,०९४ | ५१ |
| ५३ | बेलारूस | ६००,१६८ | ५७३,९९४ | ४,६३१ | ५३ |
| ५४ | कोस्टा रिका | ५५९,६९८ | ५००,४२५ | ७,०२९ | ५४ |
| ५५ | साउदी अरेबिया | ५४८,६१७ | ५३७,५७० | ८,७९४ | ५२ |
| ५६ | श्री लंका | ५४१,०७३ | ५१२,७९८ | १३,७४३ | ५५ |
| ५७ | अजरबैजान | ५३१,३७० | ४९४,१७९ | ७,०७४ | ५९ |
| ५८ | इक्वेडर | ५१५,८५९ | ४४३,८८० | ३२,९५८ | ५६ |
| ५९ | बोलिभिया | ५१३,५८४ | ४७५,४५४ | १८,९२५ | ५८ |
| ६० | म्यानमार | ५००,०७३ | ४६७,६८९ | १८,६९७ | ६१ |
| ६१ | स्लोभाकिया | ४८३,७७३ | ४२४,३५१ | १३,०३४ | ६३ |
| ६२ | पनामा | ४७२,६६४ | ४६३,०४५ | ७,३१५ | ६० |
| ६३ | क्रोएसिया | ४७०,३४८ | ४३५,९९० | ९,२२० | ६५ |
| ६४ | पारागुए | ४६१,०४१ | ४४४,५५८ | १६,२४७ | ६२ |
| ६५ | आयरलान्ड | ४४५,५९४ | ३८५,५५३ | ५,४३६ | ६७ |
| ६६ | प्यालेस्टिन | ४२३,४२६ | ४१३,७४९ | ४,४१३ | ६६ |
| ६७ | कुवेत | ४१२,६७८ | ४०९,८५७ | २,४६१ | ६४ |
| ६८ | लिथुआनिया | ४०८,७१५ | ३६३,४२४ | ५,८७३ | ७५ |
| ६९ | भेनेजुयला | ४०७,१५१ | ३९०,६५७ | ४,८९१ | ६९ |
| ७० | उरूग्वे | ३९३,८९९ | ३८५,५२९ | ६,०७८ | ६८ |
| ७१ | डेनमार्क | ३८७,७८३ | ३६६,०२१ | २,७१४ | ७२ |
| ७२ | डोमिनिकन गणतन्त्र | ३८१,६६७ | ३७१,१०० | ४,१३० | ७१ |
| ७३ | होन्डुरस | ३७५,३८१ | ११५,८८६ | १०,२४० | ७० |
| ७४ | दक्षिण कोरिया | ३६६,३८६ | ३३६,५४८ | २,८५८ | ७६ |
| ७५ | इथियोपिया | ३६५,१६७ | ३३९,७४२ | ६,४५९ | ७३ |
| ७६ | मंगोलिया | ३६०,३१७ | ३१३,२५६ | १,७४५ | ७७ |
| ७७ | लिबिया | ३५७,३३८ | २९६,९९५ | ५,०९९ | ७४ |
| ७८ | मोल्डोभा | ३३७,७६८ | ३१४,८२५ | ७,७९० | ८० |
| ७९ | स्लोभेनिया | ३३५,८५१ | ३०३,३९६ | ४,७४५ | ८१ |
| ८० | मीश्र | ३३१,०१७ | २७८,२६७ | १८,६५१ | ७८ |
| ८१ | आर्मेनिया | ३०८,३२६ | २६९,१०० | ६,३२८ | ८३ |
| ८२ | ओमान | ३०४,२९१ | २९९,६३२ | ४,१११ | ७९ |
| ८३ | बहराइन | २७६,८२९ | २७५,००१ | १,३९३ | ८२ |
| ८४ | केन्या | २५३,३१० | २४६,८२९ | ५,२८१ | ८४ |
| ८५ | बोस्निया र हर्जगोभिना | २५२,७५८ | १९२,२१८ | ११,४९५ | ८६ |
| ८६ | कतार | २३९,२४७ | २३७,४५४ | ६१० | ८५ |
| ८७ | लात्भिया | २१९,१३९ | १८०,३५८ | ३,२५३ | ९६ |
| ८८ | नाइजेरिया | २११,९६१ | २०३,१२१ | २,८९६ | ८८ |
| ८९ | जाम्बिया | २०९,७३४ | २०५,९६० | ३,६६१ | ८७ |
| ९० | नर्वे | २०७,२८० | ८८,९५२ | ९०० | ९१ |
| ९१ | अल्जेरिया | २०६,४५२ | १४१,६६७ | ५,९२० | ८९ |
| ९२ | उत्तर मेसेडोनिया | २०२,५५२ | १८८,५४० | ७,१३२ | ९० |
| ९३ | सिंगापुर | १९८,३७४ | १६६,६१० | ४०७ | १११ |
| ९४ | इस्टोनिया | १९३,९६९ | १६७,०८४ | १,५३१ | ९७ |
| ९५ | बोत्स्वाना | १८६,५९४ | १८२,९२८ | २,४०६ | ९२ |
| ९६ | उज्बेकिस्तान | १८६,२४४ | १८२,०४५ | १,३२५ | ९४ |
| ९७ | अल्बानिया | १८५,३०० | १७४,६२० | २,९२४ | ९५ |
| ९८ | कीर्गीज्स्तान | १८१,३२७ | १७५,७१६ | २,६७२ | ९३ |
| ९९ | अस्ट्रेलिया | १७२,०३० | १४२,३१५ | १,७४३ | १०८ |
| १०० | फिन्लान्ड | १५७,५३१ | ४६,००० | १,१५८ | १०० |
| १०१ | अफगानिस्तान | १५६,२५० | १२८,६४५ | ७,२८० | ९८ |
| १०२ | मोजाम्बिक | १५१,२९२ | १४९,२०९ | १,९३० | ९९ |
| १०३ | मोन्टेनेग्रो | १४४,३१४ | १३७,६५५ | २,१०३ | १०१ |
| १०४ | जिम्बाबे | १३२,९७७ | १२७,७०० | ४,६७८ | १०२ |
| १०५ | घाना | १३०,०७७ | १२७,१२१ | १,१७५ | १०४ |
| १०६ | नामिबिया | १२८,९२७ | १२४,५७३ | ३,५५४ | १०३ |
| १०७ | उगान्डा | १२६,१७१ | ९६,६७६ | ३,२१५ | १०५ |
| १०८ | साइप्रस | १२२,७२२ | ९०,७५५ | ५७५ | १०६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९ | कम्बोडिया | ११८,६१३ | ११४,९०२ | २,७९४ | १०७ |
| ११० | एल साल्भाडोर | ११३,४२२ | ९४,९८० | ३,६२९ | १०९ |
| १११ | क्यामरून | १०२,४९९ | ८०,४३३ | १,६८६ | ११३ |
| ११२ | र्‍वान्डा | ९९,६९८ | ४५,५१५ | १,३३१ | ११० |
| ११३ | चीन | ९७,२४३ | ९१,७३८ | ४,६३६ | ११२ |
| ११४ | जमैका | ८९,०१४ | ५७,९०४ | २,२३६ | ११५ |
| ११५ | माल्दिभ्स | ८७,६३८ | ८५,६५९ | २४३ | ११४ |
| ११६ | लक्जम्बर्ग | ८१,६८३ | ७८,८५९ | ८४३ | ११६ |
| ११७ | सेनेगल | ७३,९१७ | ७२,०१९ | १,८७८ | ११७ |
| ११८ | अंगोला | ६४,४३३ | ५३,३४३ | १,७१० | १२१ |
| ११९ | मलावी | ६१,७९६ | ५७,३१३ | २,३०१ | ११८ |
| १२० | आइभोरि कोस्ट | ६१,२९७ | ६०,०१५ | ६९५ | ११९ |
| १२१ | प्रजातान्त्रिक गणतन्त्र कंगो | ५७,४७० | ५०,९३० | १,०९१ | १२० |
| १२२ | ट्रिनिडाड एन्ड टोबागो | ५७,३२९ | ५०,७३२ | १,६९६ | १२५ |
| १२३ | रियुनियन | ५४,६६८ | ५३,८७९ | ३७४ | १२२ |
| १२४ | ग्वाडेलौप | ५४,५३७ | २,२५० | ७४२ | १२३ |
| १२५ | फिजी | ५२,१४१ | ४९,५०९ | ६७४ | १२४ |
| १२६ | सुरिनाम | ४९,०१९ | २९,४७३ | १,०९२ | १२८ |
| १२७ | इस्वाटिनी | ४६,४२१ | ४५,१२९ | १,२४२ | १२६ |
| १२८ | फ्रेन्च गीयाना | ४४,५५४ | ९,९९५ | ३०६ | १३० |
| १२९ | सिरिया | ४३,१४६ | २६,२८८ | २,५५८ | १३६ |
| १३० | मडागास्कर | ४२,८९८ | ४१,३२२ | ९५८ | १२७ |
| १३१ | मार्टिनक्यू | ४२,६३४ | १०४ | ६७० | १२९ |
| १३२ | लावस | ४०,२७१ | ६,५५८ | ६५ | १४३ |
| १३३ | सुडान | ४०,२३८ | ३२,९०५ | ३,०९९ | १३२ |
| १३४ | फ्रेन्च पोलीनेसिया | ४०,१७८ | ३३,५०० | ६३६ | १३१ |
| १३५ | क्याबो भर्ड | ३८,२१५ | ३७,७०८ | ३४९ | १३३ |
| १३६ | माल्टा | ३७,६५३ | ३६,५८४ | ४६१ | १३४ |
| १३७ | मौरितानिया | ३७,३२० | ३५,९४९ | ७९७ | १३५ |
| १३८ | गुयाना | ३५,५४८ | ३१,७९५ | ९१३ | १३७ |
| १३९ | ग्याबोन | ३५,५२५ | २८,८८९ | २३९ | १३९ |
| १४० | गिनी | ३०,६५३ | २९,५१६ | ३८५ | १३८ |
| १४१ | पपुआ न्यू गिनी | २९,७१५ | २६,८७९ | ३७० | १५० |
| १४२ | बेलिज | २६,७९८ | २३,७०६ | ४९१ | १४८ |
| १४३ | तान्जानिया | २६,१५४ | अप्राप्त | ७२५ | १४० |
| १४४ | टोगो | २६,०७९ | २५,५७९ | २४२ | १४१ |
| १४५ | बेनिन | २४,७४९ | २४,३४६ | १६१ | १४२ |
| १४६ | हैटी | २३,९६० | २०,३४५ | ६७१ | १४४ |
| १४७ | बहामाज | २२,३५१ | २१,०७९ | ६४३ | १४७ |
| १४८ | सेशेल्स | २२,१७७ | २१,८४९ | ११९ | १४५ |
| १४९ | लेसोथो | २१,६३५ | १२,४८५ | ६५८ | १४६ |
| १५० | सोमालिया | २१,२६९ | ९,९२७ | १,१८० | १५१ |
| १५१ | मायोत्ते | २०,५५५ | २,९६४ | १८५ | १४९ |
| १५२ | बुरून्डि | २०,०३९ | ७७३ | ३८ | १५३ |
| १५३ | टिमोर लेस्टे | १९,७९० | १९,६२८ | १२२ | १५२ |
| १५४ | बार्बाडोस | १७,७६३ | ११,५०६ | १५३ | १७४ |
| १५५ | मौरिसियस | १७,६९८ | १,८५४ | १६६ | १५७ |
| १५६ | कंगो | १७,३२३ | १२,४२१ | २५८ | १६२ |
| १५७ | ताजिकिस्तान | १७,०८६ | १६,९६० | १२४ | १५४ |
| १५८ | कुरासाओ | १७,०८४ | १६,७९८ | १७४ | १५५ |
| १५९ | निकारागुआ | १६,४२२ | ४,२२५ | २०७ | १६१ |
| १६० | ताइवान | १६,४१७ | १५,४६२ | ८४७ | १५६ |
| १६१ | माली | १६,०७३ | १४,६५९ | ५६३ | १६० |
| १६२ | अरूबा | १५,९२५ | १५,५७७ | १७१ | १५८ |
| १६३ | अन्डोरा | १५,५१६ | १५,२४२ | १३० | १५९ |
| १६४ | बुर्किना फासो | १४,७९३ | १४,२८७ | २१४ | १६३ |
| १६५ | आइसलान्ड | १३,४९२ | १२,५८६ | ३३ | १६८ |
| १६६ | जिबौटी | १३,४७८ | १३,२४९ | १८१ | १६४ |
| १६७ | इक्वेटोरियल गिनी | १३,३६८ | १२,६९३ | १६७ | १६५ |
| १६८ | ब्रुनइ | १३,१३० | ११,२८९ | ८८ | १७७ |
| १६९ | च्यानल टापू | १३,०७० | १२,२९० | १०० | १६९ |
| १७० | सेन्ट लुसिया | १२,५५९ | ११,९५९ | २५५ | १७० |
| १७१ | दक्षिण सुडान | १२,३६१ | १२,००८ | १३३ | १६७ |
| १७२ | हङकङ | १२,३४७ | १२,०३४ | २१३ | १६६ |
| १७३ | केन्द्रीय अफ्रिकी गणतन्त्र | ११,५१८ | ६,८५९ | १०० | १७१ |
| १७४ | न्यू क्यालेडोनिया | १०,९६८ | ५५ | २६५ | १७६ |
| १७५ | गाम्बिया | ९,९६५ | ९,६११ | ३४० | १७२ |
| १७६ | यमन | ९,७९१ | ६,३८५ | १,८८९ | १७३ |
| १७७ | आइल अफ मान | ९,६९१ | ८,८२४ | ५७ | १७५ |
| १७८ | इरिट्रिया | ६,८३४ | ६,७३२ | ४५ | १७८ |
| १७९ | न्यु जीलान्ड | ६,५९४ | ४,६५० | २८ | १८८ |
| १८० | सिएरा लियोन | ६,३९६ | ४,३९३ | १२१ | १७९ |
| १८१ | नाइजर | ६,३६६ | ५,९९६ | २१३ | १८१ |
| १८२ | गिनी बिसाउ | ६,१३४ | ५,५८८ | १४१ | १८० |
| १८३ | जिब्राल्टर | ५,९९२ | ५,७०३ | ९८ | १८३ |
| १८४ | ग्रेनाडा | ५,८४० | ५,५१९ | १९८ | १८६ |
| १८५ | लाइबेरिया | ५,८१२ | ५,४५८ | २८७ | १८२ |
| १८६ | बर्मुडा | ५,६४७ | ५,४६२ | १०१ | १८५ |
| १८७ | सान मारिनो | ५,५०९ | ५,३८३ | ९२ | १८४ |
| १८८ | चाड | ५,०६७ | ४,८७४ | १७४ | १८७ |
| १८९ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | ४,९९५ | ३,१०८ | ६८ | १९२ |
| १९० | डोमिनिका | ४,८२३ | ४,३३७ | ३२ | १९३ |
| १९१ | सिन्ट मार्टेन | ४,४९४ | ४,३८९ | ७५ | १८९ |
| १९२ | कोमोरोस | ४,२५९ | ४,०६३ | १४७ | १९० |
| १९३ | एन्टिगुआ एन्ड बर्बुडा | ४,०५८ | ३,७२६ | १०२ | १९७ |
| १९४ | सेन्ट मार्टिन | ३,८७२ | १,३९९ | ५६ | १९१ |
| १९५ | साओ टोम एन्ड प्रिन्सिप | ३,७१४ | ३,२५८ | ५६ | १९४ |
| १९६ | लिक्टेन्स्टाइन | ३,५७६ | ३,४५२ | ६१ | १९५ |
| १९७ | मोनाको | ३,४१६ | ३,३५१ | ३६ | १९६ |
| १९८ | टर्क्स एन्ड कैकोस | २,९८० | २,९०२ | २३ | १९८ |
| १९९ | ब्रिटिस भर्जिन टापू | २,७२५ | २,६४९ | ३७ | १९९ |
| २०० | सेन्ट किट्स एन्ड नेभिस | २,६६९ | २,५११ | २३ | २०२ |
| २०१ | भुटान | २,६२१ | २,६१० | ३ | २०० |
| २०२ | क्यारिबियन नेडरलान्ड | २,४३५ | २,३४० | १९ | २०१ |
| २०३ | फैरोए टापू | २,१४५ | १,४३८ | २ | २०४ |
| २०४ | केमान आइलान्ड | १,६५० | १,००२ | २ | २०५ |
| २०५ | सेन्ट बार्थ | १,५८९ | ४६२ | ६ | २०३ |
| २०६ | अन्गिवला | ९४४ | ८३२ | १ | २०९ |
| २०७ | ग्रीनलान्ड | ७९९ | ७२३ | | २०७ |
| २०८ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | २०६ |
| २०९ | वालिस एन्ड फुटुना | ४४५ | ४३८ | ७ | २०८ |
| २१० | मकाओ | ७७ | ७३ | | २१० |
| २११ | फकलान्ड टापू | ६८ | ६७ | | २११ |
| २१२ | मोन्टसेराट | ४१ | ३४ | १ | २१२ |
| २१३ | सेन्ट पीरे मिक्वेलोन | ३२ | ३२ | | २१३ |
| २१४ | भेटिकन सिटी | २७ | २७ | | २१४ |
| २१५ | सोलोमन टापू | २० | २० | | २१५ |
| २१६ | पश्चिमी सहारा | १० | ८ | १ | २१६ |
| २१७ | एमएस जान्डाम | ९ | ७ | २ | २१७ |
| २१८ | पलाउ | ८ | ८ | | २१८ |
| २१९ | भनौतु | ६ | ३ | १ | २१९ |
| २२० | मार्शल टापू | ४ | ४ | | २२० |
| २२१ | समोआ | ३ | ३ | | २२१ |
| २२२ | सेन्ट हेलेना | २ | २ | | २२२ |
| २२३ | माइक्रोनेसिया | १ | १ | | २२३ |
| | **जम्मा** | २४७,४६४,०४२ | २२४,१४७,४०५ | ५,०१४,९८५ | |
| | **असोज १५ सम्म जम्मा** | २३४,६०८,४६६ | २११,३९१,९७३ | ४,७९८,४६६ | |
| स्रोत | **WORLDOMETERE** | **मिति : २०७८।०७।१५, समय : ११:४५** (GMT 06:00) | | | |

# २७ वर्ष काम लाग्ने क्यालेन्डर

यहाँ इश्वी संवत्को एउटा क्यालेन्डर दिइएको छ जुन विभिन्न २७ वर्षको (शुरु सन् १८०३ र अन्तिम २०५०) तारिख हेर्न सकिन्छ । यस पात्रोले निम्न सन्को लागि काम दिन्छ –

१८०३, १८१४, १८२५, १८३१, १८४२, १८५३, १८५९, १८७०, १८८१, १८८७, १८९८, १९१०, १९२१, १९२७, १९३८, १९४९, १९५५, १९६६, १९७७, १९८३, १९९४, २००५, २०११, २०२२, २०३३, २०३९, २०५०

**January**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | | 1 |
| 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| 23 | 24 | 25 | 26 | 27 | 28 | 29 |
| 30 | 31 | | | | | |

**February**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 |
| 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| 27 | 28 | | | | | |

**March**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 |
| 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| 27 | 28 | 29 | 30 | 31 | | |

**April**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |

**May**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| 29 | 30 | 31 | | | | |

**June**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 |
| 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| 26 | 27 | 28 | 29 | 30 | | |

**July**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| 31 | | | | | | |

**August**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | 30 | 31 | | | |

**September**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 |
| 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 | 29 | 30 | |

**October**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | | | 1 |
| 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| 23 | 24 | 25 | 26 | 27 | 28 | 29 |
| 30 | 31 | | | | | |

**November**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 |
| 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| 27 | 28 | 29 | 30 | | | |

**December**

| S | M | T | W | T | F | S |
|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 |
| 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 | 29 | 30 | 31 |

स्रोत : Mirror, April, 1984

**नगरपालिका नगरवासीको आफ्नो संस्था हो ।**
**नगरको विकासमा सबैले सघाऔं।**

## नेपालमा कोरोना सङ्क्रमण

**कार्तिक १५ गते**

**परीक्षण प्रयोगशाला :** १०२ (सरकारी- ५९, निजी- ४३)
**परीक्षण सङ्ख्या :** ४४२८२४२
सरकारी- २५१०००९/ निजी- १९१८२३३
**खोप :** कोभिशिल्ड: पहिलो- २८८२९०१/ दोस्रो- १६५८९०७
भेरोसेल: पहिलो- ५७८७१२३/ दोस्रो- ४०५०८८१
जोन्सन: १५४३४९७
**पूर्ण खोप लगाउने जम्मा:** ७२,५३,२८५
**कूल सङ्क्रमित :** ८१३०११
**निको भएका सङ्ख्या :** ७९२२७७
**मृत्यु भएको सङ्ख्या :** ११४१६

### प्रदेशगत सङ्क्रमित विवरण (असोज १६ - कार्तिक १५ गते)

| प्रदेश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रदेश नं. १ | १,५८९ | १,४४४ | ३,०३३ |
| प्रदेश नं. २ | ३४० | ९७ | ४३७ |
| बागमती | ४,९०२ | ४,०४१ | ८९४३ |
| गण्डकी | १,०६७ | ८७० | १,९३७ |
| लुम्बिनी | १,०५३ | ९२१ | १,९७४ |
| कर्णाली | १९२ | १०५ | २९७ |
| सुदूरपश्चिम | २६३ | १६९ | ४३२ |
| जम्मा | ९,४०६ | ७,६४७ | १७,०५३ |

### उमेरअनुसार सङ्क्रमित

| उमेर | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ० देखि १० | ११२२९ | ८०८६ | १९३१५ |
| ११ देखि २० | ३२४५७ | २३६५६ | ५६११३ |
| ।२१ देखि ३० | १११४८७ | ८३७२५ | १९५२१२ |
| ३१ देखि ४० | १२१६९२ | ७७०२६ | १९८७१८ |
| ४१ देखि ५० | ८५३८२ | ५३७४३ | १३९१२५ |
| ५१ देखि ६० | ६०६९४ | ४०७१७ | १०१४११ |
| ६१ देखि ७० | ३३०६७ | २४१९९ | ५७२६६ |
| ७१ देखि ८० | १६६२३ | १२९९९ | २९६२२ |
| ८० भन्दा माथि | ७२३४ | ५५०० | १२७३४ |
| जम्मा | ४७९८६५ | ३२९६५१ | ८०९५१६ |

### काठमाडौं उपत्यका सङ्क्रमित विवरण (कार्तिक १५ गते)

| जिल्ला | पुरुष | महिला | जम्मा | निको | मृत्यु |
|---|---|---|---|---|---|
| काठमाडौं | १४४,६३९ | १०५,३१० | २४९,९४९ | २४६७४५ | २१९७ |
| ललितपुर | २६,५१५ | २३,००५ | ४९५२० | ४८२८८ | ६८७ |
| भक्तपुर | १६,१९० | १३,५८३ | २९७७३ | २८८३१ | ४३४ |
| जम्मा | १८७,३४४ | १४१८९८ | ३२९२४२ | ३२३८६४ | ३३१८ |

स्रोत : स्वास्थ्य मन्त्रालय (इन्टरनेट)

# हाम्रो स्वास्थ्य

## वर्षायाममा डेंगु र कोरोना दुवै रोगबाट सुरक्षित हुने १० उपाय

कोभिड–१९ सँग लक्षण मिल्ने डेंगुबारे बुझ्नुपर्ने कुरा : वर्षा सुरु भएसँगै डेंगुको जोखिम बढेको छ। यस महामारीको समयमा आफ्नो स्वास्थ्यमा ध्यान दिन अझ जरुरी छ।

त्यसमाथि डेंगुका लक्षण कोभिड–१९ सँग पनि मिल्दोजुल्दो हुन्छन्। जस्तैः एक्कासी ज्वरो आउने, टाउको, मांसपेशी तथा जोर्नी दुख्ने, आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रुचि नलाग्ने, वाकवाकी लाग्ने वा बान्ता हुने, थकान महसुस हुने।

यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा स्वास्थ्य संस्थामा जाऔँ। अनुमानका आधारमा जथाभावी औषधी सेवन नगरौँ। चिकित्सकको सल्लाह र परामर्शलाई महत्त्व दिऔँ।

**वर्षायाममा डेंगु र कोरोना दुवै रोगबाट सुरक्षित हुने उपायहरू**

- लामखुट्टेको टोकाइबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने र घरबाहिर जाँदा अनिवार्य रूपमा मास्क लगाउने,
- घर वरपर प्लास्टिक, सीसा, खपटा, सिडी, चिया खाएर फालिएका कप, नरिवलका बोक्रा आदि भए सफा गर्ने र पानी जम्न नदिने,
- खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने,
- पानीको नाली, ढल, पोखरीमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने,
- खाली भाँडाकुँडा घोप्ट्याएर राख्ने
- पानीको ट्यांकी पूरै खाली गरेर सफा गरिरहने,
- कुलरमा हप्ताको एक वा दुई पटक मट्टितेल हाल्ने,
- बेलाबेलामा साबुनपानीले मिचिमिचि हात धुने र भौतिक दूरी कायम गर्ने,
- सुत्ने बेला झुलको प्रयोग गर्ने,
- परिवारमा कसैलाई यस्ता लक्षण देखापरे तुरुन्तै आइसोलेसनमा बस्ने।

(स्वास्थ्यखबर, असार, २०७८ बाट)

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (२४)

## परिच्छेद–१४

### विशेष, संरक्षित वा स्वायत्त क्षेत्र सम्बन्धी व्यवस्था

**९९. विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सक्ने :** (१) नेपाल सरकारले सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासको लागि प्रदेश सरकारको परामर्शमा देहायको कुनै क्षेत्रलाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सक्नेछः–

(क) कुनै एक वा एकभन्दा बढी जिल्ला,

(ख) कुनै एक वा एकभन्दा बढी गाउँपालिका वा नगरपालिका,

(ग) कुनै गाउँपालिका वा नगरपालिकाको कुनै एक वडा वा एकभन्दा बढी वडा ।

(२) उपदफा (१) बमोजिम विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्दा देहायका आधारमा लिनु पर्नेछ ।

**(क) विशेष क्षेत्रको लागि**

(१) यातायात तथा पूर्वाधारको अभावको कारण भौगोलिक रूपमा दुर्गम रहेको,

(२) गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको प्रतिशत र गरिबीको विषमता राष्ट्रिय औसतभन्दा बढी रहेको,

(३) आर्थिक र सामाजिक रूपले पीछडिएका समुदायको बाहुल्य रहेको,

(४) नेपाल सरकारले उपयुक्त ठानेको अन्य कुनै आधार ।

**(ख) संरक्षित क्षेत्रको लागि**

(१) अल्पसङ्ख्यक, सीमान्तकृत वा लापोन्मुख समुदायको बसोबास रहेको,

(२) उपखण्ड (१) बमोजिमको समुदायको सामाजिक तथा आर्थिक विकास सूचकाङ्क राष्ट्रिय औसतभन्दा कम रहेको,

(३) नेपाल सरकारले उपयुक्त ठानेको अन्य कुनै आधार ।

**(ग) स्वायत्त क्षेत्रको लागि**

(१) एकै भाषा वा संस्कृति भएका समुदायको सघन उपस्थिति र बाहुल्यता रहेको,


(२) उपखण्ड (१) बमोजिमको समुदायको सामाजिक तथा आर्थिक विकास सूचकाङ्क राष्ट्रिय औसतभन्दा कम रहेको,

(३) नेपाल सरकारले उपयुक्त ठानेको अन्य कुनै आधार ।

**१००. विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने :** दफा ९९ बमोजिम कायम गरेको विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको विकासको लागि नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रम सञ्चालन गर्न वा त्यसका लागि थप बजेट उपलब्ध गराउनु पर्नेछ ।

**१०१. विशेष कार्यक्रम गर्दा स्थानीय तहसँगको समन्वयमा गर्ने :** नेपाल सरकार तथा प्रदेश सरकारले विशेष, संरक्षित वा स्वायत्त क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित जिल्ला सभा, गाउँपालिका तथा नगरपालिकासँग समन्वय गर्नु पर्नेछ ।(**क्रमशः**)




**Henry Ambrose Oldfield's**

# SKETCHES FROM NIPAL 65

CHAPTER XXVI...

## THE KING DESIRE TO ABDICATE

The King, however, was after some little difficulty induced to give up all idea of abdication, and to con- sent never to go about incognito, nor without a suit- able retinue of attendants.

At a private darbar held on the occasion, at which beside the King, Jang, Bam, the Resident and suite, no one was present, Jang in the course of an address to the King reminded him of having twice saved his life — first, from the ex-Queen about six years before; secondly, by preventing the accomplishment of the recent plot for his own assassination, which, Jang said, if successful, would have been shortly followed by the violent death of the King. The King fully admitted the truth of what he said. Jang finished his lecture, for such it was, by contrasting his own conduct as Minister with that of Martabar Singh. Martabar, he said, had allowed the King (then Heir-Apparent) to indulge in many inhuman practices, such as chopping off the limbs of innocent and respectable persons, and throwing live slave-girls down wells, "which practices, however," added Jang, looking at the King with a menacing look, under which the latter quailed, "I never have permitted and I never will permit to take place."

Jang informed the Resident that, in the event of the death of the King and Heir- Apparent, without direct male heirs, it was intended either to place on the throne, according to the English custom, one of the daughters of the King, or to select a male successor by the voice of the National Council. He added that the nature of his offence, as a leader in the late conspiracy, would forever preclude the Mahila Sahib, though Heir-Presumptive, from coming to the throne.

On the 22nd of September 1851 another son was born to the King.

In December, everything at the capital being quiet, the King and Minister, accompanied by a large party of Sardars, and with two regiments of infantry, went to the Tarai on an elephant and rhinoceros hunting excursion. Their route was to the west, along the valley of the Rapti, and in the neighbourhood of Chitaun.

**(To be continued)**

## भक्तपुर नपाबाट सञ्चालित शिशुस्याहार केन्द्रका भवनहरू



सम्पादकको पृष्ठ

# भद्रगोलै भद्रगोलको राज्य

राज्यको एक महत्त्वपूर्ण अङ्ग न्यायपालिका अहिले निक्कै भद्रगोल अवस्थामा छ । प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर यस भद्रगोलको कारक या केन्द्रविन्दु देखिएका छन् । प्रन्या जस्तो सम्मानित उच्च ओहडामा आसीन पदाधिकारीबाट कार्यपालिका अर्थात मन्त्रिपरिषद्मा भाग खोजेबाट उत्पन्न विवादले न्यायमूर्ति भनिएका न्यायाधीशहरू कर्तव्य पालन छाडेर बैठक र छलफलमा व्यस्त भएका छन् । परिणाम पीडितहरू समय मै न्याय पाउनबाट बञ्चित भएका छन् । अर्को शब्दमा न्याय प्रशासन शून्य अवस्थामा पुगेको छ । राज्यको एक महत्त्वपूर्ण अङ्गको अस्तित्व दिउँसै बत्ती बालेर खोज्नु पर्ने भएको छ ।

राज्यको अर्को महत्त्वपूर्ण अङ्ग कार्यपालिका त भद्रगोलमा सर्वविजेता नै रहेको छ । यस पटक त न्यायपालिकाले कार्यपालिका प्रमुखलाई परमादेशबाट नियुक्त गरेको छ । जनप्रतिनिधिहरूको प्रतिनिधिसभाबाट छानिनु पर्ने कार्यपालिका प्रमुख अर्थात प्रधानमन्त्री न्यायपालिकाको परमादेशबाट नियुक्त भएपछि कार्यपालिकाको वैधानिक मूल्य मान्यता समाप्त भएको छ । छोरामान्छेलाई छोरीमान्छे वा छोरी मान्छेलाई छोरामान्छे बाहेक सबथोक गर्न सक्ने भनिएको संसदको अस्तित्व र औचित्य, मूल्य मान्यता पनि समाप्त भएको छ । आजको कार्यपालिका न्यायपालिकाको तजवीजबाट अस्तित्वमा आएको छ ।

जनप्रतिनिधिहरूको सर्वोच्च संस्था भनिएको प्रतिनिधिसभा पनि भद्रगोलमा च्याम्पियन नै रहेको छ । दलबदल गर्ने सांसदको पद रिक्त हुने बन्दोवस्त देशको मूल कानुन संविधानले गरेको छ । हिजो जनप्रतिनिधिहरूकै संविधानसभाले निर्माण गरेको संविधान संशोधन गर्न सक्ने प्रतिनिधिसभाले संविधानै पालना गर्न छोडेको छ । कानुन बनाउने सभाले नै कानुनको पालना गर्दैन भने अरू कसले पालना गर्छ ? हिजो नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित सांसदले दलबदल गर्दा पद रिक्त नगराएको सिलसिला गणतन्त्रसम्मै निरन्तरता पाएको छ । यसबाट संवैधानिक प्रावधान अवमूल्यन भएर संविधानकै अस्तित्व कागजको खोस्टाको स्तरमा पुगेको छ भन्दा अतिशयोक्ति नहोला ।

यसरी देश बहुदलबाट गणतन्त्रमा पुग्यो तर राज्यका तीनै अङ्गमा व्याप्त भद्रगोलले के राज्य नै भद्रगोलको अवस्थामा पुगेको सावित गर्दैन ?



बागमती प्रदेशसभाका सभामुख सानुकुमार श्रेष्ठको निमन्त्रणामा स्पेनका सभामुख ब्लान्का मार्टिन डेल्गाडोको नेतृत्वमा नेपाल भ्रमणमा आएको प्रतिनिधिमण्डललाई भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, प्रदेश सभासद् सुरेन्द्रराज गोसाइँलगायतबाट स्वागत (कार्तिक ११ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग नेपालका लागि जर्मनीका राजदूत डा. थोमस प्रिन्ज र नेपालका लागि युनेस्कोका प्रतिनिधि माइकल क्रोप्टसहितको टोलीको भेट (कार्तिक २ गते)



सिर्जनानगरमा नवनिर्मित आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन